कक्षा १ मा शिक्षण गर्ने शिक्षकहरूका लागि
प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (ELDS) मा आधारित सिकाइ तथा
विकास स्तर मापन र सुधारात्मक सिकाइ सहयोगसम्बन्धी

# प्रशिक्षक निर्देशिका र स्रोत सामग्री




नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

## सर्वाधिकार ©

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

## प्राविधिक सहयोग

**संयुक्त राष्ट्र सङ्घीय बालकोष (युनिसेफ), नेपाल**
पो.ब. ११८७, संयुक्त राष्ट्र भवन, पुल्चोक, काठमाडौं
: +९७७-१-४२९००००
: Kathmandu@unicef.org

**सेतो गुराँस राष्ट्रिय बाल विकास सेवा**
**Seto Gurans National Child Development Services**
झम्सिखेल-०३, ललितपुर, बाग्मती प्रदेश, नेपाल
: +९७७-१-५५५२९७५, ५५५४०१९
: setogurans@gmail.com : www.setoguransncds.org.np
: @NcdsSeto, : Seto Gurans Ncds

## प्रकाशन वर्ष

वि.सं. २०७९

## मुद्रण

अनलाइनमा मात्र प्रकाशित

## सल्लाहकार

श्री रुद्रप्रसाद अधिकारी

## सम्पादन

श्री गीरमान थापा

डा. दिपु शाक्य

## लेखन

श्री शङ्कर अधिकारी

श्री रजनी धिमाल

श्री जगन्नाथ अधिकारी

श्री राजु श्रेष्ठ

श्री सञ्जिवकुमार चौधरी

श्री धनसुदन चौलागाई

डा. मीनाक्षी दाहाल

डा. दिपु शाक्य

श्री शशी वि.सी.

श्री कटक सिजापति

श्री रमा थपलिया

## भाषा सम्पादन

श्री रजनी धिमाल

# भूमिका

विद्यमान कानुनी र नीतिगत दस्तावेजहरूमा प्रारम्भिक बालविकास तथा शिक्षालाई शिक्षाको औपचारिक संरचनामै समावेश गरिएको छ । संस्थागत तथा सामुदायिक विद्यालयहरूमा विभिन्न नामका प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाहरू सञ्चालन हुँदै आएका छन् । कक्षा १ मा बालविकास शिक्षाको अनुभवसहित भर्ना हुने बालबालिकाको दर बढ्दै गएको कुराले आम जनमानसमा प्रारम्भिक बालविकास तथा शिक्षाको अनिवार्यताप्रति आकर्षण बढ्दै गएको देखिन्छ । तथापि अझै पनि सिधै अर्थात् बालविकास शिक्षाको अनुभव प्राप्त नगरी बालबालिका कक्षा १ मा भर्ना हुन आउँछन् । कक्षा १ मा शिक्षण गर्ने शिक्षकहरूले पनि बालबालिकाका सिकाइ तथा विकास मापदण्डको बारेमा बुझी बालबालिकाको सिकाइ तथा विकासको मापन गरेर स्तर पहिचान गरी थप सिकाइका लागि निर्माणात्मक सिकाइ रणनीति अपनाउनुपर्ने हुन्छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गरेको अध्ययनले पनि कक्षा १ मा भर्ना हुने ५६ प्रतिशत बालबालिकाले मात्र प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको सूचक हासिल गरेको पाइएकाले पनि कक्षा १ मा शिक्षण गर्ने शिक्षकहरूले पनि बालबालिकाको सिकाइ तथा विकास मापदण्डका बारेमा जानकार हुनु आवश्यक हुन्छ ।

प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रमले बालबालिकाको सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता, स्वस्थकर बानी विकास, वैयक्तिक सुरक्षाका उपायहरूको अवलम्बन, सरसफाइ र सामाजिक बानीव्यवहारको अवलम्बन, सिर्जनात्मक सोच तथा भाषिक तथा सञ्चार सिपको विकास आदि कार्यमा जोड दिएको छ । यी विभिन्न पक्षहरूको मापनका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्डहरू विकास गरिएका छन् र तिनै मापदण्डहरूका सम्बन्धमा प्रारम्भिक बालविकास कक्षाका सहजकर्ताहरूलाई तालिम सञ्चालन गर्ने गरिएको छ ।

कक्षा १ मा आउँदा विद्यार्थीहरूमा यी कुराहरूमा सन्तोषजनक विकास भएको हुनुपर्छ भन्ने मान्यता रहेको छ । त्यसैले कक्षा १ मा शिक्षण गर्ने शिक्षकहरूले पनि प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका बारेमा परिचित भई ती मापदण्डका आधारमा विद्यार्थीको सिकाइ र विकासको स्तरअनुसार शिक्षण सिकाइका क्रियाकलापमा सहजीकरण होस् भन्ने हेतुले **"कक्षा १ मा शिक्षण गर्ने शिक्षकहरूका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (ELDS) मा आधारित सिकाइ तथा विकास स्तर मापन र सुधारात्मक सिकाइ सहयोगसम्बन्धी प्रशिक्षक निर्देशिका र स्रोत सामग्री"** विकास गरिएको हो । यस तालिमबाट कक्षा १ मा शिक्षण गर्ने शिक्षकहरूलाई बालबालिकाको स्तर मापन गरी सुधारात्मक शिक्षण विधि अपनाई एकीकृत पाठ्यक्रमअनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न आवश्यक ज्ञान तथा सिप हासिल गरी सिकाइ सहजीकरणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

**श्री चूडामणि पौडेल**
महानिर्देशक
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# विषयसूची


| विषयवस्तु | पृष्ठ नं. |
|---|---|
| **पहिलो दिन** | |
| पहिलो सत्र : प्रारम्भिक बालविकासको अवधारणा र महत्व | १ |
| दोस्रो सत्र : कक्षा १ मा आउने बालबालिकाको विकासात्मक अवस्था पहिचानको आवश्यकता | १५ |
| तेस्रो सत्र : प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ को परिचय | २० |
| **दोस्रो दिन** | |
| पहिलो सत्र : एकीकृत पाठ्यक्रम र प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका विकासात्मक पक्षहरूसँगको सम्बन्ध पहिचान | २७ |
| दोस्रो सत्र : एकीकृत पाठ्यक्रम र विकासात्मक पक्षहरूसँगको सम्बन्ध तथा प्रयोगात्मक अभ्यास | ३१ |
| तेस्रो सत्र : कक्षा १ र प्रारम्भिक बालविकास तथा शिक्षाबिच समन्वय स्थापना | ३४ |
| **तेस्रो दिन** | |
| पहिलो सत्र : निर्माणात्मक मूल्याङ्कन तथा प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणको परिचय | ४२ |
| दोस्रो सत्र : बालबालिकाको सिकाइका लागि अभिभावक परिचालनको परिचय प्रक्रिया | ४४ |
| तेस्रो सत्र : कार्यगत सीमितताको प्रारम्भिक पहिचान | ४७ |
| **चौथो दिन** | |
| पहिलो सत्र : बालबालिकाको सिकाइ तथा विकास मूल्याङ्कनमा आधारित प्रशिक्षकद्वारा कक्षा प्रदर्शन | ६१ |
| दोस्रो सत्र : बालबालिकाको सिकाइ तथा विकास मूल्याङ्कनमा आधारित प्रशिक्षकद्वारा कक्षा प्रदर्शन | ६९ |
| तेस्रो दिन : बालबालिकाको सिकाइ तथा विकास मूल्याङ्कनमा आधारित प्रशिक्षकद्वारा कक्षा प्रदर्शन | ७५ |
| **पाँचौं दिन** | |
| पहिलो सत्र : सहभागीबाट प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप तथा छलफल | ८२ |
| दोस्रो सत्र : मूल्याङ्कन स्रोत पुस्तिकाअनुसारको सिकाइ रणनीतिहरू र अभिभावक स्याहारकर्तासँग तिनीहरूको प्रयोगको लागि अभ्यास | ८३ |
| तेस्रो सत्र : कार्ययोजना निर्माण तथा तालिम मूल्याङ्कन | ८५ |
| **अनुसूची** | ९१ |

| पहिलो सत्र | दोस्रो सत्र | तेस्रो सत्र | गृहकार्य |
|---|---|---|---|
| **पहिलो दिन** | | | |
| • तालिमको उद्घाटन<br>• तालिमको उद्देश्य प्रस्तुति<br>• समूह कार्य विभाजन<br>• तालिमको मान्यता<br>• प्रारम्भिक बालविकासको अवधारणा र महत्त्व<br>o प्रारम्भिक बालविकासको अवधारणा<br>o प्रारम्भिक बालविकासका तत्त्वहरू र विकासात्मक पक्षहरू<br>o प्रारम्भिक बालविकाससम्बन्धी कार्यक्रमहरू | • कक्षा १ मा आउने बालबालिकाको विकासात्मक अवस्था पहिचानको आवश्यकता<br>o बालबालिकाको विकासात्मक अवस्था पहिचान<br>o प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका आधारभूत पक्षहरू | • प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ को परिचय | ४८ देखि ६० महिनाका बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड पुस्तिका विस्तृत अध्ययन |
| **दोस्रो दिन** | | | |
| • एकीकृत पाठ्यक्रम र प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका विकासात्मक पक्षहरूसँगको सम्बन्ध पहिचान<br>o एकीकृत पाठ्यक्रम र प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका विकासात्मक पक्षहरूको सम्बन्ध | • एकीकृत पाठ्यक्रम र विकासात्मक पक्षहरूसँगको सम्बन्ध तथा प्रयोगात्मक अभ्यास<br>o कक्षा एकका विषयगत क्रियाकलापहरू र सोको प्रारम्भिक सिकाइ तथा विकास मापदण्डसँगको सम्बन्ध | • कक्षा १ र प्रारम्भिक बालविकास तथा शिक्षाबिच समन्वय स्थापना<br>o कक्षा १ र प्रारम्भिक बालविकास तथा शिक्षाबिच समन्वय<br>o शिक्षक विद्यार्थी सम्बन्ध<br>o अभिभावक शिक्षक सम्बन्ध | • सहभागीहरूलाई ४ ओटा समूहमा विभाजन गरी तल दिइएबमोजिम अध्ययन गरी भोलिका लागि १५ मिनेटको प्रस्तुति तयार गरेर आउनको लागि अनुरोध गर्नुहोस् ।<br>o समूह १ - स्रोत पुस्तिकाको पेज १-१८ सम्म<br>(क) निर्माणात्मक मूल्याङ्कन भनेको के हो ?<br>(ख) प्रगति विवरण कसरी तयार गरिएको हो ?<br>o समूह २ - स्रोत पुस्तिकाको पेज १-१८ सम्म तथा पेज २०-३९ सम्म<br>(क) प्रस्तुति विषय: प्रगति विवरण प्रयोगमा ध्यान दिनुपर्ने कुरा<br>(ख) शारीरिक विकासका सूचकहरू तथा मापन तरिका<br>o समूह ३ - स्रोत पुस्तिकाको पेज १-१८ सम्म तथा पेज ४०-६४ सम्म<br>(क) बौद्धिक तथा भाषिक विकासका सूचकहरू तथा मापन तरिका<br>o समूह ४ - स्रोत पुस्तिकाको पेज १-१८ सम्म तथा पेज ६५-७७ सम्म<br>(क) सामाजिक, संवेगात्मक तथा सांस्कृतिक विकासका सूचकहरू तथा मापन तरिका |

| पहिलो सत्र | दोस्रो सत्र | तेस्रो सत्र | गृहकार्य |
|---|---|---|---|
| **तेस्रो दिन** | | | |
| • निर्माणात्मक मूल्याङ्कन तथा प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणको परिचय<br>o निर्माणात्मक मूल्याङ्कनको परिचय<br>o प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणको परिचय | • बालबालिकाको सिकाइका लागि अभिभावक परिचालनको परिचय र प्रक्रिया<br>o अभिभावक बैठकको महत्त्व<br>o अभिभावक बैठक सञ्चालन नमुना प्रर्दशनी | • कार्यगत सीमितताको प्रारम्भिक पहिचान<br>o वासिङ्टन समूहको प्रश्नावलीमार्फत कार्यगत सीमितताको पहिचान<br>o कार्यगत सीमितता भएका बालबालिकाका लागि उपयुक्त क्रियाकलापहरू<br>o अतिरिक्त आवश्यकता भएका बालबालिकासँग निर्माणात्मक मूल्याङ्कन गर्ने तरिकाहरू | |
| **चौथो दिन** | | | |
| • बालबालिकाको सिकाइ तथा विकास मूल्याङ्कनमा आधारित प्रशिक्षकद्वारा कक्षा प्रदर्शन<br>o स्थूल अङ्गको विकासको क्रियाकलाप प्रदर्शन<br>o सूक्ष्म अङ्गको विकास क्रियाकलाप प्रदर्शन<br>o इन्द्रिय अङ्गको विकास क्रियाकलाप प्रदर्शन<br>o व्यक्तिगत सरसफाइ क्रियाकलाप प्रदर्शन<br>o सुरक्षित अभ्यास क्रियाकलाप प्रदर्शन<br>o सुनाइ क्रियाकलाप प्रदर्शन | • बालबालिकाको सिकाइ तथा विकास मूल्याङ्कनमा आधारित प्रशिक्षकद्वारा कक्षा प्रदर्शन<br>o पूर्वपढाइ क्रियाकलाप प्रदर्शन<br>o पूर्वलेखाइ क्रियाकलाप प्रदर्शन<br>o संज्ञानात्मक सिप क्रियाकलाप प्रदर्शन<br>o वर्गीकरण क्रियाकलाप प्रदर्शन<br>o वैज्ञानिक खोज क्रियाकलाप प्रदर्शन<br>o दुरी र दिशा क्रियाकलाप प्रदर्शन | • बालबालिकाको सिकाइ तथा विकास मूल्याङ्कनमा आधारित प्रशिक्षकद्वारा कक्षा प्रदर्शन<br>o अङ्क/सङ्ख्याको क्रियाकलाप प्रदर्शन<br>o कल्पना क्रियाकलाप प्रदर्शन<br>o जीवनोपयोगी सिपहरू क्रियाकलाप प्रदर्शन<br>o सामाजिक व्यवहार क्रियाकलाप प्रदर्शन<br>o संवेगात्मक अभिव्यक्ति क्रियाकलाप प्रदर्शन<br>o संवेगात्मक सुरक्षा र आत्मविश्वास क्रियाकलाप प्रदर्शन<br>o राष्ट्र र राष्ट्रियता क्रियाकलाप प्रदर्शन | • सहभागीहरूलाई सूचकको सङ्ख्या लेखिएको चिट छान्न दिने र सोही सूचकअनुसार क्रियाकलापको तयारी गरेर आउनको लागि भन्नुहोस् । कुल १९ सूचकभन्दा बढी सहभागी रहेको अवस्थामा खाली चिट पनि राख्नुहोस् । खाली चिट पाउने सहभागीलाई आवश्यक सङ्ख्यामा सूचकहरूको मापन तरिका अध्ययन तथा तयारी गर्न लगाई पृष्ठपोषणका लागि जिम्मेवारी तोक्नुहोस् । |

| पहिलो सत्र | दोस्रो सत्र | तेस्रो सत्र | गृहकार्य |
|---|---|---|---|
| **पाँचौ दिन** | | | |
| • सहभागीबाट प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप तथा छलफल<br>o प्रगति विवरणमा रहेका सूचकहरूको मापन | • मूल्याङ्कन स्रोत पुस्तिकाअनुसारको सिकाइ रणनीतिहरू र अभिभावक स्याहारकर्तासँग तिनीहरूको प्रयोगको लागि अभ्यास<br>o सिकाइ रणनीति<br>o गृहकार्य र अभिभावक परिचालन<br>o व्यक्तिगत विद्यार्थीअनुसारको अभिभावक शिक्षक बैठक (विशेषगरी थप सहयोग आवश्यक बालबालिकाका लागि) | • कार्ययोजना निर्माण तथा तालिम मूल्याङ्कन<br>o कक्षा १ को पाठ्यक्रम अनुरूप समय समायोजन<br>o कार्यान्वयन कार्ययोजना<br>o तालिम मूल्याङ्कन | |

# प्रारम्भिक बालविकासको अवधारणा र महत्व

**दिन :** पहिलो **सत्र :** पहिलो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

प्रारम्भिक बालविकास भनेको गर्भावस्थादेखि ८ वर्षसम्मका उमेर समूहका बालबालिकाको क्रमिक रूपमा शारीरिक, बौद्धिक, भाषिक, संवेगात्मक तथा सामाजिक (सर्वाङ्गीण) विकासमा हुने परिवर्तनको एक प्रक्रिया हो । यस सत्रमा कक्षा १ मा अध्यापन गर्ने शिक्षकहरूलाई प्रारम्भिक बालविकासको परिचय, तत्त्व र महत्त्वका साथै प्रारम्भिक बालविकासमा टेवा पुऱ्याउने कार्यक्रमहरूको बारेमा छलफल गरिने छ ।

## उद्देश्य

**यस सत्रपश्चात् सहभागीहरू निम्न कुरामा सक्षम हुने छन् :**

- प्रारम्भिक बालविकासको परिचय दिन
- प्रारम्भिक बालविकासका तत्त्वहरू र विकासात्मक पक्षहरूको बारेमा बताउन
- प्रारम्भिक बालविकाससम्बन्धी कार्यक्रमहरूको परिचय दिई महत्त्वबोध गर्न

## मुख्य विषयवस्तु

- प्रारम्भिक बालविकासको अवधारणा
- प्रारम्भिक बालविकासका तत्त्वहरू र विकासात्मक पक्षहरू
- प्रारम्भिक बालविकासम्बन्धी कार्यक्रमहरू

## सामग्री

- मेटाकार्ड, मार्कर, मास्किङ टेप, तयारी स्लाइड वा न्युजप्रिन्ट

## सहजीकरण क्रियाकलाप

**क्रियाकलाप नं. १ : छलफल, स्लाइड प्रस्तुति** **(८५ मिनेट)**

- सहभागीहरूलाई प्रारम्भिक बालविकास भनेको के हो ? भन्ने विषयमा आफ्ना अनुभव र बुझाइलाई एक एक वाक्य मेटाकार्डमा लेखी टाँस्न लगाउनुहोस् ।
- मेटाकार्डमा लेखिएका प्रारम्भिक बालविकाससम्बन्धी अवधारणालाई छलफल गराउँदै पावरप्वाइन्ट वा न्युजप्रिन्ट प्रस्तुतीकरणका माध्यमबाट थप स्पष्ट (प्रस्तुतीकरणमा प्रारम्भिक बालविकासको अवधारणा, प्रारम्भिक बालविकासका तत्त्वहरू, विकासात्मक पक्षहरू र प्रारम्भिक बालविकाससम्बन्धी कार्यक्रमहरू) गर्नुहोस् । प्रस्तुतीकरणलाई अन्तर्क्रियात्मक बनाउनुहोस् ।

## प्रतिबिम्बन **(५ मिनेट)**

- सहभागीहरूलाई स्वस्फूर्त रूपमा हात उठाउन लगाई यस सत्रमा उनीहरूले सिकेका कुराहरूमध्ये कुनै एउटा कुरा भन्न लगाउनुहोस् ।

## पठन सामग्री

# १. एकीकृत प्रारम्भिक बालविकासको अवधारणा

## १.१. प्रारम्भिक बालविकास : अवधारणा

प्रारम्भिक बालविकास भन्नाले बालबालिकाको उमेरअनुसार क्रमिक रूपमा शारीरिक, बौद्धिक, संवेगात्मक तथा सामाजिक विकासमा हुने परिवर्तनको एक प्रक्रिया हो । प्रारम्भिक उमेरका बालबालिकाको सर्वाङ्गीण विकास र अधिकारको सुनिश्चितता आमाबाबु, परिवार, स्थानीय सरकार तथा प्रारम्भिक बालविकास कार्यक्रमहरूको माध्यमबाट गर्न सकिन्छ। विकासात्मक मनोविज्ञानको अवधारणा र अन्तर्राष्ट्रिय अभ्यासअनुसार आमाको गर्भदेखि आठ वर्षसम्मलाई प्रारम्भिक बाल्यावस्था मान्ने गरिएको पाइन्छ । नेपालमा हालसम्म गर्भावस्थादेखि पाँच वर्षसम्मको उमेर समूहलाई प्रारम्भिक बालविकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमहरूमा समेटिएको छ। राष्ट्रिय योजना आयोगबाट तयार गरिएको **'प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति (२०७७-२०८८)'** मा गर्भावस्थादेखि आठ वर्षसम्मको उमेरलाई प्रारम्भिक बालविकास उमेर मानिएको छ । प्रारम्भिक बालविकास बहुउद्देश्यीय, बहुपक्षीय सेवा र प्रक्रियाको उपज हो। विशेषगरी स्वास्थ्य, स्याहार, पोषण, सुरक्षा, संरक्षण, सिकाइ तथा उत्प्रेरणा आदि बहुपक्षीय सेवाद्वारा मात्र बालबालिकाको सर्वाङ्गीण विकास सम्भव हुन्छ। तसर्थ बालविकास भन्नु नै बालबालिकाको शारीरिक, बौद्धिक, संवेगात्मक, सामाजिक, भाषिकलगायत सबै पक्षको विकास हो ।

मानव विकासका हरेक चरण महत्त्वपूर्ण हुन्छन्। त्यसमा पनि बालविकासका हरेक चरणहरू ज्यादै महत्त्वपूर्ण हुन्छन् । प्रत्येक चरणमा बालबालिकाको सर्वाङ्गीण विकासको अधिकारलाई प्रवर्द्धन गर्न स्थानीय सरकारको अहम् भूमिकाका साथै बाबुआमा/अभिभावक, हेरचाहकर्ता, शिक्षकको सहयोगको परिचालन गर्न नितान्त आवश्यक हुन्छ । बालबालिकाले उचित उत्प्रेरणायुक्त वातावरण पाएनन् भने उनीहरूको विकास अवरूद्ध हुन जान्छ । समुचित विकासका लागि सिकाइको उपयुक्त वातावरण दिन सकिएमा मात्र अधिकतम रूपमा सर्वाङ्गीण विकास हुन सक्दछ भन्ने कुरा विभिन्न अनुसन्धानहरूबाट समेत प्रमाणित भइसकेको छ ।

प्रत्येक बालबालिकामा सर्वाङ्गीण विकासका लागि निम्न महत्त्वपूर्ण पक्षहरूको सन्तुलित विकास भएको हुनुपर्दछ :

(क) शारीरिक विकास (Physical development)
(ख) बौद्धिक विकास (Cognitive development)
(ग) संवेगात्मक विकास (Emotional development)
(घ) सामाजिक विकास (Social development)
(ङ) भाषिक विकास (Language Development)

### (क) शारीरिक विकास (Physical development)

उमेर र शारीरिक अवस्थाअनुसार शरीरका इन्द्रिय, मस्तिष्क, हड्डी आदिको वृद्धिसँगै अङ्गहरूको सञ्चालन, सन्तुलन तथा सामञ्जस्यता र समन्वयलाई शारीरिक विकास भनिन्छ। गर्भावस्था तथा जन्मेपछि आठ वर्षको समयभित्र जुन गतिमा शरीरको वृद्धि र विकास हुन्छ, त्यो जीवनको अन्य समयमा कमै हुन्छ। शिशु अवस्थामा शरीरको तौल बढ्नुको साथै यसको कार्य क्षमतामा पनि प्रगति हुने गर्दछ। मस्तिष्कको तौल बढ्दै जाने क्रमसँगै शारीरिक गतिविधि पनि फरक हुँदै जान्छ। शरीरको वृद्धि र विकासको लागि पोषिलो खाना, खोप, स्याहार, हौसला आवश्यक हुन्छ । यस अवस्थामा घातक रोग, सरुवा रोग, दुर्घटना आदि हुने जोखिमबाट बचाउनुपर्दछ ।

### (ख) बौद्धिक विकास (Cognitive development)

सोचाइ, कल्पना, सिर्जनशीलता, इन्द्रियद्वारा सूचना ग्रहण, स्मरण, कारण र घटनाको सम्बन्ध बुझ्न सक्ने जस्ता मानसिक क्षमतालाई बौद्धिक विकास भनिन्छ । गर्भावस्थाको पहिलो छ महिनाभित्र नै शिशुको मस्तिष्कका कोषहरूको निर्माण र सङ्ख्यात्मक वृद्धि हुन्छ । शिशु गर्भमा रहेको तीन हप्तादेखि नै मस्तिष्कको विकास सुरु हुन्छ । गर्भमा ज्ञानेन्द्रिय, अङ्ग, मांसपेशी, हाडसँगै मस्तिष्कको पनि तीव्र गतिमा विकास भइरहेको हुन्छ । मस्तिष्कको ८७% तौल (११०० ग्राम) तीन वर्षको उमेरसम्ममा वृद्धि भइसकेको हुन्छ ।[१] र ९०% विकास ५ वर्षभित्र भइ सक्छ ।[२] जन्मँदा २५% मात्र स्नायुहरूको सञ्जाल बनेको हुन्छ । बच्चा जन्मेपछि सिकाइ अनुभवको आधारमा यी कोष (न्यूरोन) एक अर्कोसँग जोडिदै सञ्जाल निर्माण हुने कार्य अति छिटो हुने गर्छ । जन्मेदेखि ३ वर्षभित्रमा मस्तिष्कमा भएका कोषिकाहरू करिब ७५% एक अर्कोमा जोडिँदै अनुभवको सञ्जाल निर्माण हुन्छ । प्रारम्भिक उत्प्रेरणाले बालबालिकालाई माया ममतामय संरक्षण र जिम्मेवारीपूर्ण सम्बन्ध विकास गरी उनीहरूलाई महत्त्वपूर्ण सिकाइका अवसरहरूतर्फ डोऱ्याउँदछ । विभिन्न वैज्ञानिक अनुसन्धानहरूले अनुभव र उत्प्रेरणाको अभावमा मस्तिष्कका कोषहरू निष्क्रिय हुने, लामो अवधिसम्म निष्क्रिय रहिरहेमा आफैँ नाश भएर जाने तथ्यको पुष्टि गरेका छन् ।

### (ग) संवेगात्मक विकास (Emotional Development)

व्यक्तिका आन्तरिक अभिव्यक्ति वा मनोभावना नै संवेग हुन् । शारीरिक, मानसिक स्थितिमा अस्थायी परिवर्तन भएर भावना, व्यवहारद्वारा संवेग अभिव्यक्त हुन्छ । खुसी, मायाममता, प्रेम, विश्वास, समझदारी, उत्सुकता, इच्छा, रिस, डर जस्ता संवेगहरू विभिन्न अभिव्यक्तिद्वारा प्रकट हुन्छन् । प्रत्येक बालबालिकामा संवेगहरू हुन्छन् । संवेग व्यक्तिको आवश्यकता, सोच, बुझाइ, चाहनाअनुसार फरक हुन्छ । बाल्यावस्थामा प्रस्तुत गर्ने सकारात्मक संवेगहरू जस्तै हाँस्ने, रुने, खुसी, माया, त्रास, डर आदिले बालकमा आत्मविश्वास बढ्छ । यसले आत्मविश्वास सुरक्षित वा असुरक्षित भावना, सकारात्मक वा नकारात्मक सोच, संवेदनशील वा असंवेदनशील व्यवहारमा उतार्ने गर्छ । यिनै संवेगको प्रभावले पछि गएर मानव चरित्र स्थायी हुने हुनाले उनीहरूलाई विश्वासको वातावरणमा हुर्काइनुपर्छ भन्ने प्रारम्भिक बालविकासको मान्यता हो ।

### (घ) सामाजिक विकास (Social Development)

बालबालिकाको घर, परिवार र छिमेकमा समायोजन हुन आवश्यक ज्ञान सिपलाई सामाजिक विकास भन्न सकिन्छ । वरिपरिको अनुकूल वातावरण बनाउने ज्ञान र सिप विकास गर्नु सामाजिक विकास हो । सदाचार, मेलमिलाप, सहयोग, सहकार्यको आधारभूत ज्ञान सिपको विकास नै सामाजिक विकासको सुरुआत हो । वातावरण कुनै सकारात्मक हुन्छन् भने कुनै नकारात्मक हुन्छन् । त्यसैले बालबालिकालाई नकारात्मकताबाट बचाउँदै सकारात्मक वातावरणमा हुर्काउने प्रयत्न गर्नुपर्दछ । परिवार र समाजका राम्रा अभ्यास र अनुभवहरूबाट बालबालिकाले राम्रा कुरा सिक्दछन् । समाजका विविधताप्रति सकारात्मक सोच ल्याउन आमाबुबा वा वयस्कहरूको व्यवहार र क्रियाकलापले मार्गनिर्देश गर्दछ । पारिवारिक शान्ति, सुरक्षा र आदरपूर्ण वातावरण तथा सामाजिक परिवेश नै सामाजिक विकास र सिकाइको आधार हो ।

[१] Dekaban, A., S. (1978)

[२] Lipina S. J. (2015)

### (ङ) भाषिक विकास (Language Development)

भाषिक विकासमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता चार ओटा सिपहरू आवश्यक हुन्छन् । भाषिक सिपहरू पनि बौद्धिक विकासका आधारभूत पक्षहरू हुन् । सञ्चारको माध्यम भाषा हो । भाषा विकासको आधार प्रारम्भिक बाल्यावस्थामा सुनेका, देखेका, जानेका कुराहरू छन् । प्रारम्भिक बालविकासको सन्दर्भमा भाषा विकास भन्नाले सङ्केत बुझेर अर्थपूर्ण प्रतिक्रिया, अन्तर्क्रिया गर्न र अभिव्यक्त गर्न सक्षम हुनु हो । बालबालिकाले राम्रो नराम्रो छुट्याउन, केही कुरा बुझ्न, तर्क गर्न, कुनै वस्तु चिन्न, खेल्न, अभिनय गर्न, प्रश्न सोध्न, ध्यान दिएर सुन्न, आफ्नो शरीर सफासुग्घर एवम्म् स्याहार गर्न, लेख्न, चित्रको बारेमा वर्णन गर्न सिक्दछन् । सुनाइको क्षमता गर्भ रहेको चार महिनादेखि नै हुने गर्दछ ।[३] बोलाइको सिप जन्मपछिको रूवाइ, हँसाइदेखि नै सुरु हुन्छ । बालबालिकाले एक अर्कासँग कुराकानी गर्दै शब्द, वाक्यहरू बुझ्ने, बोल्ने गर्दा यस अवस्थामा धेरै शब्द भण्डारण हुन्छ ।

## १.२ प्रारम्भिक बालविकासका तत्त्वहरू

यस अघिको प्रस्तुतिमा उल्लेख भएअनुसार प्रारम्भिक बालविकास एक पक्षको मात्र परिर्वतन र विकास नभई सबै पक्षको विकास हो । यस अर्थमा बालबालिकाको आवश्यकता पनि बहुपक्षीय हुनु स्वभाविक हो । प्रारम्भिक बालविकास हुनका लागि महत्त्वपूर्ण र एकअर्कासँग सम्बन्धित पक्षहरू निम्नानुसार रहेका छन् :

### (क) स्वास्थ्य

स्वास्थ्य नै जीवनको अमूल्य धन हो, शरीर स्वस्थ भएमात्र जीवनको सार्थकता हुन्छ । विश्व स्वास्थ्य सङ्गठन (WHO) ले शारीरिक, मानसिक र सामाजिक स्वास्थ्य गरी स्वास्थ्यलाई बृहत् रूपमा परिभाषित गरेको छ । बालबालिकालाई शारीरिक रूपमा स्वस्थ रहन सरसफाइ, सन्तुलित खाना, खोप, रोगहरूबाट समयमै उपचार आवश्यक हुन्छ । मानसिक र सामाजिक स्वस्थपनाको लागि उचित स्याहार तथा उत्प्रेरणाको आवश्यकता पर्दछ ।

### (ख) पोषण

"गर्भावस्था र शिशु अवस्थामा खानाबाट पाइने करिब ५० देखि ७५ प्रतिशत शक्ति/उर्जा मस्तिष्कले प्रयोग गर्दछ । शिशुको वृद्धि र विकासको लागि पौष्टिक खाना खुवाउनुपर्दछ । त्यसैले यो समयमा पोषणयुक्त खानाको कमी भएमा मस्तिष्कको संरचना र कार्यहरूमा असरपर्दछ । यसबाट भएको नोक्सानीलाई पछि सुधार गर्न वा क्षतिपूर्ति गर्न सकिँदैन । (युनिसेफ, २०१६)"

कुपोषण भएको शिशुको बौद्धिक विकास सुस्त हुने गर्छ । कुपोषण र मस्तिष्क विकाससम्बन्धी अध्ययनअनुसार कुपोषित बालबालिकामा बौद्धिक क्षमता, सिक्ने क्षमता कुपोषण नभएको बालबालिकाको भन्दा कम भएको पाइएको छ । भविष्यमा कमाउने क्षमता कुपोषण नभएको बालबालिकाको दाँजोमा २०% कम हुने गरेको विभिन्न अध्ययनबाट पत्ता लागेको छ ।[४]

### (ग) उचित स्याहार र उत्प्रेरणा

बाल्यावस्थामा परिवारमा राम्रो स्याहारसुसार पाएर हुर्केको र अनाथालयमा राम्रो खानपिनमा हुर्केका बालबालिकाको मस्तिष्क विकाससम्बन्धी रोमानियामा PET Scan प्रविधिबाट अनुसन्धान गरिएको थियो । यस अनुसन्धानअनुसार बाल संरक्षण गृहमा हुर्केका बालबालिकामा पोषण र स्वास्थ्य उपचार पाएता पनि मनोसामाजिक स्याहारसुसार नपाएर मस्तिष्क विकासमा अवरोध

[३] Selander, J., et al. (2016)
[४] Ghosh S. (2020) i

आएको पाइएको छ ।[५] प्रारम्भिक बाल्यावस्थामा स्वास्थ्य, पोषण, सरसफाइ, सुरक्षा, हेरचाह, उत्प्रेरणा तथा अन्तर्क्रियाको अवसर एकै साथ उपलब्ध भए मात्र बालबालिकाको सर्वाङ्गीण विकास हुन सहयोग पुग्छ । त्यसैले प्रारम्भिक बालविकास कार्यक्रमहरू एकीकृत हुनु आवश्यक हुन्छ ।

## (घ) सुरक्षा र संरक्षण

बालबालिका सुरक्षित रूपमा नैसर्गिक जन्मन तथा हुर्किन पाउनु उनीहरूको अधिकार हो । सुरक्षाको विषयलाई हेर्दा यस उमेरका बालबालिका जिज्ञासु र चञ्चले स्वभावका हुने हुनाले विभिन्न अप्रिय घटना घट्न सक्छ । त्यसैले उनीहरूका लागि सुरक्षित वातावरण तयार गर्नु हामी सबैको कर्तव्य हो ।

बालबालिकालाई हुन सक्ने चोटपटक वा इन्जुरीमा कमी ल्याउन अभिभावक, स्याहारकर्ता र आम जनसमुदायले विभिन्न कदम चाल्न सक्छन् । यसका लागि बालबालिकामैत्री सुरक्षित घर, खेल्ने ठाउँ, सडक बाटोहरू निर्माण गर्नेतर्फ विचार पुऱ्याउनु अति नै आवश्यक छ । बालबालिकामा हुने चोटपटकका कारण परिवार र समाजमा आइपर्ने बोझ, तिनको रोकथामको महत्त्वको विषयमा छलफल गर्ने गरेमा घाइतेको औषधी उपचार खर्चमा कटौती गर्न सकिन्छ भने बालस्वास्थ्य प्रवर्धनमा प्रत्यक्ष मद्दत पुग्दछ ।[६]

बालबालिकासम्बन्धी ऐन, २०७५ ले अठार वर्ष उमेर पूरा नगरेका बालबालिकाका अधिकाबारे व्यवस्था गरेको छ । प्रारम्भिक उमेरका बालबालिकाको हकमा लागू हुने गरी ऐनको दफा ३ मा बालबालिकाको बाँच्न पाउने अधिकार, दफा ३ मा नाम, राष्ट्रियता र पहिचानको अधिकार, दफा ७ मा संरक्षणको अधिकार, दफा ८ मा सहभागिताको अधिकार, दफा १२ मा अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार, दफा १३ मा पोषण र स्वास्थ्यको अधिकार, दफा १४ मा खेलकुद, मनोरञ्जन र सांस्कृतिक अधिकार र दफा १५ मा शिक्षाको अधिकारसम्बन्धी व्यवस्था छ । यसका साथै बालबालिका विरुद्ध भएका हिंसा, दुर्व्यवहार जस्ता घटनाको न्यूनीकरण, सडक बालबालिकाको उद्धार तथा संरक्षण व्यवस्थापन, भूकम्प र द्वन्द्व प्रभावित बालबालिका लागि राहत सहयोग तथा संरक्षणको प्रबन्ध गरिएको छ । यस्तै स्वदेशी धर्मपुत्र धर्मपुत्री तथा वैकल्पिक स्याहार अभिवृद्धि तथा समन्वय, विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री दिँदा परिवार तथा बालबालिका छनौट सिफारिस गर्नेदेखि बालबालिकासम्बन्धी राष्ट्रिय तथ्याङ्क विवरण प्रकाशन र जन्मदर्ता, खोप र पोषण अभिवृद्धिका लागि समन्वय तथा सचेतनासँग सम्बन्धित कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

बालबालिकासम्बन्धी ऐन, २०७५ मा बालबालिकाको सुरक्षा र संरक्षणका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय तथा राष्ट्रिय बाल अधिकार परिषद् कानुनी, नीतिगत, संस्थागत, कार्यक्रमगत रूपमा क्रियाशील रहेको छ । यस्तै बालबालिका खोजतलास समन्वय केन्द्रको निशुल्क फोन नं. १०४, बाल हेल्पलाइन नं. १०९८ रहेको छ ।

## (ङ) प्रारम्भिक सिकाइ

प्रत्येक शिशु/बालबालिकाले जन्मेदेखि नै सिक्न सक्छन् । यस अवस्थामा उनीहरूको मस्तिष्क, कान, नाक, जिब्रो, आँखा र हत्केला र छालाको स्पर्श चेतनाका साथै ज्ञानेन्द्रियको सक्षमता अधिकतम हुने हुनाले अनुभवबाट सिकाइ प्रभावकारी हुने गर्दछ । ज्ञानेन्द्रिय नै सिकाइको मूल

[५] Gabbay, V.,Oatis, M. D,, Silva, R. R., & Hirsch, G. (2004)

[६] डा. पुष्पराज पन्त, नेपाल इन्जरी अनुसन्धान केन्द्र

ढोका मानिन्छ । यस अवस्थामा पाएको उचित सिकाइ अनुभवका आधारमा बालबालिकाको ८० प्रतिशत सिकाइ सम्भव हुने कुरा अनुसन्धानले देखाएको छ।[७] अर्को वाक्यमा भन्नुपर्दा बाल्यवस्थामा सिकाइको मूल ढोका पूर्ण रूपमा खुला हुन्छ । उमेर बढ्दै गएपछि विस्तारै साँघुरो हुन्छ । फलस्वरूप उमेर बढ्दै गएपछि सिकाइको क्षमता र गति सुस्त हुन सक्छ । बालबालिकाको सिक्ने तरिका फरक हुन्छ । तर बालबालिकालाई सक्रिय बनाएर सिकाउनु शिक्षणको प्राथमिक आवश्यकतामा पर्दछ । बालबालिकाले कसरी सिक्छन्, त्यसै आधारमा सिकाइका लागि उत्प्रेरणा प्रदान गर्नु नै अभिभावक तथा शिक्षकको महत्त्वपूर्ण कार्य हुन्छ ।

## १.३ प्रारम्भिक बालविकासको महत्त्व

उचित प्रारम्भिक बालविकासको अवसर प्राप्त भएमात्र बालबलिकालाई पूर्ण मानव बन्न सहज हुन्छ । त्यसकारण व्यक्तित्व विकासका लागि प्रारम्भिक बालविकासको अवसर ज्यादै महत्त्वपूर्ण छ । समाजका सबै नागरिकको पूर्ण व्यक्तित्व विकास भए मात्र समाज वा देशको विकास सम्भव छ । त्यसैले प्रारम्भिक बालविकास नै देश विकासको जग हो । यसको महत्त्वलाई बुँदागत रूपमा देहायअनुसार प्रस्तुत गरिएको छ :

### १.३.१. मस्तिष्क विकासको जग

स्नायु विज्ञानमा भएका विभिन्न अध्ययन तथा अनुसन्धानहरूले जीवनको सुरुवाती वर्षमा (५ वर्षसम्म) मस्तिष्कको विकास सबैभन्दा तीव्र गतिमा भएको हुन्छ भन्ने कुरा प्रष्ट्याएको पाइन्छ। यस समयमा कलिला मानव मस्तिष्कको कोषिका (न्यूरोन) हरूले ७०० देखि १,००० प्रति सेकेन्डका दरमा नयाँ सम्पर्क स्थापित गरिरहेका हुन्छन् । यसले बालबालिकाको शारीरिक र मानसिक स्वास्थ्य, उनीहरूको जीवनभरिको सिकाइ र परिवर्तन अनुकूल हुने क्षमताका साथै मनोवैज्ञानिक प्रतिरोध क्षमता निर्धारण गर्दछ। यी वैज्ञानिक तथ्यले सबै कलिला बालबालिका विशेषगरी विषम परिस्थितिमा रहेका तथा कठिनाइ सामना गरिरहेका बालबालिकाका लागि रेखदेख, राम्रो स्वास्थ्य, पोषण र प्रोत्साहनको महत्त्वलाई उजागर गर्दछ।

जीवनको प्रारम्भिक समयमा बालबालिकाको मस्तिष्कले आवश्यक पोषण, उत्प्रेरणा र सकारात्मक सहयोग नपाएको अवस्थामा आउने परिणामलाई जीवनका पछिल्ला चरणमा सही र उपयुक्त प्रावधानको व्यवस्था गर्नुपर्ने प्रयत्नको मात्रा अत्यन्त ठुलो हुन जान्छ। यसले गर्दा पछि गएर बालबालिकाको मस्तिष्क निर्माण र सोबाट अधिकतम नतिजा हासिल गर्न प्रायः असम्भव नै देखिन्छ। प्रारम्भिक बालविकासका अनुभवहरूको गुणस्तरले बाल्यकाल र किशोर अवस्थाभरि मस्तिष्क विकासको जग बनाउँछ।

जीवनका प्रारम्भिक वर्षहरूको पालन पोषण र हेरचाहले बालबालिकाको जीवनभरि मस्तिष्कका क्रियाकलापहरूलाई प्रभाव पार्दछ। साथै यसले भावी पुस्ताहरूलाई समेत असर गर्न सक्दछ। प्रारम्भिक बाल्यकालको सिकाइ जीवनभर रहन्छ। यो अवस्थाको सिकाइ असाध्यै फलदायी हुन्छ। त्यसैले ६ वर्षको उमेरसम्ममा बालबालिकाको मस्तिष्क सञ्जाल र मार्ग (नेटवर्क र पाथवेज) को आधार स्थापित भइसक्छ।[८]

प्रारम्भिक बाल्यावस्थामा हुने कुनै पनि प्रकारका तनाव एवम् हिंसा, शोषण र हेलाले जीवनभरि प्रभाव पर्दछ। कलिला बालबालिकाले धेरै कठिनाइपूर्ण हिंसा, शोषण, हेला वा लामो भोक अनुभव गर्दा मस्तिष्कमा हानिकारक रसायन उत्पादन हुन्छ, जसले तनाव महसुस गराउँदछ। यसले मस्तिष्कका कोषहरूको विस्तारलाई सीमित गर्दै स्वास्थ्य, सिकाइ र

[७]Rupini RV and Nandagopal R (2015)

[८]युनिसेफ, २०१६

व्यवहारमा नकारात्मक प्रभाव पार्दछ र बालबालिकाको मस्तिष्क विकासका प्रक्रियामा समेत बाधा उत्पन्न हुन्छ। तीन वर्षको उमेरमा एउटा बच्चाको दिमाग वयस्कको दिमागभन्दा दुई गुणा बढी क्रियाशील हुन्छ[९] भने मस्तिष्कको ८७ प्रतिशत तौल (११०० ग्राम) तीन वर्षको उमेरसम्ममा हासिल भएको हुन्छ।[१०]

बालबालिकाको पहिलो आठ वर्षको उमेर सबैभन्दा महत्त्वपूर्ण हुन्छ। यस अवस्थामा हुने विकासले बालबालिकाको जीवनभरि प्रभाव पार्न सक्दछ। पोषिलो खाना, स्वस्थ्य शरीर, उत्प्रेरणामूलक वातावरण र शारीरिक व्यायाम मस्तिष्क विकासका लागि अति आवश्यक हुन्छ। मस्तिष्क विकासका लागि मस्तिष्क नै धेरै सञ्चालन र प्रयोग हुन जरुरी छ। बालबालिकाहरू मस्तिष्क विकास र सिकाइका लागि संवेदनशील हुन्छन्।

स्नायु विज्ञानकाअनुसार बालविकासका लागि बालबालिकाको पहिलो आठ वर्षको उमेर सबैभन्दा संवेदनशील र जीवनभरिका लागि महत्त्वपूर्ण हुन्छ। बालबालिकाले खाने पोषिलो खाना, उनीहरूको शारीरिक स्वस्थता र शारीरिक व्यायाम प्रारम्भिक उमेरमा उनीहरूको मस्तिष्क विकासका लागि अति आवश्यक हुन्छ । यस उमेरमा पाउने सकारात्मक वातावरणले बालबालिकाको समग्र विकासका लागि आवश्यक अवसरहरू प्राप्त भइरहेको हुन्छ। बालबालिकाले पाउने यस्ता उत्प्रेरणामूलक वातावरणले उनीहरूको सुस्वास्थ्य, भविष्यको पढाइ, रोजगारीको अवसर र उत्पादनशीलतामा वृद्धि हुन्छ। प्रारम्भिक उमेरमा बालबालिकाको समग्र विकासका लागि लगानी गरिएमा त्यसको प्रतिफल धेरै गुणा बढी आउने कुरा विभिन्न अध्ययन तथा अनुसन्धानबाट पुष्टि भइसकेको छ। यसर्थ प्रारम्भिक बालविकासको उमेर अत्यन्तै संवेदनशील र महत्त्वपूर्ण छ।

### १.३.२ सामाजिक न्यायको दृष्टिकोण

सामाजिक असमता जीवनको सुरुवाती दिनहरूबाट नै सुरु हुन्छ। प्रारम्भिक बालविकासका कार्यक्रमले समाजमा रहेका विभेद (लैङ्गिक, सामाजिक, आर्थिक) हरूमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ। यस्ता कार्यक्रमले समुदायका सदस्यहरूलाई एउटै समूहमा आबद्ध गरी बालबालिकाको लागि कार्य गर्न प्रोत्साहित गर्दछ। प्रारम्भिक बालविकासको आवश्यकता र उपयोग जोखिममा रहेका र पछाडि परेका बालबालिकाका लागि यस्तो कार्यक्रम सबैभन्दा बढी प्रभावकारी हुन्छ। त्यसैले सबैभन्दा पछाडि परेका र जोखिममा रहेका बालबालिकाको जीवनमा परिवर्तन ल्याउन उनीहरूलाई जीवनको सुरुवातदेखि नै गुणस्तरीय प्रारम्भिक बालविकासका सेवाहरू उपलब्ध गराउनुपर्दछ।

सुविधायुक्त परिवार र आधारभूत सेवाबाट वञ्चित परिवारका बालबालिकाका बिचमा जीवनको सुरुवातदेखि नै विभेद सुरु हुन्छ। निरक्षर अभिभावकहरूका बालबालिकाको तुलनामा माध्यमिक शिक्षा उत्तीर्ण गरेका अभिभावकहरूका बालबालिकाको शब्दभण्डार दुईदेखि तीन गुणासम्म बढी भएको पाइन्छ। त्यसैले कम आयस्रोत तथा शैक्षिक पृष्ठभूमि न्यून रहेका परिवारका बालबालिकालाई अन्य बालबालिका सरह सिकाइ र विकास गर्ने अवसर प्रदान गर्न प्रारम्भिक बालविकास कार्यक्रमको आवश्यकता पर्दछ। यो नै यस्तो सामाजिक विभेद हटाउने एउटा प्रभावकारी माध्यम हो।[११]

---

[९] Brotherson, S. (2009).

[१०] Dekaban, A., S. (1978).

[११] Center on the Developing Child, Harvard University. (ND).

### १.३.३ बालअधिकारको सुनिश्चितता

सबै बालबालिकाको बाँच्न पाउने र पूर्ण क्षमतामा विकास गर्न पाउने अधिकार हुन्छ। प्रारम्भिक बालविकास कार्यक्रम बालअधिकार सुनिश्चित गर्ने एउटा महत्त्वपूर्ण पक्ष हो। प्रारम्भिक बालविकासका कार्यक्रमले बालबालिकामा कुनै पनि भेदभाव नगरी उनीहरूको बाँच्न पाउने, विकास गर्न पाउने, सुरक्षित हुन पाउने र सहभागी हुन पाउने अधिकारलाई[१२] सुनिश्चित गर्दछ।

### १.३.४ आर्थिक दृष्टिकोण

आर्थिक दृष्टिकोणबाट प्रारम्भिक बालविकासमा गरिएको लगानीको प्रतिफल उच्च भएको पाइएको छ। ठुला बालबालिकाको शिक्षा र तालिममा गरिने लगानीको भन्दा धेरै प्रतिफल पूर्वबाल्यावस्थामा लगानी गर्दा प्राप्त हुने अध्ययनहरूबाट प्रमाणित भएको छ।[१३] कतिपय राष्ट्रहरूले त प्रारम्भिक बालविकासका लागि गरिएको लगानीको सातदेखि नौ गुणासम्म प्रतिफल प्राप्त गरेको बताएका छन्। प्रारम्भिक बालविकास कार्यक्रममा १ डलर खर्च गरेमा १६ डलर बराबरको प्रतिफल आउँछ भन्ने अन्तर्राष्ट्रिय मान्यता रहेको छ। यसमा पनि प्रारम्भिक बालविकासको प्रतिफल कम आयस्रोत भएका सीमान्तकृत आधारभूत सेवाबाट वञ्चित भएका बालबालिकामा बढी भएको पाइएको छ। दीर्घकालीन विकास हासिल गर्न प्रारम्भिक बालविकास लक्षित सवालहरूमा लगानी गर्नु सबैभन्दा फाइदाजनक छ भन्ने पुष्टि भइसकेको छ।

## २. नेपालमा हाल सञ्चालित एकीकृत प्रारम्भिक बालविकास कार्यक्रमहरू[१४]

बालबालिकाको वृद्धि र विकास निरन्तर हुने प्रक्रिया भएकाले बालविकास कार्यक्रमले बालबालिकाको उमेर र विकासात्मक आवश्यकतालाई पूरा गर्नुपर्दछ। प्रारम्भिक बाल्यावस्थाका विभिन्न चरणहरू र उमेरअनुसार उनीहरूको आवश्यकता फरक हुन्छ। यी कार्यक्रमहरूको आवश्यकता र प्राथमिकता समुदायअनुसार पनि फरक हुन्छ।

नेपालमा अभ्यासमा रहेका एकीकृत प्रारम्भिक बालविकाससम्बन्धी केही कार्यक्रमहरू देहायअनुसार उल्लेख गर्न सकिन्छ :

### (क) समुदाय स्तरीय अभिमुखीकरण/घरदैलो कार्यक्रम

प्रारम्भिक बालविकास कार्यक्रमको सम्बन्धमा समुदायलाई सचेतीकरण गर्न समुदाय अभिमुखीकरण/घरदैलो कार्यक्रम आवश्यक छ। प्रारम्भिक बालविकास कार्यक्रमको सेवाले एकीकृत रूपमा बालबालिकालाई विकासको अवसर दिने भएको हुँदा समुदायमा भएको स्रोत तथा साधनलाई परिचालन गराई सर्वाङ्गीण विकासको अधिकार र चेतना अभिवृद्धि गर्न यो कार्यक्रम उपयोगी हुन्छ।

#### सञ्चालन प्रक्रिया

समुदायमा रहेका अभिभावक, जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समिति, बालविकास केन्द्रका सहजकर्ता, सरोकारवाला, सहयोगी व्यक्ति, बालक्लब, किशोरकिशोरी, नवविवाहित तथा स्थानीय सेवा प्रदायक संस्थाहरू तथा सञ्चारकर्मीहरू मध्येबाट ३० देखि ४० जनासम्मको सहभागितामा करिब ३ घण्टा अभिमुखीकरणको अवधि रहने छ।

[१२] United Nations, 1989

[१३] Heckman, 2000

[१४] स्थानीय तहमा एकीकृत प्रारम्भिक बालविकासका लागि योजना तर्जुमा कार्यशाला स्रोत सामग्री, २०७५

**लगानी**

एउटा प्रारम्भिक बालविकास अभिमुखीकरण/घरदैलो कार्यक्रम सञ्चालनका लागि पूर्व तयारी, बालविकाससँग सम्बन्धित दक्ष जनशक्तिद्वारा सहजीकरणवापत सेवा शुल्क र आवश्यक स्टेसनरीसहित सामान्यत रु. दुई हजार खर्च लाग्न सक्छ । यसका लागि स्थानीय गाउँपालिका/नगरपालिकाका वडाहरू, विद्यालय, स्थानीय क्लब वा सेवा प्रदायक संस्थाहरू आयोजक रहन सक्दछन् । सहभागीहरूबाट नै सञ्चालन तथा व्यवस्थापन शुल्क लिएर पनि यस प्रकारका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ ।

**(ख) प्रारम्भिक बालविकाससम्बन्धी अभिभावक शिक्षा (गर्भदेखि ८ वर्षमुनिका बालबालिका केन्द्रित)**

प्रारम्भिक उमेरका सम्पूर्ण बालबालिकाको सर्वाङ्गीण बालविकासको अधिकार सुनिश्चिततामा सहयोग गर्नका लागि अभिभावकहरूको सचेतनापूर्ण भूमिका आवश्यक हुन्छ । तसर्थ प्रारम्भिक बालविकास उमेरका बालबालिकाको उपयुक्त स्याहार, हेरचाह तथा विकासका लागि जनचेतना जागरण गर्न, प्रारम्भिक बाल्यावस्थादेखि अभिभावकको विशेषगरी बुबाको सहभागिता र भूमिकाको महत्त्वपूर्ण रहेको छ । यो भूमिकाको बोध गराउन र गुणस्तरीय प्रारम्भिक बालविकासका लागि ज्ञान तथा सिपको अवधारणा अभ्यासमा ल्याउन प्रारम्भिक बालविकाससम्बन्धी अभिभावक शिक्षा कार्यक्रम सञ्चालनमा रहेको छ । यो कार्यक्रम स्वास्थ्य संस्था, वडा, गाउँपालिका/नगरपालिका, बालविकास केन्द्र तथा विद्यालयमार्फत सञ्चालन गर्न सकिन्छ ।

**सञ्चालन प्रक्रिया**

अभिभावक शिक्षा विभिन्न तरिकाले चलाउन सकिएता पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट देहायबमोजिम लागू भएको छ। समुदायमा रहेका प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाका आमाबुबा, हजुरआमा, हजुरबुबा, दिदी, दाजुहरू, किशोरकिशोरी, नवविवाहितमध्येबाट कम्तीमा ३० देखि ४० जनाको संलग्नतामा कम्तीमा २ घण्टाको कार्यक्रम सञ्चालन गरिन्छ । बालबालिकाको बालबचाउ, बालसंरक्षण, बालविकास र बाल सहभागितामा आधारित कम्तीमा २० ओटा विषयहरूमा केन्द्रित रही पटकपटक अभिभावकको अनुकूलतामा यो कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।

**लगानी**

एउटा विषय केन्द्रित अभिभावक शिक्षा कार्यक्रम सञ्चालनका लागि यसको पूर्व तयारी, बालविकाससँग सम्बन्धित दक्ष जनशक्तिद्वारा सहजीकरण बापत सेवा शुल्क र आवश्यक स्टेसनरीको व्यवस्था गर्न सामान्यतया रु. पाँच सय खर्च लाग्न सक्छ । यसका लागि स्थानीय गाउँपालिका/नगरपालिकाका वडाहरू, विद्यालय, स्थानीय क्लब वा सेवा प्रदायक संस्थाहरू आयोजक रहन सक्दछन् । यसका लागि सहभागीहरूबाट सञ्चालन तथा व्यवस्थापन शुल्क लिएर कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।

**(ग) सुनौलो हजार दिन लक्षित कार्यक्रम**

गर्भावस्थाको अवधि २७० दिन र शिशु जन्मेर २ वर्ष सम्मको अवधि ७३० दिन गरी जम्मा हजार (१,०००) दिनलाई प्रारम्भिक बाल्यावस्थाका स्वर्ण दिन भन्ने गरिन्छ । बच्चा जन्मेको २ वर्ष भित्रमा मस्तिष्कको ८० प्रतिशत विकास हुने भएकाले यस समयावधिभित्र आमा र बच्चाको उचित स्याहारसुसार गर्न सके कुपोषणको हुनबाट बचाउन सकिन्छ ।

यस कार्यक्रमको प्रमुख उद्देश्य शिशुको स्वास्थ्य र पोषण स्थितिमा सुधार गरी कुपोषण हुनबाट जो गाउनु र गर्भवती आमाको स्वास्थ्य र पोषण अवस्था सुधार गर्नुका साथै उपयुक्त परामर्श प्रदान गर्नु हो । यस कार्यक्रममा खोप, नियमित स्वास्थ्य जाँच, पोषिलो खाना तथा सूक्ष्म पोषणयुक्त औषधी निःशुल्क वितरण गरिन्छ । साथै शिशुको पोषणको स्थिति मापन गरी आवश्यक सेवा दिइन्छ ।

### सञ्चालन प्रक्रिया

यो कार्यक्रम बहुक्षेत्रीय पोषण योजना दोस्रो (२०७५/०७६-०७९/०८०) अनुसार स्वास्थ, कृषि विकास, पशुपक्षी विकास, खानेपानी तथा सरसफाइ, शिक्षा, महिला तथा बालबालिका, सङ्घीय मामिला मन्त्रालयहरू तथा सेवा प्रदायक संस्थाहरूको आन्तरिक र बाह्य स्रोतको समन्वय गरी स्थानीय तहहरूबाट गरिन्छ ।

### लगानी

स्थानीय गाउँपालिका/नगरपालिका क्षेत्रमा रहेका विशेषगरी गर्भवती महिला र २ वर्ष मुनिका शिशुको सङ्ख्याका आधारमा लागत आँकलन गर्न सकिन्छ ।

## (घ) अभिभावकद्वारा शिशुहरूमा प्रारम्भिक उत्प्रेरणा (Parent to Child Early Stimulation, PCES)

उत्प्रेरणा भनेको एउटा यस्तो अनुभव हो, जुन आमाबाबु वा उत्प्रेरक स्याहारकर्ता र शिशुहरूबिचको अन्तर्क्रियाबाट प्राप्त हुन्छ । यसले शिशुको शारीरिक, बौद्धिक, सामाजिक, भाषिक विकासका लागि क्षमता अभिवृद्धि गर्न मद्दत गर्दछ । गर्भावस्थादेखि नै शिशुहरू उत्प्रेरित भए मात्र उनीहरूको क्षमता अभिवृद्धि सहज हुन्छ । त्यसैले यो कार्यक्रम गर्भावस्थादेखि ३ वर्ष मुनिका बालबालिकालाई घर परिवारमा नै शारीरिक, बौद्धिक, भाषिक, संवेगात्मक र सामाजिक विकास गराउन अभिभावकद्वारा उत्प्रेरणा दिन गर्भवती तथा ३ वर्षमुनिका बच्चाका अभिभावक र स्याहारकर्तालाई लक्षित गरी सञ्चालन गरिएको हो । घरमा आधारित हुनाले समुदाय र परिवारको भाषा, संस्कृति, मूल्य मान्यता र बालबालिका हुकाईमा स्थानीय राम्रा प्रचलनहरूलाई प्रवर्द्धन गर्न र परम्परागत रुढीबादी चलनमा सुधार ल्याउन यस कार्यक्रमले मद्दत पुऱ्याउँदछ ।

### सञ्चालन प्रक्रिया

यस कार्यक्रममा प्रशिक्षकहरूबाट बढीमा २० जना घरभेट कार्यकर्ताहरूलाई १० दिने बालविकाससम्बन्धी आधारभूत बाल उत्प्रेरणा विषयक तालिम दिइन्छ । घरभेट कार्यकर्ताहरूबाट २५ देखि ३० जना अभिभावकहरूको समूह बनाई १० पटकसम्म शिशु स्याहार तथा विकाससम्बन्धी क्रियाकलापमा आधारित अभिभावक अभिमुखीकरण गर्दछ । तालिम पछि आमाबाबु वा स्याहारकर्ताले दैनिक घरायसी काममा शिशुहरूलाई संलग्न गरी स्याहार तथा विकास हुने काममा उत्प्रेरित गर्नुपर्दछ ।

### लगानी

सामान्यत: २० देखि २५ ओटा घरपरिवारको समूह मानी सञ्चालन गरिने यस कार्यक्रम तालिममा खाजा, सहजीकरण कार्य र अनुगमनका लागि सामान्यता रु.पचास हजार आवश्यक पर्छ ।

## (ङ) प्रारम्भिक बालविकासका लागि प्रवेशद्वार कार्यक्रम

प्रत्येक बालबालिकाको वृद्धि र विकाससँगै फरक गुण र विशेषताहरू हुन्छन् । यिनै फरक गुणका आधारमा बालबालिकाको उमेर, स्वभाव र क्षमताबमोजिम घरमा आधारित प्रवेशद्वार कार्यक्रम १८ महिनादेखि ३६ महिनासम्मका शिशुहरूलाई तालिम प्राप्त सामाजिक परिचालक, स्वयम्सेविका वा आमाहरूले ७ देखि १० जना बालबालिकाको समूह बनाएर पालैपालो सर्वाङ्गीण विकासको लागि हेरचाह र विकासका क्रियाकलाप र खाजाको पनि व्यवस्था गरिन्छ ।

यसका साथै आवश्यक स्वास्थ्य, पोषण, सरसफाइ, उत्प्रेरणा, सुरक्षा र सिकाइ क्रियाकलाप र सिकाइमा सहज वातावरण सिर्जना गरिन्छ ।

**सञ्चालन प्रक्रिया**

यो कार्यक्रम आमा समूह वा अभिभावकको संयुक्त सहयोग तथा संलग्नतामा सञ्चालन गरिन्छ ।

**लगानी**

स्थानीय गाउँपालिका/नगरपालिका र अन्तर्गतका वडाहरू, सहयोगी संस्थाहरू, विद्यालय, सामुदायिक अध्ययन केन्द्र, स्थानीय क्लबहरू, गुठी र स्वयम् अभिभावकको प्रत्यक्ष अप्रत्यक्ष करिब रु.तिस हजार लगानीमा यो कार्यक्रम सञ्चालन गर्न सकिन्छ । तालिम, खेल सामग्री निर्माण गर्न र अनुगमन कार्यमा यो रकम खर्च गरिन्छ ।

### (च) एक डोको/ढक्की खेलौना वा बाल खेल दराज कार्यक्रम

घरमा रहेका १-८ वर्ष उमेर समूहका शिशु र बालबलिकालाई स्थानीय तहमा घरकै स्रोत र साधनबाट खेलौना सङ्कलन र निर्माण गर्न सकिन्छ । यसरी बनाइएका खेलौना र थरी थरीका सामग्रीहरूलाई डोको, ढक्की, त्याकमा व्यवस्थापन गरिन्छ। अभिभावकले बालबालिकाको इच्छाअनुसार यी खेलौनाहरू चलाई खेल्नलाई प्रोत्साहन गर्नुपर्दछ । यो कार्यक्रम व्यवहारिक भएको पाइएको छ ।

**सञ्चालन प्रक्रिया**

यो कार्यक्रम आमा समूह वा अभिभावकको संयुक्त सहयोग तथा संलग्नतामा सञ्चालन गरिन्छ ।

**लगानी**

एउटा समूहको लागि स्थानीय गाउँपालिका/नगरपालिका र अन्तर्गतका वडाहरू, सहयोगी संस्थाहरूबाट प्रत्यक्ष अप्रत्यक्ष लगानीमा यो कार्यक्रम सञ्चालन गर्न सकिन्छ। यसका लागि तालिम तथा खेल सामग्रीका लागि कच्चा पदार्थ जोहो गर्न करिब रु. दश हजार लाग्न सक्दछ ।

### (छ) घरेलु क्रियाकलापमा आधारित प्रारम्भिक बालविकास कार्यक्रम

यो कार्यक्रम बालविकास केन्द्रमा आउनुभन्दा अघि आमा, बुबा तथा स्याहारकर्ताहरूबाट सिकाइका लागि घरमै गराइने क्रियाकलापमा आधारित छ । स्थानीय परिवेशमा अभिभावकले शिशु र बालबालिकालाई समग्र विकासका लागि आवश्यक स्वास्थ्य, पोषण, सरसफाइ, उत्प्रेरणा, सुरक्षा र सिकाइ क्रियाकलाप र सिकाइमा सहज र सरल रूपमा सहभागी गराउन जन्मदेखि ३ वर्षमुनिका शिशुहरूलाई लक्षित गरिएको छ । यसका लागि प्रमुख घरायसी काम जस्तै खाना पकाउने र खाने, पानी थाप्ने, लुगा धुने, झाडु लगाउने, केलाउने, नुहाउने, मेला जाने र सरसफाइ आदि क्रियाकलाप हुन सक्छन् ।

**सञ्चालन प्रक्रिया**

यो कार्यक्रम आमा समूह वा अभिभावकको संयुक्त सहयोग तथा संलग्नतामा सञ्चालन गरिन्छ ।

**लगानी**

स्थानीय गाउँपालिका/नगरपालिका र अन्तर्गतका वडाहरू, सहयोगी संस्थाहरूबाट प्रत्यक्ष अप्रत्यक्ष लगानीमा यो कार्यक्रम सञ्चालन गर्न सकिन्छ। यसका लागि तालिमको आवश्यकता पर्दछ। यसमा तालिम तथा अनुगमन र खेल सामग्रीका लागि कच्चा पदार्थ जोहो गर्न करिब रु.दश हजार लाग्न सक्दछ ।

### (ज) समुदायमा आधारित प्रारम्भिक बाल स्याहार तथा विकास केन्द्र (३ देखि ४ वर्ष उमेरका)

घरबाट टाढा जान नसक्ने १५ देखि २० जना बालबालिकाका लागि समुदायमा आधारित यस केन्द्रमा तालिम प्राप्त सहयोगी कार्यकर्ताहरूले बाल मनोवैज्ञानिक व्यवहारबाट खेल तथा मनोरञ्जनात्मक तरिकाबाट शारीरिक, बौद्धिक, संवेगात्मक र सामाजिक विकास गर्ने तथा उपयुक्त स्वास्थ्य, पोषण, सरसफाइ, उत्प्रेरणा, सुरक्षा र सिकाइ क्रियाकलाप गराइन्छ । यो कार्यक्रम दैनिक ४ घण्टा सञ्चालन गर्नुपर्छ । यसका लागि बालबालिकालाई खाजाको विशेष व्यवस्था गरिनु आवश्यक हुन्छ ।

#### सञ्चालन प्रक्रिया

यो कार्यक्रम सञ्चालन गर्न समुदायमा रहेका ३ देखि ४ वर्ष उमेर समूहका बालबालिकाको सङ्ख्याका आधारमा सम्बन्धित गाउँपालिका/नगरपालिकाको वडाबाट अनुमति माग गर्नुपर्छ । समुदायकै सक्रियतामा केन्द्र व्यवस्थापन समिति गठन गर्ने, निश्चित कोष स्थापना गर्ने र बालमैत्री पूर्वाधार तयारीका साथै सम्बन्धित वडा, टोल, सेवा प्रदायक सङ्घसंस्थाहरूको सहयोगमा सञ्चालन गरिन्छ ।

#### लगानी

स्थानीय गाउँपालिका/नगरपालिका र अन्तर्गतका वडाहरू, समुदाय, अभिभावक र सहयोगी संस्थाहरूबाट प्रत्यक्ष अप्रत्यक्ष लगानीमा यो कार्यक्रम सञ्चालन गर्न सकिन्छ । यसका लागि तालिम, खेल सामग्री, स्टेसनरी, भौतिक पूर्वाधार, सहयोगी कार्यकर्ताको मासिक तलब सुविधाको आवश्यकता पर्दछ । यो कार्यक्रम सञ्चालन गर्न भौतिक पूर्वाधारबाहेक वार्षिक न्यूनतम रु. एक लाख आवश्यक पर्दछ ।

### (झ) प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र

बालबालिकाको सिक्ने प्रवृत्ति तथा क्षमतालाई उनीहरूकै वरिपरि रहेका सामग्री तथा वातावरणले उनीहरूमा रहेको अन्तर्निहित क्षमता विकास र सिकाइ स्तरमा निरन्तर गुणस्तर र सुधार ल्याउन शिक्षाको बलियो आधार तयार गर्न प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र स्थापना गरिन्छ । यस केन्द्रमा ४ देखि ५ वर्ष उमेर समूहका २० देखि २५ जना बालबालिकालाई आवद्ध गराई तालिम प्राप्त बालविकास शिक्षकबाट सिकाइ क्रियाकलाप सञ्चालन गरिन्छ । यस केन्द्रको आवश्यक बालमैत्री तथा बालकेन्द्रित वातावरण व्यवस्थापनका लागि नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र पाठ्यक्रम विकास केन्द्रद्वारा लागू गरिएको प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्डका आधार तथा प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रमअनुसार विकासात्मक तथा प्रारम्भिक साक्षरता, पूर्व गणित अवधारणा तथा सिपसम्बन्धी सिकाइ क्रियाकलाप सञ्चालन गराइन्छ । यस कार्यक्रमका उद्देश्य ४ देखि ५ वर्ष उमेर समूहका बालबालिकाको सर्वाङ्गीण विकासको अधिकार सुनिश्चित गरी प्राथमिक शिक्षाको लागि तयारी गर्ने ।

#### सञ्चालन प्रक्रिया

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार हरेक वडा समितिलाई आफ्नो क्षेत्र भित्र शिशु स्याहार तथा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने दायित्व रहेको छ । शिक्षा ऐन २०२८ को आठौँ संशोधन २०७३ ले आधारभूत शिक्षाअन्तर्गत प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रलाई विद्यालय संरचनाभित्र समावेश गरेको छ । यो कार्यक्रम सञ्चालन गर्न समुदायमा रहेका ४ देखि ५ वर्ष उमेर समूहका बालबालिकाको सङ्ख्याका आधारमा सम्बन्धित गाउँपालिका/नगरपालिकाको वडाबाट अनुमति माग गर्नुपर्छ । समुदायकै सक्रियतामा केन्द्र व्यवस्थापन समिति गठन गर्ने, निश्चित कोष स्थापना गर्ने र बालमैत्री पूर्वाधार तयारीका साथै सम्बन्धित वडा, टोल, सेवा प्रदायक सङ्घसंस्थाहरूको सहयोगमा सञ्चालन गरिन्छ ।

**लगानी**

स्थानीय गाउँपालिका/नगरपालिका र अन्तर्गतका वडाहरू, समुदाय, अभिभावक र सहयोगी संस्थाहरूबाट प्रत्यक्ष अप्रत्यक्ष लगानीमा यो कार्यक्रम सञ्चालन गर्न सकिन्छ । यसका लागि तालिम, शैक्षिक सामग्री, स्टेसनरी, पोषणयुक्त खाजा, भौतिक पूर्वाधार, बालशिक्षकको मासिक सुविधाको आवश्यकता पर्दछ । एउटा केन्द्र सञ्चालन गर्न भौतिक पूर्वाधारबाहेक वार्षिक न्यूनतम रु. एक लाख पचास हजार आवश्यक पर्दछ ।

### (ञ) प्रारम्भिक पढाइ कार्यक्रम

शिक्षाको वर्तमान गुणस्तर वृद्धिका हिसाबले सबै विद्यालयमा शिक्षण सिकाइलाई प्रभावकारी ढङ्गले अगाडि बढाउन सघाउने उद्देश्यले विभिन्न कार्यक्रमहरू रहेका छन् । जसमध्ये प्रारम्भिक कक्षा पढाइ कार्यक्रम पनि एक हो । प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको लक्ष्य नै विद्यार्थीको सिकाइमा केन्द्रित भई शिक्षाको गुणस्तर सुधार गर्ने रहेको छ । पढाइ भनेको शब्द र वाक्यहरूलाई बुझ्न सक्ने सक्षमता हो र प्रारम्भिक कक्षा पढाइ यसको आधार हो, जसले प्रारम्भिक शिक्षामा अगाडि बढ्न बाटो देखाउँछ । प्रारम्भिक पढाइले ध्वनि सचेतना, वर्ण ज्ञान, पठन प्रवाह, शब्दभण्डार तथा बोधलाई आधार मानेर सिकाइ क्रियाकलापमा जोड दिएको हुन्छ ।

प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको प्रमुख उद्देश्य कक्षा १ देखि ३ सम्मका सबै विद्यार्थीको पढाइ सिपको सुधार गर्नु हो । यी कक्षाका विद्यार्थीले बुझेर उपयुक्त गतिका साथ पढ्न सिक्ने छन् र पढेका विभिन्न पाठ्यांशहरूको अर्थ निकाल्न सक्ने छन् । बालबालिकाको मुख्य सिप नै पढाइ रहेकाले यसले पछि गएर अरु विषयहरूमा विद्यालय उमेरसम्म पढ्न मद्दत गर्छ । विशेष गरेर कक्षा १ देखि ३ सम्म भनेको बालबालिका "पढ्नका लागि सिक्ने" र कक्षा ३ देखि "सिक्नका लागि पढ्ने" मान्यताबाट अगाडि बढ्ने गरेका हुन्छन् । प्रारम्भिक साक्षरता पढाइ सिप बिना बालबालिकाको सिकाइ अधुरो र हने कारणले गर्दा आधारभूत प्रारम्भिक साक्षरता सिप अपरिहार्य रहेको छ ।

### (ट) बालमैत्री विद्यालय

२०६७ सालमा पारित गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारूपअनुसार बालमैत्री विद्यालय भन्नाले बालबालिकाले आफ्नो गति र क्षमताअनुसार रमाइलोसँग सिक्ने वातावरण भएको विद्यालय नै बालमैत्री विद्यालय हो । यस्ता विद्यालयमा बालबालिका अनुकुलको सिकाइ वातावरण तयार गरिन्छ, बालबालिकाको अन्तरनिहित क्षमताको विकास गरिन्छ ।

- बालबालिकाले शारीरिक, मानसिक एवम् संवेगात्मक रूपले सुरक्षित तथा स्वस्थ वातावरण पाउँदछन् ।
- बालबालिकाको रुचि, क्षमता र स्तरको कदर हुन्छ र सोहीअनुसार उनीहरूको सिकाइका लागि आवश्यक वातावरण एवम् पाठ्यक्रमको व्यवस्था हुन्छ ।
- बालबालिकाको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने पूर्ण जिम्मेवारी शिक्षकको हुन्छ ।
- बालबालिकालाई उनीहरूको जात, लिङ्ग, धर्म, भाषा, आर्थिक स्तर, शारीरिक एवम् मानसिक दुर्बलताका आधारमा बिना भेदभाव विद्यालयमा भर्ना गरिन्छ । यसबाहेक विद्यालय भित्र र बाहिर रहेका बालबालिकालाई भेदभावरहित व्यवहार गरिन्छ ।
- पढाइ लेखाइका अतिरिक्त बालबालिकाको स्वास्थ्य एवम् सुरक्षामा विशेष ध्यान दिइन्छ ।

- विद्यालयको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनमा बालबालिका, अभिभावक र समुदायलाई प्रत्यक्ष सहभागी गराइन्छ ।
- कुनै पनि प्रकारका भौतिक, शारीरिक एवम् मानसिक दण्ड, सजाय बर्जित हुन्छ र बालबालिकालाई दुर्व्यवहार र नोक्सानीबाट बचाउने काम निरन्तर रूपमा भइरहेको हुन्छ ।

बालमैत्री विद्यालय राष्ट्रिय प्रारूपअनुसार विद्यालयहरूले नौ ओटा पक्षः (१) प्रभावकारिता, (२) समावेशीकरण, (३) शिक्षामा लैङ्गिक पक्ष, (४) बालबालिका, परिवार र समुदायको सहभागिता, (५) स्वास्थ्य, सुरक्षा र बचावट, (६) विद्यालयको भौतिक अवस्था, (७) शिक्षण सिकाइ प्रक्रिया, (८) मातृभाषामा शिक्षण सिकाइ, र (९) विद्यालय व्यवस्थापनका सूचकहरू प्राप्त गर्ने गरी प्रयास गर्नुपर्ने हुन्छ । विद्यालय सरोकारवालाहरूको संयुक्त भेलाबाट बालमैत्री विद्यालयका सूचकहरूको आधारमा स्वमूल्याङ्कन गरेर सुधारका रणनीति बनाउनुपर्छ । त्यसरी विकास गरिएको रणनीतिलाई परिवेशअनुसार कार्यान्वयन साथै सुधार गर्दै जानुपर्ने हुन्छ । यस सन्दर्भमा विचार गर्न र बुझ्नुपर्ने कुरा के हो भने बालमैत्री ढङ्गबाट पठनपाठनलाई सफल रूपमा कार्यान्वयन गर्न प्रत्येक विद्यालयका लागि आफ्नो स्थान विशेषका स्रोत, साधन तथा उपायहरू पहिचान गरी बालमैत्री पठनपाठनलाई कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

# कक्षा १ मा आउने बालबालिकाको विकासात्मक अवस्था पहिचानको आवश्यकता

**दिन :** पहिलो **सत्र :** दोस्रो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

कक्षा १ मा आउने बालबालिका विद्यालयको लागि वा सिक्नको लागि तयार भएर आउनुपर्ने हुन्छ । प्रारम्भिक बालविकास कक्षाको उद्देश्य नै बालबालिकालाई सर्वाङ्गीण विकास गराई विद्यालयको लागि तयार गराउनु हो । तर नेपालमा अझै पनि करिब ७५% बालबालिका मात्रै प्रारम्भिक बालविकासको अनुभव लिएर आउँछन् (CEHRD 2021) भने कक्षा १ मा आउँदा ५६% बालबालिका मात्रै विद्यालयको लागि तयार रहेको शैक्षिक गुणस्तर परीक्षण केन्द्रको अनुसन्धान (२०७६) ले देखाएको छ । यस सत्रमा कक्षा १ का शिक्षकले यो तथ्यलाई आत्मसात् गर्दै सोहीबमोजिम शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न प्रेरित गर्नका लागि तयार पारिएको छ ।

## उद्देश्य

**यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :**

- कक्षा १ मा आउने बालबालिकाको अवस्था पुनरवलोकन गर्न
- कक्षा १ मा आउने बालबालिकाको विकासात्मक अवस्था पहिचानको आवश्यकता बुझ्न
- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका आधारभूत पक्षहरू बुझ्न

## मुख्य विषयवस्तु

- बालबालिकाको विकासात्मक अवस्था पहिचान
- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका आधारभूत पक्षहरू

## सामग्री

- न्युजप्रिन्ट, मार्कर

## सहजीकरण क्रियाकलाप

**क्रियाकलाप नं. १ : समूह कार्य** **(६० मिनेट)**

- सहभागीहरूलाई चार समूहमा विभाजन गर्नुहोस् र निम्न प्रश्नहरूमा छलफल गर्न लगाउनुहोस् । तल दिइएको प्रस्तुतिको खाका दिई सोही ढाँचामा प्रस्तुतीकरणका लागि तयारी गर्न भन्नुहोस् ।

| क्र.सं. | सूचक | कक्षा १ मा आउने औसत कति बालबालिकाले यो सूचक पूरा गर्न सक्छन् ? (प्रतिशतमा) |
|---|---|---|
| | | |
| | | |

समूह १ - कक्षा १ मा आउने बालबालिका शारीरिक रूपमा कस्तो हुनुपर्छ ? सूचक बनाउनुहोस् र औसतमा कति बालबालिका सो सूचक पूरा गरेर आएका हुन्छन् ?

समूह २ - कक्षा १ मा आउने बालबालिका सामाजिक तथा संवेगात्मक रूपमा कस्तो हुनुपर्छ ? सूचक बनाउनुहोस् र औसतमा कति बालबालिका सो सूचक पूरा गरेर आएका हुन्छन् ?

समूह ३ - कक्षा १ मा आउने बालबालिका भाषिक रूपमा कस्तो हुनुपर्छ ? सूचक बनाउनुहोस् र औसतमा कति बालबालिका सो सूचक पूरा गरेर आएका हुन्छन् ?

समूह ४ - कक्षा १ मा आउने बालबालिकालाई के कस्ता विषयका बारेमा थाहा (संज्ञानात्मक विकास भएको) हुनुपर्छ ? सूचक बनाउनुहोस् र औसतमा कति बालबालिका सो सूचक पूरा गरेर आएका हुन्छन् ?

- प्रत्येक समूहलाई माथिको खाकामा तयार पारेबमोजिम ५-५ मिनेट प्रस्तुति गर्न लगाउनुहोस् ।
- अन्तमा सहजकर्ताले शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गरेको यस्तै साझा सूचकको आधारमा गरेको अध्ययनले कक्षा १ मा आउने ५६% मात्र बालबालिका विद्यालयको लागि तयार रहेको जानकारी दिनुहोस् ।

**क्रियाकलाप नं. २ : स्लाइड प्रस्तुति** **(२० मिनेट)**

- कक्षा १ मा आउँदा (६० महिना पूरा गरेका) बालबालिकाले के कस्ता सिकाइ तथा विकास हासिल गर्नुपर्ने हुन्छ, सोको मापदण्ड रहेको जानकारी दिँदै स्लाइड वा न्युजप्रिन्टमार्फत प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका बारेमा अन्तर्क्रियात्मक प्रस्तुतीकरण गर्दै बुझाउनुहोस् ।
- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको विस्तृत अध्ययन गृहकार्यको लागि दिनुहोस् ।

**प्रतिबिम्बन** **(१० मिनेट)**

- तातो आलु खेलमार्फत सहभागीलाई यस सत्रको सिकाइ प्रतिबिम्बन गर्न लगाउनुहोस् ।

# प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड अध्ययन-२०७६



## सारांश

### १. परिचय :

प्रारम्भिक बालशिक्षा तथा विकासमा गरिने लगानी तथा मेहनत बालबालिकाको सर्वाङ्गीण विकासका लागि मात्र नभई सामाजिक लाभका दृष्टिले समेत धेरै नै महत्त्वपूर्ण मानिन्छ ।

नेपालमा प्रारम्भिक बालशिक्षा र विकासका लागि सरकार तर्फबाट बालविकास केन्द्रको स्थापना, सञ्चालन, व्यवस्थापन र त्यसका लागि आवश्यक न्यूनतम मापदण्ड, प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम र प्रारम्भिक सिकाइ तथा विकास मापदण्डहरू लगायतका अन्य थुप्रै प्रयासहरू भइरहेका छन् । यी विभिन्न प्रयासहरूको नतिजा स्वरूप :

- शैक्षिक सत्र २०७६ मा प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रममा तीन र चार वर्षका बालबालिकाको खुद भर्नादर ८४.७ पुगेको छ ।
- पहुँचमा भएको यो वृद्धिसँगै अब प्रारम्भिक बालशिक्षा तथा विकासको गुणस्तर र उपलब्धिमा पनि त्यतिकै ध्यान दिनु जरूरी छ । यसै अनुरूप गरिएको प्रारम्भिक बालशिक्षा तथा विकासको स्तर मापन अध्ययनको यो प्रतिवेदनका उद्देश्यहरू निम्न छन् :

**१.** बालबालिकाको विकासात्मक र सिकाइ अवस्था पहिचान गर्दै विकास स्तरको जोखिममा रहेका बालबालिकाको विशेषताहरूबारे अध्ययन गर्नु ।

**२.** प्रारम्भिक बालविकास कार्यक्रमको मापदण्डअनुसार गुणस्तर र विशेषताहरू पहिचान गर्नु ।

**३.** बालबालिकाको विकास र सिकाइ स्तरसँग प्रारम्भिक बालविकास केन्द्रका विशेषताहरूको सहसम्बन्ध खोजी गर्दै कार्यक्रम सुधारका लागि विश्वसनीय आधार तयार गर्नु ।

**४. समग्रमा : प्रारम्भिक बालविकासको गुणस्तर सुधार गर्न बजेट, प्राविधिक सहयोग र रणनीति तय गर्नका लागि सहजीकरण र सूचित गर्ने ।**

### २. अध्ययन विधि :

#### परीक्षण साधनहरू :

**सिकाइ र विकासात्मक अध्ययनको परीक्षण साधन :**


- प्रारम्भिक बालविकास पाठ्यक्रम र प्रारम्भिक बालविकास मापदण्डमा आधारित भएर शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विकास गरेको परीक्षण ढाँचाअनुसारको खेलमा आधारित प्रश्नावली
    - o शारीरिक, भाषिक, संज्ञानात्मक, संवेगात्मक र सांस्कृतिक पक्षको मापन

**प्रारम्भिक बालविकास केन्द्र व्यवस्थापन परीक्षण साधन :**

- प्रारम्भिक बालविकास पाठ्यक्रम र केन्द्रको न्यूनतम मापदण्डका आधारमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले तयार गरेको परीक्षण ढाँचाअनुसारको अवलोकनमा आधारित फाराम
    - o भौतिक अवस्था, स्वास्थ्य, सरसफाइ, सुरक्षा लगायत केन्द्र सञ्चालन र प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन तथा सहजकर्ताका आधारभूत सूचनाहरू सङ्कलन

## ३. बालबालिकाको विकास र सिकाइ अवस्था :


सिकाइ र विकासमा उपयुक्त सिकाइ स्तरका बालकालिकाले प्रारम्भिक बालविकास मापदण्डको अपेक्षाअनुसारका ज्ञान, सिप हासिल गरी विद्यालयका लागि तयार छन् । सिक्दै गरेका बालबालिका अपेक्षाअनुसारको ज्ञान, सिप हासिल नगरेका भए पनि उनीहरू क्रमशः हासिल गर्दै जाने छन् । सिकाइमा कठिनाइ भएका बालबालिकाले अपेक्षाअनुसारका सिकाइ र ज्ञान हासिल गर्न सकेका छैनन् र उनीहरूलाई यसका लागि धेरै नै सहयोग गर्नुपर्छ ।





- भाषिक, शारीरिक र सामाजिक संवेगात्मक क्षेत्रमा दुईतिहाइ बालबालिका उपयुक्त सिकाइ स्तरमा रहेका छन् ।
- संज्ञानात्मक क्षेत्रमा आधाभन्दा धेरै बालबालिका उपयुक्त सिकाइ स्तरमा छैनन् ।
- समग्र ५६% सिकाइको उपयुक्त स्तरमा, ३३% सिक्दै र ११% लाई सिकाइमा कठिनता भएको पाइयो ।


- उमेरअनुसार धेरै उमेर भएका बालबालिका उपयुक्त सिकाइ स्तरमा छन् । तथापि धेरै उमेर भएका (६० महिनाभन्दा बढी) २६% सिक्दै गरेका र ८% कठिनाइ स्तरमा रहेका छन् ।
- मातृभाषा नेपाली भएका बालबालिका सिकाइका सबै क्षेत्रमा उपयुक्त सिकाइ स्तरमा रहेका छन् भने अन्य मातृभाषा भएकाहरू भाषिक र सामाजिक संवेगात्मक क्षेत्रमा थोरैमात्र उपयुक्त सिकाइ स्तरमा रहेका छन् ।


- उपयुक्त सिकाइ स्तरमा रहेका बालबालिका गण्डकी प्रदेशमा सबैभन्दा धेरै र कर्णालीमा सबैभन्दा कम रहेका छन् ।
- संज्ञानात्मक सिकाइको क्षेत्रमा सबै प्रदेशमा एकै प्रकारको अवस्था छ भने अन्य क्षेत्रमा भिन्न भिन्न रहेको छ ।





## ४. प्रारम्भिक बालविकास केन्द्रका विशेषता :






- बालविकास केन्द्रमा पाठ्यक्रमअनुसार न्यूनतम मापदण्डको रूपमा दैनिक र वार्षिक सिकाइ योजना बनाइएको पाइएन । यस्ता योजनाहरूको निर्माण र पूर्ण कार्यान्वयन गर्नु जरूरी छ ।
- पाठ्यक्रमको आधारमा योजना निर्माणको अवस्था हेर्दा २२ प्रतिशतले न्यूनतम मापदण्ड पूरा गर्न सकेका छैनन् ।
- बाँकी ७८ प्रतिशतले योजना बनाएपनि ३० प्रतिशत मात्र त्यसको मापदण्ड पूरा गर्न सफल भएका छन् ।

- ४५ प्रतिशत बालविकास केन्द्रमा २० जनाभन्दा कम बालबालिका रहेका छन् भने एकतिहाइ केन्द्रहरूमा मात्र ३० जनाभन्दा बढी बालबालिका छन् ।
- सहजकर्ता बालबालिका अनुपातमा ठूलो भिन्नता देखिएको छ । केही केन्द्रमा एक सहजकर्ता र ३ बालबालिका मात्र छन् भने केही केन्द्रमा ६५ जनासम्म पनि रहेको पाइएको छ ।
- करिब २० प्रतिशत केन्द्रको सहजकर्ता बालबालिका अनुपात १०:२५ पाइएको छ । यस्तै २० प्रतिशत केन्द्रमा सहजकर्ताको व्यवस्थापन पर्याप्त भएको छैन ।

## ५. अध्ययनका मुख्य नतिजा र सुधारका क्षेत्रहरू:

अध्ययनका मुख्य नतिजाहरू निम्न छन् :

- अध्ययनमा सहभागी ५० प्रतिशतभन्दा बढी बालबालिका उपयुक्त सिकाइ स्तरमा रहेका छन् । सिक्दै गरेका र कठिनाइ भएका बालबालिकालाई सहयोगको आवश्यकता छ । खासगरी मातृभाषा नेपाली नभएकाहरूलाई अझ थप सहयोगको जरूरी देखिन्छ ।
- नेपाली भाषामा सहजीकरण हुने केन्द्रको तुलनामा अङ्ग्रेजी माध्यममा सहजीकरण गर्ने बालबालिकाको भाषिक सिकाइ क्षेत्रमा राम्रो देखिएको छ । यस्तै अन्य भाषामा सहजीकरण हुने बालबालिकाको भाषिक र शारीरिक सिकाइको क्षेत्रमा कमजोर रहेका छन् । तथापि यो अभिभावकको सामाजिक तथा आर्थिक स्तरसँग जोडेर थप अनुसन्धान गर्नुपर्ने देखिन्छ । त्यसैले बालविकास केन्द्रको सहजीकरणमा भाषासम्बन्धी थप प्रष्ट नीति र अनुसन्धानको आवश्यकता छ ।
- सिकाइ क्षेत्रअनुसार प्रदेशगत सिकाइमा भिन्नता रहेको छ । त्यसैले केन्द्रबाट तय गरिने एउटै रणनीति सबैका लागि उपयुक्त नहुने देखिन्छ ।
- सिकाइका सबै क्षेत्रमा पाठ्यक्रममा आधारित सिकाइ योजनाको सम्बन्ध सकारात्मक देखिएको छ । बालविकास केन्द्रहरूलाई उपयुक्त व्यवस्थापन र सिकाइ योजना बनाउनका लागि प्रोत्साहन गर्दै योजना अनुरूप केन्द्रमा सिकाइ क्रियाकलाप हुने अवस्थाको सुनिश्चतता गर्नु आवश्यक छ ।
- धेरै जसो बालविकास केन्द्रमा एकजना सहयोगी कार्यकर्ताले धेरै सङ्ख्यामा (उच्च अनुपात) बालबालिकालाई सहजीकरण गर्नुपर्ने अवस्था छ । एक सहजकर्ताले थोरै सङ्ख्यामा बालबालिकालाई सहजीकरण गर्नु (न्यून अनुपात) गुणस्तरका लागि महत्त्वपूर्ण हुन्छ तर यो खर्चिलो पनि हुन्छ । बालबालिकाको सङ्ख्या धेरै भएका केन्द्रहरूमा कसरी गुणस्तर सुनिश्चित गर्ने र प्रभावकारी बनाउनका लागि अध्ययन गर्नु जरूरी छ ।
- सहजकर्ताको शैक्षिक योग्यताले पनि सिकाइका क्षेत्रमा प्रभाव पारेको देखिएन । तर भाषिक क्षेत्रमा सकारात्मक र सानो प्रभाव रहेको देखिन्छ । सहजकर्ताको तालिमको सम्बन्ध सिकाइका विभिन्न क्षेत्रसँग सकारात्मक देखिएन । सहकजर्ताको पेसागत विकास र तालिम महत्त्वपूर्ण भएपनि यसको प्रभावकारिता कमजोर देखिएको छ । सहजकर्ताको पेसागत विकासलाई प्रभावकारी बनाउनका लागि थप अध्ययन अनुसन्धान गरी प्रमाणीकरणसमेत गर्ने व्यवस्था हुनु आवश्यक छ ।

# प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ को परिचय

**दिन :** पहिलो **सत्र :** तेस्रो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

यस सत्रमा कक्षा १ मा शिक्षण गर्ने शिक्षकहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ को बारेमा जानकारी दिइने छ। यो सत्रमा सहभागीहरूले प्रारम्भिक बालविकास कक्षामा के कस्ता क्रियाकलापहरू गर्न सकिन्छ भन्ने विषयमा जानकारी पाउने छन् ।

## उद्देश्य

**यस सत्रपश्चात् सहभागीहरू निम्न कार्यमा सक्षम हुने छन् :**

- प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ को बारेमा परिचित हुन

## मुख्य विषयवस्तु

- प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ को परिचय

## सामग्री

- प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७
- न्यूजप्रिन्ट, मार्कर

## सहजीकरण क्रियाकलाप

**क्रियाकलाप नं. १ : समूह कार्य** **(५५ मिनेट)**

- सहभागीहरूलाई ४ समूहमा विभाजन गर्नुहोस् । पाठ्यक्रमलाई ४ खण्डमा राखेर प्रत्येक समूहलाई एक एक खण्ड दिनुहोस् र पढेर सारांश तयार गर्न लगाउनुहोस् । सहभागीहरूलाई समूहको कार्य प्रस्तुत गर्न लगाउनुहोस् । समूहका सबैको प्रस्तुतिमा प्रश्न तथा पृष्ठपोषण आदानप्रदान गर्न लगाउनुहोस् ।

| | |
|---|---|
| समूह १ | पाठ्यक्रमको परिचय, सक्षमता, सिप सिकाइ क्षेत्र र कार्य घण्टा, दैनिक कार्यतालिका |
| समूह २ | मुख्य सिकाइ क्षेत्रभित्रको आधारभूत सिप सिकाइका क्षेत्र<br>• सिकाइ क्षेत्रको विस्तृतीकरण, सिकाइ उपलब्धि र सिकाइ उपलब्धिको विस्तृतीकरण |
| समूह ३ | मुख्य सिकाइ क्षेत्रभित्रको विषयगत सिप सिकाइका क्षेत्र<br>• सिकाइ क्षेत्रको विस्तृतीकरण, सिकाइ उपलब्धि र सिकाइ उपलब्धिको विस्तृतीकरण |
| समूह ४ | सिकाइ सहजीकरण प्रक्रिया, पठनपाठन तथा विकासात्मक क्रियाकलापका लागि समय निर्धारण, पाठ्यक्रम कार्यान्वयन, सिकाइ वातावरण, मूल्याङ्कन प्रक्रिया |

- पूर्व लिखित न्युजप्रिन्ट वा पावरप्वाइन्ट स्लाइडबाट पाठ्यक्रमका विशेषता तथा विकासात्मक र विषयगत सिकाइ क्षेत्रका बारेमा स्पष्ट गर्नुहोस् ।

**क्रियाकलाप नं. २ : विषयक्षेत्र अध्ययन र खेल** (३० मिनेट)


- प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रमको सिकाइ उपलब्धि प्राप्त गर्नका लागि तयार गरिएको नमुना विषयक्षेत्र (Theme) को नमुना खाका सहभागीहरूलाई अध्ययन गर्न दिनुहोस् ।

| विषयक्षेत्र | शीर्षक | दिन |
|---|---|---|
| म र मेरो परिवार | • मेरो शरीर | ६ दिन |
| | • मेरो बानी (मेरो भावना, मेरो व्यवहार) | ६ दिन |
| | • मेरो परिवार | ६ दिन |
| मेरो ठाउँ | • मेरो बालविकास केन्द्र | ६ दिन |
| | • घर (घरका प्रकार र बनौट) | १२ दिन |
| | • पेसा र व्यवसाय | ६ दिन |
| | • भौगोलिक परिवेश (पर्यावरणः हिमाल, पहाड, तराइ, वनजङ्गल, तालतलैया, खोलानाला, माटो, ढुङ्गा, जडीबुटी, गुफा) | १२ दिन |
| हाम्रो संस्कृति | • चाडपर्व | ६ दिन |
| | • स्थानीय बाजाहरू | ६ दिन |
| | • हाम्रो खाना | ६ दिन |
| | • हाम्रो वेषभूषा | ६ दिन |
| यातायात /सञ्चार | • यातायातका साधन | ६ दिन |
| | • सञ्चार | ६ दिन |
| | • ट्राफिक नियम | ६ दिन |
| वातावरण | • बोटबिरुवा (झार, बोट बुट्यान, रुख, लहरे बोट, फलफूल, तरकारी) | १८ दिन |
| | • औजार मेसिन | ६ दिन |
| | • जनावर | १२ दिन |
| | • चराचुरुङ्गी | १२दिन |
| | • किराफट्याङ्ग्रा | ६ दिन |
| | • पानी | ६ दिन |
| | • खेतीपाती | ६ दिन |
| समय | • घडी | ६ दिन |
| | • मौसम | ६ दिन |
| हामी नेपाली | • गौतम बुद्ध | ३ दिन |
| | • झन्डा र हाम्रो नक्सा | ६ दिन |
| | • हाम्रो सगरमाथा | ३ दिन |
| | | **१९२ दिन** |


- माथि उल्लिखित विषयक्षेत्र (Theme) द्वारा बालबालिकाको आधारभूत सिप सिकाइ क्षेत्र र विषयगत सिप सिकाइ क्षेत्रका बिच आपसी सम्बन्ध कस्तो हुन्छ भनेर प्रशिक्षार्थीहरूलाई बुझाउन निम्न विधि अपनाई 'चराको खेल' खेलाउनुहोस् ।
    - o सहभागीहरूलाई गोलो घेरामा उभ्याउनुहोस् र गोलो घेरामा दौडाउनुहोस् । पाँच जनाको समूह बनाउन भन्नुहोस् । कति जनाको समूह बन्यो हेर्नुहोस् ।

- यो प्रक्रिया पुनः दोहोऱ्याउनुहोस् र अन्त्यमा तीन भन्नुहोस् र तीन जनाको समूह बनाउनुहोस् । सो बनेको तीन जनाको समूहमध्ये एक जनालाई चरा र दुई जनालाई गुँड बन्न भन्नुहोस् ।
- चरा बन्ने व्यक्तिलाई फेटा अथवा चराको मुकुट लगाई सिँगार्न लगाउनुहोस् ।
- गुडँ बन्ने दुई जना साथीले चरालाई बिचमा राखी दुवैतिर हात माथि उचाली जोड्न लगाउनुहोस् । यसैगरी क्रमशः सबै तीन जनाको समूहलाई गोलो आकारमा उभ्याउन लगाउनुहोस् । बिचमा प्रशिक्षक बसेर ३ ओटा निर्देशन दिनुहोस् र सहभागीहरूलाई सुन्न लगाउनुहोस् जस्तैः १. "चरा उड्यो !, उड्नै लाग्यो !, उड्यो !" २."चरा उड्यो !, उड्नै लाग्यो !, उडेन !" ३. "चरा उड्यो !, उड्नै लाग्यो !, गुँड भत्क्यो !" ४. "गुँड बन्यो !" भन्नुहोस् ।
- १ नं.को निर्देशनलाई चरा हुने साथीले पालना गर्दै चराको आवाज निकाल्दै "चिँ चिँ" गर्दै प्वाँख फैलाउँदै अर्को गुँडमा पस्न भन्नुहोस् र हँसिलो अनुहार पार्न लगाउनुहोस् ।
- २ नं.को निर्देशनलाई पनि चरा हुने साथीले पनि पालना गर्दै नउडिकन पुरानै गुँडमा "चिँ चिँ" कराउँदै त्यहीँ बस्न लगाउनुहोस् ।
- ३ नं.को निर्देशनलाई गुँड बन्ने साथीले पालना गर्दै तितरबितर हुने र चरा बन्ने साथीहरू "चिँ चिँ" कराउँदै तितरबितर हुने, डराएको, रोएको, असुरक्षित रहेको जस्तो भाव व्यक्त गर्नुहोस् ।
- ४.नं.को निर्देशनलाई गुँड बन्ने साथीले पालना गर्दै नयाँ साथीसँग मिलेर नयाँ चरा खोजी गुँड बनाउनुहोस् । चरा बन्ने साथीहरू खुशी र सुरक्षित हुने भाव व्यक्त गर्नुहोस् ।
- सहभागीले निर्देशनको पालना गरी उडेर अर्को गुँडमा गएर बस्नुपर्छ भन्नुहोस् ।
- खेल सकेपश्चात् सहभागीलाई पुनः २ समूहमा बस्न लगाई यो खेलबाट आधारभूत सिप सिकाइ क्षेत्रको र विषयगत सिप सिकाइ क्षेत्रका के के क्रियाकलाप समेटिए भनी निम्न लिखित खाकामा भर्न लगाउनुहोस् र भन्न लगाउनुहोस् ।

**आधारभूत सिप सिकाइ क्षेत्र**




**विषयगत सिप सिकाइ क्षेत्र**




o प्रशिक्षकले निष्कर्षमा बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, बौद्धिक, भाषिक र सांस्कृतिक विकास क्रमिक रूपमा उमेरअनुसार हुने गर्दछ । बालबालिकाले आफ्नो जीवनमा धेरै कुराहरू सिकिरहेका हुन्छन् र सिक्ने क्रममा विद्यालयका लागि पनि तयार भइरहेका हुन्छन् । बालबालिकाको विकासको निम्ति विशिष्ट अवस्था थाहा पाउनका निम्ति प्रारम्भिक विकास तथा सिकाइ मापदण्डको अवधारणाको विकास भएको हो भनी बुझाउनुहोस् । पाठ्यक्रम र प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित ६ ओटा विकासका पक्षहरूसँगको सम्बन्ध यस चार्टमा देखाइएको छ भनी प्रष्ट पार्नुहोस् ।

**सर्वाङ्गीण विकासको ६ 'पक्ष' चित्र चार्ट**




## प्रतिबिम्बन **(५ मिनेट)**

- हरेक सहभागीलाई 'प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७' को बारेमा एक एक वाक्य भन्न लगाउनुहोस् ।

## पठन सामग्री

## प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम

### १. परिचय

मानव विकास एक निरन्तर चलिरहने प्रक्रिया हो । सिकाइ मानव विकासको एउटा पक्ष हो । यो गर्भावस्थादेखि मृत्युपर्यन्त जारी रहन्छ। मानव जीवनको आधारशीलाका रूपमा रहेकाले प्रारम्भिक बाल्यावस्था वा बाल्यकालको विकास महत्त्वपूर्ण हुन्छ। त्यसैले सरकारले आफ्ना नागरिकको सर्वाङ्गीण विकासका लागि विशेष लगानी गरेको हुन्छ । यसका लागि नेपाल सरकारले पनि संविधान, ऐन कानुन, नीति र कार्यक्रमहरूमा विभिन्न व्यवस्था गरेको छ । नेपालको संविधानको धारा ३९(२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य पालनपोषण, उचित स्याहार, खेलकुद मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने छ भन्ने व्यवस्थाले बालबालिकाको हकलाई सुनिश्चित गरेको छ। यसैगरी ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुने छ भनी बालबालिकाको विकास र सहभागिताको व्यवस्था गरिएको छ। शिक्षा (नवौँ संशोधन) ऐन २०२८ ले चार वर्ष उमेर पूरा गरेका बालबालिकाहरूलाई एक वर्षको शिक्षाको परिकल्पना गरेको छ। यसै गरी सोही ऐनको दफा ११ त (१) मा "प्रारम्भिक बालविकास र शिक्षाको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुने छ" भनी उल्लेख गरिएको छ। विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले भने चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने र चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने व्यवस्था गरेको छ ।

विद्यालय क्षेत्र विकास योजनाले पाँच वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, मानसिक, आध्यात्मिक तथा नैतिक क्षमताको विकास गरी प्रारम्भिक बालविकास र शिक्षालाई अधिकारमा आधारित बनाउने र विद्यालय प्रवेशको तयारी गराउने उद्देश्य तथा रणनीति लिएको छ । यसैगरी पन्ध्रौँ योजनाले प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा विकास गरी यसलाई सबै बालबालिकाका लागि अनिवार्य गर्ने रणनीति तय गरेको छ। यसले कम्तीमा एक विद्यालय एक बालविकास केन्द्रको अवधारणाअन्तर्गत स्थानीय तहमार्फत बालविकास केन्द्रहरूको पुनर्वितरण गरी सङ्घीय सरकारबाट हाल दिइँदै आएको अनुदानलाई निरन्तरता दिँदै प्रदेश तथा स्थानीय तहबाट समेत लगानी गरी बालविकास केन्द्रको विकासका लागि लागत साझेदारी गर्ने कार्यनीति तय गरेको छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रारम्भिक बालविकास र शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन स्थानीय तहबाट नै हुने व्यवस्था गरेको छ ।

विगतमा सामुदायिक र संस्थागत विद्यालयहरू एवम् विभिन्न सङ्घसस्थाहरूले आआफ्नो तरिकाले प्रारम्भिक बालविकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आएकामा यसलाई नियमन र नियन्त्रण गर्न २०६२ सालमा तत्कालीन शिक्षा विभागले पाठ्यक्रमको रूपमा "प्रारम्भिक बालविकास दिग्दर्शन" र २०६८ सालमा "प्रारम्भिक बालसिकाइ तथा विकास मापदण्ड" तयार गरी कार्यान्वयन गर्दै आएको थियो । शिक्षा ऐनको नवौँ संशोधनपछि प्रारम्भिक बालविकास विद्यालय शिक्षाको अङ्ग भएको हुनाले शिक्षा विभागबाट विकसित दिग्दर्शन तथा मापदण्डसमेतका आधारमा चार वर्ष (४८ महिना पूरा गरेका) उमेर समूहका सम्पूर्ण बालबालिकाहरूका लागि विद्यालय, बालविकास केन्द्र वा निजी स्तरबाट सञ्चालित बालविकास कक्षाका लागि पाठ्यक्रम विकास केन्द्रबाट पाठ्यक्रम विकास गरिएको हो । यस पाठ्यक्रमले बालबालिकाको रुचि, क्षमता र आवश्यकता साथसाथै उनीहरूको सर्वाङ्गीण विकासलाई प्राथमिकतामा राख्नुका साथै बालबालिकाको सिकाइमा परिवार र समुदायमा रहेका र अन्य स्रोतको प्रयोग गरी प्रारम्भिक बालविकासको सुनिश्चितता गर्ने पक्षमा जोड दिएको छ। वर्तमान परिप्रेक्ष्यमा यसका लक्ष्य, सक्षमता, विकास तथा सिकाइका क्षेत्र र सिकाइ उपलब्धिहरू, सिकाइ सहजीकरण प्रक्रिया, पाठ्यक्रम कार्यान्वयनका मापदण्ड, मूल्याङ्कन प्रक्रिया र शिक्षकको भूमिकाका बारेमा यहाँ उल्लेख गरिएको छ ।

## २. प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम

प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रमले बालबालिकाको सर्वाङ्गीण विकास र बालबालिकाको सिकाइका लागि आधारशिला निर्माण गर्ने लक्ष्य निर्धारण गरेको छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले एक वर्ष अवधिको प्रारम्भिक बालविकास तथा शिक्षापछि कक्षा १ देखि कक्षा ८ सम्म गरी जम्मा आठ वर्षको आधारभूत शिक्षा कायम गरेको छ भने कक्षा कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा कायम गरेको छ । उक्त नीतिगत दस्तावेजकाअनुसार प्रारम्भिक बालविकास र शिक्षा पाठ्यक्रमले बालबालिकाको सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता, स्वस्थकर बानी विकास, वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन, सरसफाइ र सामाजिक बानीव्यवहारको अवलम्बन, सिर्जनात्मक सोच तथा भाषिक तथा सञ्चार सिपको विकास कार्यमा विशेष जोड दिएको छ । उक्त सन्दर्भ समेतका आधारमा प्रारम्भिक बालविकास र शिक्षाका लागि निम्नानुसारका सक्षमता निर्धारण गरिएका छन् :

**(क) सक्षमता**

१. अभिव्यक्ति तथा सञ्चारका लागि भाषाको उपयोग
२. पोषणयुक्त खाद्यपरिकारको पहिचान र दैनिक रूपमा उपयोग
३. स्वस्थकर बानी तथा असल सामाजिक व्यवहारको अनुसरण र आवश्यकतानुसार नमुना प्रदर्शन
४. वैयक्तिक सुरक्षाका उपाय अवलम्बन
५. दैनिक व्यवहारका कार्य सम्पादनका क्रममा विषयगत सिकाइ र सिर्जनात्मक सोचको प्रयोग
६. सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता र तिनमा आधारभूत सिपको प्रयोग

## ३. सिप सिकाइका क्षेत्र र कार्यघण्टा

प्रारम्भिक उमेर समूहका बालबालिकामा उल्लिखित विकासात्मक उपलब्धिहरू हासिल गर्न देहायबमोजिमका सिपका पक्षहरूमा जोड दिनुपर्ने छ ।

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | कार्यघण्टा |
|---|---|---|---|
| १. | आधारभूत सिप सिकाइका क्षेत्र | (क) शारीरिक सिप<br>(ख) संवेगात्मक सिप<br>(ग) सामाजिक, सांस्कृतिक र नैतिक सिप<br>(घ) बौद्धिक तथा मानसिक सिप<br>(ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप<br>(च) सिर्जनात्मक सिप | ३८४ |
| २. | विषयगत सिप सिकाइका क्षेत्र | (क) भाषिक सिप<br>(ख) पूर्वगणितीय सिप<br>(ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता<br>(घ) वातावरण विज्ञान<br>(ङ) सामाजिक अध्ययन | १९२ |
| | **कुल जम्मा** | | **५७६** |

## ४. दैनिक कार्यतालिका

| सि.न. | क्रियाकलाप | समय | क्रियाकलाप विस्तृतमा |
|---|---|---|---|
| १ | सुरुआत | १५ मि. | • केन्द्रमा स्वागत, खाजा र झोला तोकिएको ठाउँमा राख्ने, शौचालय जाने, जुत्ता चप्पल उपयुक्त ठाउँमा राख्ने<br>• सरसफाइ अवलोकन र आवश्यकताअनुरूप सरसफाइ गरिदिने<br>• शिष्टाचार, प्रार्थना, ध्यान गर्ने गराउने |
| २ | केन्द्र प्रवेश/ सामाजिकीकरण | ३० मि. | • हाजिरी<br>• दिन बार मौसम तालिका मिलाउने र ती सम्बन्धमा गीत, खेल खेलाउने वा शिष्टाचार गीत खेल खेलाउने<br>• घेरा समय (साधारण छलफल, अनुभव आदानप्रदान) |
| ३ | विषय प्रवेश/योजनाबद्ध सामूहिक क्रियाकलाप (THEME) शिक्षक सहयोगी दैनिक क्रियाकलाप पुस्तिकाको सहयोग लिने) | ६० मि. | • शीर्षकगत गीत/कथा/कविता<br>• शीर्षकगत विषयवस्तुमा छलफल, अनुभव आदानप्रदान, धारणा प्रष्ट्याउने, क्रियाकलापका लागि निर्देशन<br>• ससाना समूह बनाई सिकाइ कुनाको क्रियाकलाप<br>• क्रियाकलापको पुनरालोकन र थप आवश्यक सहयोग र निर्देशन |
| ४ | आराम | ३० मि. | • सुत्ने वा बस्ने |
| ५ | खाजा समय | ३० मि. | • स्वास्थ्य/नैतिक सन्देश<br>• हात धुने र खाजा खान दिने |
| ६ | स्वतन्त्र खेल | १५ मि. | • इच्छाअनुसार भित्र बाहिर स्वतन्त्र रूपले खेल्न दिने |
| ७ | सङ्गीत/अभिनय/खेल | १५ मि. | • विषयसँग सम्बन्धित कुनै पनि गीत/अभिनय गर्न दिने/खेल खेल्न दिने |
| ८ | योजनाबद्ध क्रियाकलाप (THEME) शिक्षक सहयोगी दैनिक क्रियाकलाप पुस्तिकाको सहयोग लिने) | ६० मि. | • ससाना समूह बनाई सिकाइ कुनाको क्रियाकलाप<br>क्रियाकलापको पुनरावलोकन र थप आवश्यक सहयोग |
| ९ | पुनरावलोकन | १५ मि. | • दिनभरिका क्रियाकलापको समीक्षा/छलफल/पृष्ठपोषण<br>• अर्को दिनका लागि आवश्यक निर्देशन<br>• बिदाइ गीत<br>• सरसामान यथास्थानमा राख्ने र अभिभावकले लिन आएमा जाने दिन |
| **जम्मा ४:३०घण्टा** | | | |

- प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७

  (लिङ्क : http://202.45.146.138/elibrary/pages/view.php?ref=9457&k=)

# एकीकृत पाठ्यक्रम र प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका विकासात्मक पक्षहरूसँगको सम्बन्ध पहिचान

**दिन :** दोस्रो **सत्र :** पहिलो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

प्रारम्भिक बालविकासले गर्भावस्था देखि ८ वर्षसम्मको उमेर समूहलाई जनाउँछ । प्रारम्भिक बालविकास वा पूर्व प्राथमिक कक्षा पूरा गरेर वा सोझै कक्षा १ मा भर्ना हुने बालबालिका पनि प्रारम्भिक बालविकासकै अवस्थामा रहेका हुन्छन् । अर्थात कक्षा १ देखि ३ सम्म अध्ययन गर्ने बालबालिका उमेरगत हिसाबमा प्रारम्भिक बालविकासकै उमेर समूहमा पर्छन् । नेपाल सरकारले विगत ३ वर्षदेखि कार्यान्वयनमा ल्याएको एकीकृत पाठ्यक्रमबमोजिम नै कक्षा १ देखि कक्षा ३ सम्म शिक्षण सिकाइ सञ्चालन हुने भएकाले यो सत्रमा सहभागीहरूले एकीकृत पाठ्यक्रम र विकासात्मक पक्षहरूसँगको सम्बन्ध पहिचान गर्ने छन् । त्यस्तो पहिचान गर्ने कार्यले शिक्षकहरूलाई प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको समेत ख्याल गरी कक्षा १ मा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

## उद्देश्य

**यस सत्रपश्चात् सहभागीहरू निम्न कार्यमा सक्षम हुने छन् :**

- एकीकृत पाठ्यक्रमका सिकाइ उपलब्धिहरू र प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका विकासात्मक पक्षहरूको सम्बन्ध पहिचान गर्न
- कक्षा १ मा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको समेत ख्याल गर्नुपर्ने सम्बन्धमा सचेत हुन

## मुख्य विषयवस्तु

- एकीकृत पाठ्यक्रम र प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका विकासात्मक पक्षहरूको सम्बन्ध

## सामग्री

- एकीकृत पाठ्यक्रम र सबै विषयका पाठ्य तथा कार्यपुस्तकहरू
- ४८ देखि ६० महिनाका बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड पुस्तिका

## सहजीकरण क्रियाकलाप

### क्रियाकलाप नं. १ : खेल विधि (२५ मिनेट)

- सहभागीहरूलाई दुई समूहमा विभाजन गर्नुहोस् र निम्न निर्देशन दिनुहोस्:
    - o "यो क्रियाकलापमा हामी एउटा हाजिरजवाफ गर्ने छौँ । हाजिरजवाफका प्रश्नहरू कक्षा १-३ को एकीकृत पाठ्यक्रममा आधारित हुने छन् । मैले पालैपालो प्रश्न सोध्ने छु । हरेक प्रश्नका लागि १ अङ्क प्रदान गरिने छ । जुन समूहले बढी अङ्क हासिल गर्छ, सोही समूह यो हाजिरजवाफको विजेता हुने छ । उत्तर दिँदा समूहका सदस्यले हात उठाउनुपर्ने छ र मैले इङ्गित गरेको सहभागीले जवाफ दिनुपर्ने छ । एउटा समूहले उत्तर दिन नसकेको प्रश्न अर्को समूहमा सर्ने छ । दोस्रो समूहले पनि सही जवाफ दिन नसकेमा मैले सही जवाफ बताउने छु । एउटा प्रश्नको उत्तर एकपटक मात्र दिन पाइने छ ।"

- माथिको निर्देशनबमोजिम हुने गरी तल बक्समा दिइएका प्रश्नहरू सोध्नुहोस् ।

१. एकीकृत पाठ्यक्रममा विषयसम्बन्धी क्रियाकलापमा समावेश गरिएका विषय कति ओटा रहेका छन् ?
२. एकीकृत पाठ्यक्रमअनुसार विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप समावेश गरिएको पाठ्य तथा कार्यपुस्तकको नाम के हो ?
३. एकीकृत पाठ्यक्रमबमोजिम शिक्षण गर्न कक्षा शिक्षण वा विषयगत शिक्षण कुन बढी उपयुक्त हुन्छ ?
४. कुराकानी, संवाद, छलफल र प्रश्नोत्तरका क्रममा दोहोरो सञ्चार कुन विषयसँग सम्बन्धित सक्षमता हो ?
५. आफ्नो वरपर पाइने ज्यामितीय आकारहरू चिन्नु कुन विषयसँग सम्बन्धित सिकाइ उपलब्धि हो ?
६. पूर्वपढाइ र पूर्वलेखाइसम्बन्धी सक्षमताहरू कुन कुन विषयसँग सम्बन्धित छन् ?
७. एकीकृत पाठ्यक्रमअनुसार कक्षा १ मा रहेका साझा थिमहरू के के हुन् ?
८. आफ्नो नाम, ठेगाना र पहिरन तथा परिवारका सदस्यहरूको नाम बताउन कुन थिमअन्तर्गतको सिकाइ उपलब्धि हो ?
९. हप्ताका दिनहरू भन्न कुन थिमअन्तर्गतको सिकाइ उपलब्धि हो ?
१०. विद्यालयमा भएका सरसामानहरूको नाम बताउन कुन थिमअन्तर्गतको सिकाइ उपलब्धि हो ?

**उत्तरहरू:**

१. पाँच २. हाम्रो सेरोफेरो ३. कक्षा शिक्षण ४. नेपाली ५. गणित
६. नेपाली र अङ्ग्रेजी ७. म र मेरो परिवार, मेरो दैनिक जीवन, मेरो विद्यालय र सञ्चार प्रविधि र बजार
८. म र मेरो परिवार ९. मेरो दैनिक जीवन १०. मेरो विद्यालय

- माथिको हाजिरजवाफका आधारमा विजेता समूह घोषणा गर्नुहोस् ।
- सहभागीहरूलाई हाजिरजवाफमा सोधिएका प्रश्नहरूमा समावेश भएका र प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आउने वा प्रारम्भिक बालविकास शिक्षामा आउने विषयवस्तुहरू के के थिए सम्झी भन्न लगाउनुहोस् । तलको बाकसमा दिएका कुरा निष्कर्ष बताउनुहोस् ।

मैले अघि हाजिरजवाफमा सोधेका प्रश्नहरू कक्षा १-३ को पाठ्यक्रममा आधारित थिए । तर ती प्रश्नहरूमा समावेश भएका विषयवस्तुहरू प्रारम्भिक सिकाइ तथा विकासका मापदण्डहरू वा प्रारम्भिक बालविकास कक्षाहरूमा समाविष्ट हुने विषयवस्तुहरू (ज्यामितीय आकारहरू, पूर्वपढाइ, पूर्वलेखाइ, आफ्नो नाम, ठेगाना र पहिरन, हप्ताका दिनहरू, विद्यालयमा भएका सरसामानहरूको नाम) हुन् । यसर्थ प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड र एकीकृत पाठ्यक्रमबिच सम्बन्ध रहेको देखिन्छ ।

**क्रियाकलाप नं. २ : समूह कार्य** **(४५ मिनेट)**

- सहभागीहरूलाई चारओटा समूहमा विभाजन गर्नुहोस् । एउटा समूहलाई एउटा विषय (नेपाली, गणित, सेरोफेरो र अङ्ग्रेजी) तोक्नुहोस् र प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड र कक्षा १ को पाठ्यक्रमको सम्बन्ध खोज गर्नका लागि तलको वर्कसिट दिनुहोस् र कक्षा १-३ को पाठ्यक्रमको कक्षा १ को विस्तृतीकरण तालिकाको अध्ययन गरी तोकिएका विषयका कुन कुन विषयवस्तु वा सिकाइ उपलब्धि कुन कुन मापदण्डसँग सम्बन्धित छन् खोजी गरी वर्कसिट भर्न भन्नुहोस् ।

  *नोट :* हाम्रो सेरोफेरो विषयको हकमा सो विषयमा समावेश भएका विज्ञान, स्वास्थ्य, सामाजिक, शारीरिक र सिर्जनात्मक कलाका क्षेत्रबाट कुनै एउटा मात्र सिकाइ उपलब्धिसँग विशिष्ट पक्ष/सक्षमताहरूसँगको सम्बन्ध खोज्न लगाउनुहोस् ।

**तल दिइएको तालिकामा प्रारम्भिक सिकाइ तथा विकासका पक्षहरू दिइएका छन् । एकीकृत पाठ्यक्रमको कक्षा १ को विस्तृतीकरण खण्डको अध्ययन गरी यी पक्षहरूसँग सम्बन्धित विषयवस्तु वा सिकाइ उपलब्धिहरू लेख्नुहोस् ।**

विषय: ______________________

| विकासका क्षेत्र | उपक्षेत्रहरू | विशिष्ट पक्ष/सक्षमताहरू | कक्षा १ को पाठ्यक्रमको विषयवस्तु/सिकाइ उपलब्धि |
|---|---|---|---|
| **शारीरिक विकास, स्वास्थ्य र तन्दुरुस्ती** | शारीरिक विकास | स्थूल अङ्गको विकास | |
| | | सुक्ष्म अङ्गको विकास | |
| | | इन्द्रिय अङ्गको विकास | |
| | स्वास्थ्य | तन्दुरुस्ती | |
| | | व्यक्तिगत सरसफाइ | |
| | | वातावरणीय सरसफाइ | |
| | | सुरक्षित व्यवहार | |
| | पोषण | पोषणयुक्त खाना खाने बानी | |
| **सामाजिक विकास** | सामाजिक | वयस्क तथा साथीहरूबिच सम्बन्ध | |
| | | जीवनोपयोगी सिप | |
| | | सहयोग र सहकार्य | |
| | | सामाजिक व्यवहार | |
| **संवेगात्मक विकास** | संवेगात्मक विकास | स्वअवधारणा | |
| | | संवेगात्मक अभिव्यक्ति | |
| | | संवेगात्मक सुरक्षा र आत्मविश्वास | |
| | | संवेगहरूको सन्तुलन | |
| **बौद्धिक विकास** | संज्ञानात्मक विकास | बौद्धिक सिप र सिकाइ प्रक्रियाहरू | |
| | बौद्धिक विकास | वर्गीकरण र क्रम मिलाउने | |
| | बौद्धिक ज्ञान | वैज्ञानिक खोज/आकाश तथा मौसम | |
| | | वैज्ञानिक खोज/सजीव र निर्जीव वस्तुहरू | |
| | | वैज्ञानिक ज्ञान/वस्तुहरू | |
| | | वैज्ञानिक ज्ञान/प्रविधि | |
| | | वैज्ञानिक खोज/यातायात | |
| | | दुरी तथा दिशा | |
| | | समयको अवधारणा | |
| | गणित | गणितीय ज्ञान/सङ्ख्या | |
| | | नापतौल | |
| | सिर्जनशीलता | सिर्जनशील कला | |
| | | परिकल्पना, नाटक र अभिनय | |
| | | सङ्गीत र ताल | |

| विकासका क्षेत्र | उपक्षेत्रहरू | विशिष्ट पक्ष/सक्षमताहरू | कक्षा १ को पाठ्यक्रमको विषयवस्तु/सिकाइ उपलब्धि |
|---|---|---|---|
| **सांस्कृतिक विकास** | सांस्कृतिक विकास | राष्ट्र र राष्ट्रियता (विविधतामा एकता) | |
| | | मूल्य र मान्यता (परिवार र समुदाय) | |
| **भाषिक विकास** | सञ्चार | सुनाइ | |
| | | अन्य व्यक्तिसँग सञ्चार र अन्तर्क्रिया | |
| | साक्षरता | पूर्वपढाइ | |
| | | पूर्वलेखन अभ्यास | |

- हरेक समूहमा गएर कक्षा १ को विस्तृतीकरण तालिका देखाई एउटा उदाहरण बताउनुहोस् ता कि उनीहरू के गर्ने भन्ने सम्बन्धमा प्रष्ट होउन् ।
- हरेक समूहलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । एक अर्को समूहको प्रस्तुतीकरणका क्रममा प्रश्न सोध्न र पृष्ठपोषण आदानप्रदान गर्न भन्नुहोस् ।

**प्रतिबिम्बन** **(२० मिनेट)**

- सहभागीहरूलाई निम्न प्रश्नहरू समूहमा सोध्नुहोस् र स्वैच्छिक रूपमा जवाफ दिन भन्नुहोस् । उनीहरूले दिने जवाफ छोटो र सटिक हुनुपर्ने कुरा बताउनुहोस् ।

o प्रारम्भिक बालविकास कक्षाका बालबालिकामा विकास गर्नुपर्ने विकासात्मक क्षेत्रहरू के के हुन् ?

o कक्षा १ मा पनि पूर्वपढाइ र पूर्वलेखाइका क्रियाकलाप सञ्चालन गर्नुपर्नाका कारणहरू के के हुन् ?

o कक्षा १ को गणित विषयमा समावेश गरिएको अङ्क वा सङ्ख्याको ज्ञान प्रारम्भिक विकास र मापदण्डको कुन विकास क्षेत्रअन्तर्गत आउँछ ?

o कक्षा १ का बालबालिकालाई विभिन्न खेलहरू खेलाइन्छ । ती खेलहरू प्रारम्भिक विकास र मापदण्डको कुन विकास क्षेत्रअन्तर्गत आउँछ ?

o कक्षा १ मा शिक्षण गर्ने शिक्षकहरूले प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका बारेमा किन जानकारी राख्नुपर्छ ?

o प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका विकासात्मक पक्षहरू र एकीकृत पाठ्यक्रमबिच सम्बन्ध रहेको उदाहरण दिनुहोस् ।

# एकीकृत पाठ्यक्रम र विकासात्मक पक्षहरूसँगको सम्बन्ध तथा प्रयोगात्मक अभ्यास

**दिन :** दोस्रो **सत्र :** दोस्रो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

अघिल्लो सत्रमा पाठ्यक्रमको अध्ययनबाट एकीकृत पाठ्यक्रम र प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका विकासात्मक पक्षहरूसँगको सम्बन्ध पहिचान गरिएको थियो भने यस सत्रमा प्रयोगात्मक रूपमा यसका सम्बन्धबारे छलफल गरिने छ ।

## उद्देश्य

**यस सत्रपश्चात् सहभागीहरू निम्न कुरामा सक्षम हुने छन् :**

- एकीकृत पाठ्यक्रम र प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका विकासात्मक पक्षहरूसँगको सम्बन्धबारे उदाहरणसहित बताउन

## मुख्य विषयवस्तु

- कक्षा एकका विषयगत क्रियाकलापहरू र सोको प्रारम्भिक सिकाइ तथा विकास मापदण्डसँगको सम्बन्ध

## सामग्री

- सिठी, क्राउन/प्ले कार्ड
- स्थानीय रूपमा पाइने सामग्री, उदाहरणका लागि ढुङ्गाहरू, पातहरू, गोटीहरू, फूलहरू आदि
- चित्र, मम कलर/रङ्गीन सिसाकलम
- चित्रात्मक बालगीत चार्ट

## सहजीकरण क्रियाकलाप

**क्रियाकलाप नं. १ : रेल स्टेसन खेल** **(२५ मिनेट)**

- सहभागीहरूलाई गोलो घेरामा उभिन लगाउनुहोस् र खेलको नियमबारेमा प्रष्ट बताउनुहोस् ।
- रेल स्टेसनका लागि ४-५ जना सहभागी छनोट गर्नुहोस् र उक्त सहभागीहरूलाई स्टेसनको नाम दिएर स्टेसन प्रमुख बनाउनुहोस् (जस्तै : दाँतपुर, नाकपुर, कानपुर, नङपुर, केशपुर) । स्टेसन नामको क्राउन/ प्लेकार्ड पनि दिनुहोस् ।
- अन्य सहभागीलाई गोलो घेरामा लाइन लगाएर रेलको डब्बा जस्तै बन्न लगाउनुहोस् ।
- तपाईं आफूले रेलको गीत गाउनुहोस् र सहभागीहरूलाई पनि गाउन लगाउनुहोस् ।
- जब गीतमा "गार्डले सुन लौ सिठी बजायो" भन्ने आउँछ गार्ड बन्ने सहभागीलाई सिठी बजाउन लगाउनुहोस् र जब गीतमा "गार्डले हरियो झन्डा देखायो" भन्ने आउँछ गार्ड बन्ने सहभागीलाई हरियो झन्डा देखाउन लगाउनुहोस् र गीत गाउँदै विस्तारै दौडिन लगाउनुहोस् ।
- जब गीतमा पुन: "गार्डले सुन लौ सिठी बजायो" भन्ने आउँछ माथिको निर्देशन गार्ड बन्ने सहभागीलाई पालना गर्न लगाउनुहोस् र जब गीतमा "गार्डले रातो झन्डा देखायो" भन्ने बोल आउँछ गार्ड बन्ने सहभागीलाई रातो झन्डा देखाउने निर्देशन दिनुहोस् र दौडने सहभागीलाई रोकिने निर्देशन दिनुहोस् र सिठीको सङ्केतमा रोकिन लगाउनुहोस् । यसरी रोकिँदा जुन स्टेसनमा रोकिन्छ, स्टेसन प्रमुखले उक्त कुराको सरसफाई अवलोकन गर्न लगाउनुहोस् । उदाहरणका लागि दाँतपुर भए दाँत, कानपुर भए कान

- यसरी क्रमशः अरु स्टेसनमा पनि सरसफाई अवलोकन गरेर स्तर मापन र मूल्याङ्कन गर्नुहोस् ।

**बालगीत**

जनकपुरको सानो रेल
हिँड्नलाई अब तयार छ
सानो सानो डब्बामा यात्रीहरू धेरै छन्
गार्डले सुन्न लौ सिठी बजायो
गार्डले हरियो झन्डा देखायो
हिँड्न लाग्यो हाम्रो रेल

जनकपुरको सानो रेल
अब कानपुर आइपुग्यो
गार्डले सुन्न लाउ सिठी बजायो
गार्डले रातो झन्डा देखायो
रोक्न लाग्यो हाम्रो रेल

- सहभागीहरूलाई पुनः आआफ्नो सिटमा बसाउनुहोस् ।
- माथिको क्रियाकलाप कक्षा १ को कुन विषयको कुन पाठमा आधारित क्रियाकलाप हो सोध्नुहोस् ।
- कार्यपुस्तकमा सम्बन्धित पाठ पल्टाएर देखाउनुहोस् । अब प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको यससँग सम्बन्धित मापदण्ड पढेर सुनाउनुहोस् ।


**यो क्रियाकलाप कक्षा १ को हाम्रो सेरोफेरो विषयको कार्यपुस्तकको हाम्रो दैनिक जीवन विषयक्षेत्रको पृष्ठ नं ४१ मा रहेको छ । र ELDS को उपक्षेत्र स्वास्थ्य, विशिष्ट पक्ष सरसफाई (व्यक्तिगत सरसफाइ) अन्तर्गत रहेको छ ।**

**क्रियाकलाप नं. २ : वस्तुहरू वर्गीकरणको प्रयोगात्मक कार्य** **(२० मिनेट)**

- सहभागीहरूलाई १० ओटा सामग्रीहरू कोठाभित्र वा कोठाबाहिरबाट सङ्कलन गर्न लगाउनुहोस् । प्रत्येक सहभागीहरूलाई सङ्कलन गरेका वस्तुहरूलाई कुनै एक विशेषताका आधारमा वर्गीकरण गर्न लगाउनुहोस् । जस्तै :
  - o सङ्कलित सामग्रीहरूमध्ये रातो रङ भएको वस्तुलाई वर्गीकरण गर्न लगाउनुहोस् । त्यसपछि पुनः मिसाउन लगाउनुहोस् ।
  - o अब लामो र छोटो वस्तुलाई वर्गीकरण गर्न लगाउनुहोस् ।
  - o सहभागीहरूलाई माथिको क्रियाकलाप कक्षा १ को कुन विषयको कुन पाठमा आधारित क्रियाकलाप हो सोध्नुहोस् । कार्यपुस्तकमा सम्बन्धित पाठ पल्टाएर देखाउनुहोस् ।
  - o अब प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको यससँग सम्बन्धित मापदण्ड पढेर सुनाउनुहोस् ।

**यो क्रियाकलाप कक्षा १ को गणित विषयको कार्यपुस्तकको पृष्ठ नं ५ मा रहेको छ । र ELDS को उपक्षेत्र बौद्धिक विकासको (वर्गीकरण) अन्तर्गत रहेको छ ।**

**क्रियाकलाप नं. ३ : प्रयोगात्मक** **(२० मिनेट)**



- Give an outline of a picture to all participants
- Let the participants to trace and colour inside the picture.
- सहभागीहरूलाई माथिको क्रियाकलाप कक्षा १ को कुन विषयको कुन पाठमा आधारित क्रियाकलाप हो सोध्नुहोस् ।
- कार्यपुस्तकमा सम्बन्धित पाठ पल्टाएर देखाउनुहोस् । अब प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको यससँग सम्बन्धित मापदण्ड पढेर सुनाउनुहोस् ।

**यो क्रियाकलाप My English विषयको कार्यपुस्तकको पृष्ठ नं २ मा रहेको छ । र ELDS को उपक्षेत्र शारीरिक विकासको विशिष्ट पक्ष सूक्ष्म अङ्गको विकास र उपक्षेत्र भाषिक विकासको विशिष्ट पक्ष साक्षरताको (पूर्व लेखन सिप) अन्तर्गत रहेको छ ।**

**क्रियाकलाप नं. ४: गीत र अभिनय** **(२० मिनेट)**

- सहभागीहरूलाई गोलो घेरामा उभिन लगाउनुहोस् ।
- सबैलाई पहिले निम्न बालगीत सुन्न लगाउनुहोस् ।
- सबैलाई हाउभाउसहित गीत गाउन लगाउनुहोस् ।

अखबार पढेर, वर्ण चिन्ने हो
अब बजार गएर, अन्न किन्ने हो
निधारमा अक्षता, टिकी लाएर
असारमा नाच्ने हो, गीत गाएर ।

आमा लिई आउनुभो, आहा ! कपडा
बुबा आई दिनुभो, आलुबखडा
आठ बजे आकाश, कालोमैलो भो
आज छाता ओढेर, स्कुल जाने हो ।

**सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :**

**आहा ! कपडा**



अखबार पढेर, अक्षर चिन्ने हो
अब बजार गएर, अन्न किन्ने हो
निधारमा अक्षता, टिकी लाएर
असारमा नाच्ने हो, गीत गाएर ।
आमा लिई आउनुभो, आहा ! कपडा
बुबा आई दिनुभो, आलुबखडा
आठ बजे आकाश, कालोमैलो भो
आज छाता ओढेर, स्कुल जाने हो ।

- सहभागीहरूलाई माथिको बालगीत कक्षा १ को कुन विषयको कुन पाठमा आधारित क्रियाकलाप हो भनी सोध्नुहोस् ।
- कार्यपुस्तकमा सम्बन्धित पाठ पल्टाएर देखाउनुहोस् । अब प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको यससँग सम्बन्धित मापदण्ड पढेर सुनाउनुहोस् ।

**यो गीत मेरो नेपाली विषयको कार्यपुस्तकको पृष्ठ नं. १५ मा रहेको छ । र ELDS को उपक्षेत्र भाषिक विकासको विशिष्ट पक्ष सञ्चारको (सुनाइ) अन्तर्गत रहेको छ ।**

**प्रतिबिम्बन** **(५ मिनेट)**

- माथिका चारओटा क्रियाकलाप गरिसकेपछि कस्तो अनुभूति भयो र कुनै एउटा अर्को क्रियाकलाप जुन कक्षा १ र प्रारम्भिक सिकाइ तथा विकास मापदण्डसँग सम्बन्धित छ पालैपालो सहभागीलाई नदोहोरिने गरी बताउन लगाउनुहोस् ।

# कक्षा १ र प्रारम्भिक बालविकास तथा शिक्षाबिच समन्वय स्थापना

**दिन :** दोस्रो **सत्र :** तेस्रो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रमले बालबालिकाको सर्वाङ्गीण विकास गर्ने र बालबालिकालाई सिकाइप्रति प्रेरित गरी सिकाइका लागि आधारशिला खडा गर्ने लक्ष्य राखेको छ। यस पाठ्यक्रमले बालबालिकाको सिकाइ तथा विकास मापदण्डमा आधारित भई विभिन्न विषयवस्तु तथा क्रियाकलाप निर्धारण गरेको छ । प्रारम्भिक बालविकास केन्द्रमा बालबालिकाको समग्र विकासात्मक क्षेत्र, आधारभूत सिपका क्षेत्र र विषयगत सिकाइका क्षेत्रका आधारमा ४८ देखि ६० महिनाका बालबालिकालाई विभिन्न क्रियाकलापहरू गरिन्छन् । तर विद्यालय तहको कक्षा १ मा भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप नेपाली र अङ्ग्रेजी, गणितीय सिप विकासँग सम्बन्धित क्रियाकलाप, आफ्नो सेरोफेरोसम्बन्धी ज्ञान, सिप तथा अभिवृत्ति र मातृभाषा/स्थानीय विषयमा आधारित भई क्रियाकलापहरू निर्धारण गरिएका छन् । बालबालिका प्रारम्भिक बालविकासबाट कक्षा एकमा जाँदा एउटा सिकाइ क्षेत्रको वातावरणबाट अर्को सिकाइ क्षेत्रको वातावरणमा प्रवेश गर्छन् । त्यसैले प्रारम्भिक बालविकास केन्द्रका बालबालिकालाई सहज रूपमा कक्षा १ को वातावरणसँग समायोजन गर्न, कक्षा १ मा अध्यापन गर्ने शिक्षकलाई प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको बानीव्यवहार तथा सिकाइ स्तरको बारेमा पूर्व जानकारी गराउन, बालबालिकाको सिकाइ तथा विकास मापदण्डको आधारमा सिकाइ रणनीति सञ्चालन गर्न शिक्षकहरूको क्षमता विकास गर्नका लागि प्रारम्भिक बालविकास तथा कक्षा १ बिच समन्वय स्थापनामा यस सत्रमा छलफल गरिने छ ।

## उद्देश्य

**यस सत्रपश्चात् सहभागीहरू निम्न कार्यमा सक्षम हुने छन् :**

- प्रारम्भिक बालविकास केन्द्रका बालबालिकालाई सहज रूपमा कक्षा १ को वातावरणसँग समायोजन गर्न
- कक्षा १ का शिक्षकलाई प्रारम्भिक बालविकास केन्द्र वा पूर्वप्राथमिक कक्षाका बालबालिकासँग सम्बन्ध विस्तार गर्न

## मुख्य विषयवस्तुहरू

- प्रारम्भिक बालविकास शिक्षक र कक्षा १ शिक्षकबिचको समन्वय
- शिक्षक विद्यार्थी सम्बन्ध
- अभिभावक शिक्षक सम्बन्ध

## सामग्री

- तयारी स्लाइड, मेटाकार्ड, न्युजप्रिन्ट, मार्कर, मास्किङ टेप, कुटपेपर, चार्टपेपर, अबिर वा टिका, फूल

## सहजीकरण क्रियाकलाप

**क्रियाकलाप नं. १ : मस्तिष्क मन्थन** **(३० मिनेट)**

- सबै सहभागीलाई तीन तीन ओटा मेटाकार्ड दिनुहोस् र निम्न हरेक प्रश्नका लागि एउटा एउटा जवाफ लेख्न लगाउनुहोस् ।

- न्युजप्रिन्टमा तलका प्रश्न लेखेर भित्तामा टाँस्नुहोस् र सहभागीहरूलाई उत्तर लेखेपछि प्रश्नअनुसार टाँस्न दिनुहोस् ।

| प्रश्न १ | प्रश्न २ | प्रश्न ३ |
|---|---|---|
| o प्रारम्भिक बालविकास शिक्षक र कक्षा १ को शिक्षक, विद्यार्थी र अभिभावकबिच कस्तो समन्वय भएको छ ? | o प्रारम्भिक बालविकास शिक्षक र कक्षा १ को शिक्षक, विद्यार्थी र अभिभावकबिच समन्वय स्थापनाका लागि कस्ता कार्य गर्न सकिन्छ ? | o प्रारम्भिक बालविकास शिक्षक र कक्षा १ को शिक्षक, विद्यार्थी र अभिभावकबिच समन्वय स्थापनाबाट पर्ने सकारात्मक प्रभावहरू के के हुनसक्छन् ? |

- सबैको उत्तर आइसकेपछि सहजकर्ताले नदोहोरिने गरी उत्तरहरू पढेर सुनाउनुहोस् ।
- थप स्पष्टता प्रदान गर्नका लागि सहजकर्ताबाट प्रस्तुतिका आधारमा प्रारम्भिक बालविकास र कक्षा १ बिचको समन्वय स्थापनाको महत्त्व, यसका लागि भएका कार्य, गर्नुपर्ने कार्यका सम्बन्धमा थप स्पष्टता प्रदान गर्नुहोस् ।

**प्रारम्भिक बालविकास र कक्षा १ बिचको समन्वय स्थापनाको लागि निचोडमा तलका कुरा स्लाइड वा न्युजप्रिन्टमा लेखेर थप जोड दिनुहोस् ।**

- o शिक्षक र बालबालिकाबिच आत्मीय सम्बन्ध भएपछि मात्रै बालबालिकाले सिक्न तयार हुन्छन् । बालबालिकाले सुरक्षित महसुस गर्छन् र कुनै सङ्कोचबिना नै विद्यालय आउँछन् । यसले बालबालिकाको सिकाइ र संवेगात्मक विकासलाई सहयोग गर्छ ।
- o सबैलाई नयाँ वातावरणमा एकै किसिमले समायोजन गर्न सकिँदैन । सहज रूपमा सम्बन्ध विस्तार गर्न उचित समय चाहिन्छ ।
- o शैक्षिक सत्र सुरु हुनुभन्दा पहिले नै बालबालिकासँग सम्बन्ध विस्तार गर्न सकेमा शैक्षिक सत्र सुरु हुँदा सिकाइ उपलब्धिमा केन्द्रित हुन सकिन्छ ।
- o समन्वय स्थापनाले शिक्षक आफैँ पनि मानसिक रूपमा तयार हुन र कक्षाकोठाको सिकाइ सहजीकरण वातावरण तयार गर्न सहयोग पुग्दछ ।
- o अभिभावकसँगको सम्बन्ध चाँडो हुन सक्यो भने पछिको लागि पनि अभिभावक परिचालन गर्न सजिलो हुन्छ ।

### क्रियाकलाप नं. २ : भूमिका अभिनय (५० मिनेट)

- समूहमा विभाजनको खेल खेलाउनुहोस् । समूह विभाजनका क्रममा “हामी अघि बढ्ने छौँ, समूह बनाई खेल्ने छौ” भन्ने गीत गाउँदै गोलो घेरामा घुम्न लगाउनुहोस् । गोलो घेरामा घुम्ने क्रममा सहजकर्ताले भनेको सङ्ख्याअनुसारको समूह बनाउन भन्नुहोस् । जस्तैः सहजकर्ताले ४ भन्दा ४ जनाको समूह बनाउने र ५ भन्दा ५ जनाको समूह बनाउने र ३ भन्दा ३ जनाको समूह बनाउन लगाउनुहोस् ।
- सहभागीलाई ४ समूहमा विभाजित भई बस्न भन्नुहोस् ।
- समूहलाई देहायका विषयवस्तु र सहजकर्ताको प्रस्तुतिमा आधारित भई बढीमा १० मिनेटको भूमिका अभिनय गर्न लगाउनुहोस् ।

| | |
|---|---|
| समूह १ | शैक्षिक सत्र सुरु हुनु अगावै प्रारम्भिक बालविकास शिक्षकसँग समन्वय कसरी गर्ने भूमिका अभिनय गर्न लगाउनुहोस् । |

| | |
|---|---|
| समूह २ | शैक्षिक सत्र सुरु हुनु अगावै प्रधानाध्यापकसँग समन्वय कसरी गर्ने भूमिका अभिनय गर्न लगाउनुहोस् । |
| समूह ३ | शैक्षिक सत्र सुरु हुनु अगावै अभिभावकसँग समन्वय कसरी गर्ने भूमिका अभिनय गर्न लगाउनुहोस् । |
| समूह ४ | शैक्षिक सत्र सुरु हुनु अगावै बालबालिकासँग समन्वय कसरी गर्ने सहजीकरण क्रियाकलाप गर्न लगाउनहोस् । |

- छलफलका विषयवस्तुका आधारमा प्रत्येक समूहबाट एक जनालाई कक्षा १ को शिक्षक बनी भूमिका निर्वाह गर्नुपर्ने कुरा बताइदिनुहोस् । समूहका बाँकी सदस्यलाई समूह कार्यअनुसारका पात्रको भूमिका निर्वाह गर्नुपर्ने कुरा बताइदिनुहोस् ।
- एउटा समूहको प्रस्तुति भइरहँदा बाँकी ३ ओटा समूहलाई अवलोकन गरी पृष्ठपोषण टिपोट गर्न लगाउनुहोस् ।
- समूहको प्रस्तुतिपश्चात् बाँकी ३ ओटा समूहले टिपेका पृष्ठपोषण भन्न लगाउनुहोस् ।
- कक्षा १ को शिक्षकले प्रारम्भिक बालविकास शिक्षक, प्रधानाध्यापक, अभिभावक र बालबालिकासँग समन्वय स्थापनाका लागि गर्नुपर्ने कार्यहरू समेटेर तयार गरिएको पावरप्वाइन्ट प्रस्तुतिका आधारमा थप स्पष्ट पार्नुहोस् ।

## प्रतिबिम्बन **(१० मिनेट)**

देहायका प्रश्न सोधी यो सत्रको सिकाइका सम्बन्धमा प्रतिबिम्बन गर्न लगाउनुहोस् :

- प्रारम्भिक बालविकास तथा शिक्षा र कक्षा १ बिच समन्वय किन आवश्यक रहेछ ?
- के यसरी समन्वय गर्न सम्भव छ त ?
- कक्षा १ को शिक्षकले समन्वय गर्दा के के फाइदा पुग्ने रहेछ ?
- प्रारम्भिक बालविकास तथा शिक्षा र कक्षा १ बिच समन्वय स्थापनाका लागि के के कार्य गनुहुन्छ ?

## गृहकार्य

- सहभागीहरूलाई ४ ओटा समूहमा विभाजन गरी तल दिइएबमोजिम अध्ययन गरी भोलिका लागि १५ मिनेटको प्रस्तुति तयार गरेर आउनको लागि अनुरोध गर्नुहोस् ।

समूह १ - स्रोत पुस्तिकाको पेज १-१८ सम्म

(क) निर्माणात्मक मूल्याङ्कन भनेको के हो ?

(ख) प्रगति विवरण कसरी तयार गरिएको हो ?

समूह २ - स्रोत पुस्तिकाको र पेज १-१८ सम्म तथा पेज २०-३९ सम्म

(क) प्रस्तुति विषय: प्रगति विवरण प्रयोगमा ध्यान दिनुपर्ने कुरा

(ख) शारीरिक विकासका सूचकहरू तथा मापन तरिका

समूह ३ - स्रोत पुस्तिकाको पेज १-१८ सम्म तथा पेज ४०-६४ सम्म

(क) बौद्धिक तथा भाषिक विकासका सूचकहरू तथा मापन तरिका

समूह ४ - स्रोत पुस्तिकाको पेज १-१८ सम्म तथा पेज ६५-७७ सम्म

(क) सामाजिक, संवेगात्मक तथा सांस्कृतिक विकासका सूचकहरू तथा मापन तरिका

# पठन सामग्री

## १. समन्वय कहाँ र कोसँग गर्ने ?

### (क) प्रारम्भिक बालविकास शिक्षकसँग

- कक्षा १ शिक्षक तथा प्रारम्भिक बालविकास शिक्षकबिच प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको विविधताको फरकबारेमा छलफल गर्ने
- सिकाइ तथा विकास मापदण्डको अवधारणामा प्रस्ट हुने
- प्रारम्भिक बालविकास केन्द्रको सिकाइ वातावरण तथा कक्षा १ को सिकाइ वातावरणको फरकको बारेमा प्रारम्भिक सहजकर्तासँग छलफल गर्ने

### (ख) प्रधानाध्यापकसँग

- बालबालिकाको सिकाइ तथा विकास मापदण्डको बारेमा प्रधानाध्यापकलाई बुझाउने
- सिकाइ तथा विकास मापदण्ड भनेको बालबालिकाको सिकाइ स्तर पहिचान गर्ने र थप सिकाइका लागि नयाँ रणनीति अपनाउने हो, यसो गर्दा कक्षा १ मा एकीकृत पाठ्यक्रमले तय गरेका सक्षमताहरू पूरा गर्न सहज हुने भनेर प्र. अ. लाई बुझाउने
- नयाँ शैक्षिक सत्रको केही समय बालबालिकाको सिकाइ तथा विकास मापदण्डमा आधारित निर्माणात्मक मूल्याङ्कन विधिको प्रयोग गर्नुपर्दछ भनि प्र.अ. लाई बुझाउने

### (ग) अभिभावकसँग

- प्रारम्भिक बालविकासको अभिभावक बैठक बसेको दिनमा कक्षा १ का शिक्षक गई अभिभावकसँग बैठकमा सहभागी हुने र उनीहरूको कुरा सुन्ने
- बालबालिकाको बानीव्यवहारको बारेमा बुझ्ने
- म कक्षा १ को शिक्षक भएको हुँदा हजरहरूको नानीबाबु अब कक्षा १ मा जाँदै छन् र मैले नै उहाँहरूलाई सिकाउने हो, त्यसैले अहिलेदेखि नै हजुहरूसँग भेटघाट गर्दा पछि सजिलो हुन्छ भन्ने कुरा कक्षा १ को शिक्षकले राख्ने
- बालबालिका कक्षोन्नति भई कक्षा १ मा प्रवेश गरेपछि पनि अभिभावकहरूसँग छलफल गर्ने
- अभिभावकलाई प्रारम्भिक बालविकास कक्षा र कक्षा १ को सिकाइ वातावरणको फरक बुझाउने
- बालबालिकाको सर्वाङ्गीण विकास गर्ने र बालबालिकालाई सिकाइप्रति प्रेरित गरी सिकाइका लागि आधारशिला खडा गर्ने गरी प्रारम्भिक बालविकासको पाठ्यक्रम विकास भएको र कक्षा १ मा पढाइ र लेखाइका विषयगत क्रियालाप हुने गरी पाठ्यक्रम विकास भएको कुरा बताइदिने
- सबै बालबालिकाको सिकाइ समान हुँदैन र सिकाइ स्तरको पहिचान गर्नका लागि निर्माणात्मक मूल्याङ्कन गर्नुपर्दछ भनी बुझाउने

### (घ) बालबालिकासँग

- शैक्षिक सत्रको अन्त्यमा (फागुन/चैत्र महिना तिर) कक्षा १ को शिक्षकले प्रारम्भिक बालविकास कक्षाको अवलोकन गर्ने
  - o बालबालिकासँग रमाइलो तरिकाले कुरा गर्ने
  - o उनीहरूको प्रंशसा गर्ने
  - o सकिन्छ भने कुनै छोटो गीत तथा कथा सुनाउने
  - o तपाईंहरू कक्षा १ मा गइसकेपछि मसँगै बसेर सिक्नुपर्छ है भनेर भन्ने
  - o कक्षा १ मा पनि रमाइला खेल, गीत, कथाहरू खेल्न र सुन्न पाइन्छ है भनी सुनाउने
  - o आफूसँग घुलमिल हुने वातावरण बनाउने

### १.१. समन्वय गर्दा ध्यान दिनुपर्ने पक्षहरू

- प्रारम्भिक बालविकास कक्षाका सहजकर्तासँग बालबालिकाको व्यक्तिगत बानीव्यवहारको बारेमा बुझ्ने
- प्रारम्भिक बालविकासका बालबालिकाको सिकाइ तथा विकास मापदण्डमा आधारित व्यक्तिगत मूल्याङ्कन फाराम (ELDS Report Card) अध्ययन गर्ने
- कहिलेकाहीँ अनौपचारिक रूपमा प्रारम्भिक बालविकासका बालबालिकासँग कुराकानी गर्ने, भलाकुसारी गरी घुलमिल हुने वातावरण बनाउने
- प्रारम्भिक बालविकासबाट कक्षा १ मा प्रवेश गरेका बालबालिकाका अभिभावकसँग निर्माणात्मक मूल्याङ्कनको बारेमा बुझाउने
- फागुन/चैत्रभित्रमा शिक्षकसँग प्रारम्भिक बालबालिकाको परिचय हुनुपर्ने
- कक्षा १ कस्तो हुन्छ भनेर भ्रमण गराउने
- कुनै क्रियाकलापहरूसँगै गराउने
- फागुन/चैत्रतिर हुने अभिभावक बैठकमा कक्षा १ को शिक्षक पनि सहभागी हुने
- कक्षा १ मा हुने क्रियाकलापहरूबारे अभिभावकलाई बुझाइदिने
- फागुन/चैत्रतिर प्रारम्भिक बालविकासका शिक्षकलाई भाषा सिकाइ क्षेत्रमा कक्षा १ का कार्यपुस्तकहरू राख्न अनुरोध गर्ने
- कक्षा १ को शिक्षकले कहिलेकाहीँ प्रारम्भिक बालविकासमा गएर बालगीत/खेलहरू खेलिदिने

### १.२. समन्वय गर्ने समय

- प्रायजसो एउटा शैक्षिक सत्रको फागुन र चैत्र महिनासम्ममा पठनपाठनको काम सम्पन्न भइसकेको हुन्छ । त्यतिबेला बालबालिकाको मूल्याङ्कन काम र नतिजा प्रकाशनको काम भइरहेको हुन्छ । निरन्तर मूल्याङ्कन र बालबालिकाको कार्यसञ्चयिका फाइल तयार निरन्तर भइराखेको हुनाले कक्षा १ को शिक्षक तथा प्रारम्भिक बालविकास शिक्षकलाई यतिवेला कामको बोझ कम हुने हुनाले कक्षा १ का शिक्षकले प्रारम्भिक बालविकास केन्द्रको अवलोकन गर्ने बालबालिकाको प्रोटफोलियो हेर्ने काम गर्न सक्दछन् ।

## २. प्रारम्भिक कक्षा क्रियाकलाप

कक्षा १ मा आउने सुरुवाती दिनहरूमा निम्न प्रारम्भिक कक्षा क्रियाकलापहरू गरेर बालमैत्री वातावरण बनाउन सकेमा शिक्षक विद्यार्थी तथा शिक्षक अभिभावक सम्बन्ध सुमधुर हुन्छ :

### (क) कक्षामा अभिभावक तथा विद्यार्थीलाई स्वागत गर्ने

- अभिभावकका लागि निमन्त्रणा पत्र, अबिर वा टीका, फूलको व्यवस्था गर्नुहोस् ।
- चालू सत्रको कक्षा सुरु हुने दिन एकिन गरेर एक हप्ता अगाडि नै सम्बन्धित कक्षाका अभिभावकहरूलाई आआफ्ना नानीहरूसँगै विद्यालयमा उपस्थित हुनका लागि निमन्त्रणापत्र पठाउनुहोस् ।
- अभिभावकहरू तथा विद्यार्थीहरू विद्यालयमा आइसकेपछि उहाँहरूलाई विद्यालयमा स्वागत गर्नुहोस्, अभिभावकसँग छलफल तथा अन्तर्क्रिया गर्नुहोस्, अभिभावकको बालबालिका तथा विद्यालयप्रतिको अपेक्षा के के छन्, सोध्नुहोस् । आफ्ना अपेक्षा पनि भन्नुहोस्, प्रारम्भिक बालविकास र कक्षा १ को भिन्नता के के छन् भन्नुहोस्, बालबालिकासँग मायालु स्वभावले प्रस्तुत हुनुहोस् र अभिभावक तथा बालबालिकालाई कक्षा १, खेलमैदान, शौचालय तथा खानेपानीको अवलोकन गर्न लगाउनुहोस् ।

### (ख) खेल खेलाउँदै एकआपसमा परिचयको क्रियाकलाप गर्ने

- कक्षा १ का विद्यार्थीहरूले रमाइलोसँग खेल्न सक्ने र परिचय पनि गर्न हुने जस्तै विद्यार्थीहरूले आफ्नो नाम भन्दछन् र शिक्षकले त्यसमा उसको राम्रा विशेषतालाई जोडेर नामसँगै विशेषता जोडिने शब्दको तयारी गर्नुहोस् । जस्तैः राम्रो दिनेश, हँसिली तारा आदि अथवा अरु कुनै खेलको माध्यमबाट एकआपसमा परिचय गर्न लगाउनुहोस् ।
- खेल विधिबाट हुने परिचय र त्यसका लागि चाहिने सामग्री तयारी गर्नुहोस् ।

### (ग) कक्षामा सामग्रीको परिचय गराउने

आफूले तयार गरेका शैक्षिक सामग्री तथा सिकाइ सामग्री, सिकाइ क्षेत्र, खेल सामग्रीलाई मिलाएर राख्नुहोस् । बालबालिकालाई गीत गाउँदै कक्षामा भएका कार्यमूलक सामग्री तथा सिकाइमूलक सामग्री, सिकाइ क्षेत्र, खेल सामग्री, सेतोपाटी, ऐना आदि सामग्रीको परिचय गराउने र यी सामग्रीबाट हामी के गर्छौं भन्नुहोस् । यसो गर्दा आफ्नो कक्षामा भएका शैक्षिक सामग्री तथा सिकाइ सामग्री, सिकाइ क्षेत्र, खेल सामग्रीको बारेमा परिचित हुने छन् ।

### (घ) कक्षाकोठाको बैठक गर्ने

यो सत्रमा बालबालिकालाई कक्षामा गोलो घेरा बनाएर बस्न लगाउनुहोस् । हामी कक्षा के के काम गर्ने त्यसको बारेमा छलफल गरौं है भनी उनीहरूको सहमति जुटाउनुहोस् । हाम्रो कक्षाको कार्य जिम्मेवारी, कक्षाको नियम बनाउने, समय तालिका, समाचार भन्ने, उपस्थिति चार्ट, प्रोत्साहन चार्ट बनाउ है भन्दै आफ्नो तयारीअनुसार सामग्री निर्माण गर्ने र यसको प्रयोगको बारेमा विद्यार्थीलाई बुझाउनुहोस् । यसो गर्दा बालबालिका आफूले कक्षामा गर्ने क्रियाकलापहरूको बारेमा अभ्यस्त हुने छन् । यसको लागि एक दिनभन्दा केही समय बढी पनि लाग्न सक्छ । यसका लागि शिक्षकले समय व्यवस्थापन मिलाउनुहोस् ।

### (ङ) खेल, गीत अभ्यास र कथा सुनाउने

बालबालिकालाई स्वागत गर्नुहोस् । सञ्चो बिसञ्चो सोध्नुहोस् । “आज त झन् रमाइलो गरी सिक्ने छौँ” भनी उत्सुकता जगाउनुहोस् । “आज हामी गीत गाउने छौँ र नाच्ने छौँ” भन्नुहोस् । चित्रसहितको बाल गीतलाई ठुलो वर्णमा लेखेर टाँस्नुहोस् र हाउभाउ गर्दै गाउन लगाउनुहोस् । यसैगरी खेल पनि खेलाउनुहोस् र कथा सुनाउहोस् । “आजको दिन कस्तो लाग्यो ?” भनेर सोध्नुहोस् ।

## ३. विद्यालयमा सुरुवाती अभिभावक बैठक सञ्चालनको ढाँचा

### ३.१. अभिभावक बैठक किन गर्ने ?

आधारभूत शिक्षा कक्षा १-३ सम्मको एकीकृत पाठ्यक्रम लागु भइसकेको अवस्था छ । एकीकृत पाठ्यक्रम भनेको एकीकृत रूपमा सिकाइ गराउनु हो । बालबालिकालाई एकीकृत रूपमा सिकाइ गराउन कक्षाकोठामा गएर, कार्यपुस्तक मात्र प्रयोग गरेर, शिक्षकले मात्र सिकाइ क्रियाकलाप सञ्चालन गरेर पुग्दैन । यसका लागि घरपरिवार पनि मुख्य सिकाइको स्रोत हो । घरमा बालबालिकालाई एकीकृत सिकाइ गराउनका लागि अभिभावकले थुप्रै क्रियाकलाप गर्न र बालबालिकालाई गराउन सक्नुहुन्छ । कतिपय अवस्थामा अनौपचारिक र अनियमित रूपमा बालबालिकाले सिकिरहेका हुन्छन् । आमाबुबासँग करेसाबारीमा काम गरेको हेर्दै गर्दा र आफूले पनि गर्दै गर्दा विज्ञानसम्बन्धी, गणितसम्बन्धी, व्यवहारिक सिप, भाषिक सिपको विकास भइरहेको हुन्छ त्यो भनेको एकीकृत सिकाइ हो । यो कुराको अवधारणा अभिभावकलाई बुझाउन आवश्यक छ । बालबालिकालाई घरमा एकीकृत

सिकाइ गराउन अभिभावकलाई तयार हुनका लागि अभिभावक परिचालन तथा अभिभावक बैठक आयोजना गर्नुपर्दछ ।

### ३.१.१. तयारी

- **अभिभावक बैठकको लागि निमन्त्रणा** : कक्षा एकका अभिभावकहरूलाई पत्रमार्फत विद्यालयका प्रधानध्यापक (वा प्रधानाध्यापकको अनुमतिमा कक्षा शिक्षक) को तर्फबाट पत्रमार्फत बैठकका लागि निमन्त्रणा पठाउने
- **कक्षा शिक्षकको तयारी :** बैठकका लागि कक्षा शिक्षकले तयारी गर्ने जस्तैः विद्यार्थीको व्यक्तिगत प्रगति विवरण तयारी अवस्थामा राख्ने, बालबालिकालाई विद्यालयमा गरिने क्रियाकलापको सूची तयार गर्ने, अभिभावक बैठक सञ्चालन गर्ने स्थानको सरसफाई व्यवस्थापन गर्ने, बैठकको लागि हाजिर रजिस्टर तयारी अवस्थामा राख्ने
- बैठक सञ्चालन गर्ने दिन तोकिएको समयमा बैठक कक्षमा उपस्थित हुने
- बैठकमा अभिभावकलाई अभिवादनसहित स्वागत गर्ने

### ३.१.२. बैठक सञ्चालन

- पहिलोचोटिको बैठकमा अभिभावक परिचय क्रियाकलाप सञ्चालन गर्ने
- यसमा आफ्नो नाम, पेसा तथा आफ्नो बालबालिकाको नाम पनि भन्नुहोस् भनेर अनुरोध गर्ने

### ३.१.३. अभिभावक छलफल/अन्तर्क्रिया

अभिभावक बैठकको सुरुमा सो समयसम्ममा के कति सिकाइ गर्ने अपेक्षा गरिएको थियो र समग्रमा बालबालिकाले हासिल गरेको प्रगति सुनाउनुहोस् । थप प्रगति हासिल गर्नका लागि आवश्यक सहयोग माग्नुहोस् ।

जस्तैः

- **विद्यालय पठाउँदा :** विद्यालय पठाउँदा आफ्नो बालबालिका जान तयार छन् कि छैनन् बुझ्ने, झोला किताब, पानी, खाजा सबै तयार छ कि छैन हेर्ने गर्नुहोस् । बालबालिकालाई विद्यालय पुऱ्याउन जाँदा आफ्नो बालबालिकाको त्यो दिनको स्वास्थ्य अवस्थाको बारेमा जानकारी गराउनुहोस् ।
- **सरसफाइ :** बालबालिकालाई विद्यालय पठाउँदा सफा गरेर सफा लुगा लगाएर पठाइदिने गर्नुहोस् ।
- **विद्यालयबाट घरमा आउँदा :** बालबालिका घरमा आइपुग्दा नानीबाबुलाई हँसिलो अनुहारले माया दर्शाउँदै स्वागत गर्नुहोस्, जस्तैः "तिमी आयौ ? तिमीलाई कस्तो छ ?", "आज साथीसँग के खेल खेल्यौ ?", "सर र मिसले के भन्नु भयो ?", "गीत पनि गायौ होला है" आदि । "ल अब पोसाक झोला खोलेर ठिक ठाउँमा राख, सरसफाइ गरेर खाजा खाउ अनि खेल है त ।" भन्दै बालबालिकालाई सम्बोधन गर्नुहोस् ।
- **गृहकार्य गर्न सहयोग गर्ने :** बालबालिकाको मनस्थिति बुझेर आज भएको सिकाइको बारेमा सोध्ने गर्नुहोस् । जस्तैः "आज मिसले के खेल खेलाउनुभयो ?, लेख्न सिक्यौ ?", "आज कुन गीत गायौ ? लौ मलाई सुनाउ त," "खोई तिम्रो झोला ल्याउत बाबु ।" भनेर उसको सबै कापीकिताब हेर्नुहोस् । केही गृहकार्य दिइएको छ भने गृहकार्य गर्न सहयोग गर्नुहोस् ।
- **आफूसँगै घरको काममा सहभागी गराउनुहोस् :** भान्सामा, धारामा, करेसाबारीमा अथवा बालबालिका जान सक्ने ठाउँमा आफू सँगसँगै जानको लागि प्रेरित गर्ने र उसलाई कुनै पनि हानि

नहुने गरी काममा सहभागी गराउनुहोस् । जस्तैः तरकारी केलाउने, भाँडा सफा गर्दा बाल्टीबाट पानी हाल्न लगाउनुहोस्, करेसाबारीमा झार सफा गर्न लगाउने खेल दिनुहोस् ।

- **अनौपचारीक कुराकानी गर्नुहोस् :** समय मिलाएर बालबालिकासँग दोहोरो संवाद गर्नुहोस, उसको कुरा सुन्नहोस, उसले गरेका राम्रा कामको प्रशंसा गर्नुहोस, उनीहरूको लागि जोखिम हुने ठाउँको बारेमा जानकारी गराउनुहोस्, उनीहरूको रुचि के छ भन्ने कुरामा ध्यान दिनुहोस्, सुत्दा कथा सुनाउनुहोस् ।
- **व्यक्तिगत सरसफाइ तथा उनीहरूको जोखिमका बारेमा ध्यान दिनुहोस् :** बालबालिकालाई हात धुने बानीको विकास गराउनुहोस् । बाहिर जाँदा आउदा पनि हातखुट्टा धुनुपर्छ भनी भन्नुहोस्, कुन कुन ठाउँमा जाने कुन ठाउँमा नजाने भन्ने कुरा बुझाउनुहोस् ।
- **समय समयमा विद्यालय अनुगमन :** विद्यालयमा हुने औपचारिक बैठक, छलफलमा मात्र नभई समय मिलाएर विद्यालयमा जाने, कक्षा अवलोकन गर्ने, कक्षा शिक्षकसँग भेट गर्ने नानीबाबुको बानी व्यवहारको बारेमा बुझ्ने, घरमा हामीले के के गर्न सकिन्छ होला भनेर कक्षा शिक्षकसँग छलफल गर्ने गर्नुहोस् ।

(आवश्यक रूपमा सिकाइमा समस्या भएका बालबालिकाका अभिभावकसँग छुट्टै बसेर बालबालिकाका समस्या समाधान गर्नुहोस् ।)

# निर्माणात्मक मूल्याङ्कन तथा प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणको परिचय

**दिन :** तेस्रो  **सत्र :** पहिलो  **समय :** १ घण्टा ३० मिनेट

## परिचय

यो सत्र कक्षा १ का शिक्षकलाई बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास अनुरूपको स्थिति बुझ्न र सो अनुसारको सहयोग विधिमा परिचित गर्न विकास गरिएको छ। यसको लागि शिक्षकले निर्माणात्मक मूल्याङ्कनका सम्बन्धमा बुझ्न आवश्यक हुन्छ। निर्माणात्मक मूल्याङ्कनमा आधारित रही बनाइएको प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण र यसको प्रयोगको लागि बनाइएको स्रोत पुस्तिकालाई बुझाउन यो सत्र बनाइएको छ।

## उद्देश्य

**यस सत्रपश्चात् सहभागीहरू निम्न कार्यमा सक्षम हुने छन् :**

- निर्माणात्मक मूल्याङ्कनको परिचय र चरणका बारेमा जानकार हुन
- प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणका सूचक तथा मापन विधि बताउन

## मुख्य विषयवस्तु

- निर्माणात्मक मूल्याङ्कनको परिचय
- प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणको परिचय

## सामग्री

- स्रोत पुस्तिका, न्युजप्रिन्ट, मार्कर

## सहजीकरण क्रियाकलाप

**क्रियाकलाप नं. १ : समूहगत प्रस्तुति** **(६० मिनेट)**

- हरेक समूहलाई अघिल्लो दिन दिइएको गृहकार्यअनुसारको विषयमा प्रस्तुतिको विषयमा प्रस्तुति गर्न लगाई केही प्रश्नहरू भए निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकामा आधारित रहेर प्रष्ट गर्दै जानुहोस्। (प्रत्येक समूहलाई १५ मिनेटको समय छुट्यानुहोस्।)

**क्रियाकलाप नं. २ : प्रगति विवरण भर्ने तरिकाको अभ्यास** **(२५ मिनेट)**

- बालबालिकाको पृष्ठभूमि भर्ने तरिका र हरेक सूचकअनुसार सुरुआतमा लेखेको ठाउँमा कसरी भर्ने भन्ने सम्बन्धमा छलफल गर्नुहोस्।
- निम्न कुराहरूमा न्युजप्रिन्ट/स्लाइडमा लेखेर जोड दिनुहोस्।

(क) प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणका फाइदाहरू

१. कक्षा १ मा प्रगति विवरणमा आधारित सूचकहरूको मापनले बालबालिकासँग कक्षाको सुरुआत चरणमा प्रयोग गर्दा बालबालिकाको सिकाइ तथा विकासात्मक अवस्थाको पहिचान गर्नका साथसाथै शिक्षक विद्यार्थीको सकारात्मक सम्बन्ध बनाउन, कक्षाकोठामा बालमैत्री वातावरण बनाउन पनि मद्दत गर्दछ।

२. यसले बालबालिकालाई कक्षाकोठामा टिकाउन, आवश्यक सहयोग पहिचान गर्न र सुधारात्मक शिक्षण दिन समेत सघाउँछ ।

३. प्रगति विवरण एकीकृत पाठ्यक्रमसँग जोडिएको छ र यसले एकीकृत पाठ्यक्रमले हासिल गर्न खोजेको सिकाइ उपलब्धिलाई मद्दत गर्छ ।

(ख) कक्षा १ मा प्रयोग गर्दा ध्यान दिनुपर्ने पक्षहरू

१. बालबालिका भर्ना भएर आउने सुरुवाती १-२ हप्तामा सबै बालबालिकाको मापन गरिसक्नुपर्छ । सामान्यतः भर्ना अभियानका दौरान कक्षा सञ्चालन कम नै हुन्छ र यो समयलाई प्रारम्भिक सिकाइ तथा विकास अवस्था मापनको लागि छुट्याउन सकिन्छ ।

२. यी सूचकहरू एकीकृत पाठ्यक्रमसँग पनि जोडिएको हुँदा, मापनपश्चात् अभिभावक परिचालनका साथसाथै कक्षाकोठामा एकीकृत पाठ्यक्रमसँग जोड्दै "प्रारम्भिक विद्यालयका लागि तयार" नभएका बालबालिकालाई सहयोग गर्दै जानुपर्छ । एकीकृत पाठ्यक्रममा रहेका सिकाइ उपलब्धि हासिल गर्न नसक्नुको कारण "प्रारम्भिक विद्यालयका लागि तयार" नभएकाले पनि हुन सक्छ भन्ने कुरा नबिर्सिनुहोस् ।

३. प्रगति विवरण, एकीकृत पाठ्यक्रमको लागि गरिने निर्माणात्मक मूल्याङ्कनसँगै पोर्टफोलियोमा राखेर त्रैमासिक रूपमा अद्यावधिक गर्नुपर्दछ । "प्रारम्भिक विद्यालयका लागि तयार" भएका बालबालिकाको हकमा यो अद्यावधिक गर्नु पर्दैन ।

## प्रतिबिम्बन **(५ मिनेट)**

- सहभागीहरूलाई पालैपालो बल फाल्दै आज सिकेको कुनै महत्त्वपूर्ण बुँदा भन्न लगाउनुहोस् ।

## पठन सामग्री

- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा रहेका बालबालिकाका लागि प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा आधारित निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका

(लिङ्क : https://cehrd.gov.np/file_data/mediacenter_files/media_file-23-282645704.pdf?fbclid=IwAR0Bgv__sLbmOoA1hyesvz2DBtv_KQ1EaEIJoz9JGDGQvSj3OBwo1k7Xz9s

# बालबालिकाको सिकाइका लागि अभिभावक परिचालनको परिचय र प्रक्रिया

**दिन :** तेस्रो **सत्र :** दोस्रो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

घरपरिवार पनि मुख्य सिकाइको स्रोत हो । घरमा बालबालिकालाई एकीकृत सिकाइ गराउनका लागि अभिभावकले थुप्रै क्रियाकलाप गर्न सकिन्छ । कतिपय अवस्थामा अनौपचारिक र अनियमित रूपमा बालबालिकाले सिकिरहेका हुन्छन् । आमाबुबासँग करेसाबारीमा काम गरेको हेर्दै गर्दा र आफूले पनि गर्दैगर्दा विज्ञानसम्बन्धी, गणितसम्बन्धी, व्यवहारिक सिप, भाषिक सिपको विकास भइरहेको हुन्छ त्यो भनेको एकीकृत सिकाइ हो । पाठ्यक्रममा आधारित भएर हासिल गर्नुपर्ने सिकाइ उपलब्धि, कक्षा १ को बालबालिकाको लागि दिइने गृहकार्य/परियोजना कार्य र घरमा गर्नुपर्ने क्रियाकलाप, कार्यपुस्तकको सुरक्षा र तयारी, कक्षाकोठाको लागि चाहिने सहयोग र कक्षा अनुगमन गर्ने जिम्मेवारी पनि अभिभावकको हो । यो कुराको अवधारणा अभिभावकलाई बुझाउन आवश्यक छ । यो सत्रमा शैक्षिक सत्रको सुरुआत चरणदेखि नै नियमित अभिभावक बैठकमार्फत बालबालिकाको सिकाइ स्तर वृद्धिका लागि घरमा तथा समुदायमा अभिभावकलाई कसरी परिचालन गर्न सकिन्छ भनेर प्रष्ट पार्न खोजिएको छ ।

## उद्देश्य

**यस सत्रपश्चात् सहभागीहरू निम्न कार्यमा सक्षम हुने छन् :**

- अभिभावक परिचालनको महत्त्व र आवश्यकताबारेमा प्रष्ट हुन
- अभिभावक बैठक सञ्चालन गर्दा बैठकमा छलफल गरिने विषयवस्तु र प्रक्रियाका बारेमा बताउन

## मुख्य विषयवस्तु

- अभिभावक बैठकको महत्त्व
- अभिभावक बैठक सञ्चालन नमुना प्रर्दशनी

## सामग्री

- स्लाइड प्रस्तुतीकरण
- न्युजप्रिन्ट, मार्कर, मेटाकार्ड

## सहजीकरण क्रियाकलाप

**क्रियाकलाप नं. १ : समूह कार्य** **(३० मिनेट)**

- तालिम हलमा कुनै चार ओटा सहरका नाम राखेर छुट्टाछुट्टै ठाउँ निर्धारण गर्नुहोस् । "सहभागीहरूलाई गोलो गोलो गोलो घेरा बनाउ, आउ साथी हात समाउ" भन्ने गीत गाउन लगाउने र सहभागीहरूलाई घेरामा राख्ने गर्नुहोस् । चार भाग हुने कुनै सङ्ख्या भन्ने, जस्तैः ७, ७ भन्दा सबै समूहले आआफ्नो मनपर्ने एउटै सहरमा गएर बस्न लगाउनुहोस् । आफ्नो मन पर्ने समूहमा ७ जना भएमा अपुगमा जान लगाउनुहोस् ।

यसरी समूहमा कति जना चाहिने हो, त्यति नै सङ्ख्या भनेर समूह कार्य बनाउनुहोस् । निम्नानुसारको समूह कार्य गर्न लगाउनुहोस् ।

| समूह १ | समूह २ | समूह ३ | समूह ४ |
|---|---|---|---|
| o अभिभावक बैठक किन गर्नुपर्छ ? | o अभिभावक बैठक कहिले गर्नुपर्छ ? | o अभिभावक बैठक कसरी गर्नुपर्छ ? | o अभिभावक बैठकबाट कस्ता उपलब्धिको अपेक्षा गर्न सकिन्छ ? |

- समूह कार्यपश्चात् प्रत्येक समूहलाई ५ मिनेटको समयभित्रमा प्रस्तुति गर्न दिनुहोस् । निचोडमा अहिलेको एकीकृत पाठ्यक्रममा पनि अभिभावक परिचालन तथा हरेक विषयक्षेत्र सकिसकेपछि नियमित अभिभावक बैठकलाई जोड दिइएको कुरा प्रष्ट पार्नुहोस् । साथै प्रगति विवरणको सुरुवाती मापनपछि पनि अभिभावक बैठक आवश्यक छ ।

**क्रियाकलाप नं. २ : नमुना प्रदर्शन** **(५५ मिनेट)**

- नियमित अभिभावक बैठकको परिचय, उद्देश्य, महत्त्व, बैठकमा हुने छलफलका विषयवस्तुहरू, बैठकको समीक्षाको स्लाइड प्रदर्शन गनुहोस् । प्रस्तुतिपश्चात् यसको नमुना प्रदर्शन गरेर देखाउनुहोस् ।
  - o **नियमित अभिभावक बैठकको प्रक्रिया**

**(क) बैठक सञ्चालन गर्न पूर्वतयारी**

- **अभिभावकहरूलाई बैठकको लागि निमन्त्रणा पठाउने :** बैठक सञ्चालन गर्नुभन्दा कम्तीमा २ देखि ३ दिन अगाडि अभिभावकलाई बैठक हुने समय र स्थानको बारेमा जानकारी गराउनुहोस् । यो नियमित बैठक भएको हुनाले बैठकको मिति स्थान पहिले नै तय भएको भएतापनि अभिभावकलाई पुनः बैठकको लागि स्मरण गराउनुहोस् ।
- **बैठकको लागि सामग्री तयार गर्ने :** बैठक बस्ने दिनमा शिक्षकले अभिभावकहरूलाई देखाउने सामान तथा शिक्षक आफूले प्रयोग गर्ने सामग्रीहरू तयारी अवस्थामा राख्नुहोस् जस्तैः अभिभावकलाई देखाउने सामग्री, बालबालिकाको व्यक्तिगत प्रगति विवरण फाइल, अभिभावक शिक्षक सञ्चार पुस्तिका, माइन्युट उठाउनको लागि रजिस्टर तथा अन्य आवश्यक सामग्री तयारी अवस्थामा राख्नुहोस् ।

**(ख) बैठक सञ्चालन**

- **अघिल्लो बैठकको पुनरावलोकन गर्ने :** सम्पूर्ण अभिभावकहरूलाई स्वागत गर्ने, अघिल्लो बैठकमा छलफल भएका विषयहरूमध्ये कति गराउनु भए या भएनन् भन्ने विषयमा छलफल समीक्षा गर्ने र बालबालिकामा भएका सकारात्मक परिवर्तन अथवा प्रगति हुन नसकेका क्रियाकलापहरू के के थिए छलफल गर्न लगाउनुहोस् । (यसका लागि प्रारम्भिक कक्षामा अभिभावक स्वागत बैठकका विषयवस्तुअनुसार गर्ने)
- **अभिभावकलाई बुझाउने :** सिकाइ तथा विकास मापदण्ड प्रतिवेदन (ELDS Report Card) तथा कक्षा १ को मूल्याङ्कनका बारेमा अभिभावकलाई बुझाई प्रस्ट पार्नुहोस् । स्तरअनुसारको सिकाइ क्रियाकलापहरू घरमा भए कि भएनन् भनेर छलफल गर्दै आगामी दिनको सिकाइ रणनीतिका बारेमा पनि छलफल गर्न गर्नुहोस् ।

- **शिक्षकले कक्षामा गर्ने सिकाइ रणनीति कस्ता कस्ता हुन्छन् छलफल गर्ने :** शिक्षकले कक्षामा गर्ने सिकाइ रणनीति कस्ता कस्ता हुन्छन् छलफल गर्ने, जस्तैः खेल, गीत, कथा आदि बालबालिकाको सिकाइ तथा विकास मापनपश्चात् शिक्षकले कक्षामा गरेका सिकाइ रणनीतिको बारेमा अभिभावकलाई बताउनुहोस् र कक्षा १ मा भएको प्रगति तथा सिकाइ उपलब्धिको बारेमा पनि अभिभावकलाई जानकारी गराउनुहोस् ।
- सिकाइ तथा विकास मापन तथा कक्षा १ का सिकाइ उपलब्धि हासिल गर्न शिक्षकले कक्षामा प्रयोगात्मक रूपमा क्रियाकलापहरू गरेर अभिभावकलाई देखाउनुहोस् । जस्तैः भाषासम्बन्धी खेल, सिर्जनात्मक कलाका क्रियाकलापहरू, गणितका खेल गीत आदि ।
- बालबालिकाको सिकाइ तथा विकासको सुनिश्चितताका लागि घरमा पनि सहयोगी वातावरण तथा सिकाइ तथा विकास क्रियाकलापहरू गर्नुपर्ने कुरामा जोड दिनुहोस् र बैठकको समीक्षा गर्दै माथि शिक्षकले गरेका क्रियाकलापमा के कस्ता क्रियाकलाप लागु गर्न सकिन्छ, छलफल गर्नुहोस् ।
- अन्तिममा सबै अभिभावकले गर्नुपर्ने सहयोगबारे संयुक्त निर्णयमा सहमति गरेर माइन्युट गर्नुहोस् ।

**(ग) बैठक सञ्चालन पश्चात् :**

- अभिभावक शिक्षक सञ्चार पुस्तिका मार्फत बालबालिकाको दैनिक क्रियाकलाप लेखेर पठाउने र सिकाइ तथा विकास क्रियाकलापहरू गृहकार्यका रूपमा दिएर पठाउनुहोस् ।
- थप सहयोग आवश्यक बालबालिकाका अभिभावकलाई व्यक्तिगत अभिभावक शिक्षक बैठकको लागि निम्ता दिनुहोस् ।

**प्रतिबिम्बन** **(५ मिनेट)**

- नियमित अभिभावक बैठकसम्बन्धी केही प्रश्नहरूको चिठ्ठा बनाएर राख्नुहोस् र सहभागीहरूलाई स्वःस्फूर्त रूपमा चिठ्ठा लिएर उत्तर दिन लगाउनुहोस् ।

# कार्यगत सीमितताको प्रारम्भिक पहिचान

**दिन :** तेस्रो **सत्र :** तेस्रो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

कार्यगत सीमितता भनेको आत्म हेरचाह, बुझाइ र भाषाको प्रयोग, सिकाइ, गतिशीलता, आत्मनिर्देशन, स्वतन्त्र जीवनको लागि क्षमतासहित जीवनका प्रमुख गतिविधिको एक वा बढी क्षेत्रमा गतिविधि वा कार्य गर्न दीर्घकालीन असक्षमता हो । बालबालिकामा यस्तो असक्षमता शारीरिक अपाङ्गता, स्नायुसम्बन्धी समस्या वा अन्य अपाङ्गताका कारणले हुन्छ । कक्षा १ मा आउने बालबालिकाको कार्यगत सीमितताको प्रारम्भिक पहिचान गरी सोबमोजिमका सिकाइ रणनीतिहरू तय गर्नुपर्ने हुनाले त्यस्ता कक्षामा सहजीकरण गर्ने शिक्षकहरू यसका बारेमा जानकार हुनुपर्दछ। सोही प्रयोजनका लागि यो विषयवस्तु यहाँ राखिएको हो। निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको अनुसूचीमा रहेको कार्यगत सीमिततासम्बन्धी प्रश्नावली ४ वर्ष (६० महिना) मुनिका लागि रहेको छ भने कक्षा १ मा आउने बालबालिका ५ वर्षमाथिका रहेका हुनाले यहाँ प्रस्तुत गरेको प्रश्नावली फरक छ ।

## उद्देश्य

**यस सत्रपश्चात् सहभागीहरू निम्न कार्यमा सक्षम हुने छन् :**

- वासिङ्टन समूहको प्रश्नावलीहरूको प्रयोग गरेर बालबालिकाको कार्यगत सीमितता पहिचान गर्ने तरिका थाहा पाउन
- कार्यगत सीमितताताको तहबमोजिम बालबालिकाका लागि उपयुक्त क्रियाकलापहरू पहिचान गर्न
- अतिरिक्त आवश्यकता भएका बालबालिकासँग निर्माणात्मक मूल्याङ्कन गर्ने तरिकाहरू पहिचान गर्न

## मुख्य विषयवस्तु

- वासिङ्टन समूहको प्रश्नावलीमार्फत कार्यगत सीमितताको पहिचान
- कार्यगत सीमितता भएका बालबालिकाका लागि उपयुक्त क्रियाकलापहरू
- अतिरिक्त आवश्यकता भएका बालबालिकासँग निर्माणात्मक मूल्याङ्कन गर्ने तरिकाहरू

## सामग्री

- वासिङ्टन समूहको प्रश्नावली
- स्टिकी नोट्स

## सहजीकरण क्रियाकलापहरू

**क्रियाकलाप नं. १ : सोच (Think), जोडीमा छलफल गर (Pair), भन (Share)** **(५ मिनेट)**

- यी दुई प्रश्नहरू कार्यगत सीमितता भनेको के हो ? कार्यगत सीमितताका कारणहरू के के हुन सक्छन् ? चार्टपेपर वा सेतोपाटीमा लेख्नुहोस् ।
- सहभागीहरूलाई यी प्रश्नहरूका जवाफका लागि सोच (Think), जोडीमा छलफल गर (Pair), भन (Share) को प्रयोग गर्नुहोस् ।

- सहभागीहरूको जवाफ सुनिसकेपछि तल बाकसमा दिइएको कुरा देखाउनुहोस् र उनीहरूले दिएका जवाफ मिले नमिलेको छलफल गराउँदै निष्कर्ष बताउनुहोस् ।

> विभिन्न किसिमका अपाङ्गताका कारण बालबालिका आफ्ना दैनिक जीवनका क्रियाकलापहरू सहज तरिकाले गर्न सक्दैनन् । त्यसैलाई कार्यगत सीमितता भनिन्छ । कार्यगत सीमितताको मुख्य कारण अपाङ्गता नै हो । त्यस्तो अपाङ्गता शारीरिक, दृष्टिसम्बन्धी, सुनाइसम्बन्धी, श्रवणसम्बन्धी, स्वर र बोलाइसम्बन्धी, मानसिक वा मनोसामाजिकसम्बन्धी, बौद्धिकसम्बन्धी, अटिजम वा जुनसुकै प्रकारको हुनसक्छ ।

**क्रियाकलाप नं. २ : मस्तिष्क मन्थन** **(४० मिनेट)**

- बालबालिकामा रहेको कार्यगत सीमितता कसरी पहिचान गर्न सकिन्छ भनेर सहभागीहरूलाई सोधेर मस्तिष्क मन्थन क्रियाकलाप गराउनुहोस् ।
- केही सहभागीहरूको धारणा सुन्दै तलको बाकसमा रहेको कुरा प्रस्तुत गर्नुहोस् ।

> o विश्व स्वास्थ्य सङ्गठनकाअनुसार विश्वको जनसङ्ख्याको करिब १५ प्रतिशत मानिस कुनै न कुनै प्रकारको कार्यगत सीमिततासहित बाँचिरहेका छन्, जसमा २ देखि ४ प्रतिशत गम्भीर अपाङ्गता भएका व्यक्तिहरू छन् ।
>
> o सबै बालबालिकाकासँग आफ्नो क्षमताअनुसार सबै शैक्षिक क्रियाकलापहरूमा सहभागी हुने अधिकार हुन्छ । त्यसैले सम्भावित कार्यगत सीमितता भएका बालबालिकाको पहिचान गरी सिकाइमा सक्दो उत्तम तरिकाले सहभागी गराउनु आवश्यक हुन्छ ।
>
> o बालबालिकाको कार्यगत सीमितताको तह पहिचान गर्नका लागि वासिङ्टन समूहको प्रश्नावली उपयोग गर्ने गरिन्छ । उक्त प्रश्नावलीको प्रयोग गरी गरिने कार्यगत सीमितताको पहिचानले निम्न कुराहरूमा मद्दत गर्छ :
>   - बालबालिकालाई सघाउ पुग्ने सिकाइ वातावरण सिर्जना गर्न
>   - बालबालिकालाई आवश्यक पर्न सक्ने कुनै पनि सहयोगी सामग्री तथा उपकरणहरू उपलब्ध गराइएको सुनिश्चित गर्न
>   - सबै बालबालिकाका आवश्यकताहरू पूरा गर्ने अर्थपूर्ण सिकाइ क्रियाकलापहरूको प्रारूप तयार गर्न
>   - सबै बालबालिकालाई सही तहमा सिकाइ क्रियाकलाप गरिएको सुनिश्चित गर्न

- सहभागीहरूलाई तल दिइएको प्रश्नावली दिई आफैँ भर्दै अध्ययन गर्न र यी प्रश्नहरूको जवाफका सम्बन्धमा छलफल गराउनुहोस् ।

> **छलफलका लागि प्रश्नहरू**
>
> o यी प्रश्नहरू कोसँग सोधिन्छ ?
>
> o यी प्रश्नहरू सोध्नुभन्दा पहिले के के तयारी गर्नुपर्छ ?
>
> o यो (१⇨CF4) भनेको के हो ?
>
> o यो प्रश्नावलीको जवाफ १, २, ३, ४ वा ५ आएमा त्यसको अर्थ के हुन्छ ?

## बालबालिकाको कार्यगत सीमितताको प्रारम्भिक पहिचान प्रश्नावली (५ देखि १७ वर्ष उमेर समूह)

"म तपाईंको बालक/बालिकामा हुन सक्ने कठिनाइहरूका बारेमा केही प्रश्नहरू सोध्न चाहन्छु ।"

| सि.नं. | विषय वा प्रश्न | विवरण र प्रतिक्रिया | Question Skip Logic |
|---|---|---|---|
| | **दृष्टिसम्बन्धी** | | |
| **CF1.** | के (नाम) ले हेर्नका लागि चस्मा वा कन्ट्याक्ट लेन्स लगाउँछन् ? | १. लगाउँछन्<br>२. लगाउँदैनन् | २⇨CF3 |
| **CF2.** | के (नाम) लाई चस्मा वा कन्ट्याक्ट लेन्स लगाउँदा पनि देख्नमा कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै देख्दैनन् | १⇨CF4<br>२⇨CF4<br>३⇨CF4<br>४⇨CF4 |
| **CF3.** | के (नाम) लाई देख्नमा कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै देख्दैनन् | |
| | **सुनाइसम्बन्धी** | | |
| **CF4.** | के (नाम) ले सुन्न सहयोग गर्ने यन्त्र (हियरिङ एड) प्रयोग गर्छन् ? | १. गर्छन्<br>२. गर्दैनन् | २⇨CF6 |
| **CF5.** | के (नाम) लाई सुन्न सहयोग गर्ने यन्त्र (हियरिङ एड) लगाउँदा पनि मानिसका आवाज वा गीतसङ्गीत जस्ता आवाज सुन्नमा कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै सुन्दैनन् | १⇨CF7<br>२⇨CF7<br>३⇨CF7<br>४⇨CF7 |
| **CF6.** | के (नाम) लाई मानिसका आवाज वा गीतसङ्गीत जस्ता आवाज सुन्नमा कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै सुन्दैनन् | |
| | **हिँड्डुलसम्बन्धी (मोबिलिटी)** | | |
| **CF7.** | के (नाम) ले हिँड्नका लागि कुनै सहायक सामग्री वा कसैको सहयोग लिन्छन् ? | १. लिन्छन्<br>२. लिँदैनन् | २⇨CF12 |
| **CF8.** | के (नाम) लाई कुनै प्रकारको उपकरण वा सहयोगविना समतल ठाउँमा १०० मिटर (अन्दाजी १४० पाइला) जति हिँड्नमा कठिनाइ छ ? | २. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै हिँड्न सक्दैनन् | ३⇨CF10<br>४⇨CF10 |
| **CF9.** | के (नाम) लाई कुनै प्रकारको उपकरण वा सहयोगविना समतल ठाउँमा ५०० मिटर (अन्दाजी ७०० पाइला) जति हिँड्नमा कठिनाइ छ ? | २. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै हिँड्न सक्दैनन् | |
| **CF10.** | के (नाम) लाई सहायक सामग्री तथा सहयोगसहित समतल ठाउँमा १०० मिटर (अन्दाजी १४० पाइला) हिँड्न कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै हिँड्न सक्दैनन् | ३⇨CF14<br>४⇨CF14 |
| **CF11.** | के (नाम) लाई सहायक सामग्री तथा सहयोगसहित समतल ठाउँमा ५०० मिटर (अन्दाजी ७०० पाइला) हिँड्न कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै हिँड्न सक्दैनन् | १⇨CF14<br>२⇨CF14<br>३⇨CF14<br>४⇨CF14 |

| सि.नं. | विषय वा प्रश्न | विवरण र प्रतिक्रिया | Question Skip Logic |
|---|---|---|---|
| CF12. | के (नाम) लाई उही उमेर समूहका बालबालिकाको तुलनामा समतल ठाउँमा १०० मिटर (अन्दाजी १४० पाइला) हिँड्न कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै हिँड्न सक्दैनन् | ३⇨CF14<br>४⇨CF14 |
| CF13. | के (नाम) लाई उही उमेर समूहका बालबालिकाको तुलनामा समतल ठाउँमा ५०० मिटर (अन्दाजी ७०० पाइला) हिँड्न कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै हिँड्न सक्दैनन् | |
| | **स्वहेरचाहसम्बन्धी** | | |
| CF14. | के (नाम) लाई आफैँ खानेकुरा खाने र कपडा लगाउने जस्ता स्वहेरचाहका कार्यमा कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै गर्न सक्दैनन् | |
| | **सञ्चार र बोधसम्बन्धी** | | |
| CF15. | के (नाम) ले बोलेका कुरा घरपरिवारका सदस्यहरूलाई बुझ्नमा कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै बुझ्दैनन् | |
| CF16. | के (नाम) ले बोलेको कुरा घरपरिवारभन्दा बाहिरका मानिसहरूलाई बुझ्नमा कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै बुझ्दैनन् | |
| | **सिकाइसम्बन्धी** | | |
| CF17. | के (नाम) लाई उही उमेरसमूहका बालबालिकाको तुलनामा नयाँ कुरा सिक्नमा कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै सक्दैनन् | |
| | **स्मरणसम्बन्धी** | | |
| CF18. | के (नाम) लाई उही उमेरसमूहका बालबालिकाको तुलनामा कुनै कुराहरू सम्झन कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै सम्झिदैनन् | |
| | **एकाग्रतासम्बन्धी** | | |
| CF19. | के (नाम) लाई आफूले गर्न रमाउने (रूचाउने) काममा ध्यानकेन्द्रित गर्नमा कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै ध्यानकेन्द्रित गर्दैनन् | |
| | **परिवर्तन स्वीकार्नेसम्बन्धी** | | |
| CF20. | के (नाम) लाई आफ्नो दैनिक कार्यतालिकामा हुने परिवर्तनलाई स्वीकार गर्नमा कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै स्वीकार गर्दैनन् | |

| सि.नं. | विषय वा प्रश्न | विवरण र प्रतिक्रिया | Question Skip Logic |
|---|---|---|---|
| | **व्यवहार नियन्त्रणसम्बन्धी** | | |
| CF21. | के (नाम) लाई उही उमेर समूहका बालबालिकाको तुलनामा आफ्नो व्यवहार नियन्त्रण (जस्तै-आफूले आफैँलाई चिथोर्ने) गर्नमा कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै नियन्त्रण गर्दैनन् | |
| | **साथी बनाउनेसम्बन्धी** | | |
| CF22. | के (नाम) लाई साथी बनाउन कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै बनाउँदैनन् | |
| | **चिन्तासम्बन्धी** | | |
| CF23. | (नाम) कत्तिको हतोत्साहित हुने, आत्तिने वा चिन्तित हुने गर्दछन् ? | १. दैनिक<br>२. साप्ताहिक<br>३. मासिक<br>४. वर्षमा केही पटक<br>५. कहिल्यै पनि हुँदैनन् | |
| CF24. | (नाम) कत्तिको बढी दु:खी वा निराश देखिन्छन् ? | १. दैनिक<br>२. साप्ताहिक<br>३. मासिक<br>४. वर्षमा केही पटक<br>५. कहिल्यै पनि हुँदैनन् | |

- सहभागीहरूको जवाफ सुन्दै तलको बाकसमा दिइएबमोजिमको निष्कर्ष बताउनुहोस् ।

o यी प्रश्नहरू बालबालिकाको बारेमा पूर्ण जानकार रहेको शिक्षक वा अभिभावक/स्याहारकर्तासँग सोधिन्छ ।


o प्रश्नहरू पहिल्यै अध्ययन गरी अर्थ बुझ्ने गर्नुपर्छ । प्रश्नहरू कति प्रति आवश्यक पर्ने हो पहिल्यै तयार पार्नुपर्छ । प्रश्नहरूको जवाफ दिनका लागि चयन गरिएका व्यक्ति सम्बन्धित बालबालिकासँग पूर्ण रूपमा परिचित रहेको यकिन गर्नपर्छ । बालबालिकाको अवलोकन गर्न सकिने कुरा पनि सुनिश्चित गर्ने गर्नुपर्छ । प्रश्नहरूको जवाफ दिनका लागि शान्त स्थान छान्नुपर्छ ।

o यदि यो प्रश्नको जवाफ १ आयो भने सोझै CF4 मा रहेको प्रश्न सोध्ने गर्नुपर्छ ।

o यदि सबै क्षेत्रको प्रश्नको जवाफ केही गर्न सक्दैन वा धेरै मात्रामा कठिनाइ छ भन्ने किसिमको आयो र हेराइ, सुनाइ र हिँड्डाइ क्षेत्रमा केही मात्रामा समस्या छ भन्ने जवाफ आएमा त्यस्ता बालबालिकालाई तह १ का मानिन्छ । तह १ भनेको जटिल सहायता आवश्यक भएका बालबालिका हुन्, जसलाई दैनिक जीवनका सिपहरू सिक्न र विकास गर्नका लागि विभिन्न सहयोगको आवश्यकता पर्छ । यदि दुई वा दुईभन्दा बढी क्षेत्रमा (हेराइ, सुनाइ र हिँड्डाइ क्षेत्रबाहेक) केही मात्रामा कठिनाइ छ भन्ने खालका जवाफ आएमा त्यस्ता बालबालिकालाई तह २ का मानिन्छ । तह २ भनेको मध्यम कार्यगत सीमितता भएका बालबालिका हुन् जसलाई घर र विद्यालयमा केही थप शैक्षिक सहयोगको आवश्यता पर्छ । यदि कुनै एक क्षेत्र (हेराइ, सुनाइ र हिँड्डाइ क्षेत्रबाहेक) को प्रश्नमा केही मात्रामा कठिनाइ छ भने भन्ने खालका जवाफ आएमा त्यस्ता बालबालिकालाई तह ३ को मानिन्छ । तह ३ भनेको सामान्य कार्यगत सीमितता भएका बालबालिका हुन् जसलाई विशेष शैक्षिक सहयोगको आवश्यकता पर्दैन ।

**क्रियाकलाप नं. ३ : व्याख्यान** **(१५ मिनेट)**

- सहभागीहरूलाई तल दिइएको चित्र प्रस्तुत गर्नुहोस् र उक्त चित्रले बुझाउन खोजेको कुरा व्याख्या गर्न लगाउनुहोस् ।




- सहभागीहरूले भनेका कुराहरू समेट्दै तह १, २ र ३ को अर्थ र शिक्षकले गर्नुपर्ने कुराहरू तलको बाकसमा दिइएको कुरा समेत समावेश गरी निष्कर्ष बताउनुहोस् ।

> बालबालिकामा कार्यगत सीमितता छ भन्दैमा बालबालिकालाई मूल्याङ्कन तथा सिकाइ क्रियाकलापबाट अलग गर्नु हुँदैन । माथिको चित्रमा कार्यगत सीमितता भएका बालबालिकालाई कसरी समेट्ने भन्ने साधारण सुझाव दिइएको छ ।

**क्रियाकलाप नं. ४ : समूह कार्य** **(१५ मिनेट)**

- सहभागीहरूलाई उपयुक्त सङ्ख्या हुने गरी समूहमा विभाजन गर्नुहोस् र समूहमा छलफल गरी तल बाकसमा दिइएका ६ समूहका क्रियाकलापहरूका लागि तल दिइएका शीर्षकहरूमध्ये कुन मिल्छ, छान्न भन्नुहोस् ।

**शीर्षकहरू**

१. मनोसामाजिक चुनौती भएका बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू
२. सिकाइसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू
३. सञ्चार र भाषिक ढिलाइ भएका बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू
४. शारीरिक अपाङ्गता भएका बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू
५. सुस्त श्रवण भएका बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू
६. दृष्टिविहीन बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू

**बाकस १**

- कुरा गर्दा सँधै उनीहरूको नाम प्रयोग गर्ने
- दिइने निर्देशन सस्वर सुनाउने र बालबालिकाले गर्नुपर्ने कुरा बताउने
- बस्ने स्थानको उपयुक्त व्यवस्थापन गर्ने र निर्देशन दिँदा उनीहरूको छेउमै जाने
- कक्षाकोठामा राम्रो प्रकाशको व्यवस्था भएको र सबै लेख्य वा चित्रात्मक सामग्रीमा राम्रो रङ संयोजन रहेको सुनिश्चित गर्ने
- सिकाइ स्थलमा अनावश्यक हल्ला हुन नदिने
- धारणाको बुझाइका लागि विभिन्न प्रकारका वास्तविक वस्तुहरू प्रयोग गर्ने
- बालबालिकालाई जानकारी नदिई कक्षाकोठामा कुनै पनि सामग्री यताउता नसार्ने
- आवश्यक परे बालबालिकाको हात वा काँधमा समातेर बाटो देखाउने वा बाटो पत्ता लगाउनका लागि उनीहरूले समात्न सक्ने गरी डोरी टाँग्ने

**बाकस २**

- दृश्यात्मक वातावरण उपलब्ध गराउन सकेसम्म दृश्य सामग्रीहरूको प्रयोग गर्ने
- दिइने निर्देशनमा चित्रात्मक सामग्री वा कक्षाकोठामा पाइने वास्तविक वस्तुहरूको प्रयोग गर्ने
- दैनिक क्रियाकलापहरूका साथै तिनका चरणहरू प्रस्तुत गर्न दृश्य सामग्रीहरूको उपयोग गर्ने
- बस्ने ठाउँको व्यवस्थापनमा ध्यान दिने र निर्देशन दिँदा बालबालिकाहरूको छेउमै जाने
- सिकाइ स्थलमा अनावश्यक हल्ला हुन नदिने
- निर्देशन दिनुअगावै बालबालिकाहरूको ध्यान आफूतर्फ आकर्षित गर्ने
- कुरा गरिरहँदा बालबालिकालाई तपाईंका ओठ पढ्न दिने, अर्थात सबैले देख्ने ठाउँमा बस्ने

**बाकस ३**

- बालबालिकालाई घुम्नका लागि खुला ठाउँ रहने गरी कक्षाकोठाको संरचना मिलाउने
- सहज तरिकाले बस्न मिलोस् भन्नाका लागि विविध प्रकारको व्यवस्था, जस्तैः सिरानी, गर्ने
- स्थूल अङ्ग र सूक्ष्म अङ्गको विकासका लागि विविध प्रकारका क्रियाकलाप गराउने
- आवश्यकताअनुसार बालबालिकाको हात खुट्टा समाई गति र दिशा लिन मद्दत गर्ने

**बाकस ४**

- निर्देशन दिँदा र नयाँ शब्दहरू सिकाउँदा चित्र र वास्तविक वस्तुहरूको उपयोग गर्ने
- निर्देशन दिने बहुउपायहरू प्रयोग गर्ने
- सङ्केतहरूसँगसँगै सामान्य भाषा र छोटा वाक्यहरू प्रयोग गर्ने
- बालबालिकासँग सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपूर्व र सञ्चालनका क्रममा आँखा जुधाएर कुराकानी गर्ने
- स्पष्ट बोल्ने र आवश्यकताअनुसार निर्देशन दोहोऱ्याउने
- अवलोकन गरेर वा भनेको कुरा दोहोऱ्याउन लगाई बालबालिकाले निर्देशनहरू बुझेको सुनिश्चित गर्ने
- बालबालिकालाई विचार अभिव्यक्त गर्न समय दिने, चित्र देखाएर विचार सङ्केत गर्ने जस्ता बहुउपायहरू प्रस्तुत गर्ने

**बाकस ५**

- सबै सिकाइ कार्यहरू र निर्देशनहरूलाई ससाना चरणहरूमा विभाजन गर्ने र व्याख्या गर्न चित्रहरूको प्रयोग गर्ने
- बालबालिकाले निर्देशनहरू बुझ्न बुझेको कुरा अवलोकन गरेर वा दोहोऱ्याउन लगाएर सुनिश्चित गर्ने
- बालबालिकाको ध्यान क्रियाकलापमै लगाउन सघाउने
- बालबालिकालाई विभिन्न सिपहरूको अभ्यास गर्न समय दिने
- बालबालिकाको कार्यमा नियमित पृष्ठपोषण गर्ने

**बाकस ६**

- बालबालिकालाई प्रोत्साहन र सहयोग उपलब्ध गराउने
- असल व्यवहारका लागि बालबालिकालाई धन्यवाद दिने
- अपेक्षित व्यवहारसहित बालबालिकाको नक्कल गर्ने
- बालबालिकाले उनीहरूका काम र तिनका परिणतिहरूबिचको सामान्य सम्बन्ध बुझेको कुरा सुनिश्चित गर्ने र यस्तो कार्य नियमित गराउने
- बालबालिकाको कार्यमा नियमित पृष्ठपोषण गर्ने

### क्रियाकलाप नं. ५ : छलफल (५ मिनेट)

- सहभागीहरूको समूह छलफलको निष्कर्ष सुनेर तलको बक्समा भएबमोजिमको उत्तर बताउनुहोस् । उत्तरका सम्बन्धमा आवश्यकताअनुसार छोटो छलफल गराउनुहोस् ।

| बाकस | शीर्षक |
|---|---|
| १. | ६. दृष्टिविहीन बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू |
| २. | ५. सुस्त श्रवण भएका बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू |
| ३. | ४. शारीरिक अपाङ्गता भएका बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू |
| ४. | ३. सञ्चार र भाषिक ढिलाइ भएका बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू |
| ५. | २. सिकाइसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू |
| ६. | १. मनोसामाजिक चुनौती भएका बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू |

### क्रियाकलाप नं. ६ : छलफल (१० मिनेट)

- सहभागीहरूलाई अतिरिक्त आवश्यकता भएका बालबालिकाको निर्माणात्मक मूल्याङ्कन गर्ने तरिकाहरू के के हुन सक्छन् भनी सोध्ने र हरेकलाई एउटा तरिका लेख्न लगाउनुहोस् ।
- सहभागीहरूले पहिचान गरेका तरिकाहरू भन्न लगाउँदै तलको बाकसमा भएका तरिकाहरूबाट अतिरिक्त आवश्यकता भएका बालबालिकाको निर्माणात्मक मूल्याङ्कन गर्ने तरिकाहरू प्रस्तुत गरी ती तरिकाहरू अपनाउन सकिने नसकिने सम्बन्धमा छोटो छलफल गराउनुहोस् ।

o प्रत्येक क्रियाकलापका निर्देशनहरू दोहोऱ्याउने र उनीहरूले बुझे नबुझेको सुनिश्चित गर्ने
o छोटा निर्देशनहरू दिने, निर्देशनहरू दिँदा बहुउपायहरू अपनाउने
o अतिरिक्त समय र अतिरिक्त अभ्यासको मौका दिने
o सहयोगी उपकरणहरू प्रयोग गर्न दिने
o धेरै प्रोत्साहन र सकारात्मक प्रतिक्रियाहरू दिने
o कक्षाकोठा बाहिरका क्रियाकलापका वैकल्पिक उपायहरूको खोजी र उपयोग गर्ने

**प्रतिबिम्बन** **(५ मिनेट)**

- प्रत्येक सहभागीलाई फरक फरक रङका दुईओटा स्टिकी नोटहरू दिनुहोस् । एउटा रङको जस्तै रातोमा उनीहरूले यो सत्रमा सिकेका कुरामध्ये सबैभन्दा रोचक लागेको एउटा कुरा र अर्को रङ जस्तै निलोमा उनीहरूले यो सत्रको विषयवस्तुमा थप जान्नुपर्ने कुरा र सिक्ने तरिकासमेत लेख्न लगाई सङ्कलन गर्नुहोस् ।

## पठन सामग्री

## प्रारम्भिक पहिचान प्रश्नावली प्रयोग मार्गदर्शनको विस्तृतीकरण (Q2Q Guideline) (५ देखि १७ वर्ष उमेर समूह)

| क्र.सं. | विषय वा प्रश्न | विवरण र प्रतिक्रिया | Question Skip Logic |
|---|---|---|---|
| म तपाईंको बालक/बालिकामा हुनसक्ने कठिनाइहरूका बारेमा केही प्रश्नहरू सोध्न चाहन्छु । | | | |
| **क्षेत्र (Domain)** | **दृष्टिसम्बन्धी** | यस क्षेत्रको उद्देश्य बालबालिकामा फरक-फरक मात्रामा हुने दृष्टिसम्बन्धी कठिनाइ पहिचान गर्नु हो । दृष्टिसम्बन्धी कठिनाइअन्तर्गत दिन वा रातमा देख्नमा हुने कठिनाइ, नजिक वा टाढाको वस्तु वा दृश्य देख्नमा हुने कठिनाइ, एउटा वा दुईओटै आँखाले देख्न सक्ने क्षमतामा कमी र सिधा हेर्दा आँखाले देख्नुपर्ने दायाँबायाँका वस्तुहरू वा दृश्यहरू देख्न सक्ने क्षमतामा सीमितता जस्ता कुराहरू पर्दछन् । | |
| **CF1.** | के (नाम) ले चस्मा लगाउँछन् ? (नोटः चस्मा भन्नाले पावरवाला चस्मा बुझ्नुपर्छ र कन्ट्याक्ट लेन्स भन्नाले हेर्न सजिलो होस् भन्नाका लागि आँखाभित्र राखिने एक पावरवाला लेन्स भन्ने बुझ्नुपर्दछ ।) | १. लगाउँछन्<br>२. लगाउँदैनन् | उत्तर २ हो भने सिधै प्रश्न नं. ३ मा जानुहोस् ।<br>२⇨CF3 |
| **CF2.** | के (नाम) लाई चस्मा वा कन्ट्याक्ट लेन्स लगाउँदा पनि देख्नमा कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै देख्दैनन् | उत्तर १ देखि ४ हो भने सिधै प्रश्न नं. ४ मा जानुहोस् ।<br>१⇨CF4<br>२⇨CF4<br>३⇨CF4<br>४⇨CF4 |
| **CF3.** | के (नाम) लाई देख्नमा कठिनाइ छ ? (नोटः यो प्रश्नको आशय चस्मा वा कन्ट्याक्ट लेन्स नलगाउँदा पनि देख्नमा कठिनाइ छ वा छैन भन्ने बुझ्नुपर्छ ।) | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै देख्दैनन् | |

| क्र.सं. | विषय वा प्रश्न | विवरण र प्रतिक्रिया | Question Skip Logic |
|---|---|---|---|
| **क्षेत्र (Domain)** | **सुनाइसम्बन्धी** | यस क्षेत्रको उद्देश्य बालबालिकामा हुने सुनाइ क्षमतामा ह्रास वा सुनाइसम्बन्धी कुनै पनि कठिनाइ पहिचान गर्नु हो । यसअन्तर्गत एक वा दुवै कानको सुन्ने क्षमतामा कमी, होहल्ला वा शान्त वातावरणमा सुन्न सक्ने क्षमतामा कमी अथवा विभिन्न स्रोतबाट आउने आवाजलाई छुट्याउन नसक्ने क्षमता जस्ता कुराहरू पर्दछन् । यस क्षेत्रले सुन्न सक्ने तर सुनेर नबुझ्ने र बुझेर पनि वेवास्ता गर्न खोज्ने बालबालिकालाई समेट्दैन ।<br>यी विषयहरूलाई सञ्चारसम्बन्धी क्षेत्रमा समेटिने छ । | |
| **CF4.** | के (नाम) ले सुन्न सहयोग गर्ने यन्त्र (हियरिङ एड) प्रयोग गर्छन् ?<br>(नोटः सुन्न सहयोग गर्ने यन्त्र भन्नाले सुन्ने क्षमता कम भएका व्यक्तिले आवाज सुन्नका लागि कानमा प्रयोग गर्ने यन्त्र वा साधन भन्ने बुझिन्छ ।) | १. गर्छन्<br>२. गर्दैनन् | उत्तर २ हो भने सिधै प्रश्न नं. ६ मा जानुहोस् ।<br>(२⇨CF6) |
| **CF5.** | के (नाम) लाई सुन्न सहयोग गर्ने यन्त्र (हियरिङ एड) लगाउँदा पनि मानिसका आवाज वा गीतसङ्गीत जस्ता आवाज सुन्नमा कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै सुन्दैनन् | उत्तर १ देखि ४ हो भने सिधै प्रश्न नं. ७ मा जानुहोस् ।<br>१⇨CF7<br>२⇨CF7<br>३⇨CF7<br>४⇨CF7 |
| **CF6.** | के (नाम) लाई मानिसका आवाज वा गीतसङ्गीत जस्ता आवाज सुन्नमा कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै सुन्दैनन् | |
| **क्षेत्र (Domain)** | **हिँड्डुलसम्बन्धी (मोबिलिटी)** | यस क्षेत्रको उद्देश्य बालबालिकाको शरीरका अङ्गहरूको चालमा हुने कठिनाइ (Gross Motor Difficulty) पहिचान गर्ने हो । शरीरको चालसम्बन्धी सीपको उपयुक्त मापन भनेको हिँडाइ हो किनभने यसमा गुरूत्वको विरूद्धमा शरीरको चाल, बल र सन्तुलनमा नियन्त्रण गर्ने एकीकृत क्षमताको आवश्यकता पर्छ । | |
| **CF7.** | के (नाम) ले हिँड्नका लागि कुनै सहायक सामग्री वा कसैको सहयोग लिन्छन् ?<br>(नोटः सहायक सामग्री भन्नाले व्यक्तिले हिँड्डुल गर्न प्रयोग गर्ने सामग्रीहरू बुझ्नुपर्छ, जस्तै- बैसाखी, वाकर, ह्वीलचेयर, क्यालिपर, लौरो आदि ।) | १. लिन्छन्<br>२. लिँदैनन् | उत्तर २ हो भने सिधै प्रश्न नं. १२ मा जानुहोस् ।<br><br>२⇨CF12 |

| क्र.सं. | विषय वा प्रश्न | विवरण र प्रतिक्रिया | Question Skip Logic |
|---|---|---|---|
| CF8. | के (नाम) लाई कुनै प्रकारको उपकरण वा सहयोगविना समतल ठाउँमा १०० मिटर हिँड्नमा कठिनाइ छ ?<br>(नोटः १०० मिटर भन्नाले अन्दाजी १४० पाइला समतल भूभागमा हिँड्ने भन्ने बुझ्नुपर्दछ र कसैको सहयोग भन्नाले हिँड्डुलका लागि लिइने मानवीय सहयोग भन्ने बुझ्नुपर्दछ, जस्तै- डोऱ्याउने, समातेर हिँड्ाउने, ह्वीलचेयर गुडाउन मद्दत गर्ने ।) | २. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै हिँड्न सक्दैनन् | उत्तर ३ वा ४ हो भने सिधै प्रश्न नं. १० मा जानुहोस् ।<br>३⇨CF10<br>४⇨CF10 |
| CF9. | के (नाम) लाई कुनै प्रकारको उपकरण वा सहयोगविना समतल ठाउँमा ५०० मिटर (अन्दाजी ७०० पाइला) हिँड्नमा कठिनाइ छ ? | २. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै हिँड्न सक्दैनन् | |
| CF10. | के (नाम) लाई सहायक सामग्री तथा सहयोगसहित समतल ठाउँमा १०० मिटर (अन्दाजी १४० पाइला) हिँड्न कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै हिँड्न सक्दैनन् | उत्तर ३ वा ४ हो भने सिधै प्रश्न नं. १४ मा जानुहोस् ।<br>३⇨CF14<br>४⇨CF14 |
| CF11. | के (नाम) लाई सहायक सामग्री तथा सहयोगसहित समतल ठाउँमा ५०० मिटर (अन्दाजी ७०० पाइला) हिँड्न कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै हिँड्न सक्दैनन् | उत्तर १ देखि ४ हो भने सिधै प्रश्न नं. १४ मा जानुहोस् ।<br>१⇨CF14<br>२⇨CF14<br>३⇨CF14<br>४⇨CF14 |
| CF12. | के (नाम) लाई उही उमेरसमूहका बालबालिकाको तुलनामा समतल ठाउँमा १०० मिटर (अन्दाजी १४० पाइला) हिँड्न कठिनाइ छ ?<br>(नोटः यस प्रश्नको आशय कुनै पनि सहायक सामग्री वा सहयोगविना हिँड्नमा हुने कठिनाइ बुझ्नुपर्छ ।) | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै हिँड्न सक्दैनन् | यदि उत्तर ३ वा ४ हो भने प्रश्न नं. १४ मा जानुहोस् ।<br>३⇨CF14<br>४⇨CF14 |
| CF13. | के (नाम) लाई उही उमेरसमूहका बालबालिकाको तुलनामा समतल ठाउँमा ५०० मिटर (अन्दाजी ७०० पाइला) हिँड्न कठिनाइ छ ?<br>(नोटः यस प्रश्नको आशय कुनै पनि सहायक सामग्री वा सहयोग बिना हिड्नमा हुने कठिनाइ बुझ्नुपर्छ ।) | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै हिँड्न सक्दैनन् | |

| क्र.सं. | विषय वा प्रश्न | विवरण र प्रतिक्रिया | Question Skip Logic |
|---|---|---|---|
| **क्षेत्र (Domain)** | **स्वहेरचाहसम्बन्धी** | संज्ञानलगायत अन्य क्षेत्रका कार्यगत कठिनाइको परिणामस्वरूप बालबालिकामा स्वः हेरचाहसम्बन्धी देखिने कठिनाइहरू पहिचान गर्नु यस क्षेत्रको मुख्य उद्देश्य हो । | |
| **CF14.** | के (नाम) लाई आफैँ खानेकुरा खाने र कपडा लगाउने जस्ता स्वःहेरचाहका कार्यमा कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै गर्न सक्दैनन् | |
| **क्षेत्र (Domain)** | **सञ्चार र बोधसम्बन्धी** | यस क्षेत्रको उद्देश्य बालबालिकाहरूको घर, समुदाय र विद्यालयमा अरूसँग सुचना र विचार आदानप्रदान गर्नमा हुने कठिनाइको पहिचान गर्नु हो । यसमा बालबालिकाहरूको दोहोरो सञ्चार गर्न सक्ने वा नसक्ने र सुचना लिन र दिनमा हुने कठिनाइ पहिचान गरिन्छ । | |
| **CF15.** | के (नाम) ले बोलेका कुरा घर परिवारका सदस्यहरूलाई बुझ्नमा कठिनाइ छ ?<br>(नोटः व्यक्तिको घरपरिवारमा बोल्ने र बुझ्ने भाषामा सञ्चार गर्दा पनि बुझ्नमा हुने कठिनाइ भन्ने बुझ्नुपर्छ ।) | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै बुझ्दैनन् | |
| **CF16.** | के (नाम) ले बोलेको कुरा घरपरिवारभन्दा बाहिरका मानिसहरूलाई बुझ्न कठिनाइ छ ?<br>(व्यक्तिको घर परिवारमा बोलिने भाषामा सञ्चार गर्दा पनि घरपरिवारभन्दा बाहिरका व्यक्तिले बुझ्नमा हुने कठिनाइ भन्ने बुझ्नुपर्छ ।) | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै बुझ्दैनन् | |
| **क्षेत्र (Domain)** | **सिकाइसम्बन्धी** | यस क्षेत्रले बालबालिकामा भएका संज्ञानात्मक कठिनाइका कारणले सिकाइमा हुने कठिनाइ पहिचान गर्दछ । बालबालिकाले सिकेका सिपलाई विद्यालयमा हुने वा अन्य क्रियाकलाप वा खेलमा प्रयोग गर्न सक्दछन् । | |
| **CF17.** | के (नाम) लाई उही उमेर समूहका बालबालिकाको तुलनामा नयाँ कुरा सिक्नमा कठिनाइ छ ?<br>(नोटः नयाँ सूचना, भाषा, गणना, धारणा आदि सिक्नमा कठिनाइ भन्ने बुझ्नुपर्छ ।) | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै सिक्दैनन् | |

| क्र.सं. | विषय वा प्रश्न | विवरण र प्रतिक्रिया | Question Skip Logic |
|---|---|---|---|
| **क्षेत्र (Domain)** | **स्मरणसम्बन्धी** | यस क्षेत्रका प्रश्नहरू कुनै घट्ना वा कार्यलाई स्मरण गर्न र संज्ञानात्मक कठिनाइ भएका बालबालिकाहरूको पहिचान गर्नेसँग सम्बधित छन् । सम्झिने काम र स्मरण शक्तिलाई समान रूपले हेर्न मिल्दैन । | |
| **CF18.** | के (नाम) लाई उही उमेर समूहका बालबालिकाको तुलनामा कुनै कुरा सम्झन कठिनाइ छ ? (नोटः व्यक्तिले सिकेका कुराहरू सम्झनामा हुने कठिनाइ भन्ने बुझिन्छ ।) | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै सम्झिदैनन् | |
| **क्षेत्र (Domain)** | **एकाग्रतासम्बन्धी** | यो क्षेत्रले बालबालिकामा भएको एकाग्रतासम्बन्धी कठिनाइ पहिचान गर्दछ जुन कठिनाइले उनीहरूको सिकाइमा र अन्य व्यक्तिहरूसँगको अन्तर्क्रिया तथा समुदायमा सहभागी हुन सक्ने क्षमतालाई सीमित गर्दछ । यस क्षेत्रअन्तर्गत काममा एकाग्र हुन नसक्ने र प्रायःजसो सानोतिनो गल्तीहरू दोहोऱ्याइरहने, छिटो छिटो काममा अरुचि देखाउने, नसुन्ने, अव्यवस्थित हुने, बिर्सने तथा सजिलै विचलित हुने जस्ता कठिनाइहरू पर्दछन् । यस प्रकारको कठिनाइ सामान्यतया एकाग्र नहुने र अति सक्रिय हुने अपाङ्गतासँग जोडिन्छ, जस्तै- पढाइ, गणना र नयाँ कुरा सिक्नमा कठिनाइ हुनु । | |
| **CF19.** | के (नाम) लाई आफुले गर्न रमाउने (रुचाउने) काममा ध्यानकेन्द्रित गर्नमा कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै ध्यानकेन्द्रित गर्न सक्दैनन् | |
| **क्षेत्र (Domain)** | **परिवर्तनलाई स्वीकार्नेसम्बन्धी** | यस क्षेत्रले परिवर्तनलाई स्वीकार्न नसक्ने संज्ञानात्मक वा संवेगात्मक कठिनाइहरू पहिचान गर्छ । यसअन्तर्गत संलग्न भैरहेको गतिविधि भन्दा अर्को गतिविधि गर्न सधैँ अस्वीकार गर्ने वा कार्यतालिकामा रहेको काम गर्न पनि अस्वीकार गर्ने जस्ता कठिनाइहरू हुन सक्छन् । यसले बालबालिकाहरूले गर्नुपर्ने खास क्रियाकलापहरूमा सहभागी हुने क्षमतामा कमी ल्याउँछ ।<br>यी प्रश्नहरूले अटिजम भएका बालबालिकाको स्वभावलाई समेट्दछ, जस्तै-अटिजम भएका बालबालिकाहरूमा दैनिक क्रियाकलाप गर्न अस्वीकार गर्ने वा नमान्ने स्वभाव हुन्छ । तर यी प्रश्नहरूले बालबालिकाहरूको केही कुरामा जिद्दी गर्ने स्वभावलाई समेट्दैन । | |
| **CF20.** | के (नाम) लाई आफ्नो दैनिक कार्यतालिकामा हुने परिवर्तनलाई स्वीकार गर्नमा कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै स्वीकार गर्दैनन् | |

| क्र.सं. | विषय वा प्रश्न | विवरण र प्रतिक्रिया | Question Skip Logic |
|---|---|---|---|
| **क्षेत्र (Domain)** | **व्यवहार नियन्त्रणसम्बन्धी** | यस क्षेत्रको उद्देश्य बालबालिकाको त्यस्ता व्यवहारजन्य कठिनाइ पहिचान गर्नु हो जसले उनीहरूको अरूसँग सही तरिकाले गरिने व्यवहारहरूलाई सीमित गर्छ । साना बालबालिकाहरूको सन्दर्भमा यसअन्तर्गत अरूलाई लात्तिले हान्ने, टोक्ने र हिर्काउने जस्ता क्रियाकलापहरू पर्छन् । ठूला बालबालिकाको हकमा यसअन्तर्गत झुट बोल्ने, झगडा गर्ने, गिज्याउने, घरबाट टाढा भाग्ने, विद्यालय छोडेर भाग्ने, खेल्दा पालो मिच्ने लगायतका व्यवहारहरू पर्दछन् । | |
| **CF21.** | के (नाम) लाई उही उमेरसमूहका बालबालिकाको तुलनामा आफ्नो व्यवहार नियन्त्रण गर्नमा कठिनाइ छ ?<br>(नोटः झुट बोल्ने, झगडा गर्ने, गिज्याउने, घरबाट टाढा भाग्ने, विद्यालय छोडेर भाग्ने, खेल्दा पालो मिच्ने) | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै नियन्त्रण गर्दैनन् | |
| **क्षेत्र (Domain)** | **साथी बनाउनेसम्बन्धी** | यो क्षेत्रको बालबालिकाको अन्य बालबालिकासँगको सामाजिकीकरणको अवस्था र यसले बाल्यावस्थाका क्रियाकलापमा सहभागी हुनसक्ने क्षमता पहिचान गर्दछ । | |
| **CF22.** | के (नाम)लाई साथी बनाउन कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै बनाउँदैनन् | |
| **क्षेत्र (Domain)** | **चिन्तासम्बन्धी (संवेग र भावनासम्बन्धी)** | यस क्षेत्रले बालबालिकामा उनीहरूको संवेग/भावनाहरूको अभिव्यक्ति र व्यवस्थापन गर्न कठिनाइ भए/नभएको पहिचान गर्छ । सबै बालबालिकामा केही न केही चिन्ता हुन्छ । उनीहरूले आफू दुःखी भएको अनुभव गर्न सक्छन् । चिन्ता वा दुःखका कारण बेचैन हुने, निदाउन कठिनाइ हुने, ध्यान केन्द्रित गर्न कठिनाइ हुने, थकित हुने, झिजो मान्ने र सहन नसक्ने जस्ता कठिनाइहरू हुन सक्छन् । यसले बालबालिकाको पठनपाठन र सामाजिक विकासमा प्रतिकूल असर पार्दछ । | |
| **CF23.** | (नाम) कत्तिको हतोत्साहित हुने, आत्तिने वा चिन्तित हुने गर्दछन् ? | १. दैनिक २. साप्ताहिक ३. मासिक<br>४. वर्षमा केही पटक ५. कहिल्यै पनि हुँदैनन् | |
| **CF24.** | (नाम) कत्तिको बढी दुःखी वा निराश देखिन्छन् ? | १. दैनिक २. साप्ताहिक ३. मासिक<br>४. वर्षमा केही पटक<br>५. कहिल्यै पनि देखिदैनन् | |

# बालबालिकाको सिकाइ तथा विकास मूल्याङ्कनमा आधारित प्रशिक्षकद्वारा कक्षा प्रदर्शन

**दिन :** चौथो **सत्र :** पहिलो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

यो सत्रमा कक्षा एकमा रहेका बालबालिकाका लागि प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणमा आधारित निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाका १९ ओटा सूचकहरूमध्ये ६ ओटा सूचकहरूभित्र रहेका विभिन्न सिकाइ क्रियाकलापहरूको नमुना प्रदर्शन गरिने छ । यो अभ्यासबाट सहभागीहरूमा बालबालिकाको स्तर मापन गर्ने सिपको विकास हुने अपेक्षा राखिएको छ ।

## उद्देश्य

**यस सत्रपश्चात् सहभागीहरू निम्न कार्यमा सक्षम हुने छन् :**

- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको ६ ओटा विशिष्ट पक्षहरूका सूचकहरूका क्रियाकलाप गर्न
- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको ६ ओटा विशिष्ट पक्षका सूचकहरूका क्रियाकलापका आधारमा बालबालिकाको स्तर मापन गर्न

## मुख्य विषयवस्तु

- स्थल अङ्गको विकासको क्रियाकलाप प्रदर्शन
- सुक्ष्म अङ्गको विकास क्रियाकलाप प्रदर्शन
- इन्द्रिय अङ्गको विकास क्रियाकलाप प्रदर्शन
- व्यक्तिगत सरसफाइ क्रियाकलाप प्रदर्शन गत सरसफाइ
- सुरक्षित अभ्यास क्रियाकलाप प्रदर्शन
- सुनाइ क्रियाकलाप प्रदर्शन

## सामग्री

- चक/खरी र भकुण्डो
- प्वालसहितका दाना वा बोतलको बिर्को/मकैको खोया, तार, खेल्न मिल्ने पिठोको डल्लो, रङ्गीन सिसाकलम
- स्थानीय स्तरमा उपलब्ध सामग्रीहरू (प्लेट, सुगन्धित वा दुर्गन्धित, खस्रो वा चिप्लो, विभिन्न किसिमका आवाज आउने बट्टाहरू, स्वादको लागि फरक स्वादका फलफूल, ५ ओटा टोकरी वा सानो भाँडा)
- साबुन, ब्रस, मञ्जन आदिका चित्रपत्ती र ठोस वस्तुहरू
- सुरक्षित अभ्याससम्बन्धी दृश्य सामग्रीहरू, चित्रपत्ती, हाते रुमाल
- कुनै पनि बालकथाको पुस्तक

## सहजीकरण क्रियाकलाप


**क्रियाकलाप नं. १ : स्थूल अङ्गको विकास** **(१५ मिनेट)**

*(**सूचक :** बालबालिकाले हिँड्ने, उफ्रने, कुद्ने, उफ्रँदै हिँड्ने, भकुन्डोलाई खुट्टाले हान्ने, समाउने र फाल्ने जस्ता विभिन्न क्रियाकलापमा सरिक हुनठूला मांसपेशीहरूलाई सन्तुलित र संयोजित रूपमा प्रयोग गर्न सक्दछन् ।)*

**विधि :** खेल

१. सबै सहभागीहरूलाई गोलो घेरामा उभ्याउनुहोस् र भन्नुहोस्, "अब हामी सिकाइ तथा विकास मापदण्ड अन्तर्गतको स्थूल अङ्गको विकासभित्रको माथि उल्लिखित सुचक मापन गर्ने मूल्याङ्कन क्रियाकलापको अभ्यास गर्न गइरहेका छौँ ।" सुरुआत चरणको मापन गर्नलाई १ नं. भित्र विकल्प १ र विकल्प २ क्रियाकलाप गराउछौँ । प्रगति भइरहेको मापन गर्नका लागि २ नं. गराउछौँ । अगाडि बढिरहेको स्तरमा राख्नका लागि ३ नं. गराउछौँ र प्राथमिक विद्यालयका लागि तयार पनि ३ नं.बाट नै मापन गर्दछौँ । बालबालिकालाई गराउनका लागि निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. २३ र २४ का निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्नुहोस् । (सहभागीहरूलाई क्रियाकलाप गरिरहँदा एक अथवा दुईजनालाई क्रियाकलाप गर्न नसक्ने अभिनय गर्नको लागि निर्देशन दिनुहोस्: जस्तै उफ्रन नसक्ने, लड्ने आदि ।)

**विकल्प १:** सहभागीहरूलाई हात समातेर गोलो घेरामा उभिन लगाउनुहोस् । हात तल झार्दै दायाँ हातले बायाँ काँध र बायाँ हातले दायाँ काँधमा छुनुहोस् र सर्तक अवस्थामा उभिनुहोस् । त्यसपछि अगाडि पछाडि गरी उफ्रिएर सहभागीहरूलाई देखाउनुहोस् र उफ्रन लगाउनुहोस् । यो क्रियाकलाप ५पटक दोहोऱ्याउनुहोस् ।



**विकल्प २ :** ८ जना सहभागीहरूलाई २ लाइनमा उभ्याउन लगाउनुहोस् । प्रत्येक सहभागीलाई आफू अगााडि ठूलो गोलो घेरा वा आयातकार घेरा बनाउन लगाउनुहोस् र आफूले बनाएको गोलो वा आयातकार घेरा अगाडि उभिन लगाउनुहोस् ।

- उनीहरूलाई दुवै खुट्टा प्रयोग गरी गोलो घेराभित्र अनि त्यसपछि चित्रमा देखाइए जस्तै गरी अर्को गोलो घेरामा उफ्रन लगाउनुहोस् । यी निर्देशनहरू ५ पटक दोहोऱ्याउनुहोस् । उफ्रिने पालो पर्खिरहेका सहभागीहरूलाई गोलो घेरा अघि उभिएका र उफ्रिरहेका साथीहरूका लागि ताली बजाउन प्रोत्साहित गर्नुहोस् ।
- सहभागीहरूको अवलोकन गर्नुहोस् । सन्तुलन नगुमाई को उफ्रन सक्यो र को सकेन याद गर्नुहोस् ।
    - o उफ्रन नसक्ने, लड्ने वा आफ्नो सन्तुलन कायम राख्न नसक्ने सहभागी छन् भने सुरुआत चरणमा राख्नुहोस् । (उफ्रने जस्तो स्थूल अङ्गको क्रियाकलापमा सीमित सन्तुलन सुरुआत अवस्थामा पर्दछ भनी सहभागीहरूलाई प्रष्ट पार्नुहोस् र सहभागीहरूलाई पहिलो मापन स्तर भएको पनि भन्नुहोस् ।)
    - o नलडी उफ्रन सक्ने र आफ्नो सन्तुलन कायम गर्ने सहभागी छन् भने तल दिइएको २ नं. लाई निरन्तरता दिनुहोस् ।



२. भुइँमा ठूलो गोलो घेरा बनाउनुहोस् । गोलो घेराको वरिपरि सबै सहभागीहरूलाई गोलाकारमा उभिन लगाउनुहोस् । सहभागीलाई भुइँमा कोरिएको गोलो घेरा वरिपरि तपाईंको तालीको गतिसँगै छिटो छिटो घुम्न भन्नुहोस् । तपाईंले ताली बजाउन रोकी 'मूर्ति बन' भन्दा उनीहरू जस्तो अवस्थामा छन्, त्यही अवस्थामा रोकिनुपर्ने र फेरि ताली नबज्दासम्म नहल्ली बस्न भन्नुहोस् । यो 'मूर्ति बन' भन्ने क्रियाकलाप पाँच पटकसम्म दोहोऱ्याउनुहोस् ।

- सहभागीहरूलाई अवलोकन गर्नुहोस् । पाँच सेकेन्डसम्म शरीरमा नियन्त्रण र सन्तुलन कायम राख्न 'को को सक्षम छन् र को को छैनन्' भन्ने याद गर्नुहोस् ।
    - o ताली बज्न रोकिएपछि वा 'मूर्ति बन' भन्दा पाँच सेकेन्डसम्म शरीरमा नियन्त्रण र सन्तुलन

कायम राख्न नसक्ने कुनै सहभागी छन् भने उनीहरूलाई सुरुआतमा राख्नुहोस् । (सुरुआत चरणमा स्तर मापन गरिएका सहभागीहरूलाई यस चरणमा अवलोकन नगराउनुहोस् । कति जना सहभागी सुरुआत चरणमा भए गन्ती गर्नुहोस् र टिपोट गर्नुहोस् ।)

- o ताली बज्न रोकिएपछि वा 'मुर्ति बन' भन्दा पाँच सेकेन्डसम्म शरीरमा नियन्त्रण र सन्तुलन कायम राख्ने बाँकी सहभागीहरूलाई ३ नं.को मा सहभागी गराउनुहोस् । (माथि स्तर मापन भई सकेका सबै सहभागीहरू पनि सहभागी गराउन जरुरी छ तर स्तर मापन नभएका सहभागीहरूलाई मात्र अवलोकन गर्नुहोस् ।)

३. गोलो घेराहरू/आयाताकारहरूमध्ये कुनै एउटालाई छान्नुहोस् (त्यसको वरिपरि प्रस्ट रेखा कोर्नुहोस् र त्यो गोलाकार/आयाताकारलाई चिनो लगाउनुहोस् ।)

- पत्रिकाका पाना वा पुराना कागजबाट तयार गरिएको एउटा भकुन्डो (बल) दिनुहोस् ।
- त्यो गोलाकार/आयाताकारबाट तीन चार पाइला पछाडि सहभागीलाई उभिन लगाउनुहोस् ।
- छानिएको गोलाकार/आयाताकारभित्र पर्ने गरी ताकेर भकुन्डो फाल्न सहभागीलाई आग्रह गर्नुहोस् ।
- सहभागीलाई अवलोकन गर्नुहोस् । छानिएको आकारभित्र ताक्न र भकुन्डो फाल्न सहभागी सक्षम छन् कि छैनन् याद गर्नुहोस् ।
- यदि सहभागीहरूले ताली बज्न रोकिएपछि वा 'मूर्ति बन' भन्दा पाँच सेकेन्डसम्म शरीरमा नियन्त्रण र सन्तुलन कायम राख्न सक्छन् तर गोलाकार भित्र भकुण्डो फाल्न सक्दैनन् भने उनीहरूलाई अगाडि बढिरहेको अवस्थामा राख्नुहोस् ।
- यदि सहभागीले तोकिएको लक्ष्यमा भकुन्डो फाल्नुका साथै शरीरको सन्तुलन कायम गर्न सहभागी सक्षम छन् भने उनीहरू कक्षा १ का लागि तयार भएको बुझिनुपर्छ ।
  - o तपाईंको पटकपटकको अवलोकनमा आधारित हुँदा छानिएको गोलाकारमा ताक्न सक्षम हुने सहभागी छन् भने यसलाई कक्षा एकको एकीकृत पाठ्यक्रमअनुसार कक्षा सञ्चालन गर्न सक्षम छन् भने मापन गर्नुहोस् । यसै अनुरूप प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) भर्नुहोस् ।

### क्रियाकलाप नं. २ : सुक्ष्म अङ्गको विकास (१५ मिनेट)

*(**सूचक :** टाँक लाउने, बकल कस्ने, चेन लगाउने र तुना बाँध्ने जस्ता विभिन्न क्रियाकलापमा संलग्न हुँदा, रेखाङ्कन गरिएको ठाउँमा रङ संयोजन गर्दा र रङ भर्दा बालबालिकाले सुक्ष्म मांसपेशीहरू (जस्तै : औंलाहरू) नियन्त्रित र संयोजित रूपमा प्रयोग गर्न सक्दछन् ।)*

**विधि:** खेल

सबै सहभागीहरूलाई गोलो घेरामा उभ्याउनुहोस् र भन्नुहोस्, "अब हामी सिकाइ तथा विकास मापदण्ड अन्तर्गतको सुक्ष्म अङ्गको विकासभित्रको माथि उल्लिखित सूचक मापन गर्ने मूल्याङ्कन क्रियाकलापको अभ्यास गर्न गइरहेका छौं ।" सुरुआत चरणको मापन गर्नलाई १ नं. गराउछौं । प्रगति भइरहेको मापन गर्नका लागि २ नं. गराउछौं । अगाडि बढिरहेको स्तरमा राख्नका लागि ३ नं. गराउछौं र प्राथमिक विद्यालयका लागि तयार पनि ३ नं. बाट नै मापन गर्दछौं । बालबालिकालाई गराउनका लागि निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. २७ र २८ का निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्नुहोस् । (सहभागीहरूलाई क्रियाकलाप गरिरहँदा एक अथवा दुईजनालाई क्रियाकलाप गर्न नसक्ने अभिनय गर्नको लागि निर्देशन दिनुहोस्: जस्तै माला उन्न नसक्ने, माटोको सामान बनाउन नसक्ने आदि ।)

१. प्रत्येक सहभागीलाई ८ देखि १० ओटा मध्यम आकारका प्वालसहितका दाना/गोटी वा बोतलको बिर्को/मकैको खोया दिनुहोस् र तिनलाई डोरीमा उन्न भन्नुहोस् ।

- सहभागीलाई अवलोकन गर्नुहोस् । कसले गोटीहरू तारमा उन्न सके र कसले सकेनन् भन्ने याद गर्नुहोस् ।
    - o तारमा गोटीहरू उन्न नसक्ने सहभागी छन् भने "सुक्ष्म अङ्गसँग सम्बन्धित क्रियाकलापहरूका क्रममा साना मांसपेशीहरूको सीमित समन्वय" सुरुआत अवस्थामा पर्दछ भनी सहभागीहरूलाई प्रष्ट पार्नुहोस् र सहभागीहरूलाई पहिलो मापन स्तर भएको पनि भन्नुहोस् ।)
    - o तारमा गोटीहरू उन्न सक्ने सहभागी छन् भने २ नं. मा सहभागी गराउनुहोस् ।

२. सहभागीलाई खेल्न मिल्ने पिठोको डल्लो वा लेसिलो माटो दिनुहोस् । माथिको क्रियाकलापमा तारमा गोटीहरू उन्न सक्षम सहभागीलाई त्यो पिठोको डल्लो वा लेसिलो माटो प्रयोग गरी कुनै पनि ३/४ ओटा आकार वा वस्तुहरू बनाउन भन्नुहोस् । बाँकी सहभागीलाई पिठोको डल्लो वा लेसिलो माटोसँग उनीहरूले चाहेअनुसार खेल्न र त्यसलाई चलाएर हेर्न छोडिदिनुहोस् ।

- सहभागीलाई अवलोकन गर्नुहोस् । कसले पिठोको डल्लो वा लेसिलो माटो प्रयोग गरी ३/४ ओटा आकार वा वस्तु बनाउन सक्यो र कसले सकेन भन्ने याद गर्नुहोस् ।
    - o ३/४ ओटा आकार बनाउन नसक्ने सहभागी छन् भने "सुक्ष्म अङ्गसँग सम्बन्धित क्रियाकलापहरूका क्रममा साना मांसपेशीहरूको समन्वय" प्रगति भइरहेको अवस्थामा राख्नुहोस् ।
    - o पिठोको डल्लो वा लेसिलो माटो प्रयोग गरी ३/४ ओटा आकार वा वस्तु बनाउन सक्ने सहभागी छन् भने ३ नं. मा सहभागी गराउनुहोस् ।

३. माथिको क्रियाकलापमा ३/४ ओटा आकार वा वस्तु बनाउन सकेका सहभागीलाई एउटा आकार उपलब्ध गराउनुहोस् र त्यस आकारको रेखाभित्र मात्र पर्ने गरी रङ भर्न लगाउनुहोस् । अरू सहभागीलाई स्वतन्त्र चित्र बनाउन वा विभिन्न साना टुक्रा वस्तुहरू राखेर आकृति बनाउने क्रियाकलाप (विभिन्न आकार वा वस्तुको आकृति बनाउन साना ढुङ्गाहरू मिलाएर राख्ने) गर्न दिनुहोस् ।

- सहभागीलाई अवलोकन गर्नुहोस् र दिइएको आकारको भित्र मात्र पर्ने गरी रङ भर्न कसले सक्यो र कसले सकेन भनेर याद गर्नुहोस् ।
- तपाईंको पटकपटकको अवलोकनमा दिइएको आकारभित्र रङ भर्न सक्षम नभएका सहभागी छन् भने "जोड्न तोड्न मिल्ने वस्तुहरू चलाइरहँदा साना मांसपेशीहरूको समन्वय कायम" अगाडि बढिरहेको स्तरमा राखेको प्रष्ट पार्नुहोस् ।
- तपाईंको पटकपटकको अवलोकनमा दिइएको आकारभित्र रङ भर्न सक्षम भएका सहभागी छन् भने "साना गोटीहरू उन्ने, तुना बाँध्ने, रेखाभित्र रङ भर्ने र सबै आकारका वस्तुहरूको तह मिलाउने जस्ता मांसपेशीसँग सम्बन्धित विविध क्रियाकलापहरूका क्रममा राम्रो नियन्त्रण र समन्वय कायम" (प्राथमिक विद्यालयका लागि तयार) स्तरमा राखेको कुरा प्रष्ट पार्नुहोस् ।
    - o यसलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलिखित गर्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिको योजना बनाउनुहोस् ।

**क्रियाकलाप नं. ३ : इन्द्रिय अङ्गको विकास** **(१५ मिनेट)**

*(**सूचक** : बालबालिकाले विभिन्न इन्द्रिय अङ्गको विकास भएको प्रदर्शन गर्न सक्दछन् ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ३१ र ३२ मा रहेको निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्न नभुल्नु होला ।)

**विधि :** खेल

(यो क्रियाकलाप गर्नु अगावै दुई, तीन जना सहभागीको नाम टिपोट गर्नुहोस् र भन्नुहोस् "क्रियाकलाप गर्दा दिइएको निर्देशन पालना गर्न नसक्ने अभिनय गर्नुहोला ।")

१. सबै सहभागीका लागि विभिन्न इन्द्रिय अङ्गहरूको प्रयोग गरी वस्तु पहिचान गर्ने क्रियाकलापहरूको योजना बनाउनुहोस् । उदाहरणका लागि विभिन्न बनोट (खस्रो वा चिल्लो), गन्ध (सुगन्धित वा दुर्गन्धित), स्वाद (गुलियो वा नुनिलो वा अमिलो) का केही सामग्रीहरू जम्मा गर्नुहोस् । त्यस्तै विभिन्न प्रकारका आवाजका लागि (जस्तो- प्लेट वा तालीको आवाज, चर्को वा मधुरो आवाज) सामग्री व्यवस्था गर्नुहोस् ।

- सहभागीलाई (एकपटकमा एउटा क्रियाकलाप) बनोट वा आवाज वा गन्ध वा स्वाद पहिचान गर्न लगाउनुहोस् । उदाहरणका लागि सहभागीलाई दिएको सामग्री (बनोटको आधारमा नरम वा खस्रो) पहिचान गर्न उनीहरूलाई हातले छाम्न वा चलाउन लगाउनुहोस् । तपाईंले निकाल्नुभएको आवाज सुन्न र चिन्न दिनुहोस् । यी क्रियाकलापका लागि ती सहभागीलाई पटकपटक अवसर दिइरहँदा प्रत्येकपटक फरक इन्द्रिय अङ्गहरूको प्रयोग गराउनुहोस् र त्यसपछि पटकपटकको अवलोकनमा आधारित भएर प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा उनीहरूका अभिलेख राख्नुहोस् ।
  - o सहभागीले निश्चित सामग्रीको आवाज वा बनोट वा गन्ध वा स्वाद पहिचान गर्न सकेनन् भने सुरुआतको चरणमा राख्नुहोस् । जस्तै ताली, चुट्की, चम्चा र चम्चा ठोक्किँदा निस्कने आवाज आदि ।
  - o सहभागीले निश्चित सामग्रीको आवाज वा बनोट वा गन्ध वा स्वाद पहिचान गर्न सके भने २ नं.मा सहभागी गराउनुहोस् ।

२. सबै सहभागीलाई गोलो घेरामा बसाउनुहोस् । एकपटकमा एक सहभागीलाई (माथिको क्रियाकलापमा सबै इन्द्रिय अङ्गहरू प्रयोग गरी वस्तुहरू पहिचान गर्न सक्षम भएकाहरूलाई) अगाडि बोलाउनुहोस् र उनको आँखामा पट्टी बाँधिदिनुहोस् र कुनै एक इन्द्रिय गुणका आधारमा सामग्रीहरू छुट्याउन सक्छन् कि सक्दैनन् भन्ने हेर्न उनीलाई केही सामग्रीहरू दिनुहोस् । उदाहरणका लागि फरक फरक स्वादका ४-५ थरिका खानेकुरा (जस्तैः तरकारी वा फलफूल) वा फरक फरक बनोटका कपडा (नरम वा खस्रा) वा विभिन्न गन्धका चिजबिजहरू (धुप वा हिङ) वा विभिन्न आवाज निस्कने खेलौना (हल्लाउने बाजा वा चामल, साना टुक्राहरू वा सिक्कासहितका बोतलहरू) ।

- सहभागीले प्रत्येक चिजको स्वाद/गन्ध लिइरहँदा/सुन्दा/छाम्दा उस/उनलाई ती चिज के के हुन् भनेर चिन्न र तिनको स्वाद/गन्ध/बनोट/आवाजका आधारमा छुट्याई स्वाद/गन्ध/बनोट/आवाजको प्रकारअनुसार फरक फरक भाँडो/टोकरीमा राख्न भन्नुहोस् । सहभागीको आँखामा पट्टी बाँधिएको हुनाले ती सामग्रीहरूलाई विभिन्न भाँडामा राख्न उनीहरूलाई मद्दत गर्नुहोस् । अवलोकन गरिरहेका अन्य सहभागीसँग क्रियाकलापमा सहभागी साथीले के आधारमा ती चिज पहिचान गरे होला भनेर छलफल गर्न सक्नुहुन्छ । यसले गर्दा बाँकी अरूलाई फरक सिपहरू प्रयोग गरी ती चिज चिन्न मद्दत गर्ने छ । सहभागीलाई अवलोकन गर्नुहोस् र कुनै एक इन्द्रिय गुणका आधारमा सामग्रीहरू छुट्याउन कसले सके र कसले सकेनन् भनेर याद गर्नुहोस् ।
  - o कुनै सहभागीले सामग्रीको स्वाद/गन्ध/बनोट/आवाजका आधारमा तिनलाई छुट्याउन नसकेको अवस्थामा प्रगति भइरहेको चरणमा राख्नुहोस् ।
  - o सामग्रीको स्वाद/गन्ध/बनोट/आवाजका आधारमा तिनलाई छुट्याउन सक्ने सहभागीका लागि ३ नं. गराउनुहोस् ।

३. पाँच ओटा टोकरी वा कुनै भाँडो तयार पार्नुहोस् र प्रत्येकमा एक इन्द्रिय विशेषता (स्वाद, बनोट, गन्ध, आवाज, हेराइ) लेखेर टाँस्नुहोस् । अनि तालिम हलका विभिन्न भागमा तिनलाई राख्नुहोस् । सम्भव हुन्छ भने यी टोकरी/भाँडामा विभिन्न इन्द्रिय गुणका चित्रहरू टाँस्नुहोस् । यस क्रियाकलापका लागि विभिन्न इन्द्रिय विशेषताहरूसँग सम्बन्धित विभिन्न सामग्रीहरूसहितको तालिम हलको वातावरण तयार गर्नुहोस् ।

- सहभागीलाई स्वतन्त्र खेल वा इन्द्रिय विशेषताको कुनामा रहेका सामग्रीहरूको पहिचान गर्ने क्रियाकलापमा सहभागी गराउनुहोस् । सोही अवसरमा एकपटकमा एकजना सहभागीलाई बोलाउनुहोस् र त्यस वातावरणबाट बनोट, स्वाद, आवाज वा गन्धका आधारमा छुट्याउन सकिने सामग्री पहिचान गर्न, टिप्न अनि त्यो सामग्री कुन इन्द्रिय विशेषतामा पर्दछ भन्ने उसलाई लागेको छ, त्यही टोकरी वा भाँडोमा राख्न लगाउनुहोस् । ती सामग्री वा चिज निश्चित टोकरी/भाँडोमा राख्नाको कारणका सम्बन्धमा छलफल गर्नुहोस् ।
- सहभागीलाई अवलोकन गर्नुहोस् र सबै इन्द्रिय विशेषताहरूका आधारमा सामग्रीहरू छुट्याउन कसले सके र कसले सकेनन् भनेर याद गर्नुहोस् ।
    - o तपाईंको पटकपटकको अवलोकनमा कुनै दुई वा तीन इन्द्रिय गुणमा आधारित भएर वस्तुहरूको छनोट गर्न सक्ने सहभागीलाई अगाडि बढिरहेको अवस्थामा राख्नुपर्दछ भनी छलफल गर्नुहास् ।
    - o सबै इन्द्रिय विशेषताहरूका आधारमा सामग्रीहरू छुट्याउन सक्ने सहभागी छन् भने यस्ता सहभागीहरूलाई प्राथमिक विद्यालयको लागि तयार अवस्थामा राख्नुपर्दछ भनी छलफल गर्नुहोस् ।
    - o प्रशिक्षकले प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलेखीकरण गर्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिको योजना बनाउपर्छ भनी छलफल गर्नुहोस् ।

**क्रियाकलाप नं. ४: व्यक्तिगत सरसफाइ** **(१५ मिनेट)**

***(सूचक :** बालबालिकाले स्वतन्त्रतापूर्वक आधारभूत स्वावलम्बन सिपहरू (जस्तै: शौचालय जाने, लुगा लगाउने, खाना खाने, नुहाउने, कपाल कोर्ने, दाँत माभ्ने, खानाअघि र शौचालय प्रयोग गरेपछि हातहरू धुने) प्रयोग गर्न सक्छन् ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ३५ मा रहेको निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्न नभुल्नुहोला ।)

**विधि :** अवलोकन

नोट : सहभागीहरूलाई बालबालिकाको अवलोकन गर्दा एकपटक वा दुईपटकको अवलोकनले मात्र स्तर मापन गर्नुहुँदैन । उनीहरू बिहान आएदेखि दिनभरि गरिने क्रियाकलापमा सहभागी भएअनुसार र दुई अथवा तीन दिनको अवलोकनपश्चात् मात्र मापन गर्नुपर्दछ भनी बुझाउनुपर्दछ । अवलोकन विधि भएकाले मापन गर्ने तरिका बयान गरिदिए पुग्छ ।

१. सहभागीले स्वतन्त्र रूपमा आफैं आधारभूत स्वावलम्बन सिपहरू (शौचालय जाने, खाना खाने, खानाअघि र शौचालयपछि हात धुने आदि) प्रदर्शन गरिरहँदा उनीहरूलाई दिनभरि नै अवलोकन गरिरहनुहोस् । सम्पूर्ण सहभागीमध्ये व्यक्तिगत सरसफाइ सिपहरूसम्बन्धी अवलोकनका लागि तपाईंले ५-६ जना सहभागीको समूह छान्न सक्नुहुन्छ ।

- आधारभूत स्वावलम्बन सिपहरू प्रदर्शन गर्न नसक्ने सहभागीहरू छन् भने सुरुआत चरणमा राख्नुहोस् भनी छलफल गर्नुहोस् ।
- कसैको सहयोगमा आधारभूत स्वाबलम्बन सिपहरू प्रर्दशन गर्न सक्ने सहभागीहरू छन् भने प्रगति भइरहेको चरणमा राख्नुहोस् भनी छलफल गर्नुहोस् ।

- २-३ ओटा आधारभूत स्वावलम्बन सिपहरू आफैँ स्वतन्त्र ढङ्गले प्रदर्शन गर्न सक्ने सहभागीहरू छन् भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् भनी छलफल गर्नुहोस् ।
- अधिकांश वा सबै आधारभूत स्वावलम्बन सिपहरू आफैँ स्वतन्त्र ढङ्गले प्रदर्शन गर्न सक्ने सहभागीहरू छन् भने प्राथमिक विद्यालयका लागि तयार चरणमा राख्नुहोस् भनी छलफल गर्नुहोस् ।
- बहुपक्षीय अवलोकनमा आधारित भएर प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलेख राख्नुहोस् ।

**क्रियाकलाप नं. ५: सुरक्षित अभ्यास** **(१० मिनेट)**

*(**सूचक :** बालबालिकाले हाच्छिउँ गर्दा र खोक्दा आफ्नो नाक र मुख छोप्ने, धारिला वस्तुहरू छुनबाट टाढा रहने जस्ता सुरक्षित व्यवहार वा अभ्यास प्रदर्शन गर्न सक्छन् ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ३८ मा रहेको निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्नुहोस् ।)

**विधि :** अवलोकन

नोट : सहभागीहरूलाई बालबालिकाको अवलोकन गर्दा एकपटक वा दुईपटकको अवलोकनले मात्र स्तर मापन गर्नुहुदैँन । उनीहरू बिहान आएदेखि दिनभरि गरिने क्रियाकलापमा सहभागी भएअनुसार र दुई अथवा तीन दिनको अवलोकनपश्चात् मात्र मापन गर्नुपर्दछ भनी बुझाउनुपर्दछ । अवलोकन विधि भएकाले मापन गर्ने तरिका बयान गरिदिए पुग्छ ।

१. सहभागीलाई दिनभरि अवलोकन गर्नुहोस् र उनीहरूले हाच्छिउँ गर्दा नाक र मुख छोप्ने, छुरी, बिजुलीका तार, आगो जस्ता हानिकारक वा धारिला वस्तुहरूबाट टाढा रहने जस्ता विभिन्न सुरक्षित अभ्यासहरू कसरी प्रदर्शन गर्छन् भन्ने याद गर्नुहोस् । सम्पूर्ण सहभागीमध्ये व्यक्तिगत सरसफाइ सिपहरूसम्बन्धी अवलोकनका लागि तपाईंले ५-६ जना सहभागीहरूको समूह छान्न सक्नुहुन्छ ।

- सुरक्षित अभ्यास प्रदर्शन गर्न नसक्ने सहभागीहरू छन् भने सुरुआत चरणमा राख्नुहोस् ।
- कसैको सहयोगमा मात्र सुरक्षित अभ्यास प्रदर्शन गर्न सक्ने सहभागीहरू छन् भने प्रगति भइरहको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
- कहिलेकाहीँ मात्र सुरक्षित अभ्यासहरू स्वतन्त्र ढङ्गले पालना गर्न सक्ने सहभागीहरू छन् भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
- अधिकांश समय आफैँ सुरक्षित अभ्यासहरू पालना गर्न सक्ने सहभागीहरू छन् भने प्राथमिक विद्यालयको लागि तयार चरणमा राख्नुहोस् ।
- बहुपक्षीय अवलोकनमा आधारित भएर प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलेख राख्नुहोस् ।

**क्रियाकलाप नं. ६ : सुनाइ** **(१५ मिनेट)**

*(**सूचक** : बालबालिकाले कुराकानी वा कथाहरू ध्यानपूर्वक सुन्न र सम्बन्धित प्रश्नहरूमा प्रतिक्रिया जनाउन सक्दछन् ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ४० देखि ४१ सम्ममा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्नुहोस् ।)

**विधि :** कथा, खेल

१. सबै सहभागीलाई कुनै सामान्य तर रमाइलो कथा सुनाउनुहोस् । यस क्रियाकलापको अर्को स्तरमा जानुअघि यो कथा कम्तीमा २-३ पटक (केही समयभित्रमा) सुनाउनुहोस् ।

- कथा सुनिरहँदा सहभागीले कत्तिको ध्यान दिइरहेका छन् भनेर अवलोकन गर्नुहोस् । उनीहरूको अनुहारको भाव, शारीरिक अभिव्यक्ति, हाउभाउमा ध्यान दिनुहोस् । तपाईंले कथा सुनाउँदा सहभागीले प्रश्न गर्छन् वा ध्यान दिँदैनन्, जस्तैः अरू सहभागीसँग गफ गर्ने वा खेलौनासँग खेल्ने वा अन्य क्रियाकलापमा आफूलाई व्यस्त राख्ने गर्छन् कि हेर्नुहोस् ।
    - o कथा सुनिरहँदा ध्यान नदिने सहभागी छन् भने सुरुआत चरणमा राख्नुहोस् ।
    - o कथा सुनिरहँदा ध्यान दिने सहभागी छन् भने २ नं.लाई निरन्तरता दिनुहोस् ।

२. कथा सुनाउँदा ध्यान दिने सहभागीलाई छनोट गर्नुहोस् । छनोट भएकामध्ये एकपटकमा एकजनालाई निम्नानुसारका सामान्य/सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू सोध्नुहोस् :

- "पात्रको नाम के थियो ?" वा "कथामा कुनै निश्चित काम कसले गऱ्यो ?"
    - o सामान्य प्रश्नको जवाफ दिन नसक्ने तर सक्रियतापूर्वक सुन्ने सहभागी छन् भने प्रगति भइरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - o सामान्य प्रश्नको जवाफ दिन सक्ने सहभागी छन् भने अर्को बुँदामा रहेको प्रश्न सोध्नुहोस् ।
    - o सहभागीहरूले तपाईंको पटकपटकको कुराकानीअनुसार कथा र कुराकानी बुझ्छन् उत्तर पनि सामान्य र संक्षिप्त उत्तर पनि दिन्छन् जस्तैः "के होला ?, कहिले होला ?, को होला ?" भन्ने प्रतिक्रिया जनाउँछन् तर जटिल प्रश्नको उत्तर दिन सक्दैनन् भने यस्ता सहभागीहरूलाई अगाडि बढिरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
- उक्त बालबालिकालाई केही जटिल/व्याख्यात्मक उत्तर आउने प्रश्नहरू सोध्नुहोस् (जस्तैः "कुनै खास पात्रले किन कुनै काम (कथामा पात्रले गरेको) गऱ्यो ?" वा "पात्रलाई कस्तो लाग्यो होला भन्ने तिमीलाई लाग्छ ?")
    - o सहभागीहरूले तपाईंको पटकपटकको कुराकानीअनुसार कथा र कुराकानी बुझ्ने, जटिल/व्याख्यात्मक उत्तर आउने प्रश्नहरूमा (जस्तैः किन ? र कसरी ?) प्रतिक्रिया जनाउन सक्ने सहभागीहरू छन् भने प्राथमिक विद्यालयको लागि तयार चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - o तपाईंको पटकपटकको अवलोकनको आधारमा प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलेख गर्नुहोस् र सोही अनुरूप सिकाइ रणनीतिको योजना तयार गर्नुहोस् ।

## प्रतिबिम्बन (५ मिनेट)

- सहभागीहरूलाई गोलो घेरामा उभ्याउनुहोस् र माथि गरिएका क्रियाकलापअनुसार स्तर मापन गर्न सक्ने नसक्ने मेटाकार्डमा लेख्न लगाउनुहोस् ।

## पठन सामग्री

- निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. २३ देखि ४२ सम्म गहन अध्ययन गर्नुहोस् ।

# बालबालिकाको सिकाइ तथा विकास मूल्याङ्कनमा आधारित प्रशिक्षकद्वारा कक्षा प्रदर्शन

**दिन :** चौथो **सत्र :** दोस्रो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

यो सत्रमा कक्षा १ मा रहेका बालबालिकाका लागि प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणमा आधारित निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाका १९ ओटा सूचकहरूमध्ये ६ ओटा सूचकहरूभित्र रहेका विभिन्न सिकाइ क्रियाकलापहरूको नमुना प्रदर्शन गरिने छ । यो अभ्यासबाट सहभागीहरूमा बालबालिकाको स्तर मापन गर्ने सिपको विकास हुने अपेक्षा राखिएको छ ।

## उद्देश्य

**यस सत्रपश्चात् सहभागीहरू निम्न कुरामा सक्षम हुने छन् :**

- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको ६ ओटा विशिष्ट पक्षहरूका सूचकहरूका क्रियाकलाप गर्न
- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको ६ ओटा विशिष्ट पक्षका सूचकहरूका क्रियाकलापका आधारमा बालबालिकाको स्तर मापन गर्न

## मुख्य विषयवस्तु

- पूर्वपढाइ क्रियाकलाप प्रदर्शन
- पूर्वलेखाइ क्रियाकलाप प्रदर्शन
- संज्ञानात्मक सिप क्रियाकलाप प्रदर्शन
- वर्गीकरण क्रियाकलाप प्रदर्शन
- वैज्ञानिक खोज क्रियाकलाप प्रदर्शन
- दुरी र दिशा क्रियाकलाप प्रदर्शन

## सामग्री

- चित्र पुस्तक/कथा पुस्तक, वर्ण पत्ती/चार्ट, वर्णसँग जोडिने चित्रहरू
- कागज, रङ्गीन सिसाकलम, सिसाकलमहरू
- खाली कागजको पाना चित्रपत्ती
- स्थानीय रूपमा उपलब्ध सामग्रीहरू - उदाहरणका लागि पातहरू, ढुङ्गाहरू, गट्टाहरू
- फूलहरू, गोटीहरू, कपडाका टुक्राहरू, बोतलका बिर्काहरू, कलमहरू र ब्लकहरू
- विभिन्न प्रकारका मौसम देखाउने चित्रपत्ती र सम्बन्धित चित्रहरू
- एउटा भकुन्डो र एउटा किताब

## सहजीकरण क्रियाकलाप

**क्रियाकलाप नं. १ : पूर्वपढाइ** **(१५ मिनेट)**

*(**सूचक :** बालबालिका छापा सामग्रीसम्बन्धी जानकारी प्रदर्शन गर्न र चित्रहरूलाई वर्णहरूसँग जोड्न सक्षम छन् ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ४३ देखि ४४ सम्ममा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्नुहोस् ।)

**विधि :** समूहगत क्रियाकलाप

१. सहभागीलाई माथिको तल गरेर (उल्टो पारेर) कथाको किताब दिनुहोस् । सहभागीलाई किताबको आवरण पृष्ठ (गाता) देखाउन भन्नुहोस् ।

- किताबको आवरण पृष्ठ सुल्टो पारेर देखाउन नसक्ने वा पहिलो पाना चिन्ने सहभागी भए सुरुआत चरणमा राख्नुपर्दछ भनी छलफल गर्नुहोस् ।
- किताबको आवरण पृष्ठ सुल्टो पारेर देखाउन सक्ने सहभागी भए २ नं. गराउनुहोस् ।

२. किताबको आवरण पृष्ठ सुल्टो पारेर देखाउन सक्ने सहभागीलाई "मैले कथा पढ्न चाहेँ भने कहाँबाट पढ्न सुरु गर्नुपर्छ ?" भनेर सोध्नुहोस् ।

- पहिलो शब्द पढ्नुहोस् र त्यसपछि के पढ्नुपर्छ भनेर सोध्नुहोस् ।
    - o सहभागी चित्र र पाठबिचको फरक पहिचान गर्न नसक्ने भए सुरुआत चरणमा राख्नुहोस् ।
    - o सहभागीले चित्र र पाठबिचको फरक पहिचान गरी अब पढ्नु पर्ने भनी पाठ देखाउन सके भने यही विशिष्ट पक्ष/सक्षमताअन्तर्गतको अर्को क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।

३. किताबको पृष्ठमा भएको लिखित पाठ पढ्नुहोस् ।

- माथिको क्रियाकलापमा पाठलाई चित्रबाट अलग गर्न सकेका सहभागीलाई "म अब के गर्छु ? यहाँबाट कतातिर पढ्दै जान्छु ?" भनेर सोध्नुहोस् ।
    - o सहभागीले पढ्ने दिशा बताउन सकेनन् भने प्रगति भइरहेको चरणमा राख्नुहोस् ।
    - o सहभागीले पढ्ने दिशा बताउन सके भने ४ नं. लाई निरन्तरता दिनुहोस् ।

४. माथिको क्रियाकलापमा पाठको दिशा बताउन सक्ने सहभागीको अगाडि वर्णपत्ती/चार्ट राखिदिनुहोस् ।

- सहभागीलाई चार्टबाट ५-६ ओटा वर्णहरू पहिचान गर्न/चिन्न लगाउनुहोस् ।
- पहिचान गरेका वर्णहरू सहभागीको अगाडि राख्नुहोस् । अब केही चित्रपत्तीहरू उनीहरूका अगाडि राख्नुहोस् र चित्र चिन्न लगाउनुहोस् । चित्रको पहिलो वर्णका आधारमा उनीहरूलाई वर्णपत्ती र चित्रपत्तीको जोडा मिलाउन लगाउनुहोस् ।
    - o सहभागीले पढ्ने र पाठको दिशा (लेखाइ कताबाट कतापट्टि जान्छ) बताउन सके भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् ।
    - o अक्षरहरूलाई सही तरिकाले पहिचान गर्ने र तिनलाई चित्रहरूसँग जोडा मिलाउन सक्ने सहभागीहरू छन् भने प्राथमिक विद्यालयका लागि तयार चरणमा राख्नुहोस् ।
    - o तपाईंको पटकपटकको अवलोकनको आधारमा सहभागी सबै वर्णहरू चिन्न र तिनलाई सम्बन्धित चित्रसँग जोडा मिलाउन सक्दैनन् भने यसलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलेख गर्नुहोस् र सोही अनुरूप सिकाइ रणनीतिको योजना तयार गर्नुहोस् ।

**क्रियाकलाप नं. २ : पूर्वलेखाइ** **(१५ मिनेट)**

***(सूचक :** बालबालिकाले पूर्वलेखाइका सिपहरू प्रदर्शन गर्न सक्दछन् ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ४६ मा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्नुहोस् ।)

**विधि :** व्यक्तिगत खेल

१. प्रत्येक सहभागीलाई कागजको टुक्रा र रङ्गीन सिसाकलम/सिसाकलम/रङ भर्न मिल्ने कलम दिनुहोस् ।

उनीहरूलाई मन लागेको केही चित्र बनाउन र उनीहरूले के बनाए भन्नेबारेमा केही लेख्न भन्नुहोस् । उनीहरूले आफ्ना चित्रबारे के लेखे भन्ने आधारमा सहभागीको स्तर निर्धारण गर्नुहोस् ।

- सहभागीले लेखनको प्रतिनिधित्व स्वरूप केरकार पार्छन् भने सुरुआत चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
- सहभागीले बालबालिकाले लेखनको प्रतिनिधित्व स्वरूप कागजमा आकारहरू कोर्दछन् भने प्रगति भइरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
- सहभागीले देब्रेबाट दाहिनेतिरको दिशा पछ्याउँदै लेखेको जस्तो गर्छन् वा वर्णजस्तो देखिने आकारसँग मिल्दोजुल्दो नक्कली वर्णहरू प्रयोग गर्छन् भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
- सहभागीले आफ्ना चित्रबारे लेख्न आफैँले बनाएको हिज्जेको प्रयोग गर्छन् (आफ्नो उच्चारणका आधारमा वर्णहरू लेख्ने) भने प्राथमिक विद्यालयका लागि तयार चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
- प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलेख गर्नुहोस् र सोही अनुरूप सिकाइ रणनीतिको योजना तयार गर्नुहोस् ।

### क्रियाकलाप नं. ३ : बौद्धिक सिप (१५ मिनेट)

***(सूचक :** बालबालिकाले निश्चित घटनामा भएका क्रियाकलाप र विवरणहरू क्रमबद्ध रूपमा सुनाउन सक्छन् ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ४८ मा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्नुहोस् ।)

**विधि :** व्यक्तिगत खेल

१. घटना वा दैनिक क्रियाकलापहरूबारे कुराकानी गर्न सबै सहभागीसँग खुला वा निर्देशित छलफल गर्ने क्रियाकलापको योजना बनाउनुहोस् । उदाहरणका लागि, सहभागीको बिहान वा सुत्न जानुअगाडिको दैनिक कार्यतालिकाबारे कुराकानी गर्नुहोस् वा सहभागीसँग एउटा वनभोजको योजना बनाउनुहोस् । विभिन्न प्रकारका घटना/दैनिकीहरूका बारेमा कुराकानी गर्न र यी क्रियाकलाप/दैनिकीहरूको क्रम सहभागीलाई बुझाउन चित्रपत्तीहरू तयार गर्न र प्रयोग गर्न सक्नुहुन्छ ।

२. यो मूल्याङ्कन क्रियाकलाप सञ्चालन गर्न ४-५ जना सहभागीको एउटा समूह छनोट गर्नुहोस् । सहभागीलाई (एकपटकमा एक जना) बोलाउनुहोस् र दैनिकी वा कुनै घटनासँग सम्बन्धित ५ ओटासम्म क्रियाकलापहरूका चित्रपत्तीहरू देखाउनुहोस् । सहभागीलाई ती चित्रपत्तीहरू चिन्न र क्रमानुसार मिलाउन लगाउनुहोस् । छानिएका सहभागीसँग तपाईंले यो क्रियाकलाप गरिरहँदा बाँकी सहभागीलाई कथामा प्रदर्शन गरिएका कुरहरू वा अन्य क्रियाकलाप/घटनाहरूका चित्रपत्तीहरू अवलोकन गर्न प्रोत्साहित गर्नुहोस् ।

- यदि कम्तीमा दुई क्रियाकलापका चित्रपत्तीहरू क्रमबद्ध हुने गरी मिलाउन सक्दैनन् भने सुरुआतको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
- सही क्रममा २ ओटा क्रियाकलापहरू भएका चित्रपत्तीहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्न सक्छन् भने प्रगति भइरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
- सही क्रममा ३-४ ओटा क्रियाकलापहरू भएका चित्रपत्तीहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्न सक्छन् भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
- सही क्रममा कम्तीमा ५ ओटा क्रियाकलापहरू भएका चित्रपत्तीहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्न सक्छन् भने प्राथमिक विद्यालयका लागि तयार चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
- प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलेख गर्नुहोस् र सोही अनुरूप सिकाइ रणनीतिको योजना तयार गर्नुहोस् ।

**क्रियाकलाप नं. ४ : वर्गीकरण** **(१५ मिनेट)**

*(**सूचक :** बालबालिकाले फरक फरक विशेषताहरू (आकार, नाप वा रङ) का आधारमा वस्तुहरूको वर्गीकरण गर्न सक्छन् ।)*


(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ५० देखि ५१ सम्ममा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्न नभुल्नु होला ।)

**विधि :** खेल

**निर्देशन:** प्रशिक्षकले तालिम हल बाहिर एक ओटा नाङ्लो वा भाँडोमा पहेला रङका विभिन्न वट्टा वा काठका टुक्रा, अर्को नाङ्लो वा भाँडोमा गोलो आकारका वस्तु वा गोलो गरेर काटेको कागजको टुक्राहरू र तेस्रो नाङ्लो वा भाँडोमा लामो र छोटो जनाउने वस्तु वा काठका लठ्ठीहरू राख्नुहोस् । तीन स्थानमा लगेर राख्नुहोस् ।

१. सहभागीलाई बाहिरबाट पहिला तयार पारिएको तीन ओटा स्थानबाट प्रत्येक स्थान बाट तीन तीन वस्तु टिप्न लगाउनुहोस् र एक स्थान वाट पुनः एक वस्तु टिप्न लगाउनुहोस् १० सामग्रीहरू सङ्कलन गर्न लगाउनुहोस् । सङ्कलित सामग्रीहरूलाई आफूअगाडि राख्न लगाउनुहोस् ।

२. (एक एक जना गर्दै) सहभागीसम्म पुग्नुहोस् र उनीहरूले गरेका सङ्कलनबाट कुनै एक विशेषताका आधारमा वर्गीकरण गर्न सकिने सामग्रीहरू छान्नुहोस् । उदाहरणका लागि तलका छानिएका सामग्रीहरूमा एउटा विशेषताका आधारमा वर्गीकरण गर्नका लागि हामी सहभागीलाई प्रोत्साहित गर्न सक्छौं ।



- एउटा निश्चित रङका आधारमा छानिएका सामग्रीहरूको वर्गीकरण गर्न सहभागीलाई लगाउनुहोस् । उदाहरणका लागि पहेँलो रङका आधारमा वस्तुहरूको वर्गीकरण गर्नुहोस् ।
    - o सहभागीले सबै पहेँला वस्तुहरू छुट्याउन सकेनन् भने सुरुआत चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - o सहभागीले सबै पहेँला रङका वस्तुहरू छुट्याउन सके भने ४ नं. क्रियाकलाप गराउनुहोस् ।

३. एक विशेषताका आधारमा सामग्रीको वर्गीकरण गर्न सकेका सहभागीका लागि अर्को एउटा विशेषतासँग सम्बन्धित सामग्रीहरू थप्नुहोस् ।

- सहभागीलाई रङ र आकारका आधारमा वर्गीकरण गर्न भन्नुहोस् । उदाहरणका लागि सामग्रीहरूको थुप्रोबाट सबै पहेँला र गोलो आकारका सामग्रीहरू वा सबै पहेँला र खस्रो बनोटका सामग्रीहरू वर्गीकरण गर्न सहभागीलाई आग्रह गर्नुहोस् ।
    - o सहभागीले सबै पहेँलो रङ र गोलो आकारका वस्तुहरू छुट्याउन सकेनन् भने प्रगति भइरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - o सहभागीले सबै पहेँलो रङ र गोलो आकारका वस्तुहरू छुट्याउन सके (कुनै दुई विशेषताको आधारमा) भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् र ५ नं. क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।

४. दुई विशेषताका आधारमा सामग्रीको वर्गीकरण गर्न सकेका सहभागीका लागि अर्को एउटा विशेषतासँग सम्बन्धित सामग्रीहरू थप्नुहोस् ।

- सहभागीलाई नाप, रङ र आकारका आधारमा वर्गीकरण गर्न भन्नुहोस् । उदाहरणका लागि सामग्रीहरूको थुप्रोबाट सबै ठुला, पहेँला र गोला आकारका सामग्रीहरू वर्गीकरण गर्न सहभागीलाई आग्रह गर्नुहोस् ।
    - तीन ओटा विशेषताहरूका आधारमा वस्तुहरू छुट्याउन सक्ने सहभागी छन् भने प्राथमिक विद्यालयका लागि तयार चरणमा राख्नुहोस् र यसलाई उनीहरूको प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलिखित गर्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिहरू बनाउनुहोस् ।

**क्रियाकलाप नं. ५ : वैज्ञानिक खोज** **(१० मिनेट)**

*(**सूचक :** बालबालिकाले दिनको मौसम चिन्न र त्यसबारे बताउन सक्दछन् । साथै मौसमसँग सम्बन्धित कुराहरू व्याख्या गर्न सक्दछन् (जस्तो झरीको दिनमा छाता प्रयोग गर्ने, चर्को गर्मीको दिन छोटा बाहुला भएको लुगा लगाउने आदि)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ५३ मा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्न नभुल्नु होला ।)

**विधि :** व्यक्तिगत क्रियाकलाप

१. ४-५ ओटा मौसमका बारेमा जानकारी दिने चित्रपत्तीहरू देखाउनुहोस् (जस्तैः घाम लागेको, बादल लागेको, हावा चलेको, पानी परेको, हिउँ परेको, मेघ गर्जिएको, वर्षा भइरहेको आदि) ।
    - सहभागीलाई ती चित्रपत्तीहरू चिन्न लगाउनुहोस् ।
    - सहभागीले कुनै पनि मौसम चिन्न सकेनन् भने सुरुआत चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - सहभागीले कुनै पनि एक मौसम चिन्न सके भने २ नं.लाई निरन्तरता दिनुहोस् ।

२. विभिन्न प्रकारका मौसमसँग सम्बन्धित केही वस्तुहरू सहभागीको अगाडि राख्नुहोस् (जसले माथिको क्रियाकलापमा कुनै एक मौसम चिन्न सकेका छन्) । उदाहरणका लागि- पानी परेको मौसमका लागि छाता, हिउँदका लागि ऊनीका कपडा वा गर्मी मौसमका लागि पङ्खा । पहिलोपटक सामग्री देखाउँदा ती वस्तुहरू सम्बन्धित मौसमको अघि नराख्नुहोस् । वस्तु वा वस्तु भएको चित्रपत्ती छासमिस पारेर राख्नुहोस् ।
    - सहभागीलाई वस्तु वा वस्तुका चित्रसँग सम्बन्धित मौसमलाई जोडा मिलाउन लगाउनुहोस् ।
    - कुनै एक दुई प्रकारका मौसमहरू पहिचान गर्न सक्छन् भने प्रगति भइरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - १-२ प्रकारका मौसमलाई सम्बन्धित वस्तुहरूसँग जोडा मिलाउन सक्छन् भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - सबै मौसमलाई सम्बन्धित वस्तुहरूसँग जोडा मिलाउन सक्छन् भने प्राथमिक विद्यालयका लागि तयार चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणमा (ELDS Report Card) अभिलिखित गर्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिहरू बनाउनुहोस् ।

**क्रियाकलाप नं. ६ : दुरी र दिशा** **(१५ मिनेट)**

*(**सूचक :** बालबालिका स्थान र अवस्थितिको सचेतना प्रस्तुत गर्न सक्षम हुन्छन् ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ५५ र ५६ मा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्नुहोस् ।)

**विधि :** यसलाई कक्षाकोठा भित्रको खेल/सिकाइ क्रियाकलापको रूपमा योजना बनाउनुहोस् ।

- सहभागीहरूलाई "U" आकारमा उभ्याउनुहोस् ।

१. यस क्रियाकलापमा सबै सहभागीलाई सहभागी गराउनुहोस् । विविध वस्तुहरूलाई तालिम हलमा विभिन्न अवस्थामा राख्नुहोस् । उदाहरणका लागि भकुन्डोलाई टेबलको तल, किताबलाई टेबल माथि, कलमलाई किताबको देब्रे/दाहिने छेउमा राख्नुहोस् ।

  - सहभागीलाई (एकपटकमा एक जना) कुनै एक वस्तु कहाँ छ भनी बताउन लगाउनुहोस् (जस्तैः "भकुन्डो वा किताब वा कलम कहाँ छ ?") ।
    - o सहभागीले उक्त वस्तुको अवस्थिति पहिचान गर्न सकेनन् भने सुरुआत चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - o सहभागीले उक्त वस्तुको अवस्थिति पहिचान गर्न सके भने २ नं. गराउनुहोस् ।

२. स्थान वरिपरि घुम्नका लागि सहभागीसँग (माथिको क्रियाकलापमा वस्तुको अवस्थिति पहिचान गर्न सकेकासँग) एउटा खेलको योजना बनाउनुहोस् । उपलब्ध समयअनुसार सहभागीको एउटा समूह छान्न सक्नुहुन्छ (दैनिक वा साप्ताहिक आधारमा) । छानिएका सहभागीसँग यो क्रियाकलाप सञ्चालन गरिरहँदा अन्य सहभागीलाई अवलोकन गर्न र खेलमा सहभागीले त्यस स्थान वरिपरि घुम्दा पूरा गरेका प्रत्येक कदम/दिशामा ताली बजाउन प्रोत्साहित गर्नुहोस् ।

  - सहभागीलाई (एक एक गर्दै) निर्देशन दिनुहोस् । सहभागीलाई निर्देशन हुबहु पछ्याउन लगाउनुहोस् । उदाहरणका लागि तपाईं भन्न सक्नुहुन्छ - "सबैभन्दा पहिला टेबलनजिक जाऊ, किताब उठाऊ अनि त्यसलाई दराजभित्र राख । अब बाहिर जाऊ र खेलौना राखिएको बाकसबाट दुई ओटा वस्तुहरू (भकुन्डो वा कलम) ल्याऊ अनि ती दुवैलाई आल्मारीभित्र राख । ध्यान देऊ भकुन्डो कलमको देब्रे/दाहिनेतिर हुनुपर्छ ।"
    - o तपाईंको पटकपटकको अवलोकनमा निर्देशन हुबहु पछ्याउन सक्ने तर कलमको देब्रे/दाहिनेतिर भकुन्डो भए नभएको निश्चित गर्न नसक्ने सहभागी छन् भने उनीहरूको प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणमा (ELDS Report Card) यसलाई अगाडि बढिरहेको स्तरमा अभिलेखीकरण गर्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिहरू बनाउनुहोस् ।
    - o तपाईंको पटकपटकको अवलोकनमा निर्देशन हुबहु पछ्याउन सक्ने र कलमको देब्रे/दाहिनेतिर भकुन्डो भएको निश्चित गर्न सक्ने सहभागी छन् भने उनीहरूको प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा यसलाई (प्राथमिक विद्यालयका लागि तयार रहेको स्तरमा) अभिलेखीकरण गर्नुहोस् ।

**प्रतिबिम्बन** **(५ मिनेट)**

- सहभागीहरूलाई गोलो घेरमा उभ्याउनुहोस् र माथि गरिएका क्रियाकलापअनुसार स्तर मापन गर्न सक्ने नसक्नेबारेमा कम्तीमा १० जनालाई सोधी सुनिश्चित हुनुहोस् ।

**पठन सामग्री**

- निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ४३ देखि ५७ सम्म अध्ययन गर्नुहोस् ।

# बालबालिकाको सिकाइ तथा विकास मूल्याङ्कनमा आधारित प्रशिक्षकद्वारा कक्षा प्रदर्शन

**दिन :** चौथो　　**सत्र :** तेस्रो　　**समय :** १ घण्टा ३० मिनेट

## परिचय

यो सत्रमा कक्षा १ मा रहेका बालबालिकाका लागि प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणमा आधारित निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाका १९ ओटा सूचकहरूमध्ये ७ ओटा सूचकहरूभित्र रहेका विभिन्न सिकाइ क्रियाकलापहरूको नमुना प्रदर्शन गरिने छ । यो अभ्यासबाट सहभागीहरूमा बालबालिकाको स्तर मापन गर्ने सिपको विकास हुने अपेक्षा राखिएको छ ।

## उद्देश्य

**यस सत्रपश्चात् सहभागीहरू निम्न कार्यमा सक्षम हुने छन् :**

- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको ७ ओटा विशिष्ट पक्षहरूका सूचकहरूका क्रियाकलाप गर्न
- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको ७ ओटा विशिष्ट पक्षका सूचकहरूका क्रियाकलापका आधारमा बालबालिकाको स्तर मापन गर्न

## मुख्य विषयवस्तु

- अङ्क/सङ्ख्याको क्रियाकलाप प्रदर्शन
- कल्पना क्रियाकलाप प्रदर्शन
- जीवनोपयोगी सिपहरू क्रियाकलाप प्रदर्शन
- सामाजिक व्यवहार क्रियाकलाप प्रदर्शन
- संवेगात्मक अभिव्यक्ति क्रियाकलाप प्रदर्शन
- संवेगात्मक सुरक्षा र आत्मविश्वास क्रियाकलाप प्रदर्शन
- राष्ट्र र राष्ट्रियता क्रियाकलाप प्रदर्शन

## सामग्री

- २० ओटा बियाँ/गट्टा/गुच्चा साथै १ देखि १० सम्मका अङ्क/सङ्ख्याका पत्तीहरू/चार्ट (कागजको सानो टुक्रामा अङ्क/सङ्ख्या लेख्नुहोस्)
- सहयोगी सामग्री/प्रप्स (पुरानो कपडा, भाँडा, पत्रिका जस्ता सामग्री)
- पजल तथा खेलका लागि प्रयोग गरिने खेलअनुसारका सामग्री
- विभिन्न प्रकारका संवेग झल्काउने चित्र तथा दृश्यपत्तीहरू
- चित्र, चित्रकथा र कथा
- राष्ट्रिय झन्डा, चाडबाडका चित्र, पारिवारिक तथा स्थानीय संस्कृतिसँग सम्बन्धित खानेकुराहरू

## सहजीकरण क्रियाकलाप

**क्रियाकलाप नं. १ : अङ्क/सङ्ख्या** **(१५ मिनेट)**

*(**सूचक :** बालबालिकाले १ देखि १० सम्मका सङ्ख्याको अवधारणा प्रस्तुत गर्दछन् ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ५८ देखि ५९ सम्ममा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्नहोस् ।)

**विधि :** खेल

१. निर्धारित समयअनुसार केही सहभागी छान्नुहोस् र यो क्रियाकलाप सञ्चालन गर्नुहोस् । छानिएका सहभागीसँग तपाईंले यो क्रियाकलाप गरिरहँदा अन्य सहभागीलाई अवलोकन गर्न प्रोत्साहित गर्नुहोस् । प्रत्येक सहभागीसँग यो क्रियाकलाप टुङ्ग्याइसकेपछि यी अवधारणा उनीहरूलाई बुझाउन छलफल गर्नुहोस् । तपाईंले बाँकी सहभागीलाई केही ठोस वस्तुहरू उपलब्ध गराउन पनि सक्नुहुन्छ । ती वस्तुहरू गन्न वा सानोबाट ठुलोतिर मिलाउन उनीहरूलाई भन्नुहोस् र प्रत्येकको क्रियाकलाप सकिएपछि ती सहभागीको काम हेर्नुहोस् ।

२. सहभागीलाई बियाँ/गट्टा/गुच्चाको २ समूह (प्रत्येक समूहमा फरक फरक सङ्ख्यामा तर १० भन्दा कम) उपलब्ध गराउनुहोस् । सहभागीलाई (एक-एक जना गरी) बोलाउनुहोस् र यी दुई समूह देखाउनुहोस् ।



- सहभागीलाई बढी/कम सङ्ख्यामा बियाँ/गट्टा/गुच्चा भएको समूह (चित्रमा देखाएअनुसार कुन धेरै कुन थोरै) चिन्न लगाउनुहोस् ।
    - o सहभागीले बढी/कम सङ्ख्यामा बियाँ/गट्टा/गुच्चा भएको समूह चिन्न सकेनन् भने सुरुआत चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - o सहभागीले बढी/कम सङ्ख्यामा बियाँ/गट्टा/गुच्चा भएको समूह चिन्न सके भने ३ नं. अपनाउनुहोस् ।

३. (माथिको क्रियाकलापमा बढी/कम सङ्ख्यामा बियाँ/गट्टा/गुच्चा भएको समूह चिन्ने) सहभागीलाई १० ओटा बियाँ/गट्टा/गुच्चाको समूह दिनुहोस् ।

- सहभागीलाई उनीहरूसँग रहेको बियाँ/गट्टा/गुच्चाबाट पहिले ५ ओटा (पहिले मागेको ५ ओटा फिर्ता गरेपछि) अर्कोपटक ९ ओटा माग्नुहोस् ।
- सहभागीले गलत सङ्ख्यामा बियाँ/गट्टा/गुच्चा दिए भने पनि सुरुआत चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
- सहभागीले सही सङ्ख्यामा बियाँ/गट्टा/गुच्चा दिए भने ४ नं. गराउनुहोस् ।

४. माथिको क्रियाकलापमा सही जवाफ दिएका सहभागीलाई १ देखि १० अङ्क/सङ्ख्याका पत्तीहरू/चार्ट देखाउनुहोस् (अङ्कपत्ती वा चार्ट उपलब्ध नहुँदा ती अङ्कहरूलाई कागजको टुक्रामा लेख्नुहोस्) ।

- सहभागीलाई चार्टमा भएका वस्तुहरू गणना गर्दै सस्वर गणना गर्न लगाउनुहोस् ।
- सहभागीलाई उनीहरूले गनेका बियाँका अगाडि त्यही अङ्क/सङ्ख्या पत्ती वा कागजको टुक्रा राख्न आग्रह गर्नुहोस् ।
    - o सहभागीले सही जवाफ दिए/मिलाए भने प्रगति भइरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।

५. माथि गराइएको क्रियाकलापमा सही जवाफ दिएका/मिलाएका सहभागीका अगाडि १ देखि १० भित्रका तीन/चार ओटा अङ्क/सङ्ख्या राख्नुहोस् । (उदाहरणका लागि, २, ३, ५ र ८) ।

- सहभागीलाई तीमध्ये सबैभन्दा सानो र सबैभन्दा ठुलो सङ्ख्या चिन्न लगाउनुहोस् ।
    - o अङ्क पत्तीहरू पढ्न सक्छन् र गनेका जोडाहरू मिलाउन सक्छन् भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - o एकपटक देखाएका अङ्कहरूमध्ये सबैभन्दा साना र ठुला अङ्कहरू चिन्दछन् भने प्राथमिक विद्यालयका लागि तयार चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - o प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलेखीकरण गर्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिहरूको योजना बनाउनुहोस् ।

**क्रियाकलाप नं. २ : कल्पना** **(१० मिनेट)**

*(**सूचक :** बालबालिकाले आफ्नो कल्पनाशक्ति प्रयोग गरी कथा भन्न सक्छन् ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ६२ देखि ६३ सम्ममा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्नुहोस् ।)

**विधि :** खेल

१. श्रुतिबोधका लागि कथा भनिसकेपछि केही सहभागी छान्नुहोस् र उनीहरूलाई (एक एक जना गरेर) कथाका पात्र र घटनाका विषयमा प्रश्नहरू सोध्नुहोस् । छानिएका सहभागीसँग तपाईंले यो मूल्याङ्कन क्रियाकलाप सञ्चालन गरिरहँदा अन्य सहभागीलाई खेलौना, पुतली, पुरानो कपडा वा पत्रिका जस्ता सहयोगी सामग्रीहरू प्रयोग गरी नक्कल गर्न/काल्पनिक नाटकमा सहभागी हुन प्रोत्साहित गर्नुहोस् । बिच बिचमा उनीहरूसम्म पुग्ने र उनीहरूसँग अन्तर्क्रिया गर्ने गर्नुहोस् ।

- छानिएका सहभागीलाई उनीहरूको कल्पना प्रयोग गर्न प्रोत्साहित गर्नुहोस् । उदाहरणका लागि-"कथामा पात्रलाई के हुन सक्छ ?" "कुनै पात्रको ठाउँमा तिमी भएको भए के गर्छौ ?" भनी सोध्नुहोस् ।
    - o यी कुनै पनि प्रश्नको जवाफ दिन नसक्ने सहभागी छन् भने सुरुआत चरण राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - o यीमध्ये कुनै पनि प्रश्नको जवाफ दिन सक्ने सहभागी छन् भने २ नं. लाई निरन्तरता दिनुहोस् ।

२. सहभागीलाई (माथिको क्रियाकलापमा जवाफ दिएका) कथाको अभिनय गर्न वा आफ्नै कथा बनाउन केही सहयोगी सामग्रीहरू (पुरानो कपडा, भाँडाकुँडा, पत्रिका आदि) दिनुहोस् ।

- सहभागीलाई सहयोगी सामग्री प्रयोग गर्न र कथामा आफूलाई मन परेको कुनै पात्रको नक्कल वा अभिनय गर्न लगाउनुहोस् ।
    - o कथाबाट कुनै पात्र लिएर अभिनय गर्न नसक्ने सहभागी छन् भने प्रगति भइरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - o कथाबाट कुनै पात्र लिएर अभिनय गर्न सक्ने सहभागी छन् तलका क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।
- माथिको क्रियाकलापमा कथाबाट कुनै पात्र लिएर अभिनय गर्न सक्ने सहभागीलाई आफ्नै कथा बनाउन र अभिनय गर्न लगाउनुहोस् ।
    - o सहभागीहरूले भनिएको कथा अभिनयमा प्रस्तुत गर्न सक्छन् भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - o सहभागीहरूले आफैँले बनाएको कथामा अभिनय गर्न सक्छन् भने प्राथमिक विद्यालयको लागि तयार चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - o प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा उल्लेख गर्नुहोस् र सोही अनुरूप सिकाइ रणनीतिहरू तयार पार्नुहोस् ।

**क्रियाकलाप नं. ३ : जीवनोपयोगी सिपहरू** **(१० मिनेट)**

*(**सूचक :** बालबालिकाले विभिन्न समूहगत कार्यहरूमा सहभागिता जनाउन सक्छन्, उदाहरणका लागि - समूहमा पजलहरूको समाधान खोज्ने, छलफल गर्ने, अभिनय गर्ने र खेलहरू खेल्ने ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ६५ मा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्नुहोस् ।)

**विधि :** अवलोकन

नोट : सहभागीहरूलाई बालबालिकाको अवलोकन गर्दा एकपटक वा दुईपटकको अवलोकनले मात्र स्तर मापन गर्नुहुदैन । उनीहरू बिहान आएदेखि दिनभरि गरिने क्रियाकलापमा सहभागी भएअनुसार र दुई अथवा तीन दिनको अवलोकन पश्चात् मात्र मापन गर्नुपर्दछ भनी बुझाउनुपर्दछ । अवलोकन विधि भएकोले मापन गर्ने तरिका बयान गरिदिए पुग्छ ।

१. तपाईंले सहभागीहरूलाई स्वतन्त्र वा निर्देशित खेल जस्ता विविध खेल क्रियाकलापहरू गराउँदा सहभागीलाई अवलोकन गर्नुहोस् साथै खेल समयमा कसले अन्तर्क्रिया गरिरहेको छ र कसले छैन याद गर्नुहोस् ।
   - सहभागीहरू अरुको छेउमा वा नजिक खेल्छन् तर अरुसँग खेल्दैनन् भने सुरुआत चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
   - अरुसँग खेल्न थाल्छन् भने प्रगति भइरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
   - संयुक्त रूपमा केही बनाउन वा सिर्जना गर्न सहभागीहरू अरुसँग खेल्छन् भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
   - नियमसहितका खेलहरूमा अरु सहभागीसँग सहभागी हुन्छन् भने प्राथमिक विद्यालयका लागि तयार चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
   - यसलाई उनीहरूको प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलेख गर्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिहरू तयार पार्नुहोस् ।

**क्रियाकलाप नं. ४ : सामाजिक व्यवहार** **(१० मिनेट)**

*(**सूचक :** बालबालिकाले सुरक्षित परिस्थितिमा परिचित र अपरिचित वयस्कहरूलाई अभिवादन गर्छन् ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ६७ मा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्नुहोस् ।)

**विधि :** अवलोकन

नोट : सहभागीहरूलाई बालबालिकाको अवलोकन गर्दा एकपटक वा दुईपटकको अवलोकनले मात्र स्तर मापन गर्नुहुदैन । उनीहरू बिहान आएदेखि दिनभरि गरिने क्रियाकलापमा सहभागी भएअनुसार र दुई अथवा तीन दिनको अवलोकन पश्चात् मात्र मापन गर्नुपर्दछ भनी बुझाउनुपर्दछ । अवलोकन विधि भएकोले मापन गर्ने तरिका बयान गरिदिए पुग्छ ।

१. यस क्रियाकलापको लागि ४-५ जना सहभागीहरूलाई अवलोकन सूचीमा राख्नुहोस् । उनीहले तालिम हलमा प्रवेश गर्दा वा कोही आउँदा कसरी अभिवादन गर्छन् भन्ने आधारमा मूल्याङ्कन गर्नुहोस् । जस्तै :
   - परिचित वयस्यकलाई हाउभाउसहित अभिवादन गर्दछन् भने सुरुआत चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
   - केही निश्चित वयस्कहरूलाई अभिवादन गर्न हाउभाउ वा मौखिक प्रतिक्रिया प्रयोग गर्दछन् भने प्रगति भइरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
   - परिचित र अपरिचित वयस्यकलाई अभिवादन गर्दछन् र त्यसका लागि उनीहरूलाई केहिलेकाहीँ सम्झाउनु पर्छ भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
   - आफैँ परिचित र अपरिचित वयस्यकलाई अभिवादन गर्छन् भने प्राथमिक विद्यालयका लागि तयार चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
   - प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा अभिलेख राख्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिहरू बनाउनुहोस् ।

**क्रियाकलाप नं. ५ : संवेगात्मक अभिव्यक्ति** **(१५ मिनेट)**

*(**सूचक :** बालबालिकाले आफ्नो संवेग/भावनाहरू चिन्न, अभिव्यक्त गर्न र व्यवस्थापन गर्न सक्छन् ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ६९ देखि ७० सम्ममा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्न नभुल्नु होला ।)

**विधि :** कक्षाकोठा भित्रको खेल/सिकाइ क्रियाकलाप

१. सहभागीसँग विभिन्न प्रकारका संवेग/भावनाहरू (जस्तैः खुसी, दुःखी वा रिसाएको) का बारेमा खुला कुराकानी गर्ने तथा अभिनय गर्ने गराउने योजना बनाउनुहोस् । क्रियाकलापमा प्रयोग गर्न दृश्य सामग्री/दृश्यपत्तीहरू जस्ता केही सहयोगी सामग्रीहरू तयार पार्नुहोस् । संवेग/भावनाहरूबारे कुराकानी गर्दा वा अभिनयका क्रममा तपाईंले यो मूल्याङ्कनको क्रियाकलाप गराउनुपर्छ र यसका लागि आवश्यक प्रश्नहरू सोध्न तपाईंले दैनिक रूपमा स्तर मिलाएर सहभागीको समूह छनोट गर्न सक्नुहुन्छ । त्यसरी छनोट भएको प्रत्येक सहभागीलाई निश्चित प्रश्न सोधेपछि बाँकी सहभागीलाई सहभागी गराउँदै यो क्रियाकलाप टुङ्ग्याउनुहोस् र उनीहरूलाई आफ्ना अनुभवजन्य कुराकानी गर्न प्रोत्साहित गर्नुहोस् ।

- सहभागीलाई दृश्यपत्तीहरू देखाउनुहोस् र (एकपटकमा एक जनालाई) सोध्नुहोस् - "यो चित्रमा देखिएको व्यक्तिले कस्तो महसुस गरिरहेको होला ?"
  - एक वा दुई प्रकारका संवेग/भावनाहरू (जस्तैः रिसाएको, खुसी भएको, शोक प्रकट गरेको, आश्चर्य प्रकट गरेको आदि मध्ये कुनै एक वा दुई) चिन्न नसक्ने सहभागी छन् भने सुरुआत चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
  - एक वा दुई प्रकारका संवेग/भावनाहरू चिन्न सक्ने सहभागी छन् भने २ नं. लाई निरन्तरता दिनुहोस् ।

२. कुनै निश्चित संवेग/भावना प्रस्तुत गर्न चित्रपत्ती छान्नुहोस् ।

- सहभागीलाई (जसले माथिको क्रियाकलापमा एक वा दुई भावनाहरू चिनेका थिए) छनोट गरिएको चित्रपत्ती देखाउनुहोस् । जस्तैः रिसाएको अनुहारको चित्र । उनले कहिले त्यस्तो महसुस गरेका थिए ? रिसाउनुको कारण के हुनसक्छ ? जस्ता प्रश्नहरू सोध्दै क्रियाकलापलाई निरन्तरता दिनुहोस् ।
  - निश्चित प्रकारको संवेग/भावना उत्पन्न हुनाको कारण भन्न नसक्ने सहभागी छन् भने प्रगति भइरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
  - निश्चित प्रकारको संवेग/भावनाको कारण भन्नसक्ने सहभागी छन् भने ३ नं. लाई निरन्तरता दिनुहोस् ।

३. सहभागीलाई (जसले माथिको क्रियाकलापमा निश्चित प्रकारको भावनाको कारण भन्न सकेका थिए) एउटा परिस्थिति देखाउन कुनै चित्रपत्ती छान्नुहोस् । उदाहरणका लागि एउटा भकुन्डोका लागि एक बालिका र एक बालक झगडा गरिरहेको बेला अरू सहभागीले उनीहरूलाई हेरिरहेको चित्र ।

- सहभागीलाई त्यो चित्र पत्ती देखाउनुहोस् र भन्नुहोस् कि ती केटा र केटी भकुन्डोका लागि झगडा गरिरहेका छन् । अब सहभागीलाई सोध्नुहोस्, "चित्रमा भएको केटा (वा केटी) तपाईं भएको भए तपाईंलाई कस्तो लाग्थ्यो होला ?" अनि त्यसपछि सोध्नुहोस्, "तपाईंलाई त्यस्तो लाग्दा तपाईं के गर्नुहुन्छ होला ?"
  - सहभागीले निश्चित संवेग भावना पछाडिका कारण बताउन सक्छन् तर संवेग भावनाका लागि प्रतिक्रिया दिन सक्दैनन् भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
  - संवेग भावनाका लागि उपयुक्त प्रतिक्रिया दिन सक्छन् भने प्राथमिक विद्यालयका लागि तयार चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
  - यसलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा उल्लेख गर्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिहरू बनाउनुहोस् ।

**क्रियाकलाप नं. ६ : संवेगात्मक सुरक्षा र आत्मविश्वास** **(१० मिनेट)**

*(**सूचक :** बालबालिकाले विभिन्न परिस्थितिहरूमा आत्मविश्वासका साथ आफ्ना धारणाहरू अभिव्यक्त गर्न सक्छन् ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ७३ मा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्नहोस् ।)

**विधि :** अवलोकन

नोट : सहभागीहरूलाई बालबालिकाको अवलोकन गर्दा एकपटक वा दुईपटकको अवलोकनले मात्र स्तर मापन गर्नुहुदैन । उनीहरू बिहान आएदेखि दिनभरि गरिने क्रियाकलापमा सहभागी भएअनुसार र दुई अथवा तीन दिनको अवलोकन पश्चात् मात्र मापन गर्नुपर्दछ भनी बुझाउनुपर्दछ । अवलोकन विधि भएकोले मापन गर्ने तरिका बयान गरिदिए पुग्छ ।

१. स्वतन्त्र खेल, कथावाचन, रेखाचित्र कोर्ने, कला र शिल्पका काम जस्ता विविध क्रियाकलापहरू गरिरहँदा क्रियाकलापका क्रममा सहभागीलाई अवलोकन गर्नुहोस् । कसले आफ्ना धारणा आत्मविश्वासका साथ अभिव्यक्त गर्न सक्छ र कसले सक्दैन याद गर्नुहोस् ।

- आफ्नो धारणाहरू अभिव्यक्त गर्न सक्दैनन् भने सुरुआत चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
- निकट साथीहरूसँग मात्र आफ्नो धारणाहरू अभिव्यक्त गर्छन् भने प्रगति भइरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
- आफूसँग निकट नरहेका सहित केही साथीसँग मात्र आफ्ना धारणाहरू व्यक्त गर्छन् भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
- जोसँग पनि आफ्ना धारणा अभिव्यक्त गर्छन् भने प्राथमिक विद्यालयका लागि तयार चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
- यसलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) अभिलेखमा राख्नुहोस् र सोहीअनुरूप सिकाइ रणनीतिहरूको योजना बनाउनुहोस् ।

**क्रियाकलाप नं. ७ : राष्ट्र र राष्ट्रियता** **(१० मिनेट)**

*(**सूचक :** बालबालिकाले आफू, आफ्नो परिवार/समुदाय, आफ्नो देशबारे सचेतना प्रदर्शन गर्दछन् ।)*

(सहभागीहरूलाई यो क्रियाकलाप बालबालिकालाई गराउन निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ७५ देखि ७६ सम्ममा रहेका निर्देशनहरू ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ र सोही अनुरूप बालबालिकाको स्तर मापन गर्नुपर्दछ भन्न नभुल्नु होला ।)

**विधि :** कक्षाकोठा भित्रको खेल/सिकाइ क्रियाकलाप

१. आफ्नाबारेमा कुराहरू सुनाउन् भनेर सहभागीसँग निर्देशित तथा खुला कुराकानीहरू गर्नुहोस् ।

- सहभागीलाई (एकपटकमा एक जना) उनीहरूको नाम, आमाबुबाको नाम, परिवारका सदस्यहरू साथै उनीहरूको उमेर र लिङ्गबारे बताउन लगाउनुहोस् ।
    - आफ्नाबारेमा र आफ्ना परिवारका बारेमा सूचना उपलब्ध गराउन नसक्ने सहभागी छन् भने सुरुआत चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - आफ्नाबारेमा र आफ्ना परिवारका बारेमा सूचना उपलब्ध गराउन सक्ने सहभागी छन् भने २ नं.लाई निरन्तरता दिनुहोस् ।

२. चाडबाड वा स्थानीय संस्कृति/सम्पदासँग सम्बन्धित खानाहरूका ४-५ ओटा तस्बिरहरू छान्नुहोस् ।

- सहभागीलाई (माथिको क्रियाकलापमा सूचना दिन सक्नेहरूलाई) ती तस्बिर/चित्रका पत्तीहरू देखाउनुहोस् र ती तस्बिरहरू चिन्न लगाउनुहोस् । अरू सहभागीलाई परिवारिक चित्र (फ्यामली ट्रि), राष्ट्रिय झन्डा वा उनीहरूलाई मन पर्ने चाडबाड वा खानाको चित्र बनाउने जस्ता क्रियाकलाप गर्न प्रोत्साहन दिनुहोस् ।
    - o कुनै पनि चाडबाड वा खानेकुरा चिन्न नसक्ने सहभागी छन् भने प्रगति भइरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - o कुनै चाडबाड वा खानेकुरा चिन्न सक्ने सहभागी छन् भने ३ नं.लाई निरन्तरता दिनुहोस् ।

३. सहभागीको देशको/समुदायको राष्ट्र र राष्ट्रियता झल्कने गीत गाउनुहोस् वा बजाउनुहोस् ।

- सहभागीलाई (माथिको क्रियाकलापमा चाडबाड वा खानेकुरा चिन्न सक्नेहरूलाई) सँगसँगै देशको/समुदायको परम्परागत गीत गाउन लगाउनुहोस् र सो गीतलाई निरन्तरता दिन लगाउनुहोस् ।
    - o आफ्नो परिवार भित्रका संस्कृति, चाडबाडबारे बताउन सक्छन् भने अगाडि बढिरहेको चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - o देशभित्र मनाइने चाडपर्वको नाम भन्न र देशको राष्टिय गीत गाउन सक्छन् भने प्राथमिक विद्यालयका लागि तयार चरणमा राख्नुहोस् र छलफल गर्नुहोस् ।
    - o प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) अभिलेखमा राख्नुहोस् र सोही अनुरूप सिकाइ रणनीतिहरूको योजना बनाउनुहोस् ।

**प्रतिबिम्बन** **(५ मिनेट)**

- सहभागीलाई गोलो घेरामा उभ्याउनुहोस् र आजको सिकाइ प्रत्येकलाई नदोहोरिने गरी भन्न लगाउनुहोस् ।

**गृहकार्य**

- सहभागीहरूलाई सूचकको सङ्ख्या लेखिएको चिट छान्न दिने र सोही सूचकअनुसार क्रियाकलापको तयारी गरेर आउनको लागि भन्नुहोस् । कुल १९ सूचकभन्दा बढी सहभागी रहेको अवस्थामा खाली चिट पनि राख्नुहोस् । खाली चिट पाउने सहभागीलाई आवश्यक सङ्ख्यामा सूचकहरूको मापन तरिका अध्ययन तथा तयारी गर्न लगाई पृष्ठपोषणका लागि जिम्मेवारी तोक्नुहोस् ।

**पठन सामग्री**

- निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकाको पृष्ठ नं. ५८ देखि ७७ सम्म अध्ययन गर्नुहोस् ।

# सहभागीबाट प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप तथा छलफल

**दिन :** पाँचौं **सत्र :** पहिलो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणमा रहेका सूचकहरूको मापन गर्न शिक्षक सक्षम हुनका लागि शिक्षक आफैँले गरेर सिक्नुपर्ने हुन्छ । यो सत्र माथि सिकाइएका सूचकहरू आफैँ गरेर देखाउनका लागि छुट्याइएको छ ।

## उद्देश्य

**यस सत्रपश्चात् सहभागीहरू निम्न कार्यमा सक्षम हुने छन् :**

- प्रगति विवरणमा रहेका सूचकहरूअनुसार विद्यार्थीहरूको विकासात्मक अवस्था मापन गर्न

## मुख्य विषयवस्तु

- प्रगति विवरणमा रहेका सूचकहरूको मापन

## सामग्री

- १९ ओटै सूचक मापनका लागि आवश्यक सामग्रीहरू (आवश्यक सामग्री सहभागी आफैँले व्यवस्था गर्नुपर्ने)

## सहजीकरण क्रियाकलाप

**क्रियाकलाप नं. १ : सूक्ष्म शिक्षण** **(८५ मिनेट)**

- सूचकको क्रमअनुसार पालैपालो सहभागीहरूलाई नमुना क्रियाकलाप गरेर देखाउन लगाउनुहोस्। अवलोकन क्रियाकलाप परेका सहभागीलाई समग्र रूपमा सूचकअनुसार अवलोकन गर्न लगाउनुहोस् । खाली चिट रहेका र प्रशिक्षकले स्रोत पुस्तिकाको आधारमा निम्न ढाँचामा पृष्ठपोषणको लागि तयारी गर्ने र अन्तमा पृष्ठपोषण दिनुहोस् ।

| सूचक सङ्ख्या | सबल पक्ष | सुधारात्मक पक्ष |
|---|---|---|
| | | |
| | | |

## प्रतिबिम्बन **(५ मिनेट)**

- प्रत्येक सहभागीलाई एक वाक्यमा अरूसँग नदोहोरिने गरी सिकाइ भन्न लगाउनुहोस् । निश्चित समयावधिमा (५ मिनेट) भ्याएसम्म मात्रै प्रतिबिम्बन गर्न लगाउनुहोस् ।

# मूल्याङ्कन स्रोत पुस्तिकाअनुसारको सिकाइ रणनीतिहरू र अभिभावक स्याहारकर्तासँग तिनीहरूको प्रयोगको लागि अभ्यास

**दिन :** पाँचौ **सत्र :** दोस्रो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

निर्माणात्मक मूल्याङ्कनको उद्देश्य बालबालिकालाई सुधारात्मक अवसर प्रदान गर्नु हो । यस सत्रमा प्रारम्भिक बाल सिकाइ तथा विकास प्रगति विवरणमा रहेका सूचकका लागि सिकाइ रणनीति के हुन्छन् र यसमा अभिभावकबाट कसरी सहयोग लिन सकिन्छ भन्ने कुरामा केन्द्रित छ ।

## उद्देश्य

**यस सत्रपश्चात् सहभागीहरू निम्न कार्यमा सक्षम हुने छन् :**

- प्रारम्भिक बाल सिकाइ तथा विकास प्रगति विवरणमा रहेका सूचकका आधारमा सिकाइ रणनीति तयार गर्न
- शिक्षकले अभिभावकलाई बालबालिकाको सिकाइ र विकासका लागि परिचालन गर्न

## मुख्य विषयवस्तु

- सिकाइ रणनीति
- गृहकार्य र अभिभावक परिचालन
- व्यक्तिगत विद्यार्थीअनुसारको अभिभावक शिक्षक बैठक (विशेषगरी थप सहयोग आवश्यक बालबालिकाका लागि)

## सामग्री

- मार्कर, न्युजप्रिन्ट, स्रोत पुस्तिका

## सहजीकरण क्रियाकलाप

**क्रियाकलाप नं. १ : समूह कार्य** **(१५ मिनेट)**

- सहभागीलाई चार समूहमा विभाजन गर्नुहोस् । निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकामा आधारित रहेर (१) शारीरिक विकास (२) भाषिक विकास (३) बौद्धिक विकास र (४) सामाजिक, संवेगात्मक र सांस्कृतिक विकासका सूचकमा पछाडि रहेका बालबालिकालाई स्थानीय तवरमा गराउन सकिने सिकाइ रणनीतिहरूको सूची तयार पार्न लगाउनुहोस् । समूहगत रूपमा तयार भएका सूचीलाई भित्तामा टाँस्न लगाउनुहोस् ।
  *(शैक्षिक गुणस्तर केन्द्रको अनुसन्धानलाई आधार मान्ने हो भने कक्षा १ मा आउने करिब आधा बालबालिकालाई यस्तो सिकाइ रणनीतिको आवश्यकता पर्ने कुरामा जोड दिनुहोस् ।)*

**क्रियाकलाप नं. २ : समूह कार्य** **(३० मिनेट)**

- समूहगत रूपमा तयार भएका सिकाइ रणनीतिहरूको सूचीमा गृहकार्यका रूपमा दिएर पठाउन सकिने सिकाइ रणनीतिमा चिनो लगाउन भन्नुहोस् ।
- एउटा समूहले तयार पारेका सूचीहरूलाई अर्को समूहले पनि पढ्ने समय दिएर ग्यालरी वाल्क गराउनुहोस् ।
- अन्तिममा यी सिकाइ रणनीति सहज रूपमा स्थानीय स्तरमा पनि कक्षा १ का शिक्षकले नै लागु गर्न सक्छन् भन्ने निष्कर्षमा पुऱ्याउनुहोस् ।

**क्रियाकलाप नं. ३ : नमुना प्रदर्शन** **(३० मिनेट)**

- गृहकार्य मात्र दिएर पठाए पनि थप सहयोग आवश्यक बालबालिकाका लागि अभिभावकको सहयोग अपरिहार्य हुन्छ । थप सहयोग आवश्यक बालबालिकाका लागि व्यक्तिगत विद्यार्थीअनुसारको अभिभावक शिक्षक बैठक आवश्यक पर्ने हुँदा सो बैठकको सञ्चालन नमुना निम्न कुरामा ध्यान दिँदै अभिनय गरेर देखाउनुहोस् ।
- बैठक गर्नुपर्ने परिवार र अभिभावकका बारेमा बुझ्ने तथा मानसिक रूपमा सो बैठकका लागि पहिले आफू नै तयार हुनुहोस् । सामान्यतः थप सहयोग आवश्यक बालबालिका भनेका नै घरमा पर्याप्त सहयोग नपाएका बालबालिका हुने सम्भावना बढी हुन्छ । त्यसैले बालबालिकाले कसरी घरमा थप सहयोग हासिल गर्न सक्छन्, विकल्पहरू शिक्षकले सोचेर जानुपर्छ ।
- अभिभावक र शिक्षक दुवैको लागि उपयुक्त समय मिलाउने गर्नुपर्छ । आवश्यक भए अभिभावकलाई विद्यालय बोलाउने भन्दा पनि घरभेट गर्ने गर्नुपर्छ ।
- बैठकको उद्देश्य (बालबालिकाको सिकाइ सुधार) को लागि भएको कुरा समय मिलाउँदा नै प्रष्ट पार्ने र बैठकको सुरुआतमा पनि दोहोऱ्याउने गर्नुपर्छ ।
- एकान्त र शान्त ठाउँमा बसेर कुराकानी गर्ने गर्नुपर्छ ।
- बालबालिकाको सकारात्मक बानीव्यहोरा वा सिकाइ, सकारात्मक कुराबाट छलफल सुरु गर्नुपर्छ । अभिभावकबाट पनि बालबालिकाको बानीव्यहोरा वा सिकाइमा आएको परिवर्तनको बारेमा पृष्ठपोषण लिने र सकेसम्म अभिभावकको कुरा सुन्ने गर्नुपर्छ ।
- आक्रोशमा आएका वा बालबालिकाबारे नकारात्मक कुरा राख्ने अभिभावकका कुरा खण्डन नगरी पहिले पूरा कुरा सुनेर मात्र जवाफ दिने र बालबालिकाको सकारात्मक कुरा देखाउन कोसिस गर्ने गर्नुपर्छ ।
- प्रगति विवरणअनुसार कुनै एउटा सुधार गर्नुपर्ने सूचकका बारेमा कुरा गर्ने र घरमा सहयोगको आवश्यकताबारे प्रष्ट्याउने र गृहकार्यको बारेमा सम्झाउने गनुपर्छ ।

**प्रतिबिम्बन** **(१५ मिनेट)**

- अभिनयपछि सहभागीहरूबाट आफूले गर्न सकिने नसकिने प्रतिक्रिया लिनुहोस् र शिक्षकले सोच्नुपर्ने विकल्पका बारेमा छलफल गर्नुहोस् ।

# कार्ययोजना निर्माण तथा तालिम मूल्याङ्कन

**दिन :** पाँचौ **सत्र :** तेस्रो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

यो सत्र कक्षा १ मा शिक्षण गर्ने शिक्षकहरूका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (ELDS) मा आधारित सिकाइ तथा विकास स्तर मापन र सुधारात्मक सिकाइ सहयोगका लागि तयार पारिएको हो । कक्षा १ का विद्यार्थीहरूलाई शिक्षण सिकाइ गर्दा निर्धारित पाठ्यक्रममै केन्द्रित हुनुपर्छ । निर्धारित पाठ्यक्रममा अन्य थप क्रियाकलाप गर्ने समय उपलब्ध हुँदैन । तसर्थ शिक्षकहरूले प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका आधारमा बालबालिकाको सिकाइ तथा विकास स्तर मापन र सुधारात्मक सिकाइ सहयोगका क्रियाकलाप कक्षा १ का विभिन्न विषयका मिल्ने खालका विषयवस्तुमा समायोजन गरेर सञ्चालन गर्नुपर्छ । प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका क्रियाकलापहरू कक्षा १ को पाठ्यक्रममा समायोजन गर्ने सिप प्रदान गर्नका लागि यो सत्र तयार पारिएको हो । यो सत्रमा सहभागीहरूले समायोजन कार्ययोजना तयार पार्नुका साथसाथै यो पाँच दिने तालिमको मूल्याङ्कन समेत गर्ने छन् ।

## उद्देश्य

**यस सत्रपश्चात् सहभागीहरू निम्न कार्यमा सक्षम हुने छन् :**

- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित बालबालिकाको सिकाइ तथा विकास स्तर मापनका र सुधारात्मक सिकाइ सहयोगका क्रियाकलाप कक्षा १ को पाठ्यक्रममा समायोजन गर्ने गरी कार्ययोजना तयार पार्न
- तयार पारिएको कार्ययोजना कार्यान्वयन गर्न
- तालिमको समग्र मूल्याङ्कन गर्न

## मुख्य विषयवस्तु

- कक्षा १ को पाठ्यक्रम अनुरूप समय समायोजन
- कार्यान्वयन कार्ययोजना
- तालिम मूल्याङ्कन

## आवश्यक सामग्री

- आधारभूत तह कक्षा १-३ को पाठ्यक्रम
- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा रहेका बालबालिकाका लागि प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणमा आधारित निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका
- न्युजप्रिन्ट, मार्कर

## सहजीकरण क्रियाकलापहरू

**क्रियाकलाप नं. १ : प्रस्तुतीकरण** (२० मिनेट)

- तलका प्रश्नहरू न्युजप्रिन्टमा लेखेर टाँस्नुहोस् वा पावरप्वाइन्ट स्लाइडमा देखाउनुहोस् ।

१. प्रगति विवरण फाराममा कतिओटा र विकासका कुन कुन क्षेत्रहरू दिइएका छन् ?
२. हरेक विकासका क्षेत्रहरूका विशिष्ट पक्षहरू के के छन् ? उल्लेख गर्नुहोस् ।
३. सबै विकासका क्षेत्रका जम्मा कतिओटा विशिष्ट पक्षहरू छन् ?
४. हरेक विशिष्ट पक्षमा दिइएका मानक र सुचकमा के फरक छ ?
५. हरेक विशिष्ट पक्षमा कतिओटा स्तरहरू दिइएका छन् ?
६. ती चारओटा स्तरहरू र कक्षा १ मा दिइएका हरेक विषयका मूल्याङ्कन फाराममा समानता र फरक के के हुन् ?
७. हरेक पक्षको चौथो स्तरले के बुझाउँछ ?

- सहभागीहरूलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण फाराम दिनुहोस् र माथिका प्रश्नहरूको जवाफ पत्ता लगाउन भन्नुहोस् ।
- तल बाकसमा दिइएको जवाफका आधारमा छलफल गराउँदै निष्कर्ष बताउनुहोस् ।

१. ६ ओटा : शारीरिक विकास, स्वास्थ्य र तन्दुरुस्ती, भाषिक विकास, बौद्धिक विकास, सामाजिक विकास, संवेगात्मक विकास र सांस्कृतिक विकास
२. शारीरिक विकास, स्वास्थ्य र तन्दुरुस्ती : स्थूल अङ्गको विकास, सूक्ष्म अङ्गको विकास, इन्द्रिय अङ्गको विकास, व्यक्तिगत सरसफाइ र सुरक्षित अभ्यास गरी ५ ओटा । भाषिक विकास : सुनाइ, पूर्वपढाइ र पूर्वलेखाइ गरी ३ ओटा । बौद्धिक विकास : बौद्धिक सिप र सिकाइ प्रक्रियाहरू, वर्गीकरण र क्रम मिलाउने, वैज्ञानिक ज्ञान/खोजी, दुरी र दिशा, अङ्क/सङ्ख्या र कल्पना गरी ६ ओटा । सामाजिक विकास : जीवनोपयोगी सिपहरू र सामाजिक व्यवहार गरी २ ओटा । संवेगात्मक विकास : संवेगात्मक अभिव्यक्ति, संवेगात्मक सुरक्षा र आत्मविश्वास गरी २ ओटा । सांस्कृतिक विकास : राष्ट्र र राष्ट्रियता १ ओटा ।
३. सबै विकासका क्षेत्रहरूका गरी जम्मा १९ ओटा विशिष्ट पक्षहरू छन् ।
४. मानकले सिकाइ र विकासको आधार के हो भन्ने उल्लेख गर्दछ भने सूचक सम्वद्ध विशिष्ट पक्षको मानकका आधारमा विद्यार्थीले गर्न सक्ने कुराको कथन हो ।
५. चारओटा
६. कक्षा १ मा दिइएका हरेक विषयका मूल्याङ्कन फाराममा पनि चारओटा स्तरहरू छन् र विद्यार्थीहरूको सिकाइ मापन गर्ने प्रयोजनका लागि १, २, ३ र ४ अङ्क दिइन्छ । १ र २ ले थप सहयोग आवश्यक पर्ने कुरा बुझाउँछ, ३ ले सिकाइ स्तर सन्तोषजनक रहेको र ४ ले सिकाइ पूर्ण भएको कुरा बुझाउँछ । यो प्रारम्भिक सिकाइ तथा विकास प्रगति फाराममा दिइएका ४ ओटा स्तरहरूमा चाहिँ पहिलो कथनले सिकाइ तथा विकासको सुरूवाती अवस्था बुझाउँछ, दोस्रो कथनले प्रगति भइरहेको, तेस्रो कथनले अगाडि बढिरहेको र चौथो कथनले प्राथमिक विद्यालयका लागि तयार भएको बुझाउँछ । चौथो स्तरले सम्बन्धित विकासको क्षेत्र र विशिष्ट पक्षमा बालबालिका प्राथमिक विद्यालयका लागि तयार भएको बुझाउँछ ।

- सहभागीहरूका कुनै जिज्ञासा भए जवाफ दिनुहोस् ।

**क्रियाकलाप नं. २ : समूह कार्य** **(४० मिनेट)**

- हरेक समूहमा उपयुक्त सङ्ख्यामा हुने गरी सहभागीहरूलाई समूहमा विभाजन गर्नुहोस् । हरेक समूहलाई प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा रहेका बालबालिकाका लागि प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणमा आधारित निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका र आधारभूत तह कक्षा १-३ को पाठ्यक्रम उपलब्ध गराउनुहोस् ।
- सबै समूहलाई यी दुवै दस्तावेजहरू अध्ययन गरी तलको ढाँचामा न्युजप्रिन्टमा प्रस्तुतीकरण तयार पार्न भन्नुहोस् । क्रियाकलापहरू कसरी र कहाँ समायोजन गर्ने भन्ने एउटा उदाहरण कम्तीमा पनि सबै विषय समावेश हुने गरी (तलको तालिकामा दिइए बमोजिम) पनि दिनुहोस् ।
- सहभागीहरूलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणमा आधारित निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकामा दिइएका विशिष्ट पक्ष/सक्षमता जुन विषय (नेपाली, गणित, अङ्ग्रेजी, सेरोफेरो: विज्ञान, स्वास्थ्य, सामाजिक, सिर्जनात्मक कला) सँग सम्बन्धित छ त्यही विषयको सम्बन्धित विषयक्षेत्र (थिम) र सम्भव भएसम्म पाठ नै उल्लेख गर्न भन्नुहोस् ।

| प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणमा आधारित निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकामा दिइएका विशिष्ट पक्ष/सक्षमताहरू | आधारभूत तह कक्षा १ को कार्यपुस्तकमा समायोजन गर्ने स्थान |
|---|---|
| स्थूल अङ्गको विकास | विषय: हाम्रो सेरोफेरो<br>थिम: मेरो दैनिक जीवन<br>पाठ: हाम्रो शरीर, योग, हाम्रो बानी (खेल खेलौँ), शारीरिक क्रियाकलाप र खेल |
| | |
| | |
| | |
| | |
| सुनाइ | विषय: मेरो नेपाली<br>थिम: सबै<br>पाठ: सुनाइसम्बन्धी सबै क्रियाकलापहरू |
| | |
| पूर्वलेखाइ | विषय: अङ्ग्रेजी<br>थिम: Me and My Family (Tasks like traciing, colouring, joining the dots, drawing the lines)<br>थिम: Alphabet (Tasks like joinging the dots to write letters, colouring) |
| | |
| वर्गीकरण र क्रम मिलाउने | विषय: मेरो गणित<br>थिम: म र मेरो परिवार<br>पाठ: आकारप्रकार र स्थान |
| | |
| | |
| | |
| | |
| | |

| प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणमा आधारित निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकामा दिइएका विशिष्ट पक्ष/सक्षमताहरू | आधारभूत तह कक्षा १ को कार्यपुस्तकमा समायोजन गर्ने स्थान |
|---|---|
| सामाजिक व्यवहार | विषय: हाम्रो सेरोफेरो<br>थिम: म र मेरो परिवार<br>पाठ: हाम्रो परिचय |
| संवेगात्मक अभिव्यक्ति | विषय: हाम्रो सेरोफेरो<br>थिम: हाम्रो समुदाय<br>पाठ: मेलमिलाप, नियमको पालना, सन्चो बिसन्चो |
| | |
| राष्ट्र र राष्ट्रियता | विषय: हाम्रो सेरोफेरो<br>थिम: हाम्रो संस्कृति<br>पाठ: हाम्रो संस्कार (राष्ट्रिय चिह्न चिनौँ) |

- सहभागीहरूलाई समूहको कार्य प्रस्तुत गर्न लगाउनुहोस् । समूहका सबैको प्रस्तुतिमा पृष्ठपोषण आदानप्रदान गर्न लगाउनुहोस् । सहभागीहरूले पछि सञ्चालन गर्ने तालिममा हरेक सहभागीहरूलाई माथिको तालिका पूर्ण रूपमा तयार पार्न लगाउनुपर्ने भएकाले कुनै द्विविधा भए प्रश्नोत्तरमार्फत प्रष्ट पार्नुहोस् ।

**क्रियाकलाप नं. ३ : समूह कार्य** **(२० मिनेट)**

- सहभागीहरूलाई कक्षा १ मा शिक्षण गर्ने शिक्षकहरूलाई यो तालिम सञ्चालनका क्रममा कार्ययोजना बनाउन लगाउनुपर्ने कुरा बताउनुहोस् ।
- प्रश्नोत्तर र छलफलमार्फत शिक्षकहरूले बनाउनुपर्ने कार्ययोजनाको ढाँचा तयार पार्नुहोस् ।
- सबै सहभागीहरूलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणमा आधारित निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकामा दिइएका विशिष्ट पक्ष/सक्षमताहरू समायोजन गर्न सकिने स्थानहरू (विषय, थिम र पाठसमेत) पहिचान गर्न लगाउनुपर्ने कुरा बताउनुहोस् । सहभागी शिक्षकहरूले सबै विशिष्ट पक्ष वा सक्षमताहरूसँग सम्बन्धित कक्षा १ को कार्यपुस्तकमा कम्तीमा एउटा विषय/थिम/पाठ पहिचान गर्नुपर्ने कुरा बताउनुहोस् । यसो गरेपछि कक्षा १ मा अध्यापन गर्ने शिक्षकहरूले प्रारम्भिक सिकाइ तथा विकासका क्रियाकलापहरू शिक्षण गर्न सक्षम हुने कुरा स्मरण गराउनुपर्ने कुरा बताउनुहोस् ।

| क्र.सं. | कार्य<br>कक्षा १ को कार्यपुस्तकमा समायोजन गर्ने स्थान<br>(विषय, थिम र पाठ समेत) | | सहयोग | समयसीमा |
|---|---|---|---|---|
| | प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणमा आधारित निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकामा दिइएका विशिष्ट पक्ष/सक्षमताहरू | आधारभूत तह कक्षा १ को कार्यपुस्तक मा समायोजन गर्ने स्थान | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**क्रियाकलाप नं. ४ : मूल्याङ्कन** **(५ मिनेट)**

- सबै सहभागीहरूलाई तल दिइएको तालिम मूल्याङ्कन फाराम उपलब्ध गराउनुहोस् । आवश्यक निर्देशनसहित तालिम मूल्याङ्कन फाराम भर्न लगाउनुहोस् ।

**तालिम स्थल र मिति**

**तलका कथनहरूका सम्बन्धमा तपाईंको सहमतिको स्तर अङ्कित गर्नुहोस् ।**

| | पूर्ण सहमत | सहमत | तटस्थ | असहमत | पूर्ण असहमत |
|---|---|---|---|---|---|
| १. तालिमको उद्देश्यहरू प्रष्ट पारिएको थिए । | o | o | o | o | o |
| २. प्रशिक्षकहरूले सहभागिता र अन्तर्क्रिया प्रोत्साहन गरे । | o | o | o | o | o |
| ३. तालिममा समेटिएका विषयवस्तु मेरा लागि सान्दर्भिक थिए । | o | o | o | o | o |
| ४. तालिमका विषयवस्तु सङ्गठित थिए र पछ्याउन सहज थिए । | o | o | o | o | o |
| ५. वितरण गरिएका सामग्रीहरू उपयोगी थिए । | o | o | o | o | o |
| ६. यो तालिम मैले सञ्चालन गर्ने तालिममा उपयोगी हुने छ । | o | o | o | o | o |
| ७. प्रशिक्षकहरू तालिमका विषयवस्तुका सम्बन्धमा पोख्त थिए । | o | o | o | o | o |
| ८. प्रशिक्षकहरूको तयारी राम्रो देखिन्थ्यो । | o | o | o | o | o |
| ९. तालिमका उद्देश्यहरू हासिल भए । | o | o | o | o | o |
| १०. तालिमका लागि छुट्याइएको समय पर्याप्त थियो । | o | o | o | o | o |
| ११. तालिम कक्षाको बसाइ सहज थियो । | o | o | o | o | o |

१२. यो तालिममा तपाईँलाई सबैभन्दा बढी मन परेको कुरा के हो ?

१३. यो तालिमको कुन पक्षमा सुधार गर्नुपर्छ जस्तो ठान्नुहुन्छ, किन ?

१४. यो तालिमको फलस्वरूप तपाईंको कार्यमा के परिवर्तन गर्ने अपेक्षा गर्नुभएको छ ?

१५. यो र यस्तै तालिम आगामी दिनमा सञ्चालन गर्दा गर्न सकिने कार्यान्वयनयोग्य (बजेटका सीमितताको अवस्थामा समेत) कार्यहरू के के हुन सक्छन् ?

१६. अन्य केही भए उल्लेख गर्नुहोस् ।

- सबै सहभागीहरूले भरेको फाराम सङ्कलन गर्नुहोस् र उनीहरूले सञ्चालन गर्ने तालिमको सफलताको कामना गर्नुहोस् ।

## प्रतिबिम्बन (५ मिनेट)

- सहभागीहरूलाई गोलो घेरामा उभिन भन्नुहोस् । हरेक सहभागीलाई यो पाँच दिने तालिमका सम्बन्धमा एउटा बुँदामा प्रतिबिम्बन गर्न भन्नुहोस् ।


## पठन सामग्री

- आधारभूत तह कक्षा १-३ को पाठ्यक्रम
- कक्षा १ का चारओटै विषयका पाठ्य तथा कार्यपुस्तकहरू
- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा रहेका बालबालिकाका लागि प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणमा आधारित निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका

# अनुसूची १

## पहिलो दिनको पहिलो सत्रको नमुना स्लाइड


## प्रारम्भिक बालविकासको अवधारणा र महत्त्व


















## प्रारम्भिक बालविकासको महत्त्व


- मस्तिष्क विकासको जग बस्ने समय हो
- गर्भदेखि आठ वर्षसम्म द्रुत गतिमा सुनाइ, भाषा, बौद्धिक विकासको अवस्था
- सामाजिक न्यायको दृष्टिकोण
- व्यक्तित्व विकास हुने समय
- औपचारिक शिक्षाको लागि तयारी
- अपाङ्गताको प्रारम्भिक पहिचान तथा समायोजन







## आर्थिक दृष्टिकोण




*विश्व बैंक, हाइस्कोप पेरिस्कूल, र सिकागो अध्ययन प्रतिवेदन अनुसार राज्यले प्रारम्भिक बालविकासमा एक डलर लगानी गर्दा त्यस्को प्रतिफल सातदेखि सत्र डलरसम्म हुने गरेको उल्लेख छ ।*

## उचित प्रारम्भिक बालविकासको फाइदा - व्यक्तिगत

- शारीरिक रूपमा स्वस्थ्य, निरोगी, फुर्तिला हुन्छन् ।
- बौद्धिक रूपमा क्षमतावान, सिक्न तयार, सिर्जनशील, सोच्न, बोल्न, बुझ्न, सही गलत छुट्याउन सक्षम हुन्छन् ।
- संवेगात्मक तथा भावनात्मक रूपमा संवेदनशील, आफ्नो भावना अभिव्यक्त गर्ने, सकारात्मक, आत्मविश्वासी, अरूको विचार भावना बुझ्ने, मायालु स्वभावका हुन्छन् ।
- सामाजिक रूपमा मिलनसार, निश्वार्थ सम्बन्ध राख्ने, साथी, समूहमा मिल्न सक्ने आदर, सम्मान गर्ने हुन्छन् ।
- शारीरिक, बौद्धिक, संवेगात्मक, सामाजिक, भाषिक विकास सन्तुलित रूपमा गर्न सक्ने हुन्छन् ।



## उचित प्रारम्भिक बालविकासको फाइदा - सामाजिक

- बालमृत्यु दर घट्छ ।
- शैक्षिक क्षति घट्छ । बीचमा कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने ।
- लिङ्ग, जात, धर्म, वर्ग आदि आधारमा हुने भेदभाव घट्छ ।
- आपराधिक गतिविधि घट्छ ।
- स्वास्थ उपचारमा गरिने खर्चमा कमी आउँछ ।
- उत्पादन क्षमता बढ्छ ।
- समतामूलक समाज निर्माणको लागि बलियो आधार बन्छ ।

## नेपालमा अभ्यासमा ल्याइएका एकीकृत प्रारम्भिक बालविकास कार्यक्रमहरू







## समुदायस्तरीय अभिमुखीकरण/घरदैलो कार्यक्रम

- समुदायलाई सचेतीकरण गर्न समुदाय अभिमुखीकरण/घरदैलो कार्यक्रम
- प्रारम्भिक बालविकास कार्यक्रमको सेवाले एकीकृत रूपमा बालबालिकालाई विकासको अवसर दिने भएको हुँदा समुदायमा भएको स्रोत तथा साधनलाई परिचालन गराई सर्वाङ्गीण विकासको अधिकार र चेतना अभिवृद्धि गर्न यो कार्यक्रम उपयोगी हुन्छ ।



## प्रारम्भिक बालविकाससम्बन्धी अभिभावक शिक्षा

- गर्भदेखि ८ वर्ष सम्मका शिशु बालबलिकाको शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक र भाषिक विकास गर्न आमा, बाबु र अन्य स्याहारकर्ताको ज्ञान, सिप विकास गर्ने कार्यक्रम
- अभिभावक शिक्षा तथा सहभागिता कार्यक्रम शिक्षा विभाग तथा गैससहरूले सञ्चालन गर्दै आएको




## सुनौलो हजार दिन लक्षित कार्यक्रम

- प्रारम्भिक बाल्यावस्थाका पहिलो १,००० दिन (गर्भावस्थादेखि २ वर्ष) शिशुको वृद्धि विकास र सिकाइ हुने सुनौलो समय
- गर्भवती महिला तथा २ वर्षसम्मका शिशुलाई स्वास्थ्य तथा पोषण सम्बन्धी सेवा सुविधा उपलब्ध गराउने कार्यक्रम



## अभिभावकद्वारा शिशुहरूमा प्रारम्भिक उत्प्रेरणा
**(Parent to Child Early Stimulation, PCES)**

- यो कार्यक्रम गर्भावस्थादेखि ३ वर्ष मुनिका बालबालिकालाई घर परिवारमा नै शारीरिक, बौद्धिक, भाषिक, संवेगात्मक र सामाजिक विकास गराउन अभिभावकद्वारा उत्प्रेरणा दिन गर्भवती तथा ३ वर्ष मुनिका बच्चाका अभिभावक र स्याहारकर्तालाई लक्षित गरी सञ्चालन गरिएको हो ।



17

## "प्रवेशद्वार कार्यक्रम"

- डेढदेखि ३ वर्षसम्मका बालबालिकाको निम्ति सेतो गुराँस राष्ट्रिय बालविकास सेवाले १९९० को दशकमा ग्रामीण क्षेत्रमा सञ्चालन गरेको **"प्रवेशद्वार कार्यक्रम"**
- हरेक सात ओटा घरका तालिमप्राप्त आमाले पालैपालो बालबालिकाको स्याहारको जिम्मा लिने ।




18

## एक डोको/ढक्की खेलौना वा बाल खेल दराज कार्यक्रम

- घरमा रहेका १-५ वर्ष उमेर समूहका शिशु र बालबलिकालाई स्थानीय तहमा घरकै स्रोत र साधनबाट खेलौना सङ्कलन र निर्माण गर्न सकिन्छ ।
- यसरी बनाइएका खेलौना र थरी थरीका सामग्रीहरूलाई डोको, ढक्की, च्याकमा व्यवस्थापन गरिन्छ ।
- यो कार्यक्रम व्यवहारिक भएको पाइएको छ ।





19

## घरेलु क्रियाकलापमा आधारित प्रारम्भिक बालविकास कार्यक्रम

- घरेलु क्रियाकलापमा आधारित बालविकास, घरायसी काम गर्दै सिकाइ र विकास क्रियाकलाप





20

## समुदायमा आधारित प्रारम्भिक बाल स्याहार तथा विकास केन्द्र (३ देखि ४ वर्ष उमेरका)

घरबाट टाढा जान नसक्ने १५ देखि २० जना बालबालिकाका लागि समुदायमा आधारित यस केन्द्रमा तालिम प्राप्त सहयोगी कार्यकर्ताहरूले बाल मनोवैज्ञानिक व्यवहारबाट खेल तथा मनोरञ्नात्मक तरिकाबाट शारीरिक, बौद्धिक, संवेगात्मक र सामाजिक विकास गर्ने तथा उपयुक्त स्वास्थ्य, पोषण, सरसफाइ, उत्प्रेरणा, सुरक्षा र सिकाइ क्रियाकलाप गराइन्छ ।



21

## प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्र/पूर्वप्राथमिक कक्षा

- ४ देखि ५ वर्ष उमेर समूहका बालबालिकालाई आवद्ध गराई तालिम प्राप्त बालविकास शिक्षकबाट सिकाइ क्रियाकलाप सञ्चालन ।
- केन्द्रको आवश्यक बालमैत्री तथा बालकेन्द्रित वातावरण व्यवस्थापनका लागि नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र पाठ्यक्रम विकास केन्द्रद्वारा लागू गरिएको प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्डका आधार तथा प्रारम्भिक बाल शिक्षा पाठ्यक्रमअनुसार विकासात्मक तथा प्रारम्भिक साक्षरता, पूर्व गणित अवधारणा तथा सिपसम्बन्धी सिकाइ क्रियाकलाप सञ्चालन गराइन्छ ।



**उद्देश्य**

कार्यक्रमका उद्देश्य ४ देखि ५ वर्ष उमेर समूहका बालबालिकाको सर्वाङ्गीण विकासको अधिकार सुनिश्चित गरी प्राथमिक शिक्षाको लागि तयारी गर्ने ।

22

## आधारभूत शिक्षा (कक्षा १ देखि ३ सम्म)

- पाठ्यक्रम विकास केन्द्रले शिक्षामा नवप्रवर्तनको रूपमा आधारभूत तह कक्षा १ देखि ३ का लागि एकीकृत पाठ्यक्रम कार्यान्वयनमा ल्याएको छ । उक्त पाठ्यक्रम विषयक्षेत्रगत र विषयगत शिक्षणमा आधारित एकीकृत शिक्षण सिकाइका लागि प्रारम्भिक बालविकासको अवधारणामा आधारित भई तयार भएको छ ।



- बालमैत्री विद्यालय राष्ट्रिय प्रारूपअनुसार विद्यालयहरूले नौ ओटा पक्षः (१) प्रभावकारिता, (२) समावेशीकरण, (३) शिक्षामा लैङ्गिक पक्ष, (४) बालबालिका, परिवार र समुदायको सहभागिता, (५) स्वास्थ्य, सुरक्षा र बचावट, (६) विद्यालयको भौतिक अवस्था, (७) शिक्षण सिकाइ प्रक्रिया, (८) मातृभाषामा शिक्षण सिकाइ, र (९) विद्यालय व्यवस्थापनका सूचकहरू प्राप्त गर्ने गरी प्रयास गर्नुपर्ने हुन्छ ।

23



## केही प्रश्न ?

24

# पहिलो दिनको दोस्रो सत्रको नमुना स्लाइड

## कक्षा १ मा आउने बालबालिकाको विकासात्मक अवस्था पहिचानको आवश्यकता

**कक्षा १ मा आउने बालबालिकाको विकासात्मक अवस्था पहिचानको आवश्यकता**

1

### समूह कार्य

- समूह १ - कक्षा १ मा आउने बालबालिका शारीरिक रूपमा कस्तो हुनुपर्छ ? सूचक बनाउनुहोस् र औसतमा कति बालबालिका सो सूचक पूरा गरेर आएका हुन्छन् ?
- समूह २ - कक्षा १ मा आउने बालबालिका सामाजिक तथा संवेगात्मक रूपमा कस्तो हुनुपर्छ ? सूचक बनाउनुहोस् र औसतमा कति बालबालिका सो सूचक पूरा गरेर आएका हुन्छन् ?
- समूह ३ - कक्षा १ मा आउने बालबालिका भाषिक रूपमा कस्तो हुनुपर्छ ? सूचक बनाउनुहोस् र औसतमा कति बालबालिका सो सूचक पूरा गरेर आएका हुन्छन् ?
- समूह ४ - कक्षा १ मा आउने बालबालिकालाई के कस्ता विषयका बारेमा थाहा (संज्ञानात्मक विकास भएको) हुनुपर्छ ? सूचक बनाउनुहोस् र औसतमा कति बालबालिका सो सूचक पूरा गरेर आएका हुन्छन् ?

2


### समूह कार्य

| क्र.सं. | सूचक | कक्षा १ मा आउने औसत कति बालबालिकाले यो सूचक पूरा गर्न सक्छन् ? (प्रतिशतमा) |
|---|---|---|
| | | |
| | | |

3

### कक्षा १ मा प्रवेश गरेका बालबालिकाको अवस्था

(शैक्षिक गुणस्तर परीक्षण केन्द्र २०७६)




**के ४४% सिक्दै गरेका वा सिकाइमा कठिनाइ भएका बालबालिकाले कक्षा १ मा निरन्तरता देलान् ? केही सिक्छन् ?**

4

### मापन गरिएका सूचकका नमुना

- **सा.नं. १३. शारीरिक विकास :** सूक्ष्म अङ्ग परिचालन सिप । **कार्य :** कागजलाई बराबर भागमा पट्याउने । **सामग्री :** A4 साइजको कागजको पाना ।
- **प्रक्रिया र निर्देशन** :

– A4 साइजको कागजको पाना लिई परीक्षकले आफूसँगै बालबालिकालाई कागज पट्याउन लगाउने (पहिले तेर्सो मोड र त्यसपछि ठाडो मोड) क्रियाकलाप गर्ने ।

| गरेको कार्य | सीधा पारी बराबर ४ भागमा पट्याएमा (२) | सही ढङ्गले बराबर २ भागमा पट्याउन सकेमा (१) | सही ढङ्गले बराबर भागमा पट्याउन नसकेमा (०) | कार्य नै नगरेको ( –० |
|---|---|---|---|---|
| पट्याउने कार्य | | | | |

5

### मापन गरिएका सूचकका नमुना

- **सा.नं. ११. भाषिक विकास :** सुनाइ बोध । **कार्य :** सुनेको बोध गर्ने । **सामग्री** : उद्देश्यमूलक छोटो कथा ।
- **प्रक्रिया र निर्देशन** :

– परीक्षकले बिस्तारै उचित लयमा कथा सुनाउने र क्रमैसँग तल मूल्याङ्कन साधनमा दिइएअनुसार प्रश्नहरू सोधी मूल्याङ्कन गर्ने ।

– **अब, म तपाईंलाई कथा सुनाउँछु । कथा राम्रोसँग सुन्नुहोस् । त्यसपछि म तपाईंलाई केही प्रश्न सोध्नेछु । तपाईंले उत्तर भन्नुपर्छ है त । ल सुन्नुहोस् ।**

- **एउटा घरमा दिदी र भाइ थिए । दिदीको नाम गीता र भाइको नाम महेश थियो । उनीहरू मिलेर पढ्थे ।**

| प्रश्न | सही उत्तर दिएमा (२) | उत्तर सही नभएमा (०) | कुनै प्रतिक्रिया नदिएमा (–) |
|---|---|---|---|
| क. कथामा कतिजना छन् ? | | | |
| ख. उनीहरूको नाता के हो ? | | | |
| ग. गीताको भाइको नाम के थियो ? | | | |

6

### मापन गरिएका सूचकका नमुना

- **सा.नं.२०. बौद्धिक विकास ।** **कार्य** : दिशाको ज्ञान । **सामग्रीहरू** : छैन ।
- **प्रक्रिया र निर्देशन** :

– परीक्षकले बालबालिकाको एकातिर बस र अर्कोतिर टेलिभिजनको चित्र राखी तपाईंको दायाँ ÷दाहिनेतिर के छ ? र पुन ध्यानाकर्षण गराइ बायाँ÷देब्रेतिर के छ भनी सोध्ने र प्रतिक्रियाको अवलोकन गर्ने ।

| दिशा | सही बताएमा (२) | बताएको सही नभएमा (०) | प्रतिक्रिया नजनाएमा (-) |
|---|---|---|---|
| क. दायाँ | | | |
| ख. बायाँ | | | |

7

### मापन गरिएका सूचकका नमुना

- **सा.नं.२२. सामाजिक विकास ।** **कार्य :** साथीहरूबीच सम्बन्ध पहिचान । **सामग्री :** छैन ।
- **प्रक्रिया र निर्देशन** :

– परीक्षकले बालबालिकालाई क्रमशः कुनै तीनजना साथीको नाम बताउन लगाउने ।

| ३ ओटा साथीको नाम स्पष्ट बताएमा (२) | २ ओटा वा एक साथीको नाम बताएमा (१) | छैन भनेमा (०) | प्रतिक्रिया नजनाएमा (-) |
|---|---|---|---|
| | | | |

8

## मापन गरिएका सूचकका नमुना

- **सा.नं.२४. संवेगात्मक विकास ।** **कार्य :** सह अनुभूति (Empathy) ।

**सामग्री : लडेर** रोइराखेको बेलाको बच्चाको चित्र र घटना सन्दर्भ ।

- **प्रक्रिया र निर्देशन** :

- परीक्षकले लडेर रोइराखेको बेलाको बच्चाको चित्र देखाउने ।
- **तपाईंको साथीलाई पनि चित्रमा जस्तै भयो भने तपाईं के गर्नुहुन्छ ?**

| समस्या बुझी सहयोगको प्रयास गर्छु वा यस्तै आशय व्यक्त गरेमा । (२) | भन्न प्रयास मात्र गरे वा केही पनि गर्दिन भनेमा (०) | प्रतिक्रिया नदिएकोमा (–) |
|---|---|---|
| | | |

9

## सूचकका आधार : प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड

- बालबालिकाले जान्नै पर्ने र गर्न सक्ने क्षमताको स्तरीकरणका लागि विकास गरिएको राष्ट्रिय मापदण्ड
- क्षेत्र, उपक्षेत्र, विशिष्ट पक्ष तथा निश्चित उमेर समूह (४८ - ६० महिना) कालागि स्तर निर्धारण
- निर्धारित स्तरलाई प्राप्त गर्न सिकाइ क्रियाकलापहरू दिइएको र यसको लागि प्रमाणित सूचकहरू राखिएको
- सन् २००८ देखि निर्माण प्रक्रिया शुरु भइ, २ वर्षको प्रमाणिकरण अध्ययन पश्चात सन् २०१२ मा नेपाल सरकारबाट लागु गरिएको

10

## प्रारम्भिक बालसिकाइ तथा विकास मापदण्डको उद्देश्य

गुणस्तरीय बालविकास कार्यक्रम निर्माणका लागि सबैको समान दृष्टिकोण बन्ने र बालशिक्षकको क्षमता अभिवृद्धि गर्न, कार्यक्रमको अनुगमन तथा कार्यक्रमको उद्देश्य प्राप्त गर्नमा उपयोगी हुनेछ । यसका उद्देश्यहरू निम्नानुसार छन्:-

(क) कलिला बालबालिकाहरूको स्याहार तथा सिकाइमा संलग्न अभिभावकहरू प्रारम्भिक बालविकाससम्बन्धी विज्ञहरू तथा सबै समुदायका सदस्यहरूको बीचमा कलिला बालबालिकाबाट के कस्ता जायज अपेक्षा गर्न सकिन्छ र ती कसरी पूरा गर्न सकिन्छ भन्ने बारे साझा छलफलका लागि यस मापदण्ड एउटा साधन बन्ने छ ।

(ख) गुणस्तरीय प्रारम्भिक बालविकासका लागि सबैको समान दृष्टिकोण बनाउन तथा सो को अनुगमन पद्धति निर्माण गर्न यस मापदण्डले सहयोग/योगदान गर्नेछ ।

(ग) यस मापदण्डले विद्यालय शिक्षासँग प्रारम्भिक बालविकासको सम्बन्ध सुदृढ हुने छ र विद्यालयको शिक्षा तथा भावी जीवनको सफलताका लागि जग निर्माण गर्ने छ ।

11

| विकासका क्षेत्र | उपक्षेत्रहरू | विशिष्ट पक्ष/सक्षमताहरू |
|---|---|---|
| शारीरिक विकास, स्वास्थ्य र तन्दुरुस्ती | शारीरिक विकास | स्थूल अङ्गको विकास |
| | | सूक्ष्म अङ्गको विकास |
| | | इन्द्रिय अङ्गको विकास |
| | स्वास्थ्य | तन्दुरुस्ती |
| | | व्यक्तिगत सरसफाइ |
| | | वातावरणीय सरसफाइ |
| | | सुरक्षित व्यवहार |
| | पोषण | पोषणयुक्त खाना खाने बानी |
| सामाजिक विकास | सामाजिक | वयस्क तथा साथीहरूबिच सम्बन्ध |
| | | जीवनोपयोगी सिप |
| | | सहयोग र सहकार्य |
| | | सामाजिक व्यवहार |
| संवेगात्मक विकास | संवेगात्मक विकास | स्वअवधारणा |
| | | संवेगात्मक अभिव्यक्ति |
| | | संवेगात्मक सुरक्षा र आत्मविश्वास |
| | | संवेगहरूको सन्तुलन |
| बौद्धिक विकास | संज्ञानात्मक विकास | बौद्धिक सिप र सिकाइ प्रक्रियाहरू |
| | बौद्धिक विकास | वर्गीकरण र क्रम मिलाउने |
| | बौद्धिक ज्ञान | वैज्ञानिक खोज/आकाश तथा मौसम |
| | | वैज्ञानिक खोज/सजीव र निर्जीव वस्तुहरू |
| | | वैज्ञानिक ज्ञान/वस्तुहरू |
| | | वैज्ञानिक ज्ञान/प्रविधि |
| | | वैज्ञानिक खोज/यातायात |
| | | दुरी तथा दिशा |
| | | समयको अवधारणा |
| | गणित | गणितीय ज्ञान/सङ्ख्या |
| | | नापतौल |
| | सिर्जनशीलता | सिर्जनशील कला |
| | | परिकल्पना, नाटक र अभिनय |
| | | सङ्गीत र ताल |
| सांस्कृतिक विकास | सांस्कृतिक विकास | राष्ट्र र राष्ट्रियता (विविधतामा एकता) |
| | | मूल्य र मान्यता (परिवार र समुदाय) |
| भाषिक विकास | सञ्चार | सुनाइ |
| | | अन्य व्यक्तिसँग सञ्चार र अन्तर्क्रिया |
| | साक्षरता | पूर्वपढाइ |
| | | पूर्वलेखन अभ्यास |

**६६ मापदण्ड**

**१५७ सूचक**

12

### उदाहरण

१.१ उपक्षेत्र : शारीरिक विकास

१.१.१ विशिष्ट पक्ष : स्थूल अङ्को विकास

मापदण्ड/स्तर

१. बालबालिकाहरूले शरीरका स्थूल अङ्गहरूको तन्दुरूस्ती तथा समन्वयको प्रदर्शन गर्दछन् ।

सूचक

१.१ बालबालिकाहरू शरीर तन्काउन र निहुरेर खुट्टा छुन सक्छन् ।

१.२ बालबालिकाहरू भुईंमा घस्रेर हिंड्न सक्छन् ।

१.३ बालबालिकाहरू शरीर सन्तुलन गरी सिधा, साँघुरो बाटो वा काठको फल्याकमा तीन मिटरसम्म हिंड्न सक्छन् ।

१.४ बालबालिकाहरू १० पाइलासम्म उकालो, ओरालो तथा भऱ्याङ, खुड्किलामा तल माथि हिंड्न सक्छन् ।



13

contd.....

**सिकाइ वातावरण तथा क्रियाकलाप**

१.१ (क) बालबालिकालाई शरीरका स्थूल अङ्गहरू तन्काउने तथा सन्तुलन गर्ने अभ्यास गर्न प्रोत्साहित गर्ने ।

(ख) बालबालिकालाई सिधा/गोलो घेरामा शरीरलाई तन्काउने तथा सन्तुलन गर्ने क्रियाकलाप गराउने ।

१.२ बालबालिकालाई सुरक्षित वातावरणमा केन्द्र भित्र तथा बाहिर व्यवस्थापन गरिएको सामग्री जस्तै सुरुङ, टायर(गाडीको) आदिमा खेल खेल्न अवसर प्रदान गर्ने ।

१.३ बालबालिकालाई काठको निश्चित फल्याक माथि हिंड्न प्रोत्साहित गर्ने ।

१.४ बालबालिकालाई साना रुखहरू वा सुरक्षित बारहरू चढ्न प्रोत्साहित गर्ने ।

१.५ बालबालिकालाई दुवै गोडाहरू प्रयोग गरी उफ्रने अवसर प्रदान गर्ने ।

१.६ बालबालिकालाई उल्टो हिंड्न अवसर प्रदान गर्ने ।

१.७ बालबालिकालाई कुनै निश्चित परिधि वा क्षेत्रमा (थैलो, कपडा, बोराको प्रयोग गरी) बुर्कुसी मार्ने वा उफ्रने क्रियाकलाप गर्ने अवसर प्रदान गर्ने ।

१.८ बालबालिकालाई निर्देशित तथा स्वतन्त्र खेल खेल्न प्रोत्साहित गर्ने ।

१.९ बालबालिकालाई बल, रिङ, बिन व्यागहरूको प्रयोगबाट समात्ने, फाल्ने, तथा खुट्टाले हान्ने खेल खेलाउने ।

१.१० बालबालिकालाई पिङ खेल्न प्रोत्साहित गर्ने ।

**१.११ बालबालिकालाई पूरै शरीर सञ्चालन तथा सन्तुलन हुने खेलहरू (जस्तै दौडिने र रोकिने, रोक/जाउ, भित्र/बाहिर) खेलाउने ।**

14

## गृहकार्य

- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका सबै सूचकको अध्ययन गर्नुहोस् ।

15

अनुसूची ३

# पहिलो दिनको तेस्रो सत्रको नमुना स्लाइड

# प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ को परिचय

## प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ को परिचय र सक्षमता दैनिक कार्यतालिका

1

## सामाजिक, सांस्कृतिक, विकासात्मक, बालमनोविज्ञान, बालअधिकार

**सिद्धान्त**
सिकाइ प्रारम्भिक/पूर्व साक्षरता, उत्प्रेरणा, बहुबौद्धिकता (व्यक्तिगत भिन्नता), समावेशिता र समता

**विधि**
बालकेन्द्रित अनुभव, खेल, समस्या समाधान, खोज, दैनिक जीवनका कार्य, पूर्व साक्षरता र पूर्व क्रियाकलाप

**बालविकासका एकीकृत पूर्वाधार**
पोषण, स्वास्थ्य स्याहार, माया, उत्प्रेरणा, संरक्षण

सर्वाङ्गीण विकास | विद्यालय तत्परता | असल बालबालिका | बालअधिकार सुनिश्चितता

2

## प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, २०७७

**परिचय**

- विगतमा सामुदायिक र संस्थागत विद्यालयहरू एवम् विभिन्न सङ्घसस्थाहरूले आआफ्नो तरिकाले प्रारम्भिक बालविकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आएकामा यसलाई नियमन र नियन्त्रण गर्न २०६२ सालमा तत्कालीन शिक्षा विभागले पाठ्यक्रमको रूपमा "प्रारम्भिक बालविकास दिग्दर्शन" र २०६८ सालमा "प्रारम्भिक बालसिकाइ तथा विकास मापदण्ड" तयार गरी कार्यान्वयन गर्दै आएको थियो ।
- शिक्षा ऐनको नवौं संशोधनपछि प्रारम्भिक बालविकास विद्यालय शिक्षाको अङ्ग भएको हुनाले शिक्षा विभागबाट विकसित दिग्दर्शन तथा मापदण्ड समेतका आधारमा चार वर्ष (४८ महिना पूरा गरेका) उमेर समूहका सम्पूर्ण बालबालिकाका लागि विद्यालय, बालविकास केन्द्र वा निजीस्तरबाट सञ्चालित बालविकास कक्षाका लागि पाठ्यक्रम विकास केन्द्रबाट पाठ्यक्रम विकास गरिएको हो । 3

## प्रारम्भिक बालविकास तथा शिक्षको पाठ्यक्रमको लक्ष्य

- प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रमले बालबालिकाको सर्वाङ्गीण विकास र बालबालिकाको सिकाइका लागि आधारशिला निर्माण गर्ने लक्ष्य निर्धारण गरेको छ ।

**नीतिगत दस्तावेजअनुसार**

- प्रारम्भिक बालविकास र शिक्षा पाठ्यक्रमले बालबालिकाको सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता, स्वस्थकर बानी विकास, वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन, सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन, सिर्जनात्मक सोच तथा भाषिक तथा सञ्चार सिपको विकास कार्यमा विशेष जोड दिएको छ ।

4

## प्रारम्भिक बालविकास र शिक्षाका सक्षमता

१. अभिव्यक्ति तथा सञ्चारका लागि भाषाको उपयोग
२. पोषणयुक्त खाद्यपरिकारको पहिचान र दैनिक रूपमा उपयोग
३. स्वस्थकर बानी तथा असल सामाजिक व्यवहारको अनुसरण र आवश्यकतानुसार नमुना प्रदर्शन
४. वैयक्तिक सुरक्षाका उपाय अवलम्बन
५. दैनिक व्यवहारका कार्य सम्पादनका क्रममा विषयगत सिकाइ र सिर्जनात्मक सोचको प्रयोग
६. सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता र तिनमा आधारभूत सिपको प्रयोग

5

## आधारभूत सिप सिकाइ क्षेत्र तथा विषयगत सिप सिकाइ क्षेत्र

**आधारभूत सिप सिकाइ क्षेत्र**

- शारीरिक सिप
- संवेगात्मक सिप
- सामाजिक, सांस्कृतिक र नैतिक सिप
- बौद्धिक तथा मानसिक सिप
- स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप
- सिर्जनात्मक सिप

**विषयगत सिप सिकाइ क्षेत्र**

- भाषिक सिप
- पूर्व गणितीय सिप
- दृश्यकला, कार्यतरिका र सिर्जनशीलता
- वातावरण विज्ञान
- सामाजिक अध्ययन

6

## सिप सिकाइका क्षेत्र र कार्यघण्टा

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | कार्यघण्टा |
|---|---|---|---|
| १ | आधारभूत सिप सिकाइका क्षेत्र | (क) शारीरिक सिप<br>(ख) संवेगात्मक सिप<br>(ग) सामाजिक, सांस्कृतिक र नैतिक सिप<br>(घ) बौद्धिक तथा मानसिक सिप<br>(ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप<br>(च) सिर्जनात्मक सिप | ३८४ |
| २ | विषयगत सिप सिकाइका क्षेत्र | (क) भाषिक सिप<br>(ख) पूर्वगणितीय सिप<br>(ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता<br>(घ) वातावरण विज्ञान<br>(ङ) सामाजिक अध्ययन | १९२ |
| | कुल जम्मा | | ५७६ |

7

contd….

**द्रष्टव्य:**

१.उपर्युक्त तालिकाबाहेक स्थानीय विषयवस्तुअन्तर्गत स्थानीय तहमा प्रचलित मनोरञ्जनात्मक क्रियाकलाप, खेल, बालगीत, विभिन्न कथा, चालचलनको भूमिका अभिनय र आरामका अभ्यास वा अन्य स्थानीय विशिष्ट अभ्यास, प्रचलन वा रोचक प्रसङ्गलगायतका विषयक्षेत्र समेटी कम्तीमा दैनिक एक घण्टाका दरले वर्षभरिमा २५६ घण्टासम्म वार्षिक समय थप हुने छ।

२.विषयगत सिकाइका क्षेत्रहरूअन्तर्गतका विषयवस्तुको सिकाइ क्रियाकलाप अलग्गै विषयका रूपमा नभई आधारभूत सिपका क्षेत्रसँग एकीकृत रूपमा सञ्चालन गर्नुपर्ने छ।

8

## पाठ्यक्रम कार्यान्वयनका आधारहरू

१. सिकाइ वातावरण

(क) भौतिक वातावरण

(ख) शैक्षिक वातावरण

२. अभिभावक/समुदायको संलग्नता

३. अपाङ्गता भएका बालबालिकाको सन्दर्भमा बालविकास कार्यक्रम

४. बालशिक्षकको भूमिका

9

## मूल्याङ्कन प्रक्रिया

- बालबालिकाको दैनिक क्रियाकलापका आधारमा के, कति कहिले र कसरी सिके भन्ने अवलोकन गर्ने गर्नुपर्दछ । बालबालिकालाई औपचारिक परीक्षा दिन लगाउनु हुँदैन । सञ्चित अभिलेख राखी व्यक्तिगत फाइल खडा गर्नुपर्दछ।
- बालबालिकाको मूल्याङ्कन गर्ने क्रममा कहाँ, कस्तो, के र किन कमजोरी छ भन्ने पत्ता लगाउने तरिकाहरू अपनाउनुपर्छ।
- बालबालिकाको प्रगतिलाई उनीहरूले गरेका क्रियाकलापका आधारमा टिपोटका रूपमा अभिलेख राखी ती टिपोट त्रैमासिक रूपमा अभिभावकलाई जानकारी गराउनुपर्छ । शैक्षिक सत्रको अन्त्यमा ती टिपोटलाई प्रतिवेदनका रूपमा तयार गरी बालविकास केन्द्रबाट विद्यालयमा भर्ना हुन जाँदा दिने गर्नुपर्छ।

10

# के के हुन पाठ्यवस्तु ?

# छलफल

11

## मुख्य शीर्षक ?

१ म र मेरो परिवार

२. मेरो ठाउँ

३. हाम्रो संस्कृति

४. यातायात/सञ्चार

५. वातावरण

६. समय

७. हामी नेपाली

12

## विषयवस्तुमा आधारित अन्तरक्रिया




13

## कक्षाकोठाको वातावरण



14

## निरन्तर मूल्याङ्कन



15

## उमेरगत बालविकास र सिकाइ अवसर र सामर्थ्यता



16

## दैनिक कार्यतालिका

| सि.न. | क्रियाकलाप | समय | क्रियाकलाप विस्तृतमा |
|---|---|---|---|
| १ | सुरुआत | १५ मि. | • केन्द्रमा स्वागत, खाजा र झोला तोकिएको ठाउँमा राख्ने, शौचालय जाने, जत्ता चप्पल उपयुक्त ठाँउमा राख्ने<br>• सरसफाइ अवलोकन र आवश्यकताअनुरूप सरसफाइ गरिदिने<br>• शिष्टाचार, प्रार्थना र ध्यान गर्ने गराउने । |
| २ | केन्द्र प्रवेश/ सामाजिकीकरण | ३० मि. | • हाजिरी<br>• दिन बार मौसम तालिका मिलाउने र ती सम्बन्धमा गीत, खेल खेलाउने वा शिष्टाचार गीत खेल खेलाउने<br>• घेरा समय (साधारण छलफल, अनुभव आदानप्रदान) । |
| ३ | विषय प्रवेश/योजनाबद्ध सामूहिक क्रियाकलाप - THEME शिक्षक सहयोगी दैनिक क्रियाकलाप पुस्तिकाको सहयोग लिने) | ६० मि. | • शीर्षकगत गीत/कथा/कविता<br>• शीर्षकगत विषयवस्तुमा छलफल, अनुभव आदानप्रदान, धारणा प्रस्ट्याउने, क्रियाकलापका लागि निर्देशन<br>• ससाना समूह बनाई सिकाइ कुनाको क्रियाकलाप<br>• क्रियाकलापको पुनवरालोकन र थप आवश्यक सहयोग र निर्देशन । |
| ४ | आराम | ३० मि. | • सुत्ने वा बस्ने |
| ५ | खाजा समय | ३० मि. | • स्वास्थ्य/नैतिक सन्देश<br>• हात धुने र खाजा खान दिने |
| ६ | स्वतन्त्र खेल | १५ मि. | • इच्छाअनुसार भित्र बाहिर स्वतन्त्र रूपले खेल्न दिने |
| ७ | सङ्गीत/अभिनय/खेल | १५ मि. | • विषयसँग सम्बन्धित कुनै पनि गीत/अभिनय गर्न दिने/खेल खेल्न दिने |
| ८ | योजनाबद्ध क्रियाकलाप - THEME शिक्षक सहयोगी दैनिक क्रियाकलाप पुस्तिकाको सहयोग लिने) | ६० मि. | • ससाना समूह बनाई सिकाइ कुनाको क्रियाकलाप<br>क्रियाकलापको पुनरावलोकन र थप आवश्यक सहयोग |
| ९ | पुनरावलोकन | १५ मि. | • दिनभरिका क्रियाकलापको समीक्षा/छलफल/पृष्ठपोषण<br>• अर्को दिनका लागि आवश्यक निर्देशन<br>• बिदाइ गीत<br>• सरसामान यथास्थानमा राख्ने र अभिभावकले लिन आएमा जाने दिन |
| जम्मा ४:३० घण्टा | | | |

18

अनुसूची ४

# दोस्रो दिनको पहिलो सत्रको नमुना स्लाइड

## एकीकृत पाठ्यक्रम र प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका विकासात्मक पक्षहरूसँगको सम्बन्ध पहिचान

### एकीकृत पाठ्यक्रम र प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका विकासात्मक पक्षहरूसँगको सम्बन्ध पहिचान



1

### उद्देश्य

- एकीकृत पाठ्यक्रमका सिकाइ उपलब्धिहरू र प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका विकासात्मक पक्षहरूको सम्बन्ध पहिचान गर्न
- कक्षा १ मा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको समेत ख्याल गर्नुपर्ने सम्बन्धमा सचेत हुन

2

### हाजिरजवाफ

- दुईओटा समूहमा बस्नुहोस् ।
- हाजिरजवाफका प्रश्नहरू कक्षा १-३ को एकीकृत पाठ्यक्रममा आधारित हुने छन् ।
- मैले पालैपालो प्रश्न सोध्ने छु ।
- हरेक प्रश्नका लागि १ अङ्क प्रदान गरिने छ ।
- जुन समूहले बढी अङ्क हासिल गर्छ, सोही समूह यो हाजिरजवाफको विजेता हुने छ ।
- उत्तर दिँदा समूहका सदस्यले हात उठाउनुपर्ने छ र मैले इङ्गित गरेको सहभागीले जवाफ दिनुपर्ने छ ।
- एउटा समूहले उत्तर दिन नसकेको प्रश्न अर्को समूहमा सर्ने छ ।
- दोस्रो समूहले पनि सही जवाफ दिन नसकेमा मैले सही जवाफ बताउने छु ।
- एउटा प्रश्नको उत्तर एकपटक मात्र दिन पाइने छ ।

3

### हाजिरजवाफ

१. एकीकृत पाठ्यक्रममा विषयसम्बन्धी क्रियाकलापमा समावेश गरिएका विषय कति ओटा रहेका छन् ?

२. एकीकृत पाठ्यक्रमअनुसार विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप समावेश गरिएको पाठ्य तथा कार्यपुस्तकको नाम के हो ?

३. एकीकृत पाठ्यक्रमबमोजिम शिक्षण गर्न कक्षा शिक्षण वा विषयगत शिक्षण कुन बढी उपयुक्त हुन्छ ?

४. कुराकानी, संवाद, छलफल र प्रश्नोत्तरका क्रममा दोहोरो सञ्चार कुन विषयसँग सम्बन्धित सक्षमता हो ?

५. आफ्नो वरपर पाइने ज्यामितीय आकारहरू चिन्नु कुन विषयसँग सम्बन्धित सिकाइ उपलब्धि हो ?

### हाजिरजवाफ

६. पूर्वपढाइ र पूर्वलेखाइसम्बन्धी सक्षमताहरू कुन कुन विषयसँग सम्बन्धित छन् ?

७. एकीकृत पाठ्यक्रमअनुसार कक्षा १ मा रहेका साझा थिमहरू के के हुन् ?

८. आफ्नो नाम, ठेगाना र पहिरन तथा परिवारका सदस्यहरूको नाम बताउन कुन थिमअन्तर्गतको सिकाइ उपलब्धि हो ?

९. हप्ताका दिनहरू भन्न कुन थिमअन्तर्गतको सिकाइ उपलब्धि हो ?

१०. विद्यालयमा भएका सरसामानहरूको नाम बताउन कुन थिमअन्तर्गतको सिकाइ उपलब्धि हो ?

5

### एकीकृत पाठ्यक्रम र प्रारम्भिक बालविकासको सम्बन्ध ?

अघिको हाजिरजवाफमा सोधिएका प्रश्नहरूमा समावेश भएका र प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आउने वा प्रारम्भिक बालविकास शिक्षामा आउने विषयवस्तुहरू के के थिए ?

6

### एकीकृत पाठ्यक्रम र प्रारम्भिक बालविकासको सम्बन्ध

- प्रश्नहरू कक्षा १-३ को पाठ्यक्रममा आधारित थिए ।
- प्रश्नहरूमा समावेश भएका विषयवस्तुहरू
  - ज्यामितीय आकारहरू
  - पूर्वपढाइ
  - पूर्वलेखाइ
  - आफ्नो नाम, ठेगाना र पहिरन
  - हप्ताका दिनहरू
  - विद्यालयमा भएका सरसामानहरूको नाम
- प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड र एकीकृत पाठ्यक्रमबिच सम्बन्ध रहेको देखिन्छ ।

7

### समूह कार्य

- चारओटा समूहमा बस्नुहोस् ।
  - समूह १ नेपाली
  - समूह २ अङ्ग्रेजी
  - समूह ३ सेरोफेरो
  - समूह १ गणित
- प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड र कक्षा १ को विस्तृतीकरण खण्डको अध्ययन गरी दिइएको वर्कसिट भर्नुहोस् । वर्कसिट १

8

### प्रतिबिम्बन

- प्रारम्भिक बालविकास कक्षाका बालबालिकामा विकास गर्नुपर्ने विकासात्मक क्षेत्रहरू के के हुन् ?
- कक्षा १ मा पनि पूर्वपढाइ र पूर्वलेखाइका क्रियाकलाप सञ्चालन गर्नुपर्नाका कारणहरू के के हुन् ?
- कक्षा १ को गणित विषयमा समावेश गरिएको अङ्क वा सङ्ख्याको ज्ञान प्रारम्भिक विकास र मापदण्डको कुन विकास क्षेत्रअन्तर्गत आउँछ ?
- कक्षा १ का बालबालिकालाई विभिन्न खेलहरू खेलाइन्छ । ती खेलहरू प्रारम्भिक विकास र मापदण्डको कुन विकास क्षेत्रअन्तर्गत आउँछ ?
- कक्षा १ मा शिक्षण गर्ने शिक्षकहरूले प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका बारेमा किन जानकारी राख्नुपर्छ ?
- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका विकासात्मक पक्षहरू र एकीकृत पाठ्यक्रमबिच सम्बन्ध रहेको उदाहरण दिनुहोस् ।






10

अनुसूची ५

# दोस्रो दिनको तेस्रो सत्रको नमुना स्लाइड

## कक्षा १ र प्रारम्भिक बालविकास तथा शिक्षाबिच समन्वय स्थापना



**कक्षा १ र प्रारम्भिक बालविकास तथा शिक्षाबिच समन्वय स्थापना**



1

### उद्देश्य :

- प्रारम्भिक बालविकास केन्द्रका बालबालिकालाई सहज रूपमा कक्षा १ को वातावरणसँग समायोजन गर्न प्रारम्भिक बाल शिक्षक, अभिभावक तथा बालबालिकासँग सम्बन्ध विस्तार गर्न सिप विकास गर्ने,

2

### परिचय



- प्रारम्भिक बालशिक्षा पाठ्यक्रमले बालबालिकाको सर्वाङ्गीण विकास गर्ने र बालबालिकालाई सिकाइप्रति प्रेरित गर्ने लक्ष्य राखेको छ । यस पाठ्यक्रमले बालबालिकाको सिकाइ तथा विकास मापदण्डमा आधारित भई विभिन्न विषयवस्तु तथा क्रियाकलाप निर्धारण गरेको छ । कक्षा १ मा भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप नेपाली र अङ्ग्रेजी, गणितीय सिप विकाससँग सम्बन्धित क्रियाकलाप, हाम्रो सेरोफेरोसम्बन्धी ज्ञान, सिप र मातृभाषा/स्थानीय विषयमा आधारित भई क्रियाकलापहरू निर्धारण गरिएका छन् । बालबालिका प्रारम्भिक बालविकासबाट कक्षा १ जाँदा वातावरणबाट नयाँ वातावरणमा प्रवेश गर्छन् ।
- **प्रारम्भिक बालविकास केन्द्रका बालबालिकालाई सहज रूपमा कक्षा १ को वातावरणसँग समायोजन गर्न, कक्षा १ मा अध्यापन गर्ने शिक्षकलाई प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको बानीव्यवहार तथा सिकाइ स्तरको बारेमा पूर्व जानकारी गराउन समन्वय गर्न आवश्यक छ ।**

3

### कक्षा १ र प्रारम्भिक बालशिक्षाको भिन्नता

| प्रारम्भिक बालशिक्षा | कक्षा १ |
|---|---|
| • ४८ देखि ६० महिना उमेर समूह (४ देखि ५ वर्ष) | • ६० देखि ७२ महिना लगभग (५ देखि ६ वर्ष) |
| • सिकाइ क्षेत्रमा आधारित सर्वाङ्गीण विकास तथा सिकाइ सहजीकरण | • कार्यपुस्तकमा अधारित सिकाइ सहजीकरण |
| • दैनिक कार्यतालिकमा आधारित समय व्यवस्थापन | • कार्यघण्टीमा आधारित समय व्यवस्थापन |
| • विषयक्षेत्र किटान नगरिएको | • विषयक्षेत्रलाई पाठ्यक्रममा नै व्यवस्था गरिएको |
| • १९ ओटा विषय क्षेत्रमा आधारित मूल्याङ्कन (ELDS Report Card मा आधारित) | • विषय क्षेत्रमा आधारित सिकाइ उपलब्धिको आधारमा मूल्याङ्कन |
| • कक्षा शिक्षण हुने | • सकेसम्म कक्षा शिक्षण गर्न प्रवर्धन गरिएको |

4

### समूह कार्य गरौँ (Group work )

**तलको गीत गाऔँ र ३ ओटा समूह बनाऔँ**

"साना साना हात समाई हात समाउ घेरामा आउ साथी हात समाउ

तनका हामी जोशिला छौँ तर कलिला फूलबारीका साना साना फूलका कोपिला"

**तीन ओटा समूहलाई चिठ्ठाद्वारा तलका प्रश्नहरूको उत्तर लेखौँ**

| प्रश्न १ | प्रश्न २ | प्रश्न ३ |
|---|---|---|
| प्रारम्भिक बालविकास शिक्षक र कक्षा १ को शिक्षक, विद्यार्थी र अभिभावकबिच *हालसम्म कस्तो कस्तो समन्वय भएको छ ?* | प्रारम्भिक बालविकास शिक्षक र कक्षा १ को शिक्षक, विद्यार्थी र अभिभावकबिच समन्वय स्थापनाका लागि कस्ता कार्य गर्न सकिन्छ ? | प्रारम्भिक बालविकास शिक्षक र कक्षा १ को शिक्षक, विद्यार्थी र अभिभावकबिच समन्वय स्थापनाबाट पर्ने सकारात्मक प्रभावहरू के के हुन सक्छन् ? |

5

### प्रस्तुतीकरण गर्नुहोस्



6

### समन्वय गर्दा हुने सहयोग

- शिक्षक र बालबालिकाबिच आत्मीय सम्बन्ध भएपछि मात्रै बालबालिकाले सिक्न तयार हुन्छन् । बालबालिकाले सुरक्षित महसुस गर्छन् र कुनै सङ्कोचबिना नै विद्यालय आउँछन् । यसले बालबालिकाको सिकाइ र संवेगात्मक विकासलाई सहयोग गर्छ ।
- सबैलाई नयाँ वातावरणमा एकै किसिमले समायोजन गर्न सकिँदैन । सहज रूपमा सम्बन्ध विस्तार गर्न उचित समय चाहिन्छ ।
- शैक्षिक सत्र सुरु हुनुभन्दा पहिले नै बालबालिकासँग सम्बन्ध विस्तार गर्न सकेमा शैक्षिक सत्र सुरु हुँदा सिकाइ उपलब्धिमा केन्द्रित हुन सकिन्छ ।
- समन्वय स्थापनाले शिक्षक आफैँ पनि मानसिक रूपमा तयार हुन र कक्षाकोठाको सिकाइ सहजीकरण वातावरण तयार गर्न सहयोग पुग्दछ ।
- अभिभावकसँगको सम्बन्ध चाँडो हुन सक्यो भने पछिको लागि पनि अभिभावक परिचालन गर्न सजिलो हुन्छ ।

7

## समन्वय कहाँ र को सँग गर्ने त ?

8

### १.प्रारम्भिक बालविकास सहजकर्तासँग

- कक्षा १ शिक्षक तथा प्रारम्भिक बालविकास सहजकर्ताबिच प्रारम्भिक बालविकासकेन्द्रका बालबालिकाको विविधताको फरक बारेमा छलफल गर्ने
- सिकाइ तथा विकास मापदण्डको अवधारणामा प्रस्ट हुने
- प्रारम्भिक बालविकास केन्द्रको सिकाइ वातावरण तथा कक्षा १ को सिकाइ वातावरणको फरकको बारेमा प्रारम्भिक सहकजकर्तासँग छलफल गर्ने

### २. प्रधानाध्यापकसँग

- बालबालिकाको सिकाइ तथा विकास मापदण्डको बारेमा प्रधानाध्यापकलाई बुझाउने
- सिकाइ तथा विकास मापदण्ड भनेको बालबालिकाको सिकाइ स्तर पहिचान गर्ने र थप सिकाइका लागि नयाँ रणनीति अपनाउने हो, यसो गर्दा कक्षा १ मा एकीकृत पाठ्यक्रमले तय गरेका सक्षमताहरू पूरा गर्न सहज हुने भनेर प्र. अ. लाई बुझाउने
- नयाँ शैक्षिक सत्रको केही समय बालबालिकाको सिकाइ तथा विकास मापदण्डमा आधारित निर्माणात्मक मूल्याङ्कन विधिको प्रयोग गर्नुपर्दछ भनी प्र.अ. लाई बुझाउन

9

## निरन्तर :

### ३. अभिभावकसँग

- प्रारम्भिक बालविकासको अभिभावक बैठक बसेको दिनमा कक्षा १ का शिक्षक गई अभिभावकसँग बैठकमा सहभागी हुने र उनीहरूको कुरा सुन्ने
- बालबालिकाको बानीव्यवहारको बारेमा बुझ्ने
- म कक्षा १ को शिक्षक भएको हुँदा हुजरहरूको नानीबाबु अब कक्षा १ मा जाँदै छन् र मैले नै उहाँहरूलाई सिकाउने हो, त्यसैले अहिलेदेखि नै हजुहरूसँग भेटघाट गर्दा पछि सजिलो हुन्छ भन्ने कुरा कक्षा १ को शिक्षकले राख्ने
- बालबालिका कक्षोन्नति भई कक्षा १ मा प्रवेश गरेपछि पनि अभिभावकहरूसँग छलफल गर्ने
- अभिभावकलाई प्रारम्भिक बालविकास कक्षा र कक्षा १ को सिकाइ वातावरणको फरक बुझाउने

10

## निरन्तर :

- बालबालिकाको सर्वाङ्गीण विकास गर्ने र बालबालिकालाई सिकाइप्रति प्रेरित गरी सिकाइका लागि आधारशिला खडा गर्ने गरी प्रारम्भिक बालविकासको पाठ्यक्रम विकास भएको र कक्षा १ मा पढाइ र लेखाइका विषयगत क्रियालाप हुने गरी पाठ्यक्रम विकास भएको कुरा बताइदिने
- सबै बालबालिकाको सिकाइ समान हुँदैन र सिकाइ स्तरको पहिचान गर्नका लागि निर्माणात्मक मूल्याङ्कन गर्नुपर्दछ भनी बुझाउने

### ४. बालबालिकासँग

शैक्षिक सत्रको अन्त्यमा (चैत्र महिना तिर) कक्षा १ को शिक्षकले प्रारम्भिक बालविकास कक्षाको अवलोकन गर्ने

- बालबालिकाहरूसँग रमाइलो तरिकाले कुरा गर्ने
- उनीहरूको प्रंशसा गर्ने
- सकिन्छ भने कुनै छोटो गीत, तथा कथा सुनाउने
- तपाईंहरू कक्षा १ मा गइसकेपछि मसँगै बसेर सिक्नुपर्छ है भनेर भन्ने
- कक्षा १ मा पनि रमाइला खेल ,गीत, कथाहरू खेल्न र सुन्न पाइन्छ है भनी सुनाउने
- आफूसँग घुलमिल हुने वातावरण बनाउने

11

## समन्वय गर्दा ध्यान दिनुपर्ने पक्षहरू

- प्रारम्भिक बालविकासकक्षाका सहजकर्तासँग बालबालिकाहरूको व्यक्तिगत बानी व्यवहारको बारेमा बुझ्ने
- प्रारम्भिक बालविकासका बालबालिकाको सिकाइ तथा विकास मापदण्डमा आधारित व्यक्तिगत मूल्याङ्कन फाराम (ELDS Report Card) अध्ययन गर्ने ताकी कक्षा १ मा बालबालिकाको स्तर पहिचान गर्न सहज होस् ।
- कहिलेकाहीँ अनौपचारिक रूपमा प्रारम्भिक बालविकासका बालबालिकासँग कुराकानी गर्ने, भलाकुसारी गरी घुलमिल हुने वातावरण बनाउने
- प्रारम्भिक बालविकासबाट कक्षा १ मा प्रवेश गरेका बालबालिकाका अभिभावकसँग निर्माणत्मक मूल्याङ्कनको बारेमा बुझाउने
- फागुन/चैत्रभित्रमा शिक्षकसँग प्रारम्भिक बालबालिकाको परिचय हुनुपर्ने
- कक्षा १ कस्तो हुन्छ भनेर भ्रमण गराउने

12

## निरन्तर.....

- कुनै क्रियाकलापहरूसँगै गराउने
- फागुन/चैत्रतिर हुने अभिभावक बैठकमा कक्षा १ को शिक्षक पनि सहभागी हुने
- कक्षा १ मा हुने क्रियाकलापहरूबारे अभिभावकलाई बुझाइदिने
- फागुन/चैत्रतिर प्रारम्भिक बालविकासका शिक्षकलाई भाषा सिकाइ क्षेत्रमा कक्षा १ का कार्यपुस्तकहरू राख्न अनुरोध गर्ने
- कक्षा १ को शिक्षकले कहिलेकाहीँ प्रारम्भिक बालविकासमा गएर बालगीत/खेलहरू खेलिदिने

### समन्वय गर्ने समय

- प्रायजसो एउटा शैक्षिक सत्रको फागुन र चैत्र महिनासम्ममा पठनपाठनको काम सम्पन्न भइसकेको हुन्छ । त्यतिबेला बालबालिकाको मूल्याङ्कन काम र नतिजा प्रकाशनको काम भइरहेको हुन्छ । निरन्तर मूल्याङ्कन र बालबालिकाको कार्यसञ्चयिका फाइल तयार निरन्तर भइराखेको हुनाले कक्षा १ को शिक्षक तथा प्रारम्भिक बालविकास शिक्षकलाई यतिवेला कामको बोझ कम हुने हुनाले कक्षा १ का शिक्षकले प्रारम्भिक बालविकासकेन्दको अवलोकन गर्ने बालबालिकाको पोर्टफोलियो हेर्ने काम गर्न सक्दछन् ।

13

## अभिनय गरौँ



"हामी अघि बढ्ने छौँ, समूह बनाई खेल्ने छौँ" गीत गाउदैँ ४ ओटा समूह बनाऔँ है त ।"

प्रत्येक समूहलाई चिठ्ठा प्रणालीबाट तल दिइएको विषयवस्तुमा अभिनय गर्नु पर्नेछ ।

**अभिनय गर्ने विषयवस्तुहरू । (मानौँ तपाई कक्षा १ शिक्षक हुनुहुन्छ )**

| | |
|---|---|
| **समूह १** | प्रारम्भिक बालविकास शिक्षकसँग समन्वय कसरी गर्ने अभिनय गर्नुहोस् । |
| **समूह २** | प्रधानाध्यापकसँग समन्वय कसरी गर्ने भूमिका गर्नुहोस् । |
| **समूह ३** | अभिभावकसँग समन्वय कसरी गर्ने अभिनय गर्नुहोस् । |
| **समूह ४** | बालबालिकासँग समन्वय कसरी गर्ने अभिनय गर्नुहोस । |

14



- अभिनय कस्तो लाग्यो ?
- के अब हामी यहाँ अभिनय गरे जसरी समन्वय गर्न सक्छौँ ?
- समन्वय गर्दा हुने फाइदाहरू के के रहेछन् त ?
- समन्वय गर्दा के के तयारी तथा कार्य गर्नुपर्दो रहेछ त ?

15

अनुसूची ६

# तेस्रो दिनको पहिलो सत्रको नमुना स्लाइड

## निर्माणात्मक मूल्याङ्कन तथा प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणको परिचय

### परिचय

कक्षा १ का शिक्षकलाई बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास अनुरूपको स्थिति बुझ्न र सोअनुसारको सहयोग विधिमा परिचित गर्नका लागि कक्षा १ का शिक्षकले निर्माणात्मक मूल्याङ्कनका सम्बन्धमा बुझ्न आवश्यक हुन्छ । निर्माणात्मक मूल्याङ्कनमा आधारित रही बनाइएको प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण र यसको प्रयोगको लागि बनाइएको स्रोत पुस्तिकालाई बुझाउन यो सत्र निर्धारण गरिएको छ ।

### उद्देश्य

**यस सत्रपश्चात् सहभागीहरू निम्न कार्यमा सक्षम हुने छन् :**

- निर्माणात्मक मूल्याङ्कनको परिचय र चरणका बारेमा जानकार हुन
- प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणका सूचक तथा मापन विधि बताउन

1

### प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणका फाइदाहरू

- कक्षा १ मा प्रगति विवरणमा आधारित सूचकहरूको मापनले बालबालिकासँग कक्षाको सुरुआती चरणमा प्रयोग गर्दा बालबालिकाको सिकाइ तथा विकासात्मक अवस्थाको पहिचान गर्न मद्दत पुग्छ ।
- शिक्षक विद्यार्थीको सकारात्मक सम्बन्ध बनाउन सहयोग पुग्छ ।
- कक्षाकोठामा बालमैत्री वातावरण बनाउन मद्दत गर्दछ ।
- बालबालिकालाई कक्षाकोठामा टिकाउन, आवश्यक सहयोग पहिचान गर्न र सुधारात्मक शिक्षण दिन समेत सघाउँछ ।
- प्रगति विवरण एकीकृत पाठ्यक्रमसँग जोडिएको छ र यसले एकीकृत पाठ्यक्रमले हासिल गर्न खोजेको सिकाइ उपलब्धिलाई मद्दत गर्छ ।



2

### कक्षा १ मा प्रयोग गर्दा ध्यान दिनुपर्ने पक्षहरू

- बालबालिका भर्ना भएर आउने सुरुवाती १-२ हप्तामा सबै बालबालिकाको मापन गरिसक्नुपर्छ । सामान्यत: भर्ना अभियानका दौरान कक्षा सञ्चालन कम नै हुन्छ र यो समयलाई प्रारम्भिक सिकाइ तथा विकास अवस्था मापनको लागि छुट्याउन सकिन्छ ।
- यी सूचकहरू एकीकृत पाठ्यक्रमसँग पनि जोडिएको हुँदा, मापनपश्चात् अभिभावक परिचालनका साथसाथै कक्षाकोठामा एकीकृत पाठ्यक्रमसँग जोड्दै "प्रारम्भिक विद्यालयका लागि तयार" नभएका बालबालिकालाई सहयोग गर्दै जानुपर्छ । एकीकृत पाठ्यक्रममा रहेका सिकाइ उपलब्धि हासिल गर्न नसक्नुको कारण "प्रारम्भिक विद्यालयका लागि तयार" नभएकाले पनि हुन सक्छ भन्ने कुरा नबिर्सिनुहोस् ।
- प्रगति विवरण, एकीकृत पाठ्यक्रमको लागि गरिने निर्माणात्मक मूल्याङ्कनसँगै पोर्टफोलियोमा राखेर त्रैमासिक रूपमा अद्यावधिक गर्नुपर्दछ । "प्रारम्भिक विद्यालयका लागि तयार" भएका बालबालिकाको हकमा यो अद्यावधिक गर्नु पर्दैन ।

3



**धन्यवाद !!**

4

अनुसूची ७

# तेस्रो दिनको दोस्रो सत्रको नमुना स्लाइड

## बालबालिकाको सिकाइका लागि अभिभावक परिचालनको परिचय र प्रक्रिया

**बालबालिकाको सिकाइका लागि अभिभावक परिचालनको परिचय र प्रक्रिया**



1

**परिचय :**

- कतिपय अवस्थामा अनौपचारिक र अनियमित रूपमा बालबालिकाले सिकिरहेका हुन्छन् । आमा बुवासँग करेशाबारीमा काम गरेको हेर्दै गर्दा र आफूले पनि गर्दैगर्दा विज्ञानसम्बन्धी, गणितसम्बन्धी, व्यवहारिक सीप, भाषिक सीपको विकास भइरहेको हुन्छ त्यो भनेको एकीकृत सिकाइ हो । पाठ्यक्रममा आधारित भएर हासिल गर्नुपर्ने सिकाइ उपलब्धी, कक्षा १ को बालबालिकाको लागि दिइने गृहकार्य/परियोजना कार्य र घरमा गर्नुपर्ने क्रियाकलाप, कार्यपुस्तकको सुरक्षा र तयारी, कक्षा कोठाको लागि चाहिने सहयोग र कक्षा अनुगमन गर्ने जिम्मेवारी पनि अभिभावक को हो । यो कुराको अवधारणा अभिभावकलाई बुझाउन आवश्यक छ ।
- यो सत्रमा शैक्षिक सत्रको सुरुवाती चरणदेखि नै नियमित अभिभावक बैठकमार्फत बालबालिकाको सिकाइ स्तर वृद्धिका लागि घरमा तथा समुदायमा अभिभावकलाई कसरी परिचालन गर्न सकिन्छ भनेर प्रष्ट पार्न खोजिएको छ ।

2

**उद्देश्य :**

- अभिभावक परिचालनको महत्त्व र आवश्यकताबारेमा सहभागीहरूको बुझाइ प्रष्ट बनाउने,
- अभिभावक बैठक सञ्चालन गर्दा बैठकमा छलफल गरिने विषयवस्तु र प्रक्रियाका बारेमा बुझाउने ।

3

**"अब हामी समूह निर्माण गर्ने खेल खेलौं ।"**

- **सहरको खेल ।**

4

**नियमित अभिभावक बैठकको प्रक्रिया**

**१. अभिभावकहरूलाई बैठकको लागि निमन्त्रणा पठाउने**

बैठक सञ्चालन गर्नुभन्दा कम्तिमा २ देखि ३ दिन अगाडि अभिभावकलाई बैठक हुने समय र स्थानको बारेमा जानकारी गराउने । यो नियमित बैठक भएको हुनाले बैठकको मिति स्थान पहिले नै तय भएको भएतापनि अभिभावकलाई पुन: बैठकको लागि स्मरण गराउने ।

**२. बैठकको लागि सामग्री तयार गर्ने**

बैठक बस्ने दिनमा शिक्षकले अभिभावकहरूलाई देखाउने सामान तथा शिक्षक आफूले प्रयोग गर्ने सामग्रीहरू तयारी अवस्थामा राख्ने जस्तै अभिभावकलाई देखाउने सामग्री, बालबालिकाको व्यक्तिगत प्रगति विवरण फाइल, माइन्युट उठाउनको लागि रजिस्टर तथा अन्य आवश्यकीय सामग्री तयारी अवस्थामा राख्ने ।

5

निरन्तर .....

**३. अघिल्लो बैठकको पुनरावलोकन गर्ने**

- अघिल्लो बैठकमा छलफल भएका विषयहरूमध्ये कति गराउनु भयो वा भएन भन्ने विषयमा छलफल समीक्षा गर्ने र बालबालिकामा भएका सकारात्मक परिवर्तन अथवा प्रगति हुन नसकेको क्रियाकलापहरू के के थिए छलफल गर्ने । ***(यसका लागि प्रारम्भिक कक्षामा अभिभावक स्वागत बैठकका विषयवस्तुअनुसार गर्ने)***

6

निरन्तर ......

**५. सिकाइ तथा विकास मापदण्डे बारेमा अभिभावक बैठकमा बुझाउने ।**

- सिकाइ तथा विकास मापदण्ड प्रतिवेदन (ELDS Report Card) तथा कक्षा १ को मूल्याङ्कनका बारेमा अभिभावकलाई बुझाई प्रस्ट पार्ने । स्तरअनुसारको सिकाइ क्रियाकलापहरू घरमा भए कि भएनन् भनेर छलफल गर्दै आगामी दिनको सिकाइ रणनीतिका बारेमा पनि छलफल गर्ने,

7

निरन्तर....

**६. शिक्षकले कक्षामा गर्ने सिकाइ रणनीति कस्ता कस्ता हुन्छन् छलफल गर्ने**

- शिक्षकले कक्षामा गर्ने सिकाइ रणनीति कस्ता कस्ता हुन्छन् छलफल गर्ने, जस्तो खेल, गीत, कथा आदि बालबालिकाको सिकाइ तथा विकास मापनपश्चात् शिक्षकले कक्षामा गरेका सिकाइ रणनीतिको बारेमा अभिभावकलाई बताउने र कक्षा १ मा भएको प्रगति तथा सिकाइ उपलब्धि को बारेमा पनि अभिभावकलाई जानकारी गराउने,
- सिकाइ तथा विकास मापन तथा कक्षा १ का सिकाइ उपलब्धी हासिल गर्न शिक्षकले कक्षामा प्रयोगात्मक रूपमा क्रियाकलापहरू गरेर अभिभावकलाई देखाउने । जस्तै : भाषासम्बन्धी खेल, सिर्जनात्मक कलाका क्रियाकलापहरू, गणितका खेल गीत आदि,
- बालबालिकाको सिकाइ तथा विकासको सुनिश्चितताका लागि घरमा पनि सहयोगी वातावरण तथा सिकाइ तथा विकास क्रियाकलापहरू गर्नुपर्ने कुरामा जोड दिने र बैठकको समीक्षा गर्दै माथि शिक्षकले गरेका क्रियाकलापमा के कस्ता क्रियाकलाप लागु गर्न सकिन्छ छलफल गर्नुहोस्,
- अन्तिममा सबै अभिभावकले गर्नुपर्ने सहयोगबारे संयुक्त निर्णयमा सहमति गरेर माइन्युट गर्नुहोस् ।

8

अभिभावक बैठकको नमुना प्रदर्शनी

9

**प्रतिबिम्बन**

- नियमित अभिभावक बैठकसम्बन्धी केही प्रश्नहरूको चिठ्ठा बनाएर राख्नुहोस् र सहभागीहरूलाई स्व:स्फूर्त रूपमा चिठ्ठा लिएर उत्तर दिन लगाउनुहोस् ।

10

अनुसूची ८

# तेस्रो दिनको तेस्रो सत्रको नमुना स्लाइड

## कार्यगत सीमितताको प्रारम्भिक पहिचान




### उद्देश्य

- वासिङ्टन समूहको प्रश्नावलीहरूको प्रयोग गरेर बालबालिकाको कार्यगत सीमितता पहिचान गर्ने तरिका थाहा पाउन
- कार्यगत सीमितताको तहबमोजिम बालबालिकाका लागि उपयुक्त क्रियाकलापहरू पहिचान गर्न
- अतिरिक्त आवश्यकता भएका बालबालिकासँग निर्माणात्मक मूल्याङ्कन गर्ने तरिकाहरू पहिचान गर्न

### मस्तिष्क मन्थन

- कार्यगत सीमितता भनेको के हो ?
- कार्यगत सीमितताका कारणहरू के के हुन सक्छन् ?

### कार्यगत सीमितता

- विभिन्न किसिमका अपाङ्गताका कारण बालबालिका आफ्ना दैनिक जीवनका क्रियाकलापहरू सहज तरिकाले गर्न सक्दैनन् । त्यसैलाई कार्यगत सीमितता भनिन्छ ।
- कार्यगत सीमितताको मुख्य कारण अपाङ्गता नै हो । त्यस्तो अपाङ्गता शारीरिक, दृष्टिसम्बन्धी, सुनाइसम्बन्धी, श्रवणसम्बन्धी, स्वर र बोलाइसम्बन्धी, मानसिक वा मनोसामाजिकसम्बन्धी, बौद्धिकसम्बन्धी, अटिजम वा जुनसुकै प्रकारको हुन सक्छ ।

### कार्यगत सीमितता कसरी पहिचान गर्न सकिन्छ ? एकछिन सोचेर भन्नुहोस् ।

- **विश्व स्वास्थ्य सङ्गठनकाअनुसार विश्वको जनसङ्ख्याको करिव १५ प्रतिशत मानिस कुनै न कुनै प्रकारको कार्यगत सीमिततासहित बाँचिरहेका छन्, जसमा २ देखि ४ प्रतिशत गम्भीर अपाङ्ता भएका व्यक्तिहरू हुन्छन् ।**
- अवलोकन, अन्तर्वार्ता, प्रश्नोत्तर आदि विभिन्न तरिकाको प्रयोग गरेर पनि कार्यगत सीमितता पहिचान गर्न सकिन्छ ।
- त्यस्तो तरिका वैज्ञानिक तथा वस्तुगत नहुन सक्छ ।
- बालबालिकाको अपाङ्गताको अवस्था र स्तर पत्ता लगाउनका लागि वासिङ्टन समूह र युनिसेफले दृष्टि, सुनाइ, हिँडडुल, स्वहेरचाह, सञ्चार र बोध, सिकाइ, स्मरण, एकाग्रता, परिवर्तनको स्वीकार्यता, व्यवहार नियन्त्रण, साथी बनाउने र चिन्तासम्बन्धी प्रश्नावलीको विकास गरेको छ ।

### कार्यगत सीमितताको पहिचानले निम्न कुरामा मद्दत गर्छ ।

- बालबालिकालाई सघाउ पुग्ने सिकाइ वातावरण सिर्जना गर्न
- बालबालिकालाई आवश्यक पर्न सक्ने कुनै पनि सहयोगी सामग्री तथा उपकरणहरू उपलब्ध गराइएको सुनिश्चित गर्न
- सबै बालबालिकाका आवश्यकताहरू पूरा गर्ने अर्थपूर्ण सिकाइ क्रियाकलापहरूको प्रारूप तयार गर्न
- सबै बालबालिकालाई सही तहमा सिकाइ क्रियाकलाप गरिएको सुनिश्चित गर्न

### कार्यगत सीमितता पहिचान गर्ने प्रश्नावली

**दिइएको प्रश्नावली अध्ययन गर्नुहोस् र निम्न प्रश्नका जवाफ दिनुहोस् ।**

- यी प्रश्नहरू कोसँग सोधिन्छ ?
- यी प्रश्नहरू सोध्नुभन्दा पहिले के के तयारी गर्नुपर्छ ?
- यो (१⇨CF4) भनेको के हो ?
- यो प्रश्नावलीका प्रश्नमा जवाफ १, २, ३, ४ वा ५ आएमा त्यसको अर्थ के हुन्छ ?

### कार्यगत सीमितता पहिचान गर्ने प्रश्नावली

❖ यी प्रश्नहरू कोसँग सोधिन्छ ?

यी प्रश्नहरू बालबालिकाको बारेमा पूर्ण जानकार रहेको शिक्षक वा अभिभावक/स्याहारकर्तासँग सोधिन्छ ।

❖ यी प्रश्नहरू सोध्नुभन्दा पहिले के के तयारी गर्नुपर्छ ?

प्रश्नहरू पहिल्यै अध्ययन गरी अर्थ बुझ्ने गर्नुपर्छ । प्रश्नहरू कति प्रति आवश्यक पर्ने हो पहिल्यै तयार पार्नुपर्छ । प्रश्नहरूको जवाफ दिनका लागि चयन गरिएका व्यक्ति सम्बन्धित बालबालिकासँग पूर्ण रूपमा परिचित रहेको यकिन गर्नपर्छ । बालबालिकाको अवलोकन गर्न सकिने कुरा पनि सुनिश्चित गर्ने गर्नुपर्छ । प्रश्नहरूको जवाफ दिनका लागि शान्त स्थान छान्नुपर्छ ।

❖ यो (१⇨CF4) भनेको के हो ?

यदि यो प्रश्नको जवाफ १ आयो भने सोझै CF4 मा रहेको प्रश्न सोध्ने गर्नुपर्छ ।

## कार्यगत सीमितता पहिचान गर्ने प्रश्नावली

- यो प्रश्नावलीका प्रश्नमा जवाफ १, २, ३, ४ वा ५ आएमा त्यसको अर्थ के हुन्छ ?

- यदि सबै क्षेत्रको प्रश्नको जवाफ केही गर्न सक्दैन वा धेरै मात्रामा कठिनाइ छ भन्ने किसिमको आयो र हेराइ, सुनाइ र हिँडाइ क्षेत्रमा केही मात्रामा समस्या छ भन्ने जवाफ आएमा त्यस्ता बालबालिकालाई तह १ का मानिन्छ । तह १ भनेको जटिल सहायता आवश्यक भएका बालबालिका हुन्, जसलाई दैनिक जीवनका सिपहरू सिक्न र विकास गर्नका लागि विभिन्न सहयोगको आवश्यकता पर्छ ।
- यदि दुई वा दुईभन्दा बढी क्षेत्रमा (हेराइ, सुनाइ र हिँडाइ क्षेत्रबाहेक) केही मात्रामा कठिनाइ छ भन्ने खालका जवाफ आएमा त्यस्ता बालबालिकालाई तह २ का मानिन्छ । तह २ भनेको मध्यम कार्यगत सीमितता भएका बालबालिका हुन् जसलाई घर र विद्यालयमा केही थप शैक्षिक सहयोगको आवश्यता पर्छ ।
- यदि कुनै एक क्षेत्र (हेराइ, सुनाइ र हिँडाइ क्षेत्रबाहेक) को प्रश्नमा केही मात्रामा कठिनाइ छ भने भन्ने खालका जवाफ आएमा त्यस्ता बालबालिकालाई तह ३ को मानिन्छ । तह ३ भनेको सामान्य कार्यगत सीमितता भएका बालबालिका हुन् जसलाई विशेष शैक्षिक सहयोगको आवश्यकता पर्दैन ।

9

## कार्यगत सीमितताका तहरू : सँगै दिइएको चित्रको अर्थ के हो ?




## कार्यगत सीमितता भएका बालबालिकाहरूलाई सिकाइ सहजीकरण गर्ने तरिकाहरू

दिइएको निर्देशनअनुसारको कार्य गर्नुहोस् ।

| बाकस | शीर्षक |
|---|---|
| १. | ६. दृष्टिविहीन बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू |
| २. | ५. सुस्त श्रवण भएका बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू |
| ३. | ४. शारीरिक अपाङ्गता भएका बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू |
| ४. | ३. सञ्चार र भाषिक ढिलाइ भएका बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू |
| ५. | २. सिकाइसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू |
| ६. | १. मनोसामाजिक चुनौती भएका बालबालिकालाई सहजीकरण गर्ने तरिकाहरू |

11

## कार्यगत सीमितता भएका बालबालिकाको निर्माणात्मक मूल्याङ्कन गर्ने तरिकाहरू

अतिरिक्त आवश्यकता भएका बालबालिकाको निर्माणात्मक मूल्याङ्कन गर्ने तरिकाहरू के के हुन सक्छन् ? हरेकले एउटा तरिका लेख्नुहोस् ।

- प्रत्येक क्रियाकलापका निर्देशनहरू दोहोऱ्याउने र उनीहरूले बुझे नबुझेको सुनिश्चित गर्ने
- छोटा निर्देशनहरू दिने, निर्देशनहरू दिँदा बहुउपायहरू अपनाउने
- अतिरिक्त समय र अतिरिक्त अभ्यासको मौका दिने
- सहयोगी उपकरणहरू प्रयोग गर्न दिने
- धेरै प्रोत्साहन र सकारात्मक प्रतिक्रियाहरू दिने
- कक्षाकोठा बाहिरका क्रियाकलापका वैकल्पिक उपायहरूको खोजी र उपयोग गर्ने

12

## प्रतिबिम्बन

यो सत्रमा सिकेका कुरामध्ये सबैभन्दा रोचक लागेको एउटा कुरा लेख्नुहोस् ।

यो सत्रको विषयवस्तु सहजीकरण गर्नका लागि तपाईंले थप जान्नुपर्ने कुरा लेख्नुहोस् ।

13






14

## अनुसूची ९

# पाँचौ दिनको दोस्रो सत्रको नमुना स्लाइड

## मूल्याङ्कन स्रोत पुस्तिकाअनुसारको सिकाइ रणनीतिहरू र अभिभावक स्याहारकर्तासँग तिनीहरूको प्रयोगको लागि अभ्यास

### मूल्याङ्कन स्रोत पुस्तिकाअनुसारको सिकाइ रणनीतिहरू र अभिभावक स्याहारकर्तासँग तिनीहरूको प्रयोगको लागि अभ्यास



1

### परिचय

निर्माणात्मक मूल्याङ्कनको उद्देश्य बालबालिकालाई सुधारात्मक अवसर प्रदान गर्नु हो । यस सत्रमा प्रारम्भिक बाल सिकाइ तथा विकास प्रगति विवरणमा रहेका सूचकका लागि सिकाइ रणनीति के हुन्छन् र यसमा अभिभावकबाट कसरी सहयोग लिन सकिन्छ भन्ने कुरामा केन्द्रित छ ।

2

### उद्देश्य

**यस सत्रमार्फत सहभागीहरू निम्न कुरामा सक्षम हुने छन् :**

- प्रारम्भिक बाल सिकाइ तथा विकास प्रगति विवरणमा रहेका सूचकका आधारमा सिकाइ रणनीति तयार गर्न
- शिक्षकले अभिभावकलाई बालबालिकाको सिकाइ र विकासका लागि परिचालन गर्न

3

### मुख्य विषयवस्तु

(क) सिकाइ रणनीति
(ख) गृहकार्य र अभिभावक परिचालन
(ग) व्यक्तिगत विद्यार्थीअनुसारको अभिभावक शिक्षक बैठक
(विशेषगरि थप सहयोग आवश्यक बालबालिकाका लागि)

4

### "अब हामी समूह निर्माण गरौँ हैत ।"

यसरी समूह निर्माण गरौँ ।



(१) शारीरिक विकास



(२) भाषक विकास



३ बौद्धिक विकास



सामाजिक, संवेगात्मक र सांस्कृतिक विकास

5

### "अब हामी समूह कार्य गरौँ हैत ।"

- अब बालबालिकालाई स्थानीय तवरमा गराउन सकिने सिकाइ रणनीतिहरूको सूची तयार पार्नुहोस् ।
- समूहगत रूपमा तयार भएका सिकाइ रणनीतिहरूको सूचीमा गृहकार्यका रूपमा दिएर पठाउन सकिने सिकाइ रणनीतिमा चिनो लगाउनुहोस् ।

"अब प्रस्तुतीकरण गरौँ हैत ।"



6

### व्यक्तिगत अभिभावक बैठकको नमुना प्रर्दशनी



7

### अभिभावक बैठकको नमुना प्रर्दशनी गर्दा ध्यान दिनुपर्ने कुराहरू

**शिक्षकको तयारीको चरण**

- ✓ जुन अभिभावकसँग बैठक गर्ने हो उहाँको बारेमा अभिभावकका बारेमा बुझ्ने तथा मानसिक रूपमा सो बैठकका लागि पहिले आफू नै तयार हुने,
- ✓ अभिभावक र शिक्षक दुवैको लागि उपयुक्त समय मिलाउने । आवश्यक भए अभिभावकलाई विद्यालय बोलाउने भन्दा पनि घरभेट गर्ने,
- ✓ बैठकको उद्देश्य (बालबालिकाको सिकाइ सुधार)को लागि भएको कुरा समय मिलाउँदा नै प्रष्ट पार्ने र बैठकको सुरुवातमा पनि दोहोऱ्याउने,
- ✓ अभिभावक भेटघाटको बेलामा बालबालिकाको बारेमा छलफल गर्ने कुराहरू तयारी अवस्थामा राख्ने जस्तै प्रगति विवरण फाइल, राम्रा पक्षको सूची, घरमा गर्न सकिने सिकाइ रणनीति आदि ।

8

### अभिभावकसँग भेटघाट तथा छलफल गर्ने चरण

- एकान्त र शान्त ठाँउमा बसेर कुराकानी गर्ने,
- बालबालिकाको सकारात्मक बानीव्यहोरा वा सिकाइ, सकारात्मक कुराबाट छलफल सुरु गर्ने । अभिभावकबाट पनि बालबालिकाको बानीव्यहोरा वा सिकाइमा आएको परिवर्तनको बारेमा पृष्ठपोषण लिने । सकेसम्म अभिभावकको कुरा सुन्ने,
- आक्रोशमा आएका वा बालबालिकाबारे नकारात्मक कुरा राख्ने अभिभावकका कुरा खण्डन नगरी पहिले पूरा कुरा सुनेर मात्र जवाफ दिने र बालबालिकाको सकारात्मक कुरा देखाउन कोसिस गर्ने,
- प्रगति विवरणअनुसार कुनै एउटा सुधार गर्नुपर्ने सूचकका बारेमा कुरा गर्ने र घरमा सहयोगको आवश्यकताबारे प्रष्ट्याउने र गृहकार्यको बारेमा सम्झाउने ।

9

### प्रतिबिम्बन

अभिनयपछि सहभागीहरूबाट आफूले गर्न सकिने वा नसकिने प्रतिक्रिया लिनुहोस् र शिक्षकले सोच्नुपर्ने विकल्पका बारेमा छलफल गर्नुहोस् ।

धन्यवाद !

10

# अनुसूची १०

# पाँचौ दिनको तेस्रो सत्रको नमुना स्लाइड

# कार्ययोजना निर्माण तथा तालिम मूल्याङ्कन

## कार्ययोजना निर्माण तथा तालिम मूल्याङ्कन



1

## उद्देश्य

- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित बालबालिकाको सिकाइ तथा विकास स्तर मापनका र सुधारात्मक सिकाइ सहयोगका क्रियाकलाप कक्षा १ को पाठ्यक्रममा समायोजन गर्ने गरी कार्ययोजना तयार पार्न
- तयार पारिएको कार्ययोजना कार्यान्वयन गर्न
- तालिमको समग्र मूल्याङ्कन गर्न

2

## प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण फारम अध्ययन गर्नुहोस् र तलका प्रश्नहरूको जवाफ दिनुहोस् ।

१. प्रगति विवरण फाराममा कतिओटा र विकासका कुन कुन क्षेत्रहरू दिइएका छन् ?
२. हरेक विकासका क्षेत्रहरूका विशिष्ट पक्षहरू के के छन् ? उल्लेख गर्नुहोस् ।
३. सबै विकासका क्षेत्रका जम्मा कतिओटा विशिष्ट पक्षहरू छन् ?
४. हरेक विशिष्ट पक्षमा दिइएका मानक र सूचकमा के फरक छ ?
५. हरेक विशिष्ट पक्षमा कतिओटा स्तरहरू दिइएका छन् ?
६. ती चारओटा स्तरहरू र कक्षा १ मा दिइएका हरेक विषयका मूल्याङ्कन फाराममा समानता र फरक के के हुन् ?
७. हरेक पक्षको चौथो स्तरले के बुझाउँछ ?

3

## समूह कार्य

- समूहमा बस्नुहोस् ।
- प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणमा आधारित निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका र कक्षा १देखि ३ को पाठ्यक्रम अध्ययन गर्नुहोस् ।
- यो ढाँचामा प्रस्तुतीकरण तयार पार्नुहोस् ।

4

## व्यक्तिगत कार्य

- कक्षा १ मा शिक्षण गर्ने शिक्षकहरूलाई यो तालिम सञ्चालनका क्रममा कार्ययोजना बनाउन लगाउनुपर्ने हुन्छ ।
- प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणमा आधारित निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकामा दिइएका विशिष्ट पक्ष/सक्षमताहरू समायोजन गर्न सकिने स्थानहरू (विषय, थिम र पाठसमेत) पहिचान गर्नुहोस् ।
- सबै विशिष्ट पक्ष वा सक्षमताहरूसँग सम्बन्धित कक्षा १ को पाठ्यक्रम र पाठ्यपुस्तकमा कम्तीमा एउटा विषय, थिम, पाठ पहिचान गर्नुहोस् ।

| क्र.सं. | कक्षा १ को पाठ्यक्रममा समायोजन गर्ने स्थान (विषय, थिम र पाठ समेत) | | सहयोग | समयसीमा |
|---|---|---|---|---|
| | प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणमा आधारित निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकामा दिइएका विशिष्ट पक्ष/सक्षमताहरू | आधारभूत तह कक्षा १-३ को पाठ्यक्रममा समायोजन गर्ने स्थान | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

5

## तालिम मूल्याङ्कन

6

## एउटा कागजको टुक्रा लिनुहोस् । आजभन्दा अघि तपाईंले नसिकेका तर यो तालिममा सिकेको एउटा उल्लेख्य कुरा लेख्नुहोस् ।

7






8

## सन्दर्भ सामग्री


- ४८ देखि ६० महिनाका बालबालिकाहरूको प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (चित्रात्मक पुस्तिका), शिक्षा विभाग, सन् २०१६
- अभिभावक शिक्षा सहजकर्ताको लागि सन्दर्भ सामग्री, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७९
- एकीकृत शिक्षण सिकाइका लागि प्रशिक्षक निर्देशिका र स्रोत सामग्री (कक्षा १), शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७८
- प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ (National Minimum Standard for ECD Centers) प्रथम संशोधन, २०७५, शिक्षा विभाग, २०७५
- प्रारम्भिक बालविकास केन्द्रको सहजकर्ता/शिक्षकको लागि सहजीकरण सहयोगी पुस्तक, मधु राजभण्डारी, सेतो गुराँस राष्ट्रिय बाल विकास सेवा, २०७२
- प्रारम्भिक बालविकास केन्द्रका लागि चित्रात्मक स्रोत सामग्री सहयोगी पुस्तक, कुन्ती राना, सेतो गुराँस राष्ट्रिय बाल विकास सेवा, २०७०
- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा रहेका बालबालिकाका लागि प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा आधारित निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७९
- प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७, पाठ्यक्रम विकास केन्द्र
- प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८, राष्ट्रिय योजना आयोग, २०७७
- प्रारम्भिक बालविकास शिक्षासम्बन्धी सन्दर्भ सामग्री, २०७५, शैक्षिक जनशक्ति विकास केन्द्र
- बालविकास (बालविकास कार्यकर्ता तथा अभिभावकको निमित्त सहयोगी पुस्तक), अगाथा पाखिन थापा, सेतो गुराँस राष्ट्रिय बाल विकास सेवा, २०६७
- स्थानीय तहमा एकीकृत प्रारम्भिक बालविकासका लागि योजना तर्जुमा कार्यशाला स्रोत सामग्री, २०७५, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७७
- https://moecdc.gov.np/en/teacher-guides
- https://moecdc.gov.np/en/text-books




unicef
for every child

Seto Gurans National Child Development Services